३०४

# भक्तपुर मासिक

Bhaktapur Monthly पुस २०७८

ISSN 2705-4454
9 772705 445004





## नृत्य वत्सला मन्दिरको उद्घाटन र पुस्तक सार्वजनिकीकरण

- एमसीसी सम्झौतामा हस्ताक्षर गर्नेहरू र पारित गर्न खोज्नेहरू जनतासामु नाङ्गिनेछन्
- नेमकिपाको ३२ औँ केन्द्रीय परिषद्बाट पारित राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावहरू
- नेमकिपाद्वारा एमसीसी सम्झौता खारेज गराउन खबरदारी जुलुस तथा सभा
- भक्तपुर नगरपालिका देशको नमुना नगरपालिकाको रूपमा विकास भइरहेको छ
- भक्तपुरको ऐतिहासिक लक्ष्मीनरसिंह मन्दिर
- भक्तपुर नगरपालिकाको ७२ औँ स्थापना दिवस
- चीनले जारी गर्‍यो आफ्नो शैलीको प्रजातन्त्रबारे श्वेत पत्र
- अपाङ्गता भएकाहरूको खेलकुद प्रतियोगिता तथा स्वास्थ्य शिविर
- भक्तपुर नपाका गतिविधि




नेमकिपाका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) बाट नृत्य वत्सला मन्दिरको उद्घाटन र 'नृत्यवत्सला मन्दिर पुन:निर्माण २०७८' पुस्तक सार्वजनिक (पुस १० गते)



# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६
website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np
Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ̀{ #(★cÆ @★g}; ≢!$@★lj-; ≢@)&*k'; ★A.D.2022

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी
सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार
डेस्कटप : धनलक्ष्मी त्यात
आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

dNo ?: @%.-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)




'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

## 'कुनै पनि पाइला उठाउनुभन्दा पहिला दस पटक सोच ।' – सुकरात

### यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) नृत्य वत्सला मन्दिरको उद्घाटन | – | ३ |
| २) ऐतिहासिक लक्ष्मीनरसिंह मन्दिरको शिलान्यास | – | १० |
| ३) एमसीसी सम्झौतामा हस्ताक्षर गर्नेहरू र पारित गर्न खोज्नेहरू जनतासामु नाङ्गिनेछन् | का.रोहित | १५ |
| ४) नेमकिपाको ३२ औं केन्द्रीय परिषद्बाट पारित राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावहरू | – | १६ |
| ५) नेमकिपाद्वारा देशघाती एमसीसी सम्झौता खारेज गराउन देशभर खबरदारी जुलुस तथा विरोध सभा | – | २० |
| ६) भक्तपुर नगरपालिका देशको नमुना नगरपालिकाको रूपमा विकास भइरहेको छ : | प्रमुख सुनिल प्रजापति | २७ |
| ७) 'भक्तपुरमा जनता आफै सार्वजनिक सम्पत्तिको पहरेदार छन्' | – | ३१ |
| ८) सहरी विकासमन्त्री रामकुमारी झाँक्रीलाई खुल्लापत्र | विवेक | ३३ |
| ९) चीनले जारी गऱ्यो आफ्नो शैलीको प्रजातन्त्रबारे श्वेत पत्र | – | ३५ |
| १०) नृत्य वत्सला मन्दिर पुनःनिर्माणको प्रक्रिया र प्राविधिक पक्ष | – | ३७ |
| ११) सङ्घीयता नक्कली नाकको शौखजस्तै लाग्छ भक्तपुरका नगरप्रमुखलाई | पुष्कर बुढाथोकी | ४३ |
| १२) मूलाछेँफल्चाको शिलालेख | पुरुषोत्तमलोचन श्रेष्ठ | ४५ |
| १३) भक्तपुरको ऐतिहासिक लक्ष्मीनरसिंह मन्दिर | ओम धौभडेल | ४९ |
| १४) विद्यार्थी र खेलकुद जीवन | श्यामकृष्ण खत्री | ५३ |
| १५) किम इल सङको संस्मरण शताब्दीका साथ (१४) | अनु. : नीरज | ५५ |
| १६) च्याउ र धन्यचा स्वाँ खेती | सबिन ख्याजू | ५९ |
| १७) माघे सङ्क्रान्तिको ज्योतिषीय महत्त्व र वैज्ञानिकता | डा. वीरेन्द्रप्रसाद कायस्थ | ६२ |
| १८) श्रीमतीको चाहना र इच्छा बुझेको खण्डमा यो समस्या नआउने हो कि ? | कुशल | ६५ |
| १९) पौभा चित्रका कलाकार रत्न गोपाल सिंख्वाल | राजकुमार लघु | ६७ |
| २०) भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय | – | ७० |
| २१) नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०७८ | – | ८१ |
| २२) भक्तपुर नगरपालिकाको ७२ औं स्थापना दिवस | – | ९५ |
| २०) अपाङ्गता भएकाहरूको खेलकुद प्रतियोगिता तथा स्वास्थ्य शिविर | – | ९७ |
| २१) अँचा पोखरी परिसरमा आदर निकेतनको भवन शिलान्यास | – | १०० |
| २२) सुधारिएको शवदाहको शिलान्यास | – | १०१ |
| २३) राष्ट्रिय योजना आयोगले समाजवादउन्मुख राज्य व्यवस्थाअनुरूपको योजनाहरू तयार गर्नुपर्ने | प्रमुख प्रजापति | १०६ |
| २४) १८ औं महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका दिवस | – | ११५ |
| २५) देशघाती एमसीसी सम्झौताबारे अन्तरक्रिया र प्रवचन | – | ११७ |
| २६) काठमाडौं उपत्यका विकास प्राधिकरण खारेज गर्नुपर्ने | – | १२० |
| २७) सम्पदाहरूको विवरण स्थानीय तहहरूलाई उपलब्ध गराउनुपर्ने | – | १२१ |
| २८) पुनर्जीवित हुदै लायकू (सम्पादकको पृष्ठ) | – | १४० |

**साथमा** – ख्वप मोडेल–३०/बसिबियाँलो–३२/ भक्तपुर– नारायणकुमार आचार्य–४०/एमसीसीविरुद्ध नेपाली महिलाहरू चुप लागेर बस्न नहुने – सांसद प्रेम सुवाल–९८/जघन्य अपराध गर्नेहरूको लागि मृत्युदण्डको व्यवस्था हुनुपर्ने – प्रमुख सुनिल प्रजापति–९९/ 'भक्तपुरमा बस्दा गौरवको अनुभूति गर्छु'– रामलाल श्रेष्ठ–१०३/संक्षेपमा–११४/नेपालमा कोरोना–११४/भक्तपुर कप फुटबल प्रतियोगिता–१२६/विश्वमा कोभिड–१९ को स्थिति–१३२/हाम्रो स्वास्थ्य–१३४/केटाकेटीको लागि–१३५/२००६ सालको नगरपञ्चायत ऐन–१३६/ Sketches From Nipal–Henry Ambros Oldfield (67)–१३८/रङ्गीन पृष्ठ– क–घ ।

# नृत्य वत्सला मन्दिरको उद्घाटन

## "नृत्य वत्सला मन्दिर पुन:निर्माण २०७८" पुस्तक सार्वजनिकीकरण






नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुरको दरबार क्षेत्र (लाय्कू) मा अवस्थित पुन:निर्मित 'नृत्य वत्सला मन्दिर' को रिबन काटेर पुस १० गते एक समारोहबीच उद्घाटन गर्नुभयो। २०७२ वैशाख १२ गतेको भूकम्पबाट पूर्ण क्षति भएको उक्त मन्दिर भक्तपुर नगरपालिकाको बजेटमा पुन:निर्माण गरिएको हो।

सोही समारोहमा अध्यक्ष बिजुक्छेँले भक्तपुर नगरपालिकाद्वारा प्रकाशित नृत्य वत्सला मन्दिरसम्बन्धी महत्त्वपूर्ण विवरण सङ्ग्रहित **'नृत्य वत्सला मन्दिर पुन:निर्माण २०७८'** पुस्तक सार्वजनिक गर्नुभयो।

कार्यक्रममा **अध्यक्ष बिजुक्छेँले** ढुङ्गै ढुङ्गाले बनेको शिखर शैलीको वत्सला मन्दिर पुन:निर्माणले भक्तपुर नगरलाई थप जीवन्त बनाएको बताउनुहुँदै भक्तपुर नगरपालिकाले गरेको सम्पदा संरक्षण देशकै लागि गौरवको विषय भएको बताउनुभयो।

नेपालका प्राचीन र ऐतिहासिक सम्पदा संरक्षण र जीर्णोद्धारमा केन्द्र सरकार उदासीन भएको बताउनुहुँदै





अध्यक्ष बिजुक्छेँले स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको खण्डमा स्थानीय जनताको मर्मअनुरूप काम गर्न सहज हुने बताउनुभयो ।

नयाँ पुस्तालाई सम्पदाको महत्त्वबारे प्रशिक्षित गर्दै मौलिक सीप र प्रविधिको ज्ञान हस्तान्तरण गर्नु आवश्यक भएको बताउनुहुँदै उहाँले भक्तपुर दरबार क्षेत्रमा अवस्थित लाल बैठकलाई मल्लकालीन शैलीमा पुन:निर्माण गर्न आवश्यक पहल गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपालका सम्पदाहरू अध्ययन अनुसन्धानमा विदेशीहरूको रुचि हुनु स्वाभाविक भएको बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले नेपाली विद्यार्थीहरूलाई नै यहाँका सम्पदाहरूको विषयमा अध्ययन अनुसन्धान गराउनेतर्फ प्रेरित गर्नुपर्नेमा जोड दिनुभयो ।



नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद **प्रेम सुवाल**ले भक्तपुरको सम्पदा संरक्षण भक्तपुरवासी जनताले आफ्नो साझा दायित्वको रूपमा लिएको बताउनुहुँदै मन्दिर पुन:निर्माण गर्ने भक्तपुर नपा, उपभोक्ता समिति र पुन:निर्माणमा आबद्ध कालीगड सबै धन्यवादका पात्र भएको बताउनुभयो ।

उहाँले भक्तपुरलाई सफा, स्वच्छ र सभ्य सहरको रूपमा विकास गर्ने सबैको साझा लक्ष्य भएको बताउनुहुँदै यो लक्ष्यलाई पूरा गर्न भक्तपुर नपाले शैक्षिक संस्थाहरू सञ्चालन गरी सांस्कृतिक सम्पदाप्रति माया र गौरव गर्ने नयाँ पुस्ता तयार गर्दै आएको बताउनुभयो ।

सम्पदा संरक्षणसम्बन्धी भौतिक व्याख्यासहितको अभिलेख तयार हुनुपर्नेमा जोड दिनुहुँदै नेमकिपाले काठमाडौँ उपत्यकाका भूकम्प पीडित जनतालाई दिँदै आएको अनुदान चालु राख्नुपर्ने माग राख्दैआएको सांसद सुवालले बताउनुभयो ।



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाले प्रतिकूल अवस्थामा पनि स्थानीय जनताको सहयोगमा उपभोक्ता समितिमार्फत वत्सला मन्दिर पुन:निर्माण गरेको स्मरण गर्नुभयो ।

वत्सला मन्दिर पुन:निर्माणको लागि भक्तपुर नगरपालिकाले रु. १ करोड २८ लाख ६२ हजार लगत इस्टमेट पारित गरेको र उपभोक्ता समितिमार्फत आवधिक योजनामा समावेश गरी राखी काम गर्दा रु. ७७ लाख १३ हजार खर्चमै पुन:निर्माण सम्पन्न भएको नगर प्रमुख प्रजापतिले अवगत गराउनुभयो ।

भक्तपुर नपाले पर्यटक शुल्कको अधिकांश रकम सम्पदा संरक्षण, शिक्षा र स्वास्थ्यजस्ता विषयहरूमा खर्च गर्दै आएको बताउनुहुँदै उहाँले विदेशी सहयोग, गैरसरकारी संस्था (एनजीओ) र अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्था (आइएनजिओ) हरूको सहयोगबिना पनि स्थानीय जनताकै सहयोगमा सम्पदाहरूको जीर्णोद्धार र पुन:निर्माण सम्भव छ भन्ने कुरा भक्तपुर नगरपालिकाले पुष्टि गर्दै आएको बताउनुभयो ।



बागमती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले सम्पदा संरक्षणको क्षेत्रमा भक्तपुर नगरपालिकाले पुराना इतिहासको पुन:जागरण र पुनर्लेखन गर्ने उल्लेखनीय कार्य गरेको बताउनुभयो ।

सम्पदा पुन:निर्माणसम्बन्धी पुस्तकमा सम्पदा निर्माण कार्यमा आबद्ध श्रमिकको अनुभव र मूल्य अनुदित गरिनुपर्नेमा जोड दिनुहुँदै सांसद गोसाईंले निर्माण कार्यमा आबद्ध सम्पूर्ण जनशक्ति धन्यवादका पात्र भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर



नगरपालिकाका उपप्रमुख **रजनी जोशीले** भक्तपुर नपाले गरेको सम्पदा संरक्षणले हाम्रो सभ्यताको समेत जगेर्ना भएको बताउनुहुँदै भक्तपुर नपाले यहाँका भौतिक सम्पदाहरू अध्ययन अनुसन्धान र अन्वेषण गर्दै मौलिक शैली, विधि र प्रविधिका साथ संरक्षण गर्ने नीति अगाडि बढाएको बताउनुभयो ।



कार्यक्रममा दरवार हेरचाह अड्डा, भक्तपुरका प्रमुख **अरुणा नकर्मी**ले उपभोक्ता मोडल विवादरहित र सफल रूपमा कार्यान्वयन हुनु नै भक्तपुर नगरपालिकाको विशेषता भएको बताउनुहुँदै सम्पदा संरक्षणमा भक्तपुर नपाको भूमिका उल्लेखनीय भएको चर्चा गर्नुभयो ।



संस्कृतिविद् **तेजेश्वरबाबु गोंगले** सम्पदा पुनःनिर्माण र जीर्णोद्धारमा भक्तपुरका कालीगडको उत्कृष्ट सीप सम्मानजनक भएको बताउनुहुँदै वत्सला मन्दिरबारे सूक्ष्म रूपमा अध्ययन अनुसन्धानमा जोड दिनुपर्ने बताउनुभयो ।

पुनरावेदन अदालतका सेवा निवृत्त न्यायाधीश **गौरीबहादुर कार्की**ले



२०७२ सालको भूकम्पबाट पूर्ण रूपमा क्षति पुगेको नृत्य वत्सला मन्दिर पुनःनिर्माणले नेपालकै गौरवलाई बढाएको बताउनुहुँदै न्हयकं झ्या दरबारलाई मल्लकालीन शैलीमा पुनःनिर्माण गर्न नपाले पहल गर्नुपर्ने बताउनुभयो ।



इतिहासविद् डा. **पुरुषोत्तमलोचन श्रेष्ठले** पुर्खाले सिर्जेको सम्पत्ति संरक्षण गर्ने सीप अहिले पनि जीवित रहनु सुखद् पक्ष भएको बताउनुहुँदै वत्सला सम्बन्धी प्रकाशित पुस्तकले अध्ययन अनुसन्धान गर्ने विद्यार्थी तथा अनुसन्धाताहरूलाई टेवा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर पत्रिकाका सम्पादक लक्ष्मणराज जोशीले पुस्तकसम्बन्धी समिक्षा गर्नुभएको थियो भने नृत्य वत्सला मन्दिर उपभोक्ता समिति अध्यक्ष रामहरि गोराले मन्दिर पुनःनिर्माणसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।



gu/ k|d'v k|hfklt nfO{ jT;nf dlGb/ k|j]zåf/sf] ;f“rf] x:tfGt/0f ug{{b}{ pkef]Qmf ;ldltsf cWoIf /fdxl/ uf]/f

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो भने भक्तपुरका सांस्कृतिक नाचहरू माक प्याखं र फाकंदली प्याखं प्रदर्शन गरिएका थिए ।

कार्यक्रममा नृत्य वत्सला मन्दिर उपभोक्ता समितिका अध्यक्ष **रामहरि गोराले** नगर प्रमुख प्रजापतिलाई वत्सला मन्दिर प्रवेशद्वारको साँचो हस्तान्तरण गर्नुभएको थियो ।



# ‘सम्पदालाई देशको सम्पत्तिको रूपमा संरक्षण गर्नु हामी आफ्नो कर्तव्य ठान्छौँ’

*– प्रमुख सुनिल प्रजापति*






नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे(रोहित)बाट नृत्य वत्सला मन्दिरको उद्घाटन र उक्त मन्दिरको विषयमा लेखिएका विभिन्न महत्त्वपूर्ण लेखहरू र निर्माण सम्बन्धी सम्पूर्ण विवरण सङ्ग्रह गरिएको पुस्तक ‘नृत्य वत्सला मन्दिर पुन:निर्माण २०७८’ पुस्तकको सार्वजनिकीकरण गर्ने अवसर पाउँदा हामी अत्यन्त खुशी छौं।

भक्तपुर क्षेत्रफलको हिसाबले देशकै सानो नगरमध्ये एक हो तर सांस्कृतिक सम्पदाको दृष्टिले भने यो नेपालकै एक महत्त्वपूर्ण नगर हो। मूर्त र अमूर्त सम्पदाहरूको संरक्षणमा भक्तपुर नगरपालिकाले अग्रणी भूमिका खेल्दै आएको छ। सांस्कृतिक नगरको उपमा पाएको भक्तपुरलाई कतिपय संस्कृतिविद्हरू र विद्वान्हरूले ‘नाचगानको राजधानी’ को रूपमा परिभाषित गर्नुभएको छ।

१२ औँदेखि १५ औं शताब्दीसम्म नेपाल मण्डलको राजधानी शहरको रूपमा रहेको भक्तपुरमा मल्लकालीन समयमा थुप्रै महत्त्वपूर्ण सम्पदाहरूको निर्माण भएको देखिन्छ। ङातापोल्हँ मन्दिर, भैरवनाथको मन्दिर, ५५ झ्याल दरबार, लुँढोका, वत्सला मन्दिरलगायत भक्तपुर दरबार क्षेत्रमा अवस्थित थुप्रै सम्पदाहरू मल्लकालीन काष्ठकला, धातुकला र प्रस्तरकलाका अनुपम एवं बेजोड कलाकारिताका नमुनाहरू हुन्।

वत्सला मन्दिर नेपाल संवत् ७९८ मा राजा जितामित्र मल्लको पालामा बनेको इतिहास छ। उक्त मन्दिर २०७२ सालमा गएको विनासकारी भूकम्पबाट पूर्ण रूपमा क्षतिग्रस्त भयो। त्यसबाहेक भक्तपुरका १२० भन्दा बढी सम्पदाहरू उक्त भूकम्पबाट आंशिक र पूर्ण क्षति भयो। हालसम्म भक्तपुर नगरपालिकाले ११८ ओटा सम्पदाहरू पुन: निर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेको छ भने अन्य सम्पदाहरू निर्माणाधीन अवस्थामा छन्। हामी हाम्रा सबै सम्पदाहरूलाई देशको सम्पत्तिको रूपमा ग्रहण गर्दै ती सबैको संरक्षण गर्नु आफ्नो कर्तव्य ठान्छौँ र यही भावनाले संरक्षणको कामलाई प्राथमिकतामा राख्दै भक्तपुर नगरपालिकाले काम गर्दै आएको छ।

स्थानीय तहमा जनप्रतिनिधि नहुँदा पुन:निर्माणको लागि निकै ठूलो चुनौति व्यहोर्नु पर्‍यो। भक्तपुर नगरपालिकाले त्यस प्रतिकूल अवस्थामा पनि स्थानीय जनताको सहयोगमा उपभोक्ता समितिमार्फत नृत्य वत्सला मन्दिर पुन:निर्माण गर्ने निर्णय गर्‍यो। तत्कालीन भक्तपुर नपा वडा नं. १३ का पूर्व

वडाध्यक्ष रामहरी गोराको अध्यक्षतामा उपभोक्ता समिति गठन गरी निर्माण कार्य अगाडि बढाइयो। स्थानीय स्रोत र साधन तथा स्थानीय जनताको सीप र दक्षता प्रयोग गरी सम्पदा पुनःनिर्माण गर्नुपर्ने मान्यता भक्तपुर नगरपालिकाले राख्दै आएको छ। उपभोक्ता समितिमार्फत सम्पदाहरूको पुनःनिर्माण गर्दा निर्मित संरचना गुणस्तरीय हुनुका साथै सम्पदामाथि जनताले अपनत्व महसुस गर्ने हुँदा भक्तपुर नपाले यस नीतिलाई निरन्तरता दिँदै आएको छ।

२०७४ सालको स्थानीय निर्वाचनपछि उक्त मन्दिर पुनःनिर्माणले गति लियो। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का.नारायणमान बिजुक्छेँ (रोहित)ले यस मन्दिर पुनःनिर्माणमा निकै चासो लिएर चाँडो सम्पन्न गर्न हामीलाई घच्घच्याउनु भएको थियो। उहाँ स्वयम्ले उक्त मन्दिर निर्माणाधीन अवस्थामा पटक पटक स्थलगत अवलोकन गर्नुभयो र त्यहाँ कार्यरत प्राविधिक, कालिगड र उपभोक्ता समितिका साथीहरू र हामी जन प्रतिनिधिहरूलाई हौसला प्रदान गर्नुभएको थियो।

वत्सला मन्दिर पुनःनिर्माणको लागि भक्तपुर नगरपालिकाले रु. १ करोड २८ लाख ६२ हजार लगत इस्टमेट पारित गरेको थियो। उपभोक्ता समितिमार्फत आवधिक योजना राखी काम गर्दा रु. ७७ लाख १३ हजार खर्चमै पुनःनिर्माण सम्पन्न भयो। स्थानीय जनताको सहयोगमा सम्पदा पुनःनिर्माण भइरहेकोमा विभिन्न देशका नागरिकहरूसमेतबाट रु. ६ लाख २७ हजार ५ सय १० सहयोग प्राप्त भएको छ। नेपाली वास्तुकला र यहाँको कार्यशैली प्रति उहाँहरूले देखाउनु भएको सद्भाव र सहयोगप्रति भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्दछौँ।

प्रत्यक्ष जन सहभागिताको आधारमा जन श्रमदान, आर्थिक सहयोग जुटाई मौलिक सीप र प्रविधि तथा स्थानीय निर्माण सामग्रीको प्रयोग गरी सम्पदा पुनःनिर्माण आज भक्तपुरको विशेषता बनेको छ। जन स्तरबाटै रु.५० लाखभन्दा बढी आर्थिक सहयोग सङ्कलन गरी हालै सम्पन्न खोह् ध्वाखा, रु. १६ लाखभन्दा बढी आर्थिक सहयोग र ४ हजार २ सयभन्दा बढीको जन श्रमदान तथा रु. ५ लाखभन्दा बढीको भौतिक सहयोगमा केही समय अघि जीर्णोद्धार सम्पन्न डातापोल्हँ मन्दिर र भैरव नाथ मन्दिरलगायतका सम्पदाहरूको जीर्णोद्धार तथा पुनःनिर्माणले भक्तपुरवासी जनताको सम्पदा प्रतिको माया, प्रेम र संरक्षणको भावना प्रष्ट पारेका छन्।

विश्व सम्पदामा सूचीकृत दरबार क्षेत्र सांस्कृतिक र ऐतिहासिक दृष्टिले एक महत्त्वपूर्ण ठाउँका साथै सम्पदाहरूको संरक्षणको दृष्टिले भक्तपुरको केन्द्र नै मानिन्छ। जर्मनी वास्तुकलाविद् नील गोत्सोले भक्तपुरलाई संसारकै ठूलो जीवित सङ्ग्रहालय भनी प्रशंसा गर्नुभएको छ। भक्तपुरमा विभिन्न देशबाट वर्षेनी लाखौँको सङ्ख्यामा पर्यटकहरू आउने गर्छन् र भक्तपुरका कलाकारिताका अनुपम र बेजोड सम्पदाहरूको रसास्वादन गर्छन्। यो भक्तपुरवासीहरू सबैको निम्ति गर्वको विषय हो। तिनै पर्यटकहरूले बुझाएको शुल्क आज भक्तपुरको आन्तरिक आयको महत्त्वपूर्ण श्रोत बनेको छ। पर्यटक शुल्कको अधिकांश रकम सम्पदा संरक्षण, शिक्षा र स्वास्थ्यजस्ता विषयहरूमा नगरपालिकाले खर्च गर्दै आएको छ।

विदेशी सहयोग, गैरसरकारी संस्था (एनजीओ) र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजिओ)हरूको सहयोगबिना पनि स्थानीय जनताकै सहयोगमा सम्पदाहरूको जीर्णोद्धार र पुनःनिर्माण सम्भव छ भन्ने कुरा भक्तपुर नगरपालिकाले पुष्टि गर्दै आएको छ। हामी आत्मनिर्भरताले मात्रै आत्मगौरव प्राप्त गर्न सकिन्छ भन्ने मान्यता राख्छौँ। यही सोच र दृष्टिकोणले नै भक्तपुर नगरपालिकालाई कला–संस्कृति संरक्षित नगरको पहिचान बनाउन सफल भएको छ।

यस मन्दिर पुनःनिर्माणको बेला समय समयमा अवलोकन गरी सबैको हौसला बढाउनु हुने नेमकिपाका अध्यक्ष का.नारायणमान बिजुक्छेँज्यूलाई भक्तपुर नगरपालिकाको तर्फबाट आभार व्यक्त गर्दछौँ। जनप्रतिनिधि नभएको अवस्थामा पनि पुनःनिर्माणको लागि पहल गर्नुहुने भक्तपुरको पुरातात्त्विक तथा सांस्कृतिक महत्त्वका सम्पदाहरूको उत्खनन तथा पुनःनिर्माण समितिको संयोजक वर्तमान सङ्घीय सांसद प्रेम सुवालज्यूलगायत समितिका सम्पूर्ण सदस्यहरू, प्राविधिक समिति, उपभोक्ता समिति, अनुगमन समितिका सम्पूर्ण सदस्यहरू र जनप्रतिनिधि साथीहरू प्रति पनि हार्दिक आभार प्रकट गर्दछौँ।

मन्दिर पुनःनिर्माणमा निरन्तर खट्नु भएका उपभोक्ता समितिका सदस्यहरू, लोहकर्मी कान्छा रन्जितकार, डकर्मी श्याम त्वायना, भक्तपुर नगरपालिका सम्पदा शाखा, मन्दिर पुनः निर्माणको अवस्थामा व्यापक प्रचार प्रसार गरी सहयोग गर्नु हुने पत्रकार साथीहरू र प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने सबै महानुभावहरूलाई पनि भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ। यहाँहरूको अमूल्य राय, सुझावहरूको सम्मान गर्दै भक्तपुरको कला संस्कृतिको संरक्षणलाई निरन्तर अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछौँ।


(भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट पुस १० गते **नृत्य वत्सला मन्दिरको उद्घाटन** तथा **'नृत्य वत्सला मन्दिर पुनःनिर्माण २०७८'** पुस्तक सार्वजनिकीकरण समारोहमा व्यक्त मन्तव्य)

# नृत्य वत्सला मन्दिरको शोभसाथसाथै प्राविधिक अवस्था पनि सबल गरिएको छ

– उपप्रमुख रजनी जोशी




'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने नारालाई आत्मसात् गर्दै यसलाई सार्थक बनाउने अभियानमा भक्तपुर नपा रहेको यहाँहरूमा अवगत गराउँदै यहाँका मूर्त अमूर्त कलाहरूको जगेर्ना⁄ पुन:निर्माण⁄ मर्मत सम्भार गर्न हामी जनप्रतिनिधिहरू जनताको साथ लिएर अघि बढिरहेका छौं। काठमाडौं उपत्यकामामात्र सात ओटा विश्व सम्पदाहरू रहेको हामी सबैलाई थाहा छ, त्यसमध्ये यो भक्तपुर दरबार क्षेत्र पनि एक हो। आज हामी भेला भएर यहाँ बहुप्रतिक्षित उद्घाटन कार्यक्रम गर्ने सौभाग्य पाएका छौं। पुर्खाद्वारा सिर्जित कला र संस्कृतिकै कारणले आज हामी यसरी विश्व सम्पदा क्षेत्रमा सूचिकृत हुन सफल भएका हौं। यिनै अद्वितीय कला र संस्कृति जसलाई यहाँका जनताले निर्वाध रूपले अनुकरण एवं जर्गेना गर्दै अघि बढिरहेको कारणले भक्तपुर नगर 'जीवन्त नगर'को रूपमा परिचित हुनुका साथै पर्यटकीय आकर्षणको केन्द्र बनेको छ। यसर्थ भक्तपुर नपाले हमेशा यहाँका मूर्त र अमूर्त कलाहरूको जगेर्ना गर्दै नयाँ पिँढीलाई सिकाउन र बुझाउन हाम्रो सभ्यताबारे जानकारी दिनुको साथै हाम्रा यी धरोहरहरूलाई जीवन्त राखी पुस्तारण गर्न लागिपरेका छौं। आज २०७८ पौष १० का दिन यस भक्तपुर दरबार क्षेत्रको मुटु⁄ दरबार क्षेत्र लायकूको ढुकढुकी यो नृत्य वत्सला मन्दिरको पुन: निर्माण सम्पन्न गरी उद्घाटन गर्न गइरहेका छौं। साथसाथै यसै मन्दिर पुन: निर्माण सम्बन्धी पुस्तक **'नृत्य वत्सला मन्दिर पुन: निर्माण २०७८'** सार्वजनिक गर्ने कार्यक्रममा हामी जनताका बीच रहेर सहभागी भइरहेका छौं। यस अवसरमा उपस्थित प्रमुख अतिथि⁄ अतिथिगणलगायत नगरवासी दाजु भाइ दिदी बहिनीहरूमा हार्दिक




बधाई ज्ञापन गर्न चाहन्छु।

भक्तपुरको यस लाय्कू क्षेत्रमा नृत्य वत्सला मन्दिरसहित सिद्धि वत्सला र यन्त्र वत्सला मन्दिर गरी ३ ओटा वत्सला मन्दिरहरू रहेका छन्। जसमध्ये यो मन्दिर प्रस्तरकलामा निर्मित शिखर शैलीको मन्दिरको एक उत्कृष्ट नमुनाको रूपमा रहेकोमा दुई मत नहोला।

नेपाल संवत् ७९८ मा राजा जितामित्र मल्लले यस लोँह देग: पाटनको कृष्ण मन्दिरको शैलीमा निर्माण गर्न लगाएका हामीले इतिहासमा पढ्न पाउँछौं। यस मन्दिरको निर्माण लगत्तै भूकम्पले क्षति पुगे पछि जितामित्र मल्लाको छोरा राजा भूपतीन्द्र मल्लले सो मन्दिर जीर्णोद्धार गरिएको साथै घण्टाको स्थापना गरिएको र उक्त घण्टा 'खिच ख्व गँ' नामले चिनिन्छ। यो मन्दिरको संरचना वि.सं. १८९१, १९९० र २०७२ सालको भूकम्पले भत्केका थिए।

देशको विकास शिक्षाबाट मात्र सम्भव हुने भएकोले शिक्षालाई उत्पादनसँग जोड्न नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले भक्तपुरलाई 'एक घर एक स्नातक' एवं ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्यले ख्वप मा.वि.लगायत अन्य ६ शिक्षण संस्थाहरू सञ्चालन भइरहेको यहाँहरूलाई अवगतै छ। जसमध्ये २०५८ सालमा विज्ञान र प्राविधिक शिक्षालाई जोड दिई ख्वप ईन्जिनियरिङ कलेज र २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङ सञ्चालन गरेको हो। यी दुवै कलेजबाट हालसम्म भक्तपुर नगरका हरेक वडाबाट करिब १०० इन्जिनियरहरू उत्पादन भइसकेको यहाँहरू समक्ष राख्न चाहन्छु। त्यसमध्ये ख्वप ई. कलेजका स्नातकोत्तर तहमा ME Earthquake Engineering अर्थात भूकम्पीय प्रविधिमा स्नातकोत्तर तह र MSC in Urban Design & Conservation अर्थात नगरनियोजन र सम्पदा संरक्षणमा स्नातकोत्तर तह सञ्चालन गरी विज्ञहरू तयार गर्दै आइरहेका छौं। २०७२ सालको भूकम्प लगत्तै यी दुवै ई. कलेजका प्राध्यापक एवम् विद्यार्थीहरूले भक्तपुरलगायत उपत्यका र उपत्यका बाहिरका संरचनाहरूमा भूकम्पबाट भएका क्षतिबारे अध्ययन अनुसन्धान गरेका थिए।

विश्वका विभिन्न विश्वविद्यालयका प्राध्यापक/ अन्वेषकहरूले पनि भक्तपुरबारे अध्ययन अनुसन्धान गरेका थिए। जसमध्ये अमेरिकाको Princeton र क्यानडाको Carlton विश्वविद्यालयले ख्वप ई. कलेज र ख्वप कलेज अफ ई. सँग सहकार्य गरी अध्ययन अनुसन्धानबाट आएको सुझावको आधारमा यो नृत्य वत्सला मन्दिरको पुनः निर्माण गरेका हौँ। २०७३ असार २३ गते भक्तपुर नगरपालिकाको स्टेरिङ्ग कमिटीबाट नृत्य वत्सला मन्दिर निर्माण प्रक्रिया अघि बढाउन एउटा 'प्राविधिक समिति' गठन भएको थियो। उक्त समितिको संयोजकको जिम्मेवारी पाउने सौभाग्य मलाई मिलेको थियो र उक्त समितिमा भक्तपुर नपाको सम्पदा शाखा प्रमुख, पुरातत्त्व विभागलगायत दुवै इन्जिनियरिङ कलेजका प्राचार्य द्वय साथै विज्ञ र विशेषज्ञहरू संलग्न भई अध्ययन अनुसन्धान गर्न थाल्यौँ। यस वत्सला मन्दिर पुनः निर्माण गर्न गठित प्राविधिक समितिलाई सल्लाह र Guidence को लागि भूकम्प विज्ञ प्रा.डा. प्रेमनाथ मास्के र संरक्षणविद् एवं वरिष्ठ वास्तुविद प्रा.डा. सुदर्शनराज तिवारीज्यू हुनुहुन्थ्यो। यस मन्दिरलाई पुनः निर्माण गर्दा यसलाई अब आउने ठूला साना भूकम्पले पहिले पहिले झैँ पूर्ण क्षति हुन नदिन संरचनालाई मजबुत बनाउने उद्देश्यका साथ अघि बढ्यौँ। सल्लाहकारज्यूहरूको सल्लाहसहित उक्त टोलीले भक्तपुर नपालाई सबलीकरणका समाधानका उपाय एवं प्रविधिसहितको प्रतिवेदन बुझायौँ।

हरेक भूकम्पमा यस मन्दिरमा ठूलो क्षति हुनुको कारण यस मन्दिरको बनौटको किसिमलाई लिनुपर्ने प्राविधिकहरूले औँल्याएका छन्। यस मन्दिरको बाहिरी गारो ढुङ्गामा माटोको जोडाइरहेको र भित्री भागमा माटोको जोडाइमा ईँटाको गारो रहेको र यी दुई गोरोबीच बन्धन नभएको कारणले भत्किएको भन्ने विज्ञहरूको विश्लेषण रहेको छ।

वि.सं. २०७२ वैशाखको भूकम्पको क्षतिपछि भक्तपुर नपाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको प्राविधिक समितिले गरेको प्राविधिक अध्ययन प्रतिवेदन अनुरूप वत्सला मन्दिरमा भएको क्षति र पुनः निर्माण गर्दा सबलीकरण विधिसहितको पुनः निर्माण गरिएको हो। यस विधिअनुसार मन्दिरका चारै कुनामा काठका खम्बाहरू राखी ती खम्बाहरूलाई काठकै कैँचीले जोडेर निर्माण गरेको छ। यस मन्दिरको भित्री भागबाट गजुरसहित ६ तह रहेकोमा हरेक तहलाई पनि काठका दलीनहरूले जोडेका छन्। यसरी गरिएको सबलीकरणले वत्सला मन्दिरको भूकम्पीय जोखिम न्यूनीकरण गर्न सहयोग हुने विश्वास गरिएको छ। अतः भक्तपुरको दरबार क्षेत्रको मध्य भागमा अवस्थित यस नृत्य वत्सला मन्दिरको शोभाको साथसाथै प्राविधिक अवस्था पनि सबल गरिएको कारणले यस क्षेत्रको जीवन्तताको साथै सुरक्षित हुने विश्वास गर्न सकिन्छ।

दरबार क्षेत्रमा रहेका यस नृत्य वत्सला मन्दिर बाहेक सिद्धि वत्सला मन्दिरका साथै हालै पुनः निर्माण भइरहेको शिलु महादेवको शिखर शैलीको मन्दिरमा पनि नृत्य वत्सला मन्दिरको सबलीकरण विधि अपनाई पुनः निर्माण गरिएको छ। भविष्यमा पनि यसै विधि अनुरूप भक्तपुरका सम्पदाहरू संरक्षण र पुनः निर्माण गर्ने नीति लिएको छ।



g[o jT;nf dlGb/sf]ue{[ksf]dlt{

यसरी हाम्रा सम्पदाहरूको पुनः निर्माण र संरक्षण हुन सकेमा उपत्यकाका भौतिक सम्पदाहरू जोगिने छन्। यी र यस्ता सम्पदाहरूसँग जोडिएका सांस्कृतिक सम्पदाहरू जोगाउन टेवा मिल्नेछ। साथसाथै हाम्रो सभ्यताको समेत जर्गेना हुनेमा भक्तपुर नपा विश्वस्त छ। यसरी मौलिक शैली र मौलिक प्रविधिमै स्थानीय कालिगडहरूबाट उपभोक्ता समितिमार्फत पुनः निर्माण गर्न सकेको खण्डमा हाम्रो मौलिक प्रविधि, मौलिक शैली एवं स्थानीय कालीगड पनि जीवित रहनेमा दुई मत नहोला। भक्तपुर नगरका हरेक भौतिक सम्पदाहरू यसरी नै अध्ययन, अनुसन्धान र अन्वेषण गरी मौलिक शैली, मौलिक विधि र प्रविधिका साथै स्थानीय कालीगडहरूबाटै पुनःनिर्माण संरक्षण गर्ने नीति अघि बढाइने छ।

अन्तमा यस गौरवशाली पुर्खाले सिर्जेको कलालाई पुनःनिर्माण गर्नुको साथै जीवन्तता दिन भक्तपुर नपा लाई प्रत्यक्ष-परोक्ष साथ दिनुहुने सम्पूर्णलाई सम्मान व्यक्त गर्दै उपस्थित प्रमुख अतिथि, विशेष अतिथि, अतिथिज्यूहरू लगायत यस कार्यक्रममा उपस्थित सहभागी सम्पूर्ण दाजु भाइ दिदी बहिनीहरूलाई भक्तपुर नपाको तर्फबाट पुनः स्वागत गर्दै विदा हुन्छु। धन्यवाद।

(भक्तपुर नपाका उपप्रमुख रजनी जोशीबाट पुस १० गते नृत्य वत्सला मन्दिरको उद्घाटन तथा **'नृत्य वत्सला मन्दिर पुनःनिर्माण २०७८'** पुस्तक सार्वजनिकीकरण समारोहमा व्यक्त मन्तव्य)

# ऐतिहासिक लक्ष्मीनरसिंह मन्दिरको शिलान्यास




## शिलान्यास कार्यक्रममा व्यक्त विचारहरू

(लक्ष्मीनरसिंह मन्दिरको शिलान्यास कार्यक्रममा प्रमुख अतिथि नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) लगायतबाट व्यक्त विचारहरू सङ्क्षेपमा)

### 'भक्तपुर नगरपालिकाको 'ख्वप मोडल' बाट देशका अन्य जिल्लाहरूले पनि सिक्न चाहेका छन्'

– नारायणमान बिजुक्छेँ (रोहित),
अध्यक्ष–नेपाल मजदुर किसान पार्टी



भक्तपुरका अरू सम्पदा पुन:निर्माणमा जस्तै लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणमा पनि यहाँका स्थानीय जनताले अपनत्व ग्रहण गर्ने विश्वास व्यक्त गर्दछु । पुन:निर्माणको कार्य पारदर्शी ढङ्गले सम्पन्न गर्नुपर्छ । भक्तपुर नगरपालिकाको 'ख्वप मोडल' बाट देशका अन्य जिल्लाहरूले



# 'भक्तपुर नपाले गरेको सम्पदा संरक्षण कार्य नयाँ पुस्ताको निम्ति ठूलो उपलब्धिको रूपमा रहनेछ'

– सुनिल प्रजापति, प्रमुख – भक्तपुर नपा



पनि सिक्न चाहेका छन् । भक्तपुर नगरपालिकाले गरेको कार्यबाट देशभरिकै स्थानीय तहहरूले अनुकरण गर्न खोजिरहेका छन् । यो देशकै निम्ति राम्रो र सबल पक्ष हो ।

सम्पदा पुन:निर्माणको काम आफ्नै सम्पत्ति हो भन्ने हिसाबले काम गरे गुणस्तरीय काम हुनेछ । यस्तो काम गर्ने चलन भयो भने नयाँ पुस्ताले पनि यसलाई अगाडि बढाउँछ । हामी स्वार्थी भयौँ भने नयाँ पुस्ता हामीभन्दा धेरै स्वार्थी हुन्छन् । सबैले सहयोगको भावना राख्नुपर्छ । जहिल्यै सरकारको मात्र मुख ताक्नुपर्नेछैन । हामीले गरेको कामबाट अरू ठाउँका साथीहरू पनि उत्साहित बनेका छन् । काठमाडौँको रानीपोखरी निर्माण भक्तपुरका जनताले गरेको योगदानले देशलाई नै टेवा पुगेको छ । सबैले आफूले सक्दो सहयोग गरी लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणमा पनि जनताको सहयोगको पाएमा छिटै नै सम्पन्न हुनेछ ।

मौलिक सम्पदा संरक्षणले नयाँ पुस्ताको सेवा हुनेछ । बालबालिकाहरूले थाहा नै नपाएर मन्दिरका मूर्तिहरूमा कोर्ने, बिगार्नेलगायतका काम गर्छन् । नयाँ पुस्तालाई विद्यार्थी जीवनदेखि नै सम्पदाको महत्त्वबारे सिकाउनु र अध्ययन गराउनु आवश्यक छ । यसो गर्न सके उनीहरूले मूर्तिहरूलाई क्षति पुऱ्याउनेछैन । सङ्ग्रहालय बन्नु भनेकै नयाँ पुस्तालाई पुरानो मौलिक वस्तुबारे थाहा दिन हो । शिलान्यासको क्रममा जगमा राखिएको ईँटा, पैसा र मौलिक वस्तुका कारण ती संरचनाहरू कुन पालामा बनेको हो पत्ता लाग्छ । इतिहासविद्हरूले वर्षौँदेखि सङ्ग्रह गरेर राखेका पुस्तकहरू सुरक्षित ढङ्गले राख्न एउटा विशेषप्रकारको पुस्तकालय बनाई ती पुस्तकहरू अध्ययन गर्नेहरूको निम्ति संरक्षण गर्नु आवश्यक छ ।

भक्तपुरको टौमढीमा धेरै काठ राखी सम्याइएको पाइन्छ । जति पनि इतिहासको कुरा बताउँदा प्राप्त प्रमाणको आधारमा गर्नु तथ्यपरक हुनेछ ।

'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' नारालाई सार्थक बनाउने अभियानमा हामी छौँ । २०७२ सालको भूकम्पबाट क्षति पुगेको १२० ओटा सम्पदाहरूमध्ये भक्तपुर नपाले ११८ ओटा जीर्णोद्धार र पुन:निर्माण सम्पन्न गरिसकेको छ भने केही पुन:निर्माणकै क्रममा छन् । लक्ष्मीनरसिंह मन्दिर अर्को ठाउँमा बनाउन सम्भव छैन । त्यसैले यो मन्दिरलाई प्राप्त प्रमाणका आधारमा विज्ञहरूबाट प्राप्त सुझावअनुरूप मौलिक शैलीमा पुन:निर्माण गर्दैछौँ । पुरातत्त्व र इतिहाससम्बन्धी विज्ञहरूको एकदम खाँचो छ । त्यसैले ख्वपका विद्यार्थीलाई इतिहास र भूगोल विषय पढाउन उत्साहित गर्दै आएका छौँ । भक्तपुरका सम्पदा पुन:निर्माणमा मौलिक सीप, प्रविधि र जनताको सहयोगमा उपभोक्ता समितिमार्फत सम्पदा पुन:निर्माण र जीर्णोद्धार कार्य सफलतापूर्वक सम्पन्न गर्दै आइरहेका छौँ । २०७६ सालमा उपभोक्ता समिति गठन गरी यस मन्दिरको पुन:निर्माणको कार्य प्रारम्भ भएको हो । पाँचतले मन्दिर ६ महिनामा बनेको इतिहास छ । काठको काम, नक्सा डिजाइन, ईँटाको काम सबै पहिले नै बनाइराखेकै कारण यो सम्भव भएको हो । नगर प्रमुखको अध्यक्षतामा गठित निर्देशक समिति बनाई आवश्यक निर्णयहरू गरेका छौँ । बैठकले लक्ष्मीनरसिंह



मन्दिर पुन:निर्माणको क्रममा प्रयोग भएका वा प्रयोग गरिने सामग्री तथा सांस्कृतिक एवम् ऐतिहासिक महत्त्वका सामग्रीहरूको व्यवस्थित अभिलेखीकरण गरी भक्तपुर नगरपालिका, जिल्ला प्रशासन कार्यालय भक्तपुर, महानगरीय प्रहरी परिसर भक्तपुर, गुठी संस्थान भक्तपुर र पुरातत्त्व विभागको कार्यालय भक्तपुरमा एक एक प्रति सुरक्षित राख्ने निर्णय गऱ्यो । ङातापोल्हँ मन्दिर पुन:निर्माणमा यहाँका जनताको भावनाबाट हामी निकै हौसिएका छौँ । आर्थिक, भौतिक र नैतिक सहयोगका साथै जनश्रमदानमा देखाउनुभएको त्यो भावना निकै कदरयोग्य छ । मन्दिर पुन:निर्माणको लागि स्वेच्छाले आर्थिक सहयोग, चन्दा, दान, दातव्य दिन चाहने तथा श्रमदान गर्न सङ्घ संस्था, गुठी, टीम, क्लब तथा सर्वसाधारण जनतालाई सहयोगको लागि आह्वानको लागि सार्वजनिक सूचनामा प्रकाशन गर्ने गरेका छौँ ।

पाँचतले मन्दिर र वत्सला मन्दिरबारे सबै विवरण सँगाली हामीले पुस्तक नै प्रकाशन गरेका छौँ । भक्तपुर नपाले गरेको सम्पदा संरक्षण कार्य नयाँ पुस्ताको निम्ति ठूलो उपलब्धिको रूपमा रहनेछ ।



## 'भक्तपुर सांस्कृतिक सम्पदा र प्राचीन मूर्तिले समृद्ध ठाउँ हो'

– डा. पुरुषोत्तमलोचन श्रेष्ठ, इतिहासविद्

भक्तपुरको लक्ष्मीनरसिंह मन्दिर सात सय वर्ष पुरानो देखिन आएको छ । यस मन्दिरलाई हेर्दा नेपालमा एकमात्र शक्तिसहितको शान्त भावको लक्ष्मीलाई साथमा लिएको नरसिंहको मूर्ति यही एउटा मात्र छ । लक्ष्मीनरसिंह मन्दिरको मुख्य देवताको बारेमा निल्स गुत्सो र कोल्भरले १९९० सालको भूकम्पमा मन्दिर भत्कियो भनी लेख्नुभएको छ । त्यसपछि भेलुखेल टोलको बराह मूर्ति जुन हाम्रा तालाक्व टोलका प्रजापतिहरूको कुलदेवता हुन्, त्यो द्वार तोरणमा धनबाराही रहेको छ । नेपालको प्राचीन बराह मूर्तिमा सिद्धपोखरीमा भएको मूति पहिलो र दोस्रो धुमबाराहीको बराह मूर्ति छ जुन छैटौं शताब्दीमा बनेको हाल भेलुखेल टोलमा अवस्थित छ । निल्स गुत्सो र कोल्भरले त्यतिबेला नेपाल आउँदा उहाँहरूले ९० सालको भूकम्पपछि यहाँका जनता आक्रोशित भए, अनि यहाँका बराह मूर्तिलाई भेलुखेल टोलमा लगेर स्थापना गरियो र भेलुखेल टोलको लक्ष्मीनरसिंहको मूर्ति ग:हितिमा ल्याएर पुन:स्थापित गऱ्यो भन्नुभएको छ । त्यही कुरालाई अन्तर्राष्ट्रिय

रूपमा ख्यातिप्राप्त मेरिस लुसरले नेपालमण्डलमा कोल्भरहरूको कुरा अनुसरण गरी लक्ष्मीनरसिंहको मूर्तिलाई यहाँ पुन:स्थापित गरियो र बराह मूर्ति उतातिर लगियो भन्ने लेख्नुभएको छ। भक्तपुरका १२ औं शताब्दीदेखिको सम्पदाहरू अवस्थित, सांस्कृतिक सम्पदा र प्राचीन मूर्तिले समृद्ध ठाउँ हो। उक्त मन्दिर जयस्थिति मल्लको पालामा बनेको देखिन आएको छ। लक्ष्मीनरसिंह मन्दिरसँग यहाँका अरू सम्पदा पनि प्रत्यक्ष प्रकारान्तर रूपमा जोडिएर आएकोछ। यो मन्दिर दुई छाने शैलीमै थियो।

## 'मन्दिर पुन:निर्माणमा सबैको सहयोग रहने आशा गर्छौं'

– कुमार चवाल, वडाध्यक्ष, भक्तपुर नपा वडा नं. ४



एकतले जस्ताको छानाले छाएको लक्ष्मीनरसिंह मन्दिरको जगसाइत गर्न पाउँदा भक्तपुरवासी सबै खुशी छन्। लक्ष्मीनरसिंह मन्दिर २३ वर्ष पछि भए पनि यो मन्दिर नगरपालिकाले दुई तले छानामा मौलिक स्वरूपमै पुन:निर्माण गर्दैछ। २३ वर्ष अगाडि नै उपभोक्ता समिति गठन गरेको तर प्राविधिक कारणले त्यस काम अगाडि बढ्न सकेन। यो मन्दिर हामीलाई थाहा भएदेखि जस्ताको छानाले छाएको देखेका छौं। २०५५ सालमा यो लक्ष्मीनरसिंह मन्दिर हो भनी पत्ता लगाएका छौं। नेपालकै दुर्लभ मूर्तिमध्ये यस मन्दिरभित्र छ। यो मन्दिर पुन:निर्माणमा धेरै लागत लाग्ने देखेर पुरातत्त्व विभाग र सरकारी निकायहरूको ध्यान नगएको देखिन्छ। अब यो काम भक्तपुर नगरपालिकाले गर्न अग्रसरता देखाएको छ। पुर्खाले सिर्जेको सम्पत्ति जगेर्ना गर्नुपर्ने उद्देश्यले जनता सबै मिलेर यसको संरक्षण गर्नुपर्छ। मन्दिर पुन:निर्माणको लागि स्वेच्छाले आर्थिक सहयोग, चन्दा, दान, दातब्य दिन चाहने तथा श्रमदान गर्न सङ्घ संस्था, गुठी, टीम, क्लब तथा सर्वसाधारण जनतालाई सहयोगको लागि आह्वानको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरेका छौँ। सबैको सहयोग रहनेमा आशा गर्छौं।

## 'मूर्त र अमूर्त सम्पदा बचाउन प्रकृति र कृषिलाई बचाउनै पर्छ'

– अरूणा नकर्मी, प्रमुख, दरबार हेरचाह कार्यालय, भक्तपुर




लक्ष्मीनरसिंह मन्दिरको पुन:निर्माण सुरु हुँदैछ। यो एकदम खुशीको कुरा हो। ९० अगाडि नै भत्केको भन्ने इतिहास छ। यस्तो महत्त्वपूर्ण मन्दिरको पुन:निर्माण जनताको सहभागिता र उपभोक्ता समितिमार्फत भक्तपुर नगरपालिकाले गर्न खोजेको सुखद् पक्ष हो। जनतालाई सहभागिता गराएर गरेको काम गुणस्तरीय मात्र होइन यसप्रति जनताको अपनत्व पनि हुन्छ र सफलतापूर्वक सम्पन्न पनि हुन्छ। पचपन्न झ्याल दरबार र पाँचतले मन्दिर पनि माटो जोडाइबाट बनेको हुँदा लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणमा सुर्खी चुनाको सट्टा माटोको जोडाइ गरे कसो होला ? यसो भएमा हाम्रो प्रविधिमा अक्षरस: पालना हुन्छ कि जस्तो लाग्छ। यक्षेश्वर र दत्तात्रयको पुजारी मठ पनि माटो जोडाइबाट हुँदैछ। हुन त अहिले माटोको अभाव पनि छ। पहिला मन्दिरको नाममा रोपनीका रोपनी जग्गा छुट्याएर राख्थ्यो। त्यही जग्गाबाट आयस्रोत पनि प्राप्त गर्छौं र माटो पनि सजिलै

प्राप्त हुन्थ्यो । त्यही भएर पनि गुठीको व्यवस्था गरेको हो । मूर्त र अमूर्त सम्पदा बचाउन प्रकृति र कृषिलाई बचाउनै पर्छ । नत्र संरक्षण गर्न असक्षम हुनेछौँ । प्रकृतिबाट काठ, कृषिबाट माटो ल्याउनुपर्छ । त्यही भएर नै कृषिलाई पनि बचाउनुपर्छ । प्लटिङ गरी घरमात्र उब्जाउ गर्दै जाने हो भने कला संस्कृति संरक्षण गर्न अब गाऱ्हो हुन्छ । मूर्त र अमूर्त सम्पदा एकअर्काको परिपूरक हो । यहाँ हुने पूजापाठदेखि लिएर सबै कुरा संरक्षण गर्दै लानुपर्ने हुन्छ । लक्ष्मीनरसिंह मन्दिरमा प्रयोग गरिएको काठको वैज्ञानिक परीक्षण गराउनुपर्छ ।



लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण उपभोक्ता समितिका पूर्व अध्यक्ष एवम् सल्लाहकार **न्हुछेराम भेले**ले मन्दिर पुनःनिर्माणको हालसम्मको आय-व्यय प्रस्तुत गर्दै पहिलो चरणको कार्य सम्पन्न भएपश्चात हाल शिवराम किजुको अध्यक्षतामा लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण उपभोक्ता समिति पुनःगठन भएको, मन्दिर पुनःनिर्माणको कूल लागत रु. ३ करोड ७१ लाख, २७ हजार ५१५।३८ पैसा रहेको र दोस्रो चरणको लागत इस्टिमेट ८७,९३,७०८।४३ पैसा रहेको अवगत गराउनुभयो ।

## लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण निर्देशक समितिको बैठक सम्पन्न

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नपा वडा नं. ४ मा अवस्थित लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण निर्देशक समितिको बैठक मङ्सिर २६ गते बस्यो ।

बैठकमा नगर प्रमुख प्रजापतिले विश्व सम्पदा सूचीमा सूचीकृत भक्तपुर नपा वडा नं. ४ गःहितिस्थित प्राचीन सम्पदा लक्ष्मीनरसिंह मन्दिरको शिलान्यास मिति २०७८ मङ्सिर २७ गते नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)को प्रमुख आतिथ्यमा हुने जानकारी गराउनुभयो ।



बैठकले भक्तपुर नपा वडा नं. ४ गःहितिस्थित प्राचीन सम्पदा लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माणको क्रममा प्रयोग भएका वा प्रयोग गरिने सामग्री तथा सांस्कृतिक एवम् ऐतिहासिक महत्त्वका सामग्रीहरूको व्यवस्थित अभिलेखीकरण गरी भक्तपुर नगरपालिका, जिल्ला प्रशासन कार्यालय भक्तपुर, महानगरीय प्रहरी परिसर भक्तपुर, गुठी संस्थान भक्तपुर र पुरातत्त्व विभागको कार्यालय भक्तपुरमा एक एक प्रति सुरक्षित राख्ने निर्णय गऱ्यो ।

बैठकले लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण कार्यको क्रममा आवश्यक सुरक्षा व्यवस्था थप प्रभावकारी बनाउन उपभोक्ता समितिमार्फत आवश्यक सुरक्षाको प्रबन्धको जिम्मेवारी जिल्ला प्रशासन कार्यालय भक्तपुर र महानगरीय प्रहरी परिसर भक्तपुरलाई दिने निर्णय गऱ्यो ।

मन्दिर पुनःनिर्माणको लागि स्वेच्छाले आर्थिक सहयोग, चन्दा, दान, दातव्य दिन चाहने तथा श्रमदान गर्न सङ्घ संस्था, गुठी, टीम, क्लब तथा सर्वसाधारण जनतालाई सहयोगको लागि आह्वानको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने पनि बैठकले निर्णय गऱ्यो ।

बैठकमा लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण उपभोक्ता समितिका अध्यक्ष शिवराम किजुले पुनःनिर्माणसम्बन्धी हालसम्मको कार्य प्रगति विवरण प्रस्तुत गर्नुभयो ।

प्रस्तुत प्रतिवेदनअनुसार हालसम्म उक्त मन्दिर पुनःनिर्माणको लागि रु. ९४ लाख ९० हजार ५३।७३ खर्च भइसकेको र मन्दिर पुनःनिर्माण कार्य शुभारम्भदेखि हालसम्म रु. २ लाख ३९ हजार ७१ आर्थिक सहयोग उठेको जनाइएको छ ।

# एमसीसी सम्झौतामा हस्ताक्षर गर्नेहरू र पारित गर्न खोज्नेहरू जनतासामु नाङ्गिनेछन् - का.रोहित

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले देशको सार्वभौमिकताको विरुद्धमा रहेको एमसीसी सम्झौतामा हस्ताक्षर गरेका र संसद्‌बाट पारित गर्न खोज्नेहरू देशघातीका रूपमा जनतासामु नाङ्गिने बताउनुभएको छ ।

पुस २ र ३ गते गरी सम्पन्न नेमकिपाको ३२ औँ केन्द्रीय परिषद् तथा देशको वर्तमान राजनीतिक स्थितिबारे पुस ५ गते आयोजित पत्रकार भेटघाट कार्यक्रममा अध्यक्ष रोहितले एमसीसीमा सही गरेका, यसबाट प्रत्यक्ष र अप्रत्यक्ष लाभ लिइसकेकाहरूले मात्र एमसीसी सम्झौतालाई ठीक भन्दै पारित गर्नमा जोड दिइरहेको स्पष्ट पार्नुभयो ।

उहाँले एमसीसी सम्झौताका धेरै बुँदाहरू स्पष्ट रूपमा देशको सार्वभौमिकताको विरुद्ध रहेका र त्यसले देशलाई लाभभन्दा बढी हानि हुने देखिएकोले नेमकिपाले एमसीसी सम्झौताको विरोध गर्दै आएको र गर्दै जाने बताउनुभयो ।

एमसीसी सम्झौता पारित गर्ने उद्देश्यले नै देशी विदेशी शक्तिहरूले षड्यन्त्र गरेर दुई तिहाइको सरकार पतन गराएर संसद्‌को तेस्रो ठूलो दलका नेताको नेतृत्वमा सरकार बनाउन दिएको हुनसक्ने बताउनुहुँदै अध्यक्ष रोहितले लामो समयसम्म अवरोध गरी संसद् चल्न नदिनु, सरकारले जबरजस्ती विधेयकहरू पेश गर्नु र पारित गर्नुको सङ्केत बिना छलफल संसद्‌बाट एमसीसी सम्झौता पारित गराउने उद्देश्य हुनुपर्छ भन्नुभयो ।

एमसीसी सम्झौताको लागि पहिलो पत्राचार गरेका प्रधानमन्त्री माओवादीका तत्कालीन नेता बाबुराम भट्टराई परराष्ट्रमन्त्रीको हैसियतमा सम्झौतामा हस्ताक्षर गर्दा प्रधानमन्त्री शेरबहादुर देउवा भएको हुनाले एमसीसीको दोष र दुष्परिणामबाट उनीहरू भाग्न नसक्ने उहाँले बताउनुभयो ।

सर्वोच्च अदालतले संसद् पुनःस्थापनासम्बन्धी मुद्दामा संसद्‌को पुनःस्थापना मात्र नगरी व्यक्ति, मिति र समयसमेत तोकेर प्रधानमन्त्री बनाउनू भन्ने फैसलाले न्यायपालिकाबाट कार्यपालिका र व्यवस्थापिकामा हस्तक्षेप हुन पुगेको बताउनुहुँदै अध्यक्ष रोहितले यसैलाई नजिर बनाएर भोलि हरेक प्रधानमन्त्री नियुक्तिका लागि सर्वोच्च अदालत जाने र अदालतले प्रधानमन्त्री छान्ने चलन आउनसक्ने खतरा औँल्याउनुभयो ।

अध्यक्ष रोहितले भारतीय रक्षामन्त्री राजनाथ सिंहले हालै 'नेपालमा केही तत्त्वहरू नेपाल र भारतकोबीचको सम्बन्ध बिगार्न उद्यत छन् । 'कुनै पनि मूल्यमा शिर झुकाउन नपर्ने गरी नेपालसितको सम्बन्ध कहिल्यै टुट्न दिन्नौँ' भनी दिएको अभिव्यक्ति नेपालविरुद्धको धम्कीको अर्थमा पनि लिन सकिने बताउनुभयो । भारतीय विस्तारवादीहरूले नेपालमाथि गिद्धेदृष्टि राख्न नछोडेको स्पष्ट पार्नुहुँदै नेपालविरुद्धको भारतको विस्तारवादी गतिविधिका कारण नेपाल र नेपाली जनताले अनेकन् दुःख पाइरहेका छन् भन्नुभयो ।




'जहिलेसम्म भारतले नेपालमाथि थिचोमिचो गरिरहनेछ, सिमाना अतिक्रमण गरिरहनेछ र नेपाली जनतालाई दुःख दिइरहेसम्म नेपाली जनताले भारतको विरोध गरिहनेछन् ।' उहाँले भन्नुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सचिव एवम् प्रतिनिधिसभा सदस्य प्रेम सुवालले पार्टीको ३२ औँ केन्द्रीय परिषद्‌ले गरेका निर्णय तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रस्तावहरूबारे जानकारी दिनुभयो ।

पुस ४ गते बालुवाटारमा सम्पन्न सर्वदलीय बैठकमा प्रधानमन्त्री देउवाले एमसीसी सम्झौताको सक्कल नपढेको र त्यसमा रहेका देशघाती प्रावधानहरू थाहा नपाएको बताएको प्रसङ्ग उल्लेख गर्नुहुँदै उहाँले कि देउवालाई गुमराहमा राखिएको हुनुपर्छ कि त थाहा पाएर पनि थाहा नभएको स्वाङ पारेको हुनुपर्छ भन्नुभयो ।

उपस्थित विभिन्न मिडियाका सञ्चारकर्मीहरूले विभिन्न प्रश्न र जिज्ञासा राखेका थिए ।

# नेमकिपाको ३२ औं केन्द्रीय परिषद्‌बाट पारित राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावहरू

## राष्ट्रिय प्रस्ताव

१) बहुदल पुनःस्थापना र गणतन्त्रयता नेका, एमाले, माओवादी नेतृत्वका सरकारहरूले आन्तरिक उत्पादनलाई प्राथमिकता नदिई विप्रेषण, गाडी आयातको भन्सार महसुल, मदिरामा अन्तशुल्क र सार्वजनिक **ऋणको भरमा देशको अर्थतन्त्र** चलाउँदै आएकोमा यो परिषद् विरोध गर्दछ। चालु आ.व. २०७८/७९ को चार महिनामा आयात ६ खर्ब ५० अर्ब रुपियाँभन्दा बढी भयो भने निर्यात ८२ अर्ब रुपियाँको मात्र भयो। नेपाली युवाहरूलाई स्वदेशमा रोजगारी दिएर आन्तरिक उत्पादन बढाई व्यापार घाटा घटाउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ।

२) हिन्द-प्रशान्त क्षेत्रमा अमेरिकी सैन्य गठबन्धन तथा नेपालको सार्वभौमिकतामाथि हस्तक्षेप एवम् नेपाललाई भारतको प्रदेशजस्तो बनाउने एमसीसी सम्झौता अमेरिकी सहयोग होइन विष नै हो। देशघाती **एमसीसी सम्झौता अविलम्ब खारेज गर्न** यो परिषद् प्रतिनिधिसभा, सरकार र शासक दलहरूको ध्यानाकर्षण गराउँदछ।

३) सामान्य प्रविधिको व्यवस्थापन गर्नसमेत निर्वाचन आयोगलाई अमेरिकी सहयोग निकाय यूएसएड र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आईएफईएस) को सहयोग लिनुपर्ने अवस्था अन्त्य गर्न र **आयोगलाई आवश्यक बजेट नेपाल सरकारबाटै व्यवस्था गर्न** यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ।

४) नेकपा नेतृत्वको एमाले र माओवादीको दुईतिहाइको संयुक्त सरकारबाट देश र जनताको हितमा काम नभएपछि दुई पटक भङ्ग भएको प्रतिनिधिसभा सर्वोच्च अदालतको परमादेशबाट २०७७ फागुन ११ गते र २०७८ असार २८ गते पुनःस्थापना भयो। २०७८ भदौ २३ गते यता प्रतिनिधिसभाको बैठकमा एमालेले अवरोध गरी नारा लगाएको छ। तर, **बैठक अवरोधकै बीच कार्यसूची पेश तथा पारित गर्नु संसदीय मान्यता र प्रजातन्त्रविपरीत** भएको हुँदा यो अराजक स्थिति अन्त्य गरी संसद् बैठकमा शून्य समय, सार्वजनिक महत्त्वको प्रस्ताव, प्रश्नोत्तरलगायत कार्यसूची समावेश गरी प्रतिनिधिसभालाई देश र जनताको हितमा अगाडि बढाउन यो परिषद् शासक दलहरूको ध्यानाकर्षण गराउँदछ।



cWolf sf-/fIxtsf]cWolftdfa;]sf]kl/ifbdf ;lrj kd] ;jfn
k|tfj k|ltt ug{b}

५) राष्ट्रिय दलको मान्यता प्राप्त गर्न प्रतिनिधिसभाको निर्वाचनमा तीन (३) प्रतिशतको मत प्राप्त गर्नुपर्ने र प्रदेशसभामा मान्यता पाउन प्रदेशसभाको निर्वाचनमा एक दशमलव पाँच (१.५) प्रतिशत मत प्राप्त गर्नुपर्ने प्रजातन्त्रविपरीतको कानुनी प्रावधान **मतसीमा (थ्रेसहोल्ड) खारेज गर्न** यो परिषद् सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ।

६) कृषिप्रधान देश नेपालमा महिनाको अर्बौं रुपियाँ बराबरको दाल, चामल, तरकारी, फलफुललगायत खाद्य वस्तुहरू आयात भइरहेको छ। **कृषिमा आत्मनिर्भर अर्थतन्त्रको विकास**को लागि स्वदेशमै रसायनिक मल कारखानाको स्थापना, कृषियोग्य भूमिमा सिँचाइको व्यवस्था, उन्नत जातका बीउबिजनको विकास गरी किसानहरूलाई उपलब्ध गराउनु जरूरी छ। काठमाडौँ उपत्यकालाई आवश्यक ४० प्रतिशत तरकारी भारतबाट आयात भइरहेको तथ्यबाट आजसम्मका सरकारहरू नालायक साबित भएको यो परिषद्को ठहर छ।

७) खाना पकाउने ग्यास र पेट्रोलियम पदार्थको निम्ति वार्षिक खर्बौं रुपियाँ बाहिरिएको छ। पेट्रोलियम पदार्थको आयात कम गरी व्यापार घाटालाई न्यूनीकरण गर्न सरकारले नै **जलविद्युत् उत्पादन गरी जनतालाई सस्तो मूल्यमा विद्युत् उपलब्ध गराउने** र विद्युतीय बस, रेल, रोपवे तथा अन्य विद्युतीय यातायातलाई प्रयोगमा ल्याउन यो परिषद् जोड दिन्छ।

८) शिक्षा, स्वास्थ्य, रोजगारीलगायत अन्य अवसरहरू काठमाडौँ

उपत्यकामा केन्द्रित गरिएको हुँदा उपत्यकामा बसोबास वृद्धि तीव्ररूपमा भइरहेको छ । यसले उपत्यकामा खानेपानीको हाहाकार, अपराध सङ्ख्यामा वृद्धि तथा धूलो धुवाँको प्रदूषणले मानव स्वास्थ्यमा नकारात्मक असर परिरहेको छ । **उपत्यका बाहिर स-साना सहरहरूको विकास गरी देशको सन्तुलित विकास गर्न** यो परिषद् जोड दिन्छ ।

९) भक्तपुर नगरपालिकाले २०६०/६१ सालदेखि ख्वप बहुप्राविधिक अध्ययन संस्थानमार्फत नर्सिङ कक्षा सञ्चालन गर्दै आएकोमा यस वर्ष १०० शय्याको आफ्नै अस्पताल नभएको भनी भनपालाई शिक्षा मन्त्रालयले नयाँ नर्सिङ भर्ना रोक लगाएको पूर्णरूपले जनविरोधी छ । शिक्षा मन्त्रालयको उक्त जनविरोधी निर्णय फिर्ता लिई **नगरपालिकालाई नर्सिङ भर्ना अविलम्ब सुचारु गर्न** यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

१०) विज्ञहरूका अनुसार विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिडबाट बच्ने सबैभन्दा उत्तम उपाय खोप नै भएको छ । हालसम्म खोप नपाएका ६० प्रतिशत नेपालीलाई **अविलम्ब निःशुल्क खोपको व्यवस्था गर्न** यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

११) विद्यालय तहको शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय **शिक्षा निःशुल्क गर्न** यो परिषद् सरकारको ध्यान आकर्षण गराउँदछ ।

१२) भूकम्प गएको ६ वर्ष बितिसक्दा पनि धेरै भूकम्प पीडितहरूले अझै घर बनाउन सकेका छैनन् । भूकम्प पीडितहरूलाई दिइने **अनुदानमा समयानुकूल वृद्धि** गरी सहुलियत दरमा ऋण तथा अनुदान अवधि थप गर्न यो परिषद् जोड दिन्छ ।

१३) काठमाडौँ-बारा फास्ट ट्रायकको नाममा खोनाको सांस्कृतिक सम्पदा क्षेत्र सिकाली चौरसमेत विनाश हुने गरी स्थानीय खोकना र बुङ्गमतिका मुआब्जा नलिइएको जग्गामा समेत डोजर चलाई चौडा सडक निर्माण गरी स्थानीय जनतालाई विस्थापित गर्ने सरकारी निर्णयको यो परिषद् विरोध गर्छ । काठमाडौँ-बारा **द्रुतमार्ग र चोभारको सुख्खा बन्दरगाह अविलम्ब खारेज गर्न** यो परिषद् पुनः जोड दिन्छ ।

१४) नेपालका ८० लाखभन्दा बढी युवालाई आफ्नो घर-खेत बेच्न लगाई वैदेशिक रोजगारीको नाममा म्यानपावर कम्पनीहरूले बहुराष्ट्रिय कम्पनीहरूलाई सस्तोमा ज्यामी पठाइरहेको हुँदा त्यस्ता कम्पनीहरूमाथि **मानव बेचबिखनको मुद्दा** लगाई कडा कारबाही गर्न यो परिषद् पुनः जोड दिन्छ ।

१५) स्थानीय तहको सिफारिसमा सर्वसाधारण जनताका योग्य छात्रछात्राहरूलाई एमबीबीएस पढ्ने **छात्रवृत्तिको व्यवस्था गर्न** र अध्ययनपश्चात् आ-आफ्नो जिल्लाका अस्पताल र स्वास्थ्य केन्द्रहरूमा सेवा गराउने व्यवस्था गर्न परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

१६) शिक्षालाई निजीकरण गरेकोले कम आयस्तर भएका परिवारका विद्यार्थीहरू उच्च शिक्षा पढ्नबाट वञ्चित हुनुपरेको छ । चिकित्सा शिक्षामा चर्को शुल्कको कारण क्षमता भएका धेरै विद्यार्थीहरू पढ्नबाट वञ्चित हुनुपऱ्यो । नेपाल सरकारले भक्तपुर नगरपालिकालाई **ख्वप विश्वविद्यालय** सञ्चालन गर्न विधेयक पारित गरेको भए कम शुल्कमा चिकित्सा शिक्षा प्रदान गर्न सकिने थियो । यसर्थ संसद्मा विचाराधीन ख्वप विश्वविद्यालय विधेयक पारित गर्न यो परिषद् नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

१७) सन् १९४७ नोभेम्बरमा **गोर्खा भर्ती**सम्बन्धी नेपाल-भारत-बेलायतबीचको त्रिदेशीय सम्झौता नेपालको हितविपरीत भएको र सो सम्झौताबारे संयुक्त राष्ट्र सङ्घको निम्ति संरा अमेरिकी राजदूत मोहियानले संरा सङ्घको महासभामा नेपाली 'भाडाको सिपाही' भनेर हेलासमेत गरेको हुँदा उक्त सम्झौता अविलम्ब खारेज गर्न यो परिषद् पुनः जोड दिन्छ ।

१८) नेपाल राष्ट्र बैङ्कको स्वीकृति नपर्नेगरी २०७८ वैशाख २५ गते विदेशी लगानी तथा विदेशी ऋण विनियमावली २०७८ जारी गरेको र यसलाई ठूला उद्योग र व्यापारीले तत्काल स्वागत गरेको कालो धनलाई सेतो बनाउने नै भएको हुँदो यो परिषद् **कालो धन र स्रोत नखुलेको धन राष्ट्रियकरण गर्न** पुनः जोड दिन्छ ।

१९) गत कार्तिक महिनाको बेमौसमी वर्षाको कारण **तराईका विभिन्न जिल्लामा गएको बाढी तथा डुबान**बाट किसानको कैयौँ बिघा धानबालीमा क्षति भयो । तर, पीडित किसानले अझै क्षतिपूर्ति पाएका छैनन् । यस वर्ष र २०७१ सालमा म्याद नाघेको बीउको कारण काठमाडौँ उपत्यकालगायत जिल्लामा धानबाली नपाकेका किसानहरूलाई सम्बन्धित बीउ बिक्रेताबाट क्षतिपूर्ति दिलाउने काम भएको छैन । धानबाली नपाएका पीडित किसानलाई तत्काल उचित क्षतिपूर्तिको व्यवस्था गर्न र धानको उचित मूल्य निर्धारण गर्न यो परिषद् जोड दिन्छ ।

२०) तराईमा हरेक वर्ष मङ्सिर, पुस र माघमा बाक्लो हुस्सु तथा शीत लहर आउँछ । न्यानो कपडा किन्न नसक्ने गरिब जनता शीत लहरबाट पीडित हुन्छन् । गरिब जनतालाई **शीत लहरको अकाल मृत्यु हुनबाट** बचाउन

आवश्यक व्यवस्था गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**२१)** सन् १९६०–६१ मा नेकाका प्रधानमन्त्री बीपी कोइरालाकै पालामा नेपाल–चीनबीच सीमा विवाद समाधान गरिएको थियो । पाँचौं पटक प्रम भएका नेकाको देउवा सरकारले हुम्लाको नाम्खामा चीनबाट नेपालको भूमि मिचिएको अध्ययन कार्य दल गठन गरेको भारतबाट नेपालको ७१ भन्दा बढी ठाउँमा ६० हजार हेक्टरभन्दा बढी **नेपाली भूमि अतिक्रमण गरेको ढाकछोप गर्नु** हो । भारतद्वारा नेपालको भूमि अतिक्रमण भएको अविलम्ब फिर्ता लिन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**२२)** भारतले केही महिनाअगाडि **महाकाली नदी थुनेर** ब्यास गाउँपालिकामा मनोमानी ढङ्गले सडक निर्माण गरेकोमा यो परिषद् विरोध गर्दछ ।

**२३)** माथिल्लो कर्णाली परियोजना र तिला–१, तिला–२ **जलविद्युत् आयोजना स्वदेशी लगानीमा निर्माण गर्न** यो परिषद् पुनः सरकारको ध्यानाकर्षण गराउँदछ ।

**२४)** कर्णाली प्रदेशमा हरेक वर्ष व्यहोर्नुपर्ने **खाद्य सङ्कट**को स्थायी समाधानको लागि 'कर्णालीमा कृषि विश्वविद्यालय स्थापना' गरी स्थानीय कृषि उत्पादनलाई जोड दिई कर्णालीवासीलाई आत्मनिर्भर बनाउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**२५)** **'कर्णाली प्रदेश : अर्गानिक स्टेट'** कर्णाली प्रदेश सरकारको पहिलो निर्णय थियो । यसलाई सङ्घीय सरकारले पनि आफ्नो कार्यक्रममा राखेको छ । त्यसलाई व्यवहारमा उतार्न यो परिषद् सङ्घीय सरकार र कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराउँदछ ।

## अन्तर्राष्ट्रिय प्रस्ताव

**१)** संरा अमेरिका एउटा जातिवादी तथा फासीवादी देश हो । अमेरिकामा ताम्रवर्णका अमेरिकी आदिवासी, अफ्रिकी अमेरिकी, हिस्पानियाली, एसियाली अमेरिकी र अमेरिकी मुसलमानहरूमाथि विभेद जारी छ । अमेरिकी प्रजातन्त्र धनीमानीको लागि मात्र हो । अमेरिकाले मङ्सिर २३ र २४ (डिसेम्बर ९ र १०) गते ११० देशलाई निम्ता गरी गरेको **'प्रजातन्त्र शिखर सम्मेलन'** झूटा हो । चीनको अभिन्न अङ्ग थाइवानलाई सो सम्मेलनमा निम्ता गरी अमेरिकाले चीनको आन्तरिक मामिलामा हस्तक्षेप गर्‍यो । नयाँ शीतयुद्ध थाल्ने अमेरिकी साम्राज्यवादको चालबाजीको यो परिषद् भर्त्सना गर्दछ । अमेरिकालाई प्रजातन्त्र र मानव अधिकारको परिभाषा गर्ने कुनै अधिकार नभएको यो परिषद्को ठहर छ ।

**२)** जलवायु परिवर्तनबारे पेरिस सम्झौताबाट पछि हटेको संरा अमेरिका संसारमा सबभन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने देश हो । गत नोभेम्बरमा बेलायतको ग्लास्गोमा भएको **जलवायु सम्मेलन**मा संरा अमेरिकाको नेतृत्वमा विकसित देशहरूले आफूले गरेको हरितगृह ग्यास उत्सर्जनको हर्जानास्वरूप विकासशील तथा अति कम विकसित देशहरूलाई वातावरणमैत्री विकासको बाटोमा अगाडि बढ्न पर्याप्त आर्थिक सहयोग गर्ने प्रस्तावमा प्रतिबद्धता जनाउन अस्वीकार गरे । त्यसकारण, अमेरिकाको जलवायु परिवर्तनको लडाइँको नेतृत्व गर्ने दाबी विरोधाभासपूर्ण भएको यो परिषद्को ठहर छ ।

**३)** संरा अमेरिकाले दक्षिण चीन सागर, पूर्वी चीन सागर, थाइवान, हङकङ, तिब्बत, सिन्च्याङको विषय उठाएर चीनको आन्तरिक मामिलामा निरन्तर हस्तक्षेप गर्दै छ । **'एक चीन नीति' को विपरीत** चालु राखेको संरा अमेरिकाको हस्तक्षेपकारी तथा युद्ध भड्काउने गतिविधि शीघ्र बन्द गर्न यो परिषद् जोड दिन्छ ।

**४)** संसारमा कोभिड–१९ को खोप विकास गर्ने सानो देश क्युवा एक हो । अमेरिकी नाकाबन्दीको कारण क्युवाले खोप उत्पादनको कच्चा सामान आयात गर्न पाएन । **क्युवाविरुद्धको अमानवीय नाकाबन्दी** हटाउने प्रस्ताव २९ औँ पटक संयुक्त राष्ट्र सङ्घको महासभाबाट २ को विरुद्ध १८४ मतले पारित भयो । क्युवाविरुद्धको नाकाबन्दी अविलम्ब हटाउन यो परिषद् संरा अमेरिकाको ध्यानाकर्षण गराउँदछ ।

**५)** संरा अमेरिकाले ७० वर्षभन्दा अगाडिदेखि **प्रजग कोरियाविरुद्ध नाकाबन्दी** लगाउँदै आएको छ । कोरियाली प्रायःद्वीपमा शान्तिको लागि संरा अमेरिकाले प्रजग कोरियासँगको शत्रुतापूर्ण नीति त्यागेर स्थायी शान्ति सम्झौता गर्नु जरुरी छ । दक्षिण कोरियामा रहेको अमेरिकी सेना र हतियार फिर्ता गरी बिनाबाहिरी हस्तक्षेप कोरिया पुनः एकीकरणको मार्गप्रशस्त गनै आवश्यक छ । प्रजग कोरियाविरुद्ध उत्तेजना फैलाउने सम्पूर्ण गतिविधि अविलम्ब रोक्न र नाकाबन्दी हटाउन संरा अमेरिकालाई यो परिषद् सचेत गराउँदछ ।

**६)** समाजवादी देश क्युवाविरुद्ध संरा अमेरिकी साम्राज्यवादले गत वर्षको नोभेम्बरमा **'साइबर युद्ध'** मार्फत उत्तेजना फैलाउने, हिंसा भड्काउने, अन्तरध्वंश मच्चाउने तथा व्यवस्था परिवर्तन गर्ने असफल प्रयास गर्‍यो । अमेरिकी साम्राज्यवादले साठी वर्ष अगाडिदेखि आजसम्म क्युवाली नेतृत्वको हत्या प्रयास तथा सत्ता परिवर्तनको षड्यन्त्र जारी राख्दै छ । अमेरिकी साम्राज्यवादको प्रजातन्त्रविरोधी,

हस्तक्षेपकारी तथा युद्ध सर्दार नीतिको यो परिषद् विरोध एवम् भर्त्सना गर्दछ र क्युबाविरोधी प्रचारयुद्ध अविलम्ब बन्द गर्न सचेत गराउँदछ ।

**७)** चिनियाँ कम्युनिस्ट पार्टीको सन् २०२० जुलाई १ मा स्थापनाको एकसय वर्ष पुगेकोमा यो परिषद् बधाई एवम् शुभकामना व्यक्त गर्दछ । पहिलो शतवार्षिकमा चीनबाट गरिबी उन्मूलन गर्ने लक्ष्य हासिल भएको घोषणा भयो । साथै, सबै जातिका चिनियाँ जनताको एकतासहितको आधुनिक समाजवादी देश बनाउने दोस्रो सत्वार्षिक लक्ष्य समय अगावै पूरा हुने पूर्ण विश्वाससहित **चिकपाको नेतृत्व तथा चिनियाँ जनतामा यो परिषद् शुभकामना** व्यक्त गर्दछ ।

**८)** एसिया, अफ्रिका, ल्याटिन अमेरिकी महादेशलगायत विश्वका सम्पूर्ण देशहरूमा यथाशीघ्र र व्यवस्थित तरिकाले कोरोनाविरुद्धको खोप उपलब्ध गराउनु विश्व समुदायको अहिलेको प्रमुख कर्तव्य हो । तर, संरा अमेरिका, युरोप र भारतललगायत देशहरूको **'खोप राष्ट्रवाद'** नीतिको यो परिषद् विरोध गर्दछ र विकासशील र कम विकसित देशहरूमा यथाशीघ्र खोप उपलब्ध गराई मानिसको जीवन रक्षामा योगदान पुऱ्याउन यो परिषद् माग गर्दछ ।

**९)** चीनको पेइचिङमा आउँदो माघ र फागुन महिनामा हुने **हिउँदे ओलम्पिक खेल**मा 'मानव अधिकार हननको बहानामा' संरा अमेरिका, क्यानडा, बेलायत र अष्ट्रेलियाले कूटनीतिक बहिष्कार गर्ने घोषणा गरे । यो घोषणा ओलम्पिक खेलको अन्तर्राष्ट्रिय सहकार्यको भावनाविपरीत रहेको यो परिषद्को ठहर छ ।

**१०)** गत डिसेम्बर १४ मा क्युबाको राजधानी हवानामा आयोजित हाम्रो अमेरिकाका लागि बोलिभारियाली मोर्चा जनताको व्यापार सम्झौता (अल्बा–टीसीपी) को बीसौँ शिखर सम्मेलनले पूँजीवादको विकल्पमा ४४ बुँदे घोषणापत्र पारित गऱ्यो । साम्राज्यवादी हस्तक्षेप र नवउदारवादको विरोधमा समाजवादी र समाजवादउन्मुख, जनपक्षीय साझेदारी तथा सहयोगमा वृद्धि गर्ने **सम्मेलनको निर्णयप्रति यो परिषद् समर्थन एवम् ऐक्यबद्धता** जनाउँदछ ।


**११)** एसिया महादेशमा नयाँ युद्ध थोप्ने नियतका साथ अष्ट्रेलिया, भारत, जापान र संरा अमेरिकासहितको 'चारपक्षीय सुरक्षा मोर्चा' (क्वाड) र अष्ट्रेलिया, बेलायत र संरा अमेरिका संलग्न त्रिपक्षीय सुरक्षा मोर्चा (अकस) गठन गरिएको हो । हिन्द–प्रशान्त क्षेत्रमा युद्ध भड्काउन निर्माण गरिएका यी सङ्गठन र तिनका गतिविधिप्रति यो परिषद् विरोध गर्दछ । यो परिषद् **युद्ध उत्तेजना बन्द गर्न** संरा अमेरिकी प्रशासनको ध्यानाकर्षण गराउँदछ ।


भक्तपुर नपाको स्थानीय पाठ्यक्रम

"ख्वपको पहिचान"




भक्तपुर नपाले कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम 'ख्वपको पहिचान' प्रकाशित गरिसकेको छ । यस वर्ष कक्षा ४ र ५ को पाठ्यक्रम प्रकाशित गरिएको छ ।



# नेमकिपा एमसीसी सम्झौताको विरोधमा किन ?

*(नेपाल मजदुर किसान पार्टीले पुस १६ गते राजधानी काठमाडौँलगायत देशभरका विभिन्न जिल्लामा आयोजना गरेको एमसीसीविरुद्धको जुलुस तथा विरोध सभाको सन्दर्भमा प्रकाशित अपिल)*

- माओवादीका प्रम बाबुराम भट्टराईले सन् २०११ मा एमसीसी सम्झौताको आधार तयार गरेका थिए । सन् २०१२ देखि अमेरिका र नेपाली सेनाको संयुक्त सैन्य अभ्यास नेपालमा सुरु गरियो । सन् २०१७ मा हिन्द–प्रशान्त रणनीतिअन्तर्गतको १८ करोड रुपैयाँ अमेरिकी सहयोगबाट नेपाली सेनाको छाउनीस्थित रेञ्जर गणमा 'क्राइसिस म्यानेजमेन्ट सेन्टर' स्थापना गरियो ।
- पहिलोपटक प्रधानमन्त्री भएका एमालेका केपी ओलीको सरकारको पालामा २०७२ पुस १० गते र २०७३ असार ३१ गते देशघाती एमसीसी सम्झौतालाई रु. १ अर्ब ३० करोड निकासा दिने निर्णय गरियो ।
- चौथोपटक प्रम भएका नेकाका शेरबहादुर देउवाले अमेरिकासँग २०७४ भदौ २९ गते देशघाती एमसीसी सम्झौता गरे । नेपाललाई दीर्घकालीन असर पार्ने यो सम्झौता गर्नुअगाडि नेपाली जनता र संसद्मा सल्लाह गर्नु आवश्यक थियो । तर, प्रम देउवाले देशघाती महाकाली सन्धि गरेर संसद्मा पेश गरेजस्तै एमसीसीसँग यो सम्झौता गरेर संसद् पेश गर्ने उल्टो काम गरे ।
- दोस्रोपटक प्रधानमन्त्री भएका केपी ओलीको सरकारले २०७६ असार ३० गते देशघाती एमसीसी सम्झौता सङ्घीय संसद् सचिवालयमा दर्ता गऱ्यो । तत्पश्चात् यो सम्झौताको देशघाती बुँदा सार्वजनिक भयो ।
- अमेरिकी रक्षा विभागको दस्तावेज A Free and Open Indo–Pacific: Advancing a Shared Vision को पृष्ठ १२ मा अमेरिकी निकाय एमसीसीले सन् २००४ देखि अमेरिकाको हिन्द–प्रशान्त रणनीतिअनुसार विभिन्न देशहरूलाई सहयोग गर्दै आएको र श्रीलङ्कालाई पनि सहयोग गर्ने भन्ने उल्लेख छ । तर, श्रीलङ्काले राष्ट्रिय सुरक्षामा खतरा हुनसक्ने निष्कर्षसहित एमसीसी सम्झौता खारेज गरेको छ ।
- यो दस्तावेजमा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०१७ मा हिन्द–प्रशान्त क्षेत्रका देशहरूसँग अमेरिकाको धेरै पहिलेदेखि सैन्य गठबन्धन रहेको र आगामी धेरै वर्ष सो सैन्य गठबन्धन कायम हुने उल्लेख छ । यसरी एमसीसी निकाय अमेरिकाको हिन्द– प्रशान्त रणनीतिअनुसार सैन्य मोर्चा बनाउन गठन गरिएको हो । यसकारण, एमसीसीसँगको यो सम्झौता अमेरिकाको हिन्द–प्रशान्त रणनीति नै हो, विष नै हो ।
- अमेरिकी रक्षा विभागको अर्को दस्तावेज हिन्द–प्रशान्त रणनीति रिपोर्ट २०१९ मा सोही वर्षको जनवरी ११ मा नेपाल आएका हिन्द–प्रशान्त क्षेत्रका अमेरिकी सैन्य कमान्डर डेभिड्सनसँग नेपाली अधिकारीहरूको सैन्य साझेदारीबारे बैठक भएको उल्लेख छ भने सन् २०१९ भित्र नेपाल र श्रीलङ्कासमेत १२ देश अमेरिकी सैन्य गठबन्धनको साझेदार बन्ने उल्लेख छ ।
- देशघाती एमसीसी सम्झौताको दफा ४.८ मा एमसीसी निकायले सहायक उपाध्यक्षलाई अपरेसन विभाग युरोप, एसिया, प्यासिफिक तथा ल्याटिन अमेरिकाको लागि अतिरिक्त प्रतिनिधि नियुक्त गरेको उल्लेख छ । नेपाल–अमेरिकाको सम्झौतामा अन्य महादेशहरूसमेत उल्लेख हुनु हिन्द–प्रशान्त क्षेत्रमा अमेरिकी सैन्य गठबन्धन नै हो ।
- देशघाती एमसीसी सम्झौताको दफा ६.८ मा 'एमसीसीको हैसियत' मा यो सम्झौताको कारण नेपाललाई हानि–नोक्सानी भएमा वा नेपालीको मृत्यु भएमा कतै उजुरी नलाग्ने उल्लेख छ । यो सम्झौताको दफा ७.१ मा प्रस्तुत सम्झौता र नेपालको कानुन बाझिएमा प्रस्तुत सम्झौता नै लागु हुने उल्लेख छ । यी दुवै दफाले नेपाललाई अमेरिकाको नवउपनिवेश बनाउनेछ ।
- देशघाती एमसीसी सम्झौताको अनुसूची ५ (क) मा एमसीसी निकायलाई चित्त बुझ्ने योजना नेपाल सरकारले पेश गर्नुपर्ने र त्यस्तो योजनामा भारत सरकारको समर्थन हुनुपर्ने तथा गोरखपुर प्रसारण लाइन निर्माणको सिद्धान्त समेटिएको हुनुपर्ने व्यवस्था नेपाललाई भारतको प्रदेशजस्तै बनाउने हो ।
- शासक दलहरूले 'नेपाललाई बढी भएको बिजुली भारतलाई बेच्न' सम्झौतामा यस्तो प्रावधान राख्नु परेको दाबी गर्दै छन् । नेपाललाई बिजुली बढी कहिले हुने हो ? नेपालको हिमाल–पहाड–तराईका जनतालाई घर–घरमा खाना पकाउन र वातानुकूलित व्यवस्था गर्न, उद्योग–व्यापार चलाउन, कृषि उत्पादन बढाउन, यातायातको साधन सञ्चालन गर्न विद्युत् कहिले पर्याप्त हुने हो ? अहिले भारतबाट महँगोमा ८०० मेगावाट बिजुली आयात गरी बाल्नु परेको छ भने खाना पकाउने ग्यास खबौँ रुपैयाँको किन्नुपर्ने अवस्था छ ।
- सन् २०१८ मा अमेरिकी विदेश उपराज्यमन्त्री एलिस जी. वेल्सले हिन्द–प्रशान्त रणनीतिमा संलग्न भएबापत नेपाललाई एमसीसी निकायमार्फत ५० करोड डलर सहयोग हुने खुलासा गरेका थिए । सन् २०१९ फेब्रुअरीमा अमेरिकी उपसहायक रक्षामन्त्री जोसेफ एच. फेल्टरले नेपाल अमेरिकाको महत्त्वपूर्ण

सैन्य साझेदार भएको दाबी गरे । सन् २०१९ मे महिनामा नेपाल आएका अमेरिकी रक्षा सहायक उपमन्त्री डेभिड जी. रेन्जले एमसीसी सम्झौता अमेरिकाको हिन्द–प्रशान्त रणनीतिको अङ्ग भएको थप खुलासा गरे ।

- अमेरिकाको हिन्द–प्रशान्त रणनीति एसियाका दुई ठूला देश भारत र चीनलाई युद्धमा फसाउने र अमेरिकी हतियार बेच्ने हो । अमेरिकाले भारतको विशाखापटनसम्म सेना र हतियार तैनाथ गरिसकेको छ ।
- दोस्रोपटक प्रम भएका एमालेको ओली सरकारले संसद्बाट पारित नभएको र नेपाली जनताको विरोध भएको यो सम्झौतालाई कार्यान्वयन गर्न सन् २०१८ अप्रिलमा कार्यान्वयन कार्यालय (एमसीए नेपाल) स्थापना गरेको र सन् २०१९ सेप्टेम्बरमा कार्यान्वयन सम्झौतासमेत गरेको दुवै अवैध छ ।
- अमेरिकी अधिकारीहरूको दबाबमा अहिले प्रम देउवा यो देशघाती सम्झौता संसद्बाट पारित गराउन जोड गर्दै छन् । पुस ४ गतेको सर्वदलीय बैठकमा प्रम देउवाले 'एमसीसी सम्झौतामा खोइ कहाँ छ देशघात ?' प्रश्न गरे भने पुस ११ गते सार्वजनिकरूपमै 'एमसीसी सम्झौतामा कहाँ छ राष्ट्रघात ?', 'सित्तैमा आएको पैसा किन चाहिँदैन भन्ने ?' आदि प्रश्न गरे । तर, सम्झौताका प्रावधानहरू देशघातीसँगसँगै देशै नरहने अवस्थाका हुन् ।
- जतिसुकै बढी रकम सित्तैमा आउने भए पनि देशको सार्वभौमिकतासित कुनै देशको सहयोग तुलना हुनसक्दैन । देशघाती एमसीसी सम्झौता संसद्बाट पारित गराई वा नगराई सरकारले लागु गरेमा नेपालको चारैतिरबाट भारतीय र अमेरिकी सेना पस्ने प्रबल सम्भावना छ । यो सम्झौता असंलग्न परराष्ट्र नीतिविपरीत पनि छ ।
- देशघाती एमसीसी सम्झौता खारेज गराउन नेपाल मजदुर किसान पार्टीले २०७६ फागुन १२ गते काठमाडौँस्थित अमेरिकी राजदूतावासमार्फत तत्कालीन अमेरिकी राष्ट्रपति ट्रम्पलाई विरोधपत्र पठाएको हो ।
- नेपाल मजदुर किसान पार्टीले २०७८ भदौ २१ गते यता नेपालको ३३ भन्दा बढी जिल्लाका ८५ भन्दा बढी ठाउँमा देशघाती एमसीसी सम्झौता खारेज गराउन विरोध प्रदर्शन र सभा सम्पन्न गरेको छ । यो सम्झौता खारेज नभएसम्म पार्टीले नेपाली जनताको सहयोगमा सङ्घर्ष चालु राख्नेछ ।
- एमसीसी सम्झौता अनुमोदन हुने आश्वासनसहित प्रम देउवा र माओवादी केन्द्रका अध्यक्ष दाहालको संयुक्त हस्ताक्षरमा एमसीसी निकायलाई पठाइएको पत्र अहिलेसम्म सार्वजनिक गरिएको छैन । माओवादी अध्यक्ष दाहाल र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले एमसीसी पारित गराउन नै देउवालाई पाँचौँपटक प्रम बनाएको पुस्टि हुँदै छ ।
- देशघाती एमसीसी सम्झौता खारेज गराउन सरकार र सांसदहरूलाई खबरदारी गर्न नेपाल मजदुर किसान पार्टीले २०७८ पुस १६ गते शुक्रबार दिनको १ बजे काठमाडौँको माइतीघर, पुरानो बानेश्वर र कोटेश्वरबाट शान्तिपूर्ण विरोध प्रदर्शन र सभाको आयोजना गर्दै छ । सोही दिन पार्टीले काठमाडौँ उपत्यकाबाहिरका जिल्लाका सदरमुकामहरूमा पनि शान्तिपूर्ण विरोध प्रदर्शन र सभा आयोजना गर्दै छ । उक्त विरोध प्रदर्शन र सभामा सम्पूर्ण देशभक्त नेपाली जनताको सहभागिताको लागि हार्दिक आग्रह गर्दछौँ ।

*स्रोत : 'मजदुर' दैनिक*

# नेमकिपाद्वारा देशघाती एमसीसी सम्झौता खारेज गराउन देशभर खबरदारी जुलुस तथा विरोध सभा

*देशघाती एमसीसी सम्झौता खारेज गर !*
*सरकार र सांसदहरू होसियार !*
*अमेरिकी सैन्य गठबन्धन चाहिँदैन !*
*भारतीय विस्तारवाद मुर्दावाद !*
*नेपाल मजदुर किसान पार्टी जिन्दावाद !*
*एमसीसीका मतियारहरू खबरदार !*
*अमेरिकी साम्राज्यवाद मुर्दावाद !*
*एसियालाई युद्धभूमि बनाउन दिँदैनौँ !*
*सम्पूर्ण देशभक्त जनता एक होऔँ !*

यस्तै नारा घन्काउँदै नेपाल मजदुर किसान पार्टीले पुस १६ गते देशघाती एमसीसी सम्झौता खारेज गराउन राजधानी काठमाडौँमा जुलुस प्रदर्शन तथा सभा गरी सङ्घीय संसद घेराउ तथा देशका विभिन्न जिल्लामा विरोध प्रदर्शन गऱ्यो ।

सङ्घीय संसद घेराउ गर्न नेमकिपाले काठमाडौँको माइतीघर, पुरानो बानेश्वर र कोटेश्वर गरी तीन स्थानबाट छुट्टाछुट्टै जुलुस प्रदर्शन गरी जनसभा सम्पन्न गरेको हो ।

# एभरेस्ट होटलअगाडि




माइतीघरबाट सुरु भएको जुलुस बानेश्वरको एभरेस्ट होटलअगाडि पुगेर सभामा परिणत भएको थियो । सभामा नेमकिपाका सचिव एवं सङ्घीय प्रतिनिधिसभा सदस्य **प्रेम सुवाल**ले एमसीसी सम्झौता गम्भीरतापूर्वक अध्ययन गर्ने हो भने जो कसैले पनि सम्झौता देशघाती रहेको देख्ने बताउनुहुँदै एमसीसी सम्झौताका दफा ४.२, ६.८, ७.१ र अनुसूची ५ (क) को व्यवस्थाबाट यो सम्झौता देशघाती सावित हुन्छ भन्नुभयो ।

अमेरिकी रक्षा विभागको दस्तावेज र अमेरिकी अधिकारीहरूको भनाइले हिन्द–प्रशान्त क्षेत्रमा अमेरिकी सैन्य गठबन्धन बनाउन सहयोग गर्ने निकाय एमसीसी नै भएको पुष्टि हुने चर्चा गर्नुहुँदै उहाँले प्रम देउवाले एमसीसी सम्झौतामा 'राष्ट्रघात कहीँ छैन' भन्नु झूटा हो भन्नुभयो ।

'यो सम्झौता सुरु गर्ने र समर्थन गर्नेहरू सबै देशघाती र देशद्रोही नै हुन् । एमसीसी सम्झौता खारेज नभएसम्म नेपाली जनतासँग मिलेर नेमकिपाले सङ्घर्ष चालु राख्ने चेतावनी दिनुहुँदै केन्द्रीय सचिव सुवालले शासक दल र तिनका नेताहरूले भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको सहयोगमा निर्वाचन जित्ने र सिंहदरबार कब्जा गर्ने काम अब छोड्नु जरुरी छ भन्नुभयो ।

सभामा नेमकिपाका केन्द्रीय सदस्य **रवीन्द्र ज्याख्व**ले एमसीसी सम्झौताले देशको विकासमा कुनै सहयोग नपुग्ने बरू त्यसले देशको सार्वभौमिकता गुम्ने र नेपाल संरा अमेरिका र भारतको मातहत रहन जाने स्पष्ट पार्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा बागमती प्रदेश सभा सदस्य **सृजना सैंजू**ले नेपालको बिजुली भारत हुँदै सिङ्गापुरसम्म लैजाने एमसीसी सम्झौता नेपाललाई अँध्यारोमा राख्ने र भारतको महँगो ग्यास नेपाल भित्र्याएर व्यापार घाटा बढाउने नै भएको प्रस्ट पार्नुहुँदै नेपाललाई अमेरिकाको नवउपनिवेश बनाउने र भारतको प्रदेशजस्तो बनाउने सम्झौता हो भन्नुभयो ।

सभामा नेक्राविसङ्घका केन्द्रीय सहसंयोजक **सुरेश परियार**ले देशघाती एमसीसी सम्झौता कुनै हालतमा पनि संसदबाट पारित गर्न नहुने बताउनुहुँदै युवा–विद्यार्थीहरूले सम्झौताविरुद्धको आन्दोलनलाई निरन्तर अगाडि बढाउने बताउनुभयो ।

जुलुस सुरु गर्नु अगाडि माइतीघरमा भएको कोणसभामा नेमकिपाका केन्द्रीय सदस्य एवं काठमाडौँ जिल्ला अध्यक्ष **नारायण महर्जन**ले सांसदहरूलाई एमसीसी सम्झौता राम्ररी अध्ययन गर्न आग्रह गर्नुहुँदै देशको सार्वभौमिकताको विरुद्धमा रहेको सम्झौता पारित गर्न नहुने र सर्तसहितको अमेरिकी सहायता फिर्ता पठाउनुपर्नेमा जोड दिनुभयो ।

# पानी ट्याङ्की, बानेश्वर




काठमाडौँको पुरानो बानेश्वरबाट सुरु भएको हजारौँ देशभक्त जनता सम्मिलित जुलुस बानेश्वर अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र पछाडि पुगेर सभामा परिणत भयो ।

सभामा नेमकिपाका केन्द्रीय सदस्य **सुनिल प्रजापति**ले नेपालले कुनै पनि मित्रराष्ट्रबाट अनेकौं अनुदान सहयोग प्राप्त गरेको तर ती कुनै पनि सहायता लिन संसदबाट सम्झौता पारित गर्न आवश्यक नभएको उल्लेख गर्नुहुँदै आपत्तिजनक बुँदासहितको सम्झौता पारित गर्नुपर्ने प्रावधानले यो सम्झौतामा अमेरिकी सरकारको स्वार्थ लुकेको प्रस्ट हुन्छ भन्नुभयो ।

नेपालको लागि पाँच वर्षमा ५५ अर्ब रूपैयाँको बजेट ठूलो नभएको चर्चा गर्नुहुँदै उहाँले त्यति रकम प्राप्त गर्न देशको सार्वभौमिकता संरा अमेरिका र भारतलाई बुझाउनुपर्ने प्रावधान कुनै पनि देशभक्त नेपालीलाई स्वीकार्य नहुने स्पष्ट पार्नुभयो । नेमकिपाका केन्द्रीय सदस्य **सनकमान महर्जन**ले नेमकिपाले देशको सार्वभौमिकता रक्षाको लागि सधैँ अग्रमोर्चामा रहेर सङ्घर्ष गर्दै आएको चर्चा गर्नुहुँदै शासक दलहरूको राष्ट्रघातकै कारण देश पछौटेपन र सङ्कटको अवस्थामा रहिरहेको हो भन्नुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य **राजेन्द्र चवाल**ले एमसीसी सम्झौता संरा अमेरिकाको हिन्द–प्रशान्त रणनीति कार्यान्वयन गर्न अघि बढाइएको र सम्झौता पारित गरेपछि नेपाल अमेरिकी सैनिक सङ्गठनमा संलग्न भएको सावित हुने बताउनुभयो ।

कार्यक्रममा नेमकिपाका **मिनबहादुर बाटा** र **मीना डङ्गोल**ले पनि देशघाती एमसीसी सम्झौताबारे चर्चा गर्नुभएको थियो ।

जुलुस सुरु हुनुअघिको कोणसभामा नेमकिपाका केन्द्रीय सदस्य **राजवीर डङ्गोल**ले संरा अमेरिका र पश्चिमा साम्राज्यवादीहरूले तेस्रो विश्वयुद्ध एसियामा केन्द्रित गर्ने नियतले नै समाजवादी देश चीनलाई घेराबन्दी गर्न खोजिरहेको र अमेरिकी सेना नेपालमा रहनसक्ने प्रावधानसहितको एमसीसी सम्झौता त्यही कुत्सित नियतका लागि भएको बताउनुभयो ।

# मीनभवन




संसद् भवनको पूर्वतिर आयोजित सभामा नेमकिपाका केन्द्रीय सदस्य एवं बाग्मती प्रदेश सांसद **सुरेन्द्रराज गोसाईले** एमसीसी सम्झौता नेपालमा नयाँ उपनिवेशको जालो फिजाउने षड्यन्त्र भएको हुँदा देशभक्त जनताको साथ र सहयोगमा सङ्घर्ष गरिरहेको बताउनुभयो ।

साम्राज्यवादी देश अमेरिका र विस्तारवादी देश भारतको गठजोडबाट नेपाललाई उपनिवेश बनाउने खालको कुनै सर्त र सम्झौता देशभक्त नेपाली जनताको निम्ति स्वीकार्य नहुने औँल्याउनुहुँदै उहाँले भन्नुभयो, 'विगतमा सत्तारुढ दलकै अदूरदर्शिता र गैरजिम्मेवारीका कारण नेपालको नदीनाला गुम्यो, अहिले देशको अखण्डता र सम्प्रभुतामै खतरामा पर्ने सम्भावना छ ।'

नेमकिपाका केन्द्रीय सदस्य **अनुराधा थापामगरले** देशघाती शासक र नेताहरूले एमसीसी सम्झौताको यथार्थ लुकाउने र भ्रम फैलाउने कार्य गरिरहेको, साम्राज्यवादी अमेरिकी प्रशासनले संसारका विभिन्न मुलुकमा अशान्ति मच्चाइरहेको, स्वाधीनता र सार्वभौम देशमा आक्रमण गरेर ध्वंसात्मक गतिविधि गरिरहेको बताउनुहुँदै देश सभ्य नागरिकले चलाउने हो, मनस्थिति ठीक नभएकाले होइन भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं सभाका सभापति **कृष्णकुमार वैद्यले** नेपालको संविधान र कानुन निस्तेज पार्ने एमसीसी सम्झौताको विरोधमा नेमकिपाले सदन र सडकमा सङ्घर्ष गरिरहेको बताउनुभयो ।

सो सभामा नेक्राविसङ्घका केन्द्रीय संयोजक **प्रकाश गुरुङले** देशघाती एमसीसी सम्झौता खारेज गराउन नेमकिपाले काठमाडौँस्थित अमेरिकी राजदूतावासमार्फत तत्कालीन अमेरिकी राष्ट्रपतिलाई विरोध पत्र बुझाएको प्रसङ्ग उल्लेख गर्नुहुँदै एमसीसी सम्झौताविरुद्ध नेपालका ३३ भन्दा बढी जिल्लाका ८५ भन्दा बढी ठाउँमा आन्दोलन गरेर जनतालाई सुसूचित र सरकारलाई खबरदारी गरेको बताउनुभयो ।

जुलुस सुरु हुनुअघि कोटेश्वरमा नेमकिपाका केन्द्रीय सदस्य **उकेश कवांले** एमसीसी सम्झौता सार्वजनिक भएलगत्तै नेमकिपाले सोको विरोधमा आन्दोलन थालेको बताउनुभयो ।

नेक्राविसङ्घका पूर्वअध्यक्ष **सविन ख्याजुले** खबरदारी जुलुस र सभाको औचित्यबारे प्रकाश पार्नुभयो ।

# राजधानीमा भएका खबरदारी जुलुस र सभाका केही झलक





















# विभिन्न जिल्लामा भएका खबरदारी सभाका केही झलक



कालीकोट



बारा



सुर्खेत


कैलाली



सप्तरी



चितवन



दैलेख



बाँके

(तस्बीरहरू विभिन्न वेबसाइट)

भक्तपुर नपाको ७२ औं स्थापनदिवस

# भक्तपुर नगरपालिका देशको नमुना नगरपालिकाको रूपमा विकास भइरहेको छ : प्रमुख सुनिल प्रजापति

भक्तपुर नगरपालिका देशकै सानो नगरपालिकामध्ये एक हो। कूल ६.८८ वर्ग किमी क्षेत्रफलमा फैलिएको यो नगरमा २०६८ सालको जनगणनाअनुसार ८१,७४८ नागरिकहरू बसोबास गर्छन्। यो वर्ष पनि जनगणनाको काम भइरहेको छ। हाल १ लाख जनसङ्ख्या पुग्ने हाम्रो अनुमान छ। यहाँको बासिन्दा बराबर नै जनसङ्ख्या नगर बाहिरबाट रोजगारी, शिक्षा, स्वास्थ्य उपचारलगायतको सिलसिलामा भक्तपुरमा बसिरहेको अनुमान गर्न सकिन्छ। यस हिसाबले भक्तपुर नगरपालिकाले करिब २ लाख जनतालाई सेवा प्रदान गर्दै आइरहेको छ।

बितेको ७ दशकको अवधिमा यस नगरपालिकामा धेरै जनप्रतिनिधिहरू निर्वाचित भएर नगरको विकास र नगरवासीहरूको जीवनस्तर उठाउन योगदान गर्नुभयो। विभिन्न कालखण्डमा जनप्रतिनिधिको रूपमा काम गर्नुभएका ती सबै व्यक्तित्वहरूलाई आजको दिन सम्झन चाहन्छौँ।

केही दशक अघिसम्म शैक्षिक रूपमा निकै पछाडि परेको, फोहोर नगरको रूपमा परिचित भक्तपुर नगर आज शिक्षा, स्वास्थ्य उपचार, सम्पदा संरक्षण, सरसफाइलगायत हरेक क्षेत्रमा देशको नमुनाको रूपमा विकास भइरहेको छ। देशका विभिन्न ठाउँका जनप्रतिनिधिहरूले भक्तपुर नगरपालिकाबाट सिक्न खोजिरहेका छन्। भक्तपुर नगरपालिकालाई आजको स्थितिसम्म ल्याइ पुऱ्याउन नेपाल मजदुर किसान पार्टीको महत्त्वपूर्ण भूमिका छ। देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने भावनालाई आत्मसात गर्ने नेमकिपाका जनप्रतिनिधिहरूलाई जिताउने यहाँका तमाम मतदाता दाजुभाइ दिदीबहिनीहरूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ। भक्तपुरको विकासमा तपाइँ मतदाता दाजुभाइ दिदीबहिनीहरूको महत्त्वपूर्ण योगदान छ। तपाइँहरूको मतबाट निर्वाचित भएर नै यी सबै काम गर्न सम्भव भएको हो।

हामी जनताबाट निर्वाचित भएर नगरपालिकामा बहाली गरेको साढे चार वर्ष पुग्यो। पदावधिको हिसाबले हाम्रो यो अन्तिम वर्ष हो। बाँकी समय पनि अलिकति पनि खेर नफाली नगर र नगरवासी जनताको सेवामा समर्पित



भएर लाग्नेछौँ।

निर्वाचनको बेला जनतालाई दिएको वचनअनुसार हामीले निरन्तर काम गर्दैछौँ। निर्वाचन घोषणापत्रमार्फत प्रतिबद्धता गरेकामध्ये कानुनी, व्यवहारिक र आर्थिक कारण अत्यन्त जटिल विषयहरूबाहेक अधिकांश विषयहरू पूरा गरेका छौँ। अझ कयौँ थप कार्यहरू गरी जनताको सेवा गरिरहेका छौँ।

आ.व. २०७८।७९ को कूल बजेट १ अर्ब ९३ करोड (नपाद्वारा सञ्चालित शैक्षिक संस्था र ख्वप अस्पतालकोबाहेक) मध्ये चालूतर्फ १ अर्ब १० करोड र पूँजीगततर्फ ८२ करोड ९७ लाख विनियोजन गरिएको थियो। साउनदेखि मङ्सिरसम्म ५ महिनामा चालूतर्फ ३१ करोड ३६ लाख खर्च भयो। त्यो विनियोजित बजेटको २८ प्रतिशत हो। त्यसैगरी पूँजीगततर्फ १६ करोड ६० लाख अर्थात विनियोजित बजेटमध्ये २० प्रतिशत खर्च भएको छ। चालू र पूँजीगत गरी बितेको ५ महिनामा २४ प्रतिशत बजेट खर्च भइसकेको जानकारी गराउन चाहन्छौँ।

आयतर्फ हालसम्म आन्तरिक र बाह्य गरी कुल ४७ करोड ९९ लाख २७ हजार भएको छ।

भक्तपुर नगरपालिकाले शिशु स्याहारदेखि स्नातकोत्तर तहसम्म सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ। यो वर्ष ख्वप कलेज अफ इन्जिनियरिङमा अध्ययनरत विद्यार्थी रमण श्रेष्ठ सिभिल इन्जिनियरिङतर्फ स्नातक तहमा ८६ प्रतिशत अङ्क प्राप्त गरी त्रिभुवन

विश्वविद्यालयमा सर्वोत्कृष्ट हुन सफल भएको छ। भक्तपुर नपाबाट सञ्चालित २ ओटा इन्जिनियरिङ कलेजहरूमध्ये पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त ख्वप इन्जिनियरिङ कलेजमा हाल ६९ जिल्लाका १०१५ जना विद्यार्थीहरू स्नातक र स्नातकोत्तर कक्षामा अध्ययनरत छन् भने त्रिभुवन विश्वविद्यालयअन्तर्गतको ख्वप कलेज अफ इन्जिनियरिङमा ६७ जिल्लाका ७३९ जना विद्यार्थीहरू स्नातक तहमा अध्ययनरत छन्। दुवै कलेज गरी १७५४ जना विद्यार्थीहरू इन्जिनियरिङतर्फ उच्च शिक्षा हासिल गरिरहेका छन्। ख्वप कलेज, ख्वप मावि, शारदा कलेज, शारदा मावि तथा कलेज, ख्वप बहुप्राविधिक अध्ययन संस्थानसमेत गरी सात ओटा शैक्षिक संस्थामा देशका विभिन्न जिल्लाका ६ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन्।

रु. ५ लाखसम्म शैक्षिक ऋण, करोडौं रुपैयाँ बराबरको गरिब तथा जेहेनदार विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था गरी आएको भक्तपुर नपाले ख्वप विश्वविद्यालय स्थापना गर्ने योजनाका साथ अघि बढिरहेको छ। तर शिक्षा मन्त्रालयले २०६० सालदेखि सञ्चालन गर्दै आएको नर्सिङ कलेजलाई आफ्नै १०० शय्याको अस्पताल नभएको बहानामा यो वर्ष विद्यार्थी भर्ना लिन रोक लगायो। यस सम्बन्धमा शिक्षामन्त्रीको ध्यानाकर्षण गरेका छौं।

स्वास्थ्यतर्फ भक्तपुर नपाले घरदैलो नर्सिङ सेवा, २५ शय्याको ख्वप अस्पताललाई स्तर बृद्धि गरी १०० बेडको बनाउन प्रक्रिया अगाडि बढाइरहेको छ भने उक्त अस्पतालले दैनिक ५०० भन्दा बढी बिरामीहरूलाई सेवा प्रदान गर्दै आएको छ। आ.व. २०७८।७९ को ५ महिनामा ख्वप अस्पतालबाट ६८,५११ जनालाई उपचार सेवा प्रदान गरिसकेको छ। गत आ.व. ०७७।७८ मा ४० जिल्लाका १ लाख १२ हजार २२ जनालाई उपचार सेवा प्रदान गरेको थियो। साथै भक्तपुर नगरपालिकाले आयुर्वेदिक सेवा, आँखा उपचार सेवा, दम खोकीका दीर्घ रोगीहरूका लागि श्वासप्रश्वास उपचार सेवालगायतका सेवाहरू उपलब्ध गराउँदै आएको छ। कोभिड महामारीको बेला ७५ शय्याको कोभिड अस्पताल सञ्चालन गरी ४५५ जना कोरोना सङ्क्रमितहरूलाई निःशुल्क उपचार सेवा प्रदान गऱ्यो भने अक्सिजन प्लान्ट स्थापना गरी सम्पूर्ण नगरवासीहरूलाई निःशुल्क अक्सिजन वितरण गर्दै आएको छ। कोरोनाबाट जनतालाई बचाउन प्रभावकारी खोप व्यवस्थापन गर्दै आएकोमा लक्षित वर्गलाई ९७ प्रतिशत खोप लगाई भक्तपुर नगरपालिका नेपालकै सबैभन्दा बढी खोप लगाउने नगरपालिका हुन सफल भएको छ।



२०७२ सालको भूकम्पबाट १२० भन्दा बढी सम्पदाहरूमा आंशिक र पूर्ण क्षति पुगेकोमा हालसम्म ११८ ओटा सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न भइसकेको छ। तीमध्ये मन्दिर २६, पाटी ४०, द्यःछैँ ६, प्रवेशद्वार ३, पोखरी १०, इनार ७, सत्तल ८, ढुङ्गेधारा ७ र अन्य ११ ओटा रहेका छन्। हाल भनपा १ स्थित भाज्या पोखरी र रानी पोखरी निर्माणको अन्तिम चरणमा छन् भने भनपा वडा नं.४ स्थित सांस्कृतिक र ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण लक्ष्मीनरसिंह मन्दिरको पुनःनिर्माण शुरु भएको छ। अन्य सम्पदाहरूको जीर्णोद्धार र पुनःनिर्माण कार्य पनि तीव्र गतिमा भइरहेको छ। मौलिक सीप, प्रविधि र निर्माण सामग्रीहरूको प्रयोग गरी भक्तपुर नपाले सम्पदा संरक्षणमा उत्कृष्टता हासिल गर्दै आएको छ।

भौतिक पूर्वाधारतर्फ आ.व. २०७८।७९ मा ७७ ओटा योजनाहरू स्वीकृत भएकोमा हाल ४२ ओटा योजनाहरू चालू अवस्थामा छन् भने बाँकी योजनाहरू पनि शीघ्र सञ्चालन गर्ने प्रयास गरिरहेका छौँ।

हरेक वर्ष अन्तरनगर खेलकुद प्रतियोगिता र विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आएकोमा गत वर्ष कोरोनाको कारण प्रतियोगिता सञ्चालन सम्भव भएन। यो वर्ष हालै भक्तपुर नगर स्तरीय अन्तरविद्यालय खेलकुद प्रतियोगिता सञ्चालन गरिएकोमा नगरभित्रका कुल ९२ ओटा विद्यालयमध्ये ७१ ओटा विद्यालयका विद्यार्थीहरूले भाग लिएका थिए। उक्त प्रतियोगितामा विभिन्न **१३ ओटा** खेलहरू समावेश गरिएको थियो।

भक्तपुर नगरपालिकाले युवा र महिला लक्षित विभिन्न सीपमूलक तालिमहरू, कृषिसम्बन्धी तालिम तथा विभिन्न भाषाहरूको तालिम कक्षाहरू पनि सञ्चालन गर्दै आएको छ। स्थानीय पथ प्रदर्शक तालिम, चिनियाँ र जापानी भाषा तथा नेपालभाषा लिपी कक्षा नियमित रूपमा सञ्चालन गर्दै आएको छ।

किसानहरूलाई लक्षित गरी सिजनअनुसारको बीऊविजन वितरण, उपभोक्ताहरूको हितलाई ध्यानमा राखी बजार अनुगमन तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि विभिन्न तालिम तथा सहयोग सामग्रीहरू वितरणजस्ता कार्यक्रमहरू पनि नगरपालिकाले गर्दै आएको छ।

नगरपालिकामा प्रशासनमा कार्यरत स्थायी कर्मचारीहरूको वृत्ति विकासको लागि आवश्यक ऐन निर्माण गरी ८७ जना कर्मचारीहरूको १ तह वृद्धि र ३० जना कर्मचारीहरूको २ ग्रेड वृद्धि गरी समायोजन गरिसकेको छ। साथै १०१ जना कर्मचारीहरूको १ तह स्तर वृद्धि गरिएको छ। २०७४ सालभन्दा अगाडि नियुक्ति पाई हालसम्म यस नगरपालिकामा निरन्तर कार्यरत अस्थायी र सेवा करारका २२ जना कर्मचारीहरूलाई प्रक्रिया पुऱ्याएर स्थायी गर्ने प्रक्रियामा रहेको छ। २०७४ सालमा जनप्रतिनिधि बहाल भएपछि हालसम्म ७७ जना कर्मचारीहरू अवकाश, राजीनामा र मृत्यु भई सेवा निवृत्त भइसकेका छन्।

**अन्त्यमा,**

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ रोग रोकथाम र नियन्त्रणको लागि निरन्तर सेवारत जनप्रतिनिधि, अतिआवश्यक सेवाअन्तर्गतका सफाइ कर्मचारी र अन्य कर्मचारीहरू, विभिन्न सङ्घ संस्थाका प्रतिनिधि, विद्यालय तथा कलेजका शिक्षक विद्यार्थीहरूले सङ्कटको बेला गरेको सेवाको उच्च मूल्याङ्कन गरी हार्दिक आभार एवम् धन्यवाद ज्ञापन गर्दछौँ। ख्वप अस्पताल कोभिड युनिटमा खटेर निरन्तर सङ्क्रमितहरूको सेवामा समर्पित चिकित्सक, स्वास्थ्यकर्मी र अन्य कर्मचारीहरू तथा स्वास्थ्य सेवामा संलग्न अन्य कर्मचारीहरू र अक्सिजन प्लान्ट राख्न सहयोग गर्नुहुने तमाम नगरवासी र नगरभन्दा बाहिर रहनुभएका जनता र रोजगारीको सिलसिलामा विभिन्न देशमा रहेर पनि हामीलाई सहयोग गर्नुहुने महानुभाव तथा तमाम दाजुभाइ तथा दिदी बहिनीहरूलाई आजको यो महत्त्वपूर्ण अवसरमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ।

(भक्तपुर नगरपालिकाको ७२ औँ स्थापना दिवसको अवसरमा पुस २ गते आयोजित प्रवचन कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्यको सार सङ्क्षेप)

## अछाममा एमसीसीको विरोध




Pd;L;L ;Demf}tf vf/]h]sf]dfu ub}{g]kfnL skfsf]hgju{ ;ª\u7gx¿n]sdnahf/, c5fddf u/]sf]lj/f]w kbz{g

# ख्वप मोडेल

सोमबार भक्तपुरमा आयोजित एक कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले 'ख्वप मोडेल' बाट देशले सिक्न चाहेको बताउनुभयो। देशभरका स्थानीय सरकारमध्ये भक्तपुर नगरपालिकाले गरिरहेको उदाहरणीय गतिविधिलाई उहाँले 'ख्वप मोडेल' को नाम दिनुभएको हो। स्थानीय तहलाई अधिकारसम्पन्न बनाउँदा सिंहदरबारमा सीमित भ्रष्टाचार र अनियमितता स्थानीय तहसम्म पुगेको चर्चा चलिरहेको बेला भक्तपुर नपाले नमुनाको रूपमा बहुआयामिक गतिविधि गर्दै आएको छ। जनतालाई पहिलो प्राथमिकतामा राख्ने सिद्धान्तबाट अभिप्रेरित राजनीतिक नेतृत्वमा चलेको भक्तपुर नपाले बहुमत जनताको हितलाई ध्यानमा राखी योजना निर्माण र काम गर्दै आएको छ। यस्ता विकास निर्माण वा कुनै पनि गतिविधिमा स्थानीय जनताको सहभागिता र निर्णय प्रक्रियामा फराकिलो भूमिकाको निम्ति प्रोत्साहन गरिँदै आएको छ। कुनै पनि विकास निर्माणका काममा जनसहभागितालाई प्रोत्साहन गर्न र भ्रष्टाचार न्यूनीकरण गर्न नगरपालिकाले उपभोक्ता समितिमार्फत काम गर्ने गरेको छ। उपभोक्ता समितिमार्फत हुने काममा जनताको प्रत्यक्ष सहभागिता हुँदा लागत अनुमानभन्दा कम मूल्यमा योजना सम्पन्न हुनुका साथै त्यसप्रति जनताको अपनत्व पनि बढेको देखिन्छ।

शिक्षा र स्वास्थ्यजस्ता जनताका आधारभूत आवश्यकतालाई नगरपालिकाले पहिलो प्राथमिकतामा राखेको छ। शिशुशाला हुँदै प्राथमिक तहदेखि उच्च शिक्षासम्ममा नगरपालिकाको अग्रसरताको कारण गुणस्तरीय शिक्षा सबैको पहुँचमा पुगेको छ। जनताको स्वास्थ्यलाई नपाले उच्च प्राथमिक विषय बनाएको छ र सेवा विस्तार गर्दै लगेको छ। भक्तपुरको ऐतिहासिक र सांस्कृतिक परिचयलाई जोगाउन नगरपालिकाले सम्पदा संरक्षणमा उदाहरणीय कार्य गर्दै आएको छ। मल्लकालीन जीर्ण र कतिपय हराइसकेका सम्पदाको संरक्षण नपाले गरेको छ। अवस्तुगत सम्पदाको संरक्षणमा नपाले तदारुताकतासाथ लगानी गरेको छ। स्थानीय परिचय झल्काउने उत्पादनको प्रयोगलाई नपाले जोड दिएको छ। पारदर्शिता र शून्य भ्रष्टाचार भक्तपुर नपाको परिचय बन्दै आएको छ। सक्षम र समर्पित नेतृत्व भए सीमित बजेटबाट पनि जनताको जीवनमा उल्लेखनीय प्रगति देखिने धेरै काम गर्न सकिने कुराको उदाहरण बनेको छ, भक्तपुर। बजेट र स्रोत साधनको तुलनामा भक्तपुर नपाभन्दा धनी नपा देशमा अरू पनि धेरै छन्। तर, आज ती स्थानीय तहहरूसमेत भक्तपुरको 'ख्वप मोडेल' बाट सिक्न भ्रमणमा आउने गर्छन्।

'ख्वप' भक्तपुरको मल्लकालीन नाम हो। भक्तपुर नपाले त्यही नाममा कलेजहरू स्थापना गरेपछि त्यो नामले अझ व्यापकता पायो। आज भक्तपुर नपाका उदाहरणीय कामलाई समष्टिमा 'ख्वप मोडेल' को नाम दिइएको छ। नि:सन्देह चुनौतीहरू धेरै छन्, गर्न बाँकी काम पनि धेरै छन्। 'ख्वप मोडेल' एक रातले बनेको पनि होइन। भक्तपुरका जनताको लामो समयदेखिको एकता, सक्षम राजनीतिक नेतृत्व र इमानदारी र प्रतिबद्धताको समष्टिगत अभिव्यक्ति नै 'ख्वप मोडेल' का जग हुन्। कुनै पनि यात्रा समस्या र चुनौतीविहीन पक्कै हुँदैन। 'ख्वप मोडेल' को सफल प्रयोगबाट आत्तिएकाहरूले यसलाई बदनाम गर्न पनि लागिरहेका छन्। त्यो स्वाभाविक हो। तर, जनताको भावना र सपनाको जगमा हुर्किएको 'ख्वप मोडेल' त्यस्ता चुनौती छिचोल्दै लगातार अघि बढिरहनेछ। 'ख्वप मोडेल' भक्तपुरका जनताको आजसम्मको उपलब्धिको नाम हो, भविष्यको सपना हो। ख्वप विश्वविद्यालय स्थापना, ज्ञान-विज्ञानको केन्द्र, सभ्य र सुसंस्कृत समाज बनाउने सपनाको निम्ति अझ लामो यात्रा गर्न बाँकी नै छ। तर, समयको यो विन्दुसम्म आइपुग्दा अगाडिको बाटोको निम्ति एउटा कोशेढुङ्गा ठड्याइएको छ। 'ख्वप मोडेल' को यात्रा अझ अथक अघि बढिरहनुपर्छ।

स्रोत : सम्पादकीय, 'मजदुर' दैनिक, पुस १ गते


**के गर्दैछ**

**भक्तपुर नगरपालिका ?**

थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्

- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० - ८:३० र शुक्रबार साँझ ६:३० - ७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६

कुराकानी

# 'भक्तपुरमा जनता आफैं सार्वजनिक सम्पत्तिको पहरेदार छन्'




रविन्द्र घिमिरे

हामी जनप्रतिनिधि हौँ। स्थानीय जनताको हितका लागि जे गर्दा राम्रो हुन्छ त्यही गर्छौं। जुनसुकै सम्पत्ति किन्दा त्यसको अधिकतम उपयोगितालाई ध्यानमा राखेर किन्छौं। हाम्रो उपमेयर चढेको गाडी २३ वर्ष पुरानो हो। म आफैं २० वर्ष पुरानो गाडी चढिरहेको छु। त्यसको मर्मतसम्भार गर्दा चल्ने बेलासम्म हामी नयाँ खरीद गर्दैनौं।

नयाँ गाडी किनेर ल्यायौं भने अहिले काम चलिरहेका गाडीहरू सेता हात्तीजस्तै बन्छन्। एउटै मेसिन खरीद गर्न लाखौं रूपैयाँ पर्छ, फेरि त्यस्तो पैसा विदेश जाने हो। मर्मत गरेर चलाउँदासम्म चल्ने सामानलाई विस्थापित गर्ने गरी हामी खरीदलाई प्राथमिकतामा राख्दैनौं।

अन्यत्र हेर्छौं, पैसा त अहिले बालुवामा पानी खन्याएजस्तै गरी खर्च गरिँदैछ। हामीलाई के लाग्छ भने सरकारी स्रोत र सार्वजनिक सम्पत्तिको संरक्षण र दिगो उपयोग भएको भए देश समृद्ध बनिसक्थ्यो।

हामी त खरीद प्रक्रियामा जानुअघि दिगोपना हेर्छौं। अन्यत्र सस्तो लोकप्रियता र ठेक्का लगाएर लाभ लिने प्रवृत्ति बढी देख्छौं। विमानस्थल बनिरहेको छ, त्यसको प्रयोग हुने सुनिश्चित भएको देख्दैनौं, सिँचाइ आयोजना बनाउँदा त्यसको लाभको पक्ष विश्लेषण भएको पाउँदैनौं। हामी त त्यही कुराबाट पाठ सिकिरहेका छौं।

जुन जुन कुरा अन्यत्र विकृतिका रूपमा आएका हुन्छन्, हामी त्यही कुरा यहाँ नहोस् भनेर ध्यान दिन्छौं। हामीसँग भएको सम्पत्ति बढीभन्दा बढी उपयोग भएर धेरै जनाले लाभ पाउन् भन्नेमा जोड दिन्छौं।

हाम्रो कलेजका भवनहरू हेर्नुस्, लाखौंमा बनेका ती भवन बिहान, दिउँसो र बेलुका तीन सिफ्टमा चलाउन खोज्छौं। एउटा भवन बनाउँदा १८-१९ करोड रूपैयाँ खर्च हुन्छ। तर, भएको भवनलाई बढी उपयोग गर्नेतर्फ ध्यान दिने गरेको अन्यत्र देखिदनँ।

सरकारको नीति पनि त्यस्तै अप्ठेरो छ। नीतिले एउटै परिसरमा दुई ओटा कलेज चलाउन पाइँदैन भन्छ। हामीलाई एउटा नयाँ विषय थप्न साढे दुई वर्ष झुलाइयो। मन्त्रिपरिषद्ले स्वीकृति दिएपछि मात्रै हामीले एउटै कलेजमा दुई ओटा कलेजका कक्षा चलाउन सकेका छौं। करोडौंमा बनेका भवनमा केही सय हैन, हजारौं विद्यार्थीले पढ्न पाउन् भन्ने हाम्रो ध्येय हुन्छ। एउटैमा कोचेर पढाउने भनेको पनि हैन, जुन समयमा खाली हुन्छ, त्यही समयमा कक्षा चलाउँ भनेको हो।

हामी कुनै पनि विषय नगरपालिकाको चार किल्लाभित्र मात्रै बसेर गर्दैनौं। जनतामाझ गएर के गरौं भनेर सोध्छौं, राय सल्लाह लिन्छौं। त्यसैले पनि होला हामीलाई निर्णय कार्यान्वयनमा कहिल्यै अप्ठेरो परेको छैन। कुनै लाभ नै नदिने पूर्वाधार बनेको पनि छैन।

हामीले त सकेसम्म ठेकेदार परिचालन गर्ने भन्दा समुदायलाई परिचालित गर्ने पक्षलाई ध्यान दिन्छौं। कथंकदाचित ठेक्कामा गइहाले पनि त्यहाँ गुणस्तरमा सम्झौता हुँदैन। गुणस्तर पुगेन भने निरीक्षण लगत्तै भत्काउने गरेका छौं। हाम्रो क्षेत्रभित्र ठेकेदारले बढी संवेदनशील भएर काम गर्छन्। केहीले काम बिगारेपछि कारबाही स्वरूप कालोसूचीमा राखेका छौं।

हामी सकेसम्म जनतालाई नै सार्वजनिक सम्पत्तिको अपनत्व महसुस गराएर काम गराउँछौं। उहाँहरूबाटै जनश्रमदान गराउँछौं, उपभोक्ता समिति बनाएर काम लिन्छौं, भौतिक सहयोग पनि लिन्छौं। मठमन्दिर बनाउँदा काठ सक्नेले काठ, ईँटा दिनसक्नेले ईँटा र जसले जे सक्छ त्यही सहयोग गरिरहेका हुन्छन्। त्यसले गर्दा सार्वजनिक सम्पत्तिलाई जनताले आफ्नै ठानिरहेको हुन्छ।

हामीले ११८ ओटा सम्पदा पुनर्निर्माण र जीर्णोद्धार गरिसक्यौं, हामीले ठेक्का दिएनौं। जनताबाट नै यो काम भयो। गुणस्तर कायम गरेरै भयो। त्यसले गर्दा ती सम्पदाको

संरक्षणमा हामीले ठूलो टाउको दुखाउनुपर्ने पनि छैन । जनता आफै त्यसको पहरेदार छन् ।

सार्वजनिक जग्गा मिच्ने र पाटीपौवामाथि निजी संरचना बनाउने भयो भने हामी सहेर बस्दैनौँ । कसैले मिचेर त्यस्तो काम गऱ्यो भने उसले जति खर्च गरेर त्यो संरचना बनाएको हुन्छ, त्योभन्दा ५ देखि ८ गुणासम्म बढी जरिवाना गराउँछौँ र भत्काउन लागेको खर्च पनि असुल्छौँ । त्यो चाहिँ हामीले सार्वजनिक सम्पत्तिमाथि अतिक्रमण हुन नदिन गरेका हौँ । अरूलाई पनि त्यसले निरुत्साहित गरोस् भन्ने हाम्रो ध्येय हो ।

हामी ठाउँअनुसार कतिपय सार्वजनिक सम्पत्तिले आम्दानी हुने अवस्था भए टेन्डर गरेर उपयोग गर्न पनि दिन्छौँ । अरू सार्वजनिक पूर्वाधार पनि उपयोगविहीन भयो भने कसरी त्यसलाई उपयोगमा राख्ने भनेर योजना बनाउँछौँ । जस्तो अहिले कतिपय सामुदायिक विद्यालयमा विद्यार्थी कम छन्, कुनैमा हामीले सामुदायिक पुस्तकालय बनाएका छौँ । कतै खेलकुद समितिको कार्यालय राखेका छौँ, कतै आयुर्वेदिक उपचार केन्द्र खोलिदिएका छौँ, कुनैमा पशु चिकित्सा केन्द्र खोलेका छौँ ।


वडा मर्ज भएपछि खाली भएका पुराना वडा कार्यालयहरूमा नयाँ कार्यालय खोलिदिएका छौँ । थप डाक्टरहरू भर्ना गरेर स्वास्थ्य केन्द्रहरू पनि खडा गरेका छौँ । त्यतिकै राख्दा ती भवन बिग्रने, भत्किने हुन्थ्यो भने अहिले त्यो उपयोगमा मात्रै आएका छैनन्, टोलमा नै सेवा सुविधाहरू पाएपछि जनता पनि खुशी छन् ।

हामी सधैँ जनतालाई केन्द्रमा राखेर सोच्छौँ । नेपाल मजदुर किसान पार्टीले हामीलाई त्यही निर्देशन पनि दिएको हुन्छ । यो गरिरहँदा हामीलाई नयाँ काम गऱ्यौं भन्ने पनि लाग्दैन, हामीले सकेसम्म जनताको सम्पत्ति जनताको हितमा बढीभन्दा बढी उपयोग गराउने वातावरण निर्माणका लागि प्रयास गरेका हौँ । कति सफल छौँ भन्ने जनताले नै मूल्याङ्कन गर्ने विषय भयो ।

(तुलनात्मक रूपमा सार्वजनिक सम्पत्तिको संरक्षणमा बढी ध्यान दिने स्थानीय तह भनेर चिनिएको भक्तपुर नगरपालिकाका मेयर प्रजापतिसँग रवीन्द्र घिमिरेले गरेको कुराकानीमा आधारित ।)

*स्रोत : अनलाइनखबरडटकम, १२ पुस २०७८*

# बासिबियाँलो



lrqsf]dfly lbOPsfh:t}j:tx¿ sxfF]sxfF]5g\



s5'jf v/fofe]Gbf klxNo}cf0kU'}sf]yof,]s tf nS5]<

(चित्र : इन्टरनेट)

भक्तपुर नगरलाई सधैँ सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

# सहरी विकासमन्त्री रामकुमारी झाँक्रीलाई खुल्लापत्र

विवेक

मन्त्रीजी,
सलाम ।

एमालेको विद्यार्थी सङ्गठनबाट अगाडि आउनुभएको तपाइँ पार्टी विभाजनपछि अहिले नयाँ गठन भएको एकीकृत समाजवादी पार्टीबाट सहरी विकासमन्त्री हुनुभयो । मलाई कुनै आश्चर्य लागेन किनभने पूँजीवादी पार्टीहरूमा हरेक नेता कार्यकर्ताहरूले सरकारमा जाने, अकुत सम्पत्ति कमाउने र सौखिन जीवन बिताउने उद्देश्य राखेको हुन्छ । त्यसको निम्ति पार्टी फुटाएर होस् या जुटाएर, जे गर्दा व्यक्तिगत फाइदा हुन्छ नेता कार्यकर्ताहरूले त्यही गर्छन् । पार्टीको नीति र सिद्धान्त गौण हुन्छ । अहिले तपाईंले त्यही गर्नुभयो र मन्त्री बन्ने अवसर पाउनुभयो । त्यसमा मेरो भन्नु केही छैन । मन्त्रीहरूको लाइनमा सिंहदरबारमा तपाईंको एउटा तस्बीर थपिने भयो । बस् यति हो ।

एमालेमा छँदा नै तपाईंले युवा नेतृको परिचय बनाइसक्नु भएको थियो । म पनि समाजवादप्रति आस्था राख्ने फरक पार्टीमा आबद्ध छु । एमालेभित्र युवा नेतृत्वको विषयमा बहस चल्दै गर्दा मैले तपाईंलगायतका सम्भावित युवाहरूको बोली, व्यवहार र कार्यशैली नजिकबाट हेरिरहेको थिएँ । तपाइँको टाउको फुटेको तस्बीर सार्वजनिक हुँदा होस् या अनेरास्ववियुको अध्यक्ष हुँदा, तपाइँको हरेक गतिविधि नियालिरहेको हुन्छु ।

तपाइँले सांसद भइसकेपछि पनि विद्यार्थी पारा छोड्नुभएन । तपाइँका त्यस्ता शैली र व्यवहार एकपटक होइन थुप्रै पटक देखेको छु । एकपटक तपाइँले टेलिफोन वार्तामा एक जना मान्छेलाई अत्यन्त अमर्यादित, निम्नस्तरको घटिया शब्दको प्रयोग गरी जथाभावी गाली गरेको सामाजिक सञ्जालमार्फत सुनेको छु । ती शब्दहरू लेख्न त के कसैसामु व्यक्त गर्न सक्ने अवस्थाका समेत थिएनन् । तपाइँसँग कुरा गर्ने व्यक्ति सम्भवतः फरक विचारको हुनुपर्छ भन्ने मेरो अनुमान हो । जोसुकै होस्, सबैको मानवीय मूल्य र मान्यता हुन्छ । एकजना राजनैतिक कार्यकर्ता, देशको सर्वोच्च निकायमा पुगेको व्यक्तिबाट त्यस्ता शब्दहरू व्यक्त हुनु राम्रो होइन ।

एमाले अध्यक्ष केपी ओलीको विरोधमा ठाउँ–ठाउँमा भाषण गर्दै हिँड्दा तपाइँले पार्टी अनुशासन, मर्यादा, पार्टी नेतृत्वप्रतिको सम्मानलाई पूर्णतः बेवास्ता गर्नुभयो । हुन त यो तपाइँहरूको आन्तरिक मामिला हो । मलाई टाउको दुखाउनुपर्ने कुनै कारण छैन । तर एमालेजस्तो देशको सबभन्दा ठूलो पार्टी र त्यसमा युवा पुस्ताको छवि बनाएका तपाईंले फिल्मी शैलीमा मुखमा टेप टाँसेर फ्याँकेको, लुगा फालेको, नेतृत्वप्रति जथाभावी शब्द प्रयोग गरेको देख्दा एमालेले युवा पुस्तालाई कसरी प्रशिक्षण गरेको रहेछ भन्ने बुझ्न सहज भयो । गोरखामा गएर तपाइँले आफ्नै पार्टीका नेता केपी ओलीप्रति तथानाम गाली गरेको मात्र होइन राष्ट्रपति विद्यादेवी भण्डारीसमेतलाई अपमानजक शब्दहरू प्रयोग गर्नुभयो । अरूले के भन्दा हुन् मलाई थाहा छैन तर तपाइँ यति निम्नस्तरको नेतृ होला भन्ने सोचेको थिइन । पार्टी विभाजनको क्रमसँगै ठाउँ–ठाउँमा भएका सभाहरूमा बोलेको सुनेर तपाइँको बौद्धिक र राजनैतिक उचाइ प्रष्ट भयो ।

तपाइँ राष्ट्रपति भण्डारीप्रति आक्रोशित हुनुको कारण बुझ्ने कोसिस गरें । पछि थाहा भयो २०७० सालको संविधानसभा सदस्यमा समानुपातिकबाट तपाइँको नाम सुनिश्चित थियो तर पार्टीले तपाइँलाई नराखी बिराटनगरकी एक धनाढ्य राज्यलक्ष्मी गोल्छालाई सदस्य चयन गऱ्यो । त्यसमा राष्ट्रपति भण्डारीको हात रहेको भन्ने तपाइँको बुझाइ रहेको तपाइँका मित्रहरूबाट सुनेको छु । त्यो कति सत्य हो थाहा छैन तर गोल्छालाई एमालेले अनुशासनको कारबाही गर्ने कुरा उठाउँदा पत्रकार सम्मेलन गरेरै सभासद् हुन सात करोड खर्च गरेको भनी एमालेका मुख्य–मुख्य नेताहरूलाई पैसा बुझाएको जानकारी दिएपछि छर्लङ्ग भयो ।

एमाले विभाजनमा महत्त्वपूर्ण भूमिका खेल्नेहरूमध्ये एक भनी तपाइँको नाम पनि चर्चामा छ । भाद्र २ गते पार्टी दर्ताको क्रममा निर्वाचन आयोग परिसरमा माधव नेपालको हात समातेर तानेर लगेको दृश्यले त्यस भनाइलाई थप पुष्टि गरेको छ । पार्टी विभाजनको क्रममा तपाइँको छाडा बोली, छुद्र व्यवहार, अनुशासनहीनताको पराकाष्ठा सबै नेपालीले देखे । तर आज मैले तपाइँलाई त्यसबारे लेख्न चाहेको होइन । तपाइँको पार्टीको भविष्य के होला त्यो भविष्यले देखाउने नै छ ।

तपाइँले समाजवादका धेरै ठूलठूला कुरा गर्नुभयो । समाजवाद के हो तपाइँले बोलेर हिँड्ने विषय होइन । अहिले त तपाइँ नीति निर्माणमा मात्र होइन कार्यान्वयन गर्ने ठाउँमा हुनुहुन्छ । सबै कुरा निजीकरण गरेर कस्तो समाजवाद निर्माण गर्न खोज्नुभयो कुन्नि ! मैले बुझ्न सकिनँ । उत्पादनका मुख्य

मुख्य साधनहरू सामाजिकीकरण, शिक्षा र स्वास्थ्य उपचार निःशुल्क, रोजगारीको सुनिश्चितता यी नै समाजवादका विशेषताहरू हुन् । निजीकरणको पक्ष लिनेहरू कुनै पनि हालतमा कम्युनिष्ट हुन सक्दैनन् । यति भने म तपाईँलाई सम्झाउन चाहन्छु ।

कुनै पनि पार्टी घोषणापत्र कार्यान्वयन गर्नका लागि सरकारमा जाने गर्छ । तर तपाईँको पार्टीले अहिलेसम्म कुनै ठोस आकार लिएको छैन । तपाईँको कार्यशैलीमा कुनै समाजवादी सोच र शैली देखिदनँ । मैले त सोचेको थिएँ, अब एमालेले भन्दा विकास निर्माणमा फरक शैली अपनाउनेछ, समाजवादी मोडलले कामको थालनी गरिनेछ । तर त्यो त हाम्रो आशा मात्रै भयो ।

तपाईँ सहरी विकास मन्त्री हुने बित्तिकै उपभोक्ता समितिलाई निषेध गर्ने निर्णय गर्नुभयो । एकजना निरंकुश शासकले झैँ देशभरका ७५३ ओटै स्थानीय तहहरूमा उपभोक्ताबाट कुनै पनि काम नगराउनु भनी निर्देशन जारी गर्नुभयो । देशमा त्यसको असर कति पर्छ भन्ने कुरा के तपाईँले सोच्नुभएको छ ? त्यो निर्णय ठेकेदारहरूको प्रभावमा परेर गरेको हो भन्ने बुझ्न मलाई केही गाह्रो भएन । स–साना कामहरूसमेत ठेक्का दिएर निजी क्षेत्रलाई पोस्ने तपाईँको कस्तो समाजवाद हो ? आज देशभरका स्थानीय तहहरूले स्थानीय जनतालाई परिचालन गरी विकास निर्माणका काम गरिरहेकालाई रोकेर अलपत्र पार्नु गैरजिम्मेवार नभए के हो ?

म तपाईँलाई विनम्रतापूर्वक सम्झाउन चाहन्छु संसदले बनाएको कानुन सबै नागरिकले पालना गर्नुपर्छ । मन्त्री साधारण नागरिक भन्दामाथि होइन र हुनसक्दैन । ल हेर्नुहोस्, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ ले उपभोक्ता समिति वा लाभग्राही समूहबाट काम गराउनसक्ने अधिकार प्रदान गरेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा रु. १ करोडसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समूहबाट गराउन सकिने व्यवस्था गरिएको छ । भूकम्पबाट प्रभावित संरचनाको पुनःनिर्माणसम्बन्धी सार्वजनिक खरिद कार्यविधि २०७२ को दफा १४(१) मा क्षतिग्रस्त सार्वजनिक भवन, संरचनाहरू दुई करोडसम्म उपभोक्ता वा लाभग्राही समूहले गर्न सक्ने स्पष्ट कानुनी व्यवस्था छ । तपाईँलाई यी कानुनहरूबारे थाहा नभएको होला भनेर मैले कसरी सोचौँ ? कानुनविपरीत स्थानीय तहलाई आदेश दिन लगाउने ती को–को ठेक्केदार हुन् ? तपाईँ त्यस्ता व्यक्तिहरूबाट सचेत रहनमात्र मैले यो कुरा उठाएको हुँ ।

मन्त्रीजी, अहिले पनि सङ्घ र प्रदेश सरकारका अधिकांश बजेट खर्च ठेक्काकै काममा हुने गरेका छन् । आ.व. २०७८।७९ को पाँच महिनामा जम्मा पूँजीगत खर्च ११ प्रतिशतमात्र भएको जनाइएको छ । स्मरण रहोस्, उपभोक्ता समितिलाई जोड दिने भक्तपुर नपाले यस अवधिमा चालू २८ र पूँजीगत २० प्रतिशत गरी कूल २४ प्रतिशत बजेट खर्च गरिसकेको जनाइएको छ । सरकारले यो आर्थिक वर्षमा हरेक महिनामा १० प्रतिशतका दरले विकास बजेट खर्च गर्ने दाबी गरेको थियो । सहरी विकास मन्त्रालयको पत्रले त झन् विकास बजेट खर्चमा कमी आउने निश्चित छ । बजेटको सफलता र असफलता वार्षिक खर्चको आधारमा मूल्याङ्कन गरिन्छ । विगतका वर्षहरूमा भन्दा यो वर्ष बजेट खर्चमा कमी आए कसरी तपाईँ सफल मन्त्री हुनुहोला ?

सहरी विकास मन्त्रालयको आयोजनामा उपत्यकाका मेयरहरूको बैठकबारे समाचार सार्वजनिक भयो । समाचारमा भक्तपुर नगरपालिकाले अधिकांश विकास निर्माणको काम उपभोक्ता समितिमार्फत अत्यन्त कम खर्चमा गुणस्तरीय र पारदर्शी तरिकाले गरिरहेको जानकारी दिएको उल्लेख छ । तपाईँले बैठकमै भक्तपुर नगरपालिकाको कामको प्रसंशा पनि गर्नुभएको रहेछ । तर तपाईँले अन्य ठाउँहरूको उदाहरण पेश गर्दै उपभोक्ता समितिबाट हुने ९९.९९ प्रतिशत गलत भएको पनि टिप्पणी गर्नुभएको पनि सुनियो । जे होस् भक्तपुरबारे राम्रो जानकारी राख्नुभएकोमा तपाईँलाई धन्यवाद !

मन्त्रीजी, तपाईँले त्रिविबाट स्नातकोत्तर गर्नुभएको छ । नौ जना अपराधीहरू छुटुन् तर एकजना निअपराधीले सजाय नपाओस् भन्ने कानूनी मान्यताबारे तपाईँलाई थाहै होला । नराम्रो काम गर्नेहरूलाई सजाय दिने अधिकार त तपाईँसँग छ । अरूले नराम्रो काम गऱ्यो भनेर राम्रो काम भइरहेको ठाउँमा पनि काम रोक्नु कुनै पनि दृष्टिले न्यायोचित होइन । राम्रो र नराम्रो जहाँ पनि हुन्छन् । राम्रोलाई प्रोत्साहन र नराम्रोलाई दण्ड दिनु नै न्याय हो ।

ठेक्का दिँदैमा राम्रो काम हुन्छ भन्ने होइन । अहिले अधिकांश काम ठेक्कामा हुने गरेका छन् । ठेकेदारहरूले यति धेरै योजनाहरू अलपत्र पारेका छन् कि भनी साध्य छैन । पुल बनाउँदा बनाउँदै भत्केको, वर्षौंसम्म सडक, पुलहरू र अन्य संरचनाहरू अलपत्र छाडेर राज्यको अर्बौं रुपैयाँ ठेकेदारले लुटेको दृश्य सम्झँदा त त्यस्ताहरूलाई ल्याएर एक एक गरी फाँसी दिउँझैँ लाग्छ तर के गर्नु कानूनमा मृत्युदण्डको व्यवस्था नै छैन र त समस्या ।

यो अवसरमा म तपाईँलाई भक्तपुर नपाले गरेका कामबारे केही जानकारी पनि दिन चाहन्छु । भक्तपुर नगरपालिकाले २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त ११८ ओटा सम्पदाहरू पुनःनिर्माण र जिर्णोद्धार सम्पन्न गरिसकेको छ । ➲

# चीनले जारी गऱ्यो आफ्नो शैलीको प्रजातन्त्रबारे श्वेत पत्र

चीनले ४ डिसेम्बरमा आफ्नो प्रजातान्त्रिक ढाँचाबारे श्वेत पत्र जारी गरेको छ। श्वेत पत्रमा जनताको पूर्ण सहभागितासहित समग्र प्रक्रियाको प्रजातन्त्रले चीनमा कसरी काम गर्छ, चीनले पश्चिमा ढाँचाको प्रजातन्त्र किन अनुसरण गरेन र आफ्नो शैलीको चीनको प्रजातन्त्रलाई बलियो बनाउन चीनसँग किन आत्मविश्वास छ भन्ने प्रश्नको उत्तर दिइएको छ ।

संरा अमेरिकाले डिसेम्बर ९ र १० मा आयोजना गरेको 'प्रजातन्त्र सम्मेलन' को पूर्वसन्ध्यामा जारी गरिएको सो श्वेत पत्रले प्रजातन्त्रको नाममा संरा अमेरिकाले प्रजातान्त्रिक प्रभुत्ववाद प्रवर्द्धन गरेको आलोचना गर्नुका साथै विश्वलाई विचारधाराको आधारमा विभाजित गरेकोमा खेद प्रकट गरिएको छ ।

'काम गर्ने प्रजातन्त्र' शीर्षकको सो श्वेत पत्र शनिबार चीनको राज्य परिषद्‌को सूचना कार्यालयले सार्वजनिक गरेको हो। त्यसमा चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा चीनको समग्र प्रक्रियाको जनताको प्रजातन्त्र, चुस्त संस्थागत ढाँचा, चीनको प्रजातन्त्रको मूर्त र गतिशील अभ्यास र चीनले विकास गरेको नयाँ ढाँचाको प्रजातन्त्रबारे व्याख्या गरिएको छ ।




'प्रजातन्त्र मूर्त प्रक्रिया हो जसको लगातार विकास भइरहेको छ। इतिहास, संस्कृति र परम्पराको जरामा गाडिएको प्रजातन्त्रले विविध रूप धारण गर्नुका साथै विभिन्न देशका जनताले आफ्नै प्रयोग र खोजको आधारमा प्रजातन्त्रको बाटो विकास गर्नेछन्। चीनमा

---

➲ अन्य धेरै योजनाहरू सम्पन्न गरिसकेका छन्। ती सबै सम्पदाहरूको पुन:निर्माण स्थानीय जनताबाट गठित उपभोक्ता समितिमार्फत भएका हुन्। कामको गुणस्तर, स्थानीय सीप र प्रविधिको प्रयोग र स्थानीय जनतालाई रोजगारी पाइने हिसाबले उपभोक्ता मोडेल अत्यन्त उपयुक्त मोडेल हो भन्ने हामीलाई लाग्छ। भक्तपुरको प्रसिद्ध ङातापोल्हँ (पाँचतले) मन्दिर भनपाले उपभोक्ता समितिमार्फत १ वर्षअघि जीर्णोद्धार सम्पन्न गर्‍यो। त्यसमा ४ हजार २ सयभन्दा बढीले श्रमदान गरे भने १६ लाखभन्दा बढी आर्थिक र ५ लाखभन्दा बढीको जिन्सी सहयोग प्राप्त गऱ्यो। उपभोक्ता समितिले अधिकांश योजनाहरूमा १ लाखदेखि ५० औं लाखसम्म आर्थिक सहयोग र श्रमदान जुटाई काम गरेका थुप्रै उदाहरणहरू छन्। फेहरिष्ट निकै लामो छ। नगरपालिकाको आन्तरिक स्रोतबाट हुने विकास निर्माण अधिकांश उपभोक्ताबाट हुने हुँदा भक्तपुरको मोडल अन्यत्र पनि लागू गर्ने प्रयास मन्त्रीजीमार्फत हुनु जरुरी देख्छु।

तपाईं किन यति छिट्टै ठेकेदारहरूबाट प्रभावित हुनुभयो होला भनी सोच्न म बाध्य भएँ। पछि थाहा भयो, तपाईंको त ठेकेदारहरूसँग साँठगाँठ पो रहेछ। तपाईंको मन्त्रालयअन्तर्गतको बागमती नदीको मुहानको ड्याम अवलोकनमा जानुहुँदा शिवपुरी रिसोर्टमा कति लाख खर्च गर्नुभयो ? ती सबै ठेकेदार पवन महत्तोले तिरेको सार्वजनिक भएको छ। यस्ता समाचारहरू सुनेर हामी आश्चर्य चकित भयौं।

अझ तपाईं मन्त्री भइसकेपछि पनि गुण्डा र डनकै शैलीमा जिन्स पाइन्ट लगाएर योजना अवलोकनमा गएको समाचारले त हामीलाई लाजै मर्नु बनायो। मन्त्री कुनै पार्टी विशेषको नभई सारा जनताको साझा व्यक्तित्व हुने गर्छ। सरकारमा बस्नेले सरकारको इज्जत राख्न पनि जान्नुपर्छ। एमाले डनवाद र धनवादमा डुबेको भनी बद्नाम भइरहेको बेला तपाईंको पार्टीको भविष्यमाथि प्रश्न उठ्छ। नेपालको लागि अर्को एमाले पार्टी आवश्यक छैन।

नयाँ विचार र सोचका साथ अगाडि बढ्न सकेन भने तपाईंको पार्टी पनि पहिले वामदेव नेतृत्वको माले पार्टीझैं एमालेमै कुनै बहाना बनाएर आत्मसमर्पण गर्न पुग्नेछ। यो मेरो अनुमान हो। खैर त्यो भावी दिनले बताउने नै छ। तपाईं सार्वजनिक पदमा रहेको हुँदा तपाईंको जीवनशैली र व्यवहारबारे आलोचना र सुझाव राख्ने हरेक नागरिकलाई अधिकार छ। सुधार भएमा तपाईं र देशकै निम्ति फाइदा हुन्छ भन्ने लाग्छ। पत्र लेख्दै जाँदा लामो भयो। बाँकी अर्को पत्रमा लेख्छु।

*उही तपाईंको मित्र*

*सुजन*

जनता नै देशका मालिक हुन् । चीनको कुनै पनि व्यवस्थाको जग यही हो । यसले सबै प्रणालीको राज्य सञ्चालन यही सिद्धान्तमा आधारित छ', श्वेत पत्रमा उल्लेख छ ।

'चीनका जनताले जनकाङ्ग्रेसमार्फत राज्य अधिकारको प्रभावकारी प्रयोग गर्छन् । अनि जनताको तर्फबाट जनकाङ्ग्रेसहरूले राज्यशक्तिको अभ्यास गर्छन् । जनकाङ्ग्रेसहरूसँग कानुन निर्माण, सरकारी अधिकारीहरूको नियुक्ति र कारबाही, निर्णय गर्ने र अनुगमन गर्ने अधिकार छ', श्वेत पत्रमा भनिएको छ ।




'चीनको प्रजातन्त्र संरा अमेरिकाको प्रजातन्त्रभन्दा सबभन्दा विस्तृत, सबभन्दा असली र सबभन्दा प्रभावकारी प्रजातन्त्र हो । संरा अमेरिकी नेताहरूले स्वार्थ समूहहरूको प्रतिनिधित्व गर्छन् भने चीनमा समग्र प्रक्रियाको जनताको प्रजातन्त्रले जनताको जीवन परिवर्तनको निम्ति नीति कार्यान्वयन सुनिश्चित गर्छ', श्वेत पत्र जारी गर्न शनिबार आयोजित कार्यक्रममा चीनका वरिष्ठ अधिकारीहरूले भने ।

'संरा अमेरिकी नेताहरू चुनाव जित्न जस्तोसुकै वाचा र प्रतिबद्धता व्यक्त गर्छन् । तर, निर्वाचित भएर गएपछि त्यस्ता कुनै पनि वाचा पूरा गर्दैनन् । चीनको प्रजातन्त्रको प्रभावकारिता भनेको समस्या समाधान र जनताको जीवनस्तर उकास्न सक्नुमा पनि छ', चीनको राष्ट्रिय जनकाङ्ग्रेसको स्थायी समितिका उपमहासचिव क्वो चेनह्वाले पत्रकार भेटघाटमा भने ।

'आफ्नो प्रजातान्त्रिक अभ्यासको विकास गर्न चीनसँग आत्मविश्वास छ किनभने चीन जनताका आग्रह र अपेक्षा पूरा गर्न सक्रियतापूर्वक काम गर्छ, चीनले समग्र प्रक्रियाको जनताको प्रजातन्त्रको विकास गरेको र त्यसमा जनताको सक्रियता सहभागिता रहेको छ', चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका प्रचार विभागका उपमन्त्री तथा राज्य परिषद्को सूचना कार्यालयका मन्त्री सु लिनले भने ।

'प्रजातन्त्र भनेको सबै देशका जनताको अधिकार हो, केही देशको प्याटेन्ट होइन', सुले भने । 'कुनै पनि देश प्रजातान्त्रिक हो वा होइन भन्ने कुराको निर्धारण त्यहाँका जनताले गर्ने हुन् । अन्तर्राष्ट्रिय समुदायमा कुनै पनि देश प्रजातान्त्रिक हो वा होइन भन्ने कुराको निर्क्योल अन्तर्राष्ट्रिय समुदायले गर्ने हो', उनले भने ।

## तथ्यले धेरै कुरा गर्छ

प्रजातान्त्रिक अभ्यासको विकासमा चीनको आत्मविश्वास चीनकै प्रजातान्त्रिक अभ्यासबाट निःशृत भएको हो । उदाहरणको लागि सियाओकाङ अर्थात् मध्यम ढङ्गले समृद्ध समाज साकार गर्न, निरपेक्ष गरिबी उन्मूलनमा विजय हासिल गर्न र बितेको वर्ष कोभिड–१९ महामारीविरुद्धको लडाइँबाट चीनको आत्मविश्वास विकास भएको हो', तेनजिनको नानकिङ विश्वविद्यालयको मानवअधिकार अनुसन्धान केन्द्रका निर्देशक चाङ चियाङले भने ।

'महामारीको कारण चीन र पश्चिमा देशमा भएको मृत्युको दर तुलना गर्दा हाम्रो प्रजातन्त्र कति प्रभावकारी छ भन्ने कुरा हेर्न सकिन्छ', चाङले भने । चीनको प्रजातान्त्रिक प्रणालीले ठूला सङ्कट समाधान गर्न कसरी काम गर्छ भन्ने कुरा महामारीको क्रममा देखिएको भन्दै उनले चीनमा प्रजातन्त्रले जनताको जीवनस्तर उकास्न र सामाजिक विकास अघि बढाउन मद्दत गरेको बताए ।

पश्चिमा प्रजातन्त्रको कुरा गर्दा तिनले जनताको हितको प्रतिनिधित्व गर्नुभन्दा दबुमा नाटक देखाउने वा तथाकथित प्रक्रियाको प्रदर्शनमात्र हो कि जस्तो देखिने चाङले भने ।

चीनको समग्र विकासको जनताको प्रजातन्त्रले चुनावी प्रजातन्त्र र परामर्श प्रजातन्त्र दुई प्रमुख प्रजातान्त्रिक ढाँचालाई मिलाएको र त्यस मतबाट जनताको पूर्ण सहभागिता सुनिश्चित नगरी राष्ट्रिय सुशासनबाट पनि हुने अधिकारीहरूले बताएका छन् ।

'चीनका जनताले जनकाङ्ग्रेसहरूमा आफ्ना उम्मेदवार चुन्न मताधिकारको पूर्ण प्रयोग गर्नसक्छन् । नीति निर्माणको क्रममा जनमतको लागि आह्वान गर्दा जनताले व्यवस्थापिकाको काममा सहभागी बन्न सक्छन् । देश किसको सन्दर्भमा निर्णय गर्नसक्छन् । कानुन कार्यान्वयनको अनुगमन गर्नसक्छन् । देश निर्माणमा पूर्ण सहभागिता हुने क्रममा जनतालाई केही उपलब्धि भएको अनुभूति गराउनुलाई चीनको प्रजातन्त्रले ठूलो महत्त्व दिएको छ', चाङले भने ।

तर, संरा अमेरिकाको प्रजातान्त्रिक प्रणालीअन्तर्गत नेताहरूले बहुमत मतदाताको हितभन्दा स्वार्थ समूहहरूको हितमात्र हेर्ने गरेको चिकपा केन्द्रीय समिति नीति अनुसन्धान कार्यालयका सहायक निर्देशक तायन पेइयानले भने ।


# नृत्य वत्सलामन्दिर पुनःनिर्माणको प्रक्रिया र प्राविधिक पक्ष

भक्तपुर नगर आठौँ शताब्दीमा राजा आनन्द देवले स्थापना गरेको हो। बाह्रौँ शताब्दीदेखि पन्ध्रौँ शताब्दीसम्म नेपाल मण्डलको राजधानीको रूपमा यो नगर रहेको थियो। यो नगर १८ औँ शताब्दीसम्म एउटा स्वतन्त्र राज्य थियो। मल्लकालको मध्यतिर भक्तपुरका विशेषगरी दरबार क्षेत्र, टौमढी क्षेत्र र दत्तात्रय क्षेत्रका असङ्ख्य ऐतिहासिक र पुरातात्त्विक महत्त्वका संरचनाहरू निर्माण भएका थिए। त्यस समयमा भक्तपुर आर्थिक, राजनैतिक र सांस्कृतिक रूपले अत्यन्त सबल थियो। यही समयमा भक्तपुर नगरमा मठ, मन्दिर, वहावही, पाटी पौवा, सत्तल, ढुङ्गेधारा, इनारजस्ता अनगिन्ती सम्पदाहरू निर्माण भए र यी सबै संरचनाहरू धरोहरको रूपमा स्थापित भएका थिए।


२०७२ साल वैशाख १२ गतेको विनाशकारी भूकम्पबाट अतिप्रभावित १८ ओटा जिल्लाहरूमध्ये भक्तपुर पनि एक हो। उक्त भूकम्पले भक्तपुरमा पनि धेरै धनजनको क्षतिभएको थियो। उक्त भूकम्पबाट भक्तपुर नगर क्षेत्रमा २५२ जना नगरवासीको मृत्यु भएको थियो भने ६ हजारभन्दा बढी निजी घरहरू पूर्ण क्षति र २ हजारभन्दा बढी घरहरूमा आंशिक क्षति पुगेको थियो। भूकम्पबाट ४०० भन्दा बढी नगरवासीहरू घाइते भएका थिए भने नगरका ८०० भन्दा बढी सांस्कृतिक सम्पदाहरू मध्ये १२० ओटाभन्दा बढी सम्पदाहरूमा क्षति पुगेको थियो। भूकम्पपश्चात् तत्काल सम्बन्धित सरोकारवाला र सङ्घ-संस्था समाजबाट मृतकहरूको दाहसंस्कार, घाइतेहरूको उपचार, भग्नावशेषमा पुरिएकाहरूको उद्धार, निर्बाध आवागमनको लागि सडक खुलाउने कार्य, पीडितहरूलाई राहत वितरण, शिविर व्यवस्थापन गर्दै भग्नावशेष व्यवस्थापनको लागि पूरै सहर नै खटेको थियो। सो सँगै निजी आवासीय घर र सार्वजनिक सम्पदाका भग्नावशेषबाट बन्दभएका सडक चोक र गल्लीहरू भग्नावशेष व्यवस्था गर्दै खोलिएपछि भूकम्पले क्षति पुऱ्याएका विभिन्न सार्वजनिक महत्त्वका सांस्कृतिक सम्पदाहरूको संरक्षणको लागि सम्बन्धित सरोकारवालाहरूले आन्तरिक तयारी शुरु गरेका थिए।

विभिन्न प्राकृतिक विपत्तिले क्षति पुऱ्याएका ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक महत्त्वका मूर्त सम्पदा संरक्षण कार्य सबैभन्दा पहिला क्षति मूल्याङ्कन योजनाबाट प्रारम्भ हुन्छ। विनाशकारी भूकम्पले क्षति पुऱ्याएका भक्तपुरका सम्पदाहरूको पुनःनिर्माण, जीर्णोद्धार र मर्मत सम्भार गरी संरक्षण गर्ने कार्यको आरम्भ पनि प्राथमिकताअनुसार विज्ञ प्राविधिकहरूबाट क्षति मूल्याङ्कन कार्य आरम्भ गरी शुरु भएको थियो। शुरुमा नगर क्षेत्रभित्र रहेका ८६० ओटा सम्पदाहरूमध्ये १२० ओटाभन्दा बढी सम्पदाहरूमा क्षति पुगेको विवरण सङ्कलन गरेका थिए। त्यसमध्ये पूर्णरूपमा भत्किएका दरबार क्षेत्रको केदारनाथ मन्दिर, वत्सला मन्दिर, नारायण मन्दिर, फसी देग (सिलु महादेव) मन्दिर, टौमढी क्षेत्रको बेताल मन्दिर, च्याम्हासिंह ढोका, खौमा ढोका, टोल टोलका पाटीहरूलगायतका मुख्य सम्पदाहरू र पूर्ण क्षतिपुगेका विभिन्न मठ मन्दिर, सत्तल, पाटीलगायतका सम्पदाहरूको क्षति विवरण सङ्कलन गरिएको थियो।


कुनै पनि किसिमका संरचना निर्माण वास्तुशास्त्रसँग सम्बन्धित हुन्छ। तसर्थ, कुनै पनि संरचनाको क्षति मूल्याङ्कन पनि वास्तुशास्त्रसँग सम्बन्धित प्राविधिकबाट नै हुने गर्दछ। सम्पदामा पुगेका क्षति मूल्याङ्कनको लागि प्राविधिकहरूले सम्पदाको




PLAN OF PLINTH (LVL +5.13 m)



EAST ELEVATION



WEST ELEVATION

गजुरदेखि जगसम्म, भित्तादेखि छानासम्म, पर्खालदेखि झ्याल ढोकासम्म सबै संरचना र वास्तुको गहन अध्ययन गरेका थिए । त्यसको प्राविधिक विश्लेषण गरेका थिए । क्षति मूल्याङ्कनकै क्रममा प्राविधिकहरूले विभिन्न मठ मन्दिर पाटी, सत्तललगायतका सम्पदाहरूमा भएका संरचनागत त्रुटिहरू समेत पत्ता लगाए । सम्पदाहरूको नियमित मर्मत सम्भार नहुँदा समयमा झ्याल ढोका, काठ इँटा र झिँगटी नफेर्दा सम्पदाहरूमा ठूलो क्षति पुगेको तथ्य प्रकाशमा ल्याएका थिए । त्यसैले भक्तपुरका भूकम्पले क्षति पुऱ्याएका सबै संरचनाहरूको क्षति मूल्याङ्कन भक्तपुर नगरपालिकाका प्राविधिकहरू र भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङका प्राविधिकहरूबाट महिनौँको अथक परिश्रमबाट विवरण तयार भएको थियो । क्षति मूल्याङ्कन विवरण तयार भएपछि नगरपालिका पुरातत्त्व विभागबाट प्राथमिकताक्रम छुट्याइ भूकम्पले क्षति पुऱ्याइएका सम्पदाहरूको क्रमशः अध्ययन अन्वेषण गरी पुनःनिर्माण, जीर्णोद्धार र मर्मत सम्भार कार्य प्रारम्भ गरिएको थियो । यसर्थ, कुनै पनि कारणले क्षतिपुगेका संरचनाको पुनःनिर्माण, जीर्णोद्धार र मर्मत सम्भार कार्य प्रारम्भ गर्नको लागि आधार क्षति मूल्याङ्कन विवरण हुने स्पष्ट छ । यसको आधारमा संरचनाको निर्धारण र संरक्षणको विधि छनौट हुन्छ । त्यसैले, सम्पदा संरक्षणको जग वास्तुविद्, इन्जिनियर तथा प्राविधिक जनशक्तिबाट शुरू हुन्छ भन्दा अतिशयोक्ति नहोला ।

क्षति मूल्याङ्कनसँगै मन्दिरको पुनःनिर्माण गर्ने कार्यको लागि डिजाईन, इस्टिमेट तथा सबलीकरणको उपायको लागि अध्ययनको सम्पूर्ण जिम्मा भक्तपुर नगरपालिकाका इन्जिनियर–आर्किटेक्ट तथा नगरपालिकाद्वारा सञ्चालित इन्जिनियरिङ कलेजका प्राध्यापक, इन्जिनियर–आर्किटेक्टहरूलाई दिइएको थियो । सोही क्रममा भक्तपुर दरबार क्षेत्रमा रहेको नृत्यवत्सला मन्दिर पुनःनिर्माण कार्यका साथै भूकम्पले क्षति पुऱ्याएका अन्य सम्पदाहरू संरक्षण गर्न वि.सं. २०७३ असार २३ गते भक्तपुर नगरपालिकाबाट विशेषज्ञहरूको प्राविधिक समिति गठन गरिएको थियो । उक्त समितिलाई २०७२ सालको भूकम्पबाट पेटी तहसम्म भत्किएको नृत्यवत्सला मन्दिरलगायतका सम्पदाहरूको अध्ययन अनुसन्धान गरी क्षति मूल्याङ्कन र विश्लेषण गरी विवरण तयार गर्ने जिम्मेवारी दिइएको थियो । नृत्यवत्सला मन्दिरको क्षति मूल्याङ्कन र विश्लेषणकै क्रममा यो मन्दिर हरेक भूकम्पबाट भत्किने गरेको र यसको कारण मन्दिरको बाहिरको गारो ढुङ्गामा माटोको जोडाइ रहेको र भित्री भागमा इँटा माटोको जोडाइको गारो रहेको र यी दुई गारो बीच बन्धन नभएको पत्ता लागेको थियो ।

इन्जिनियरिङ कलेजहरूका विज्ञहरूको सुझाव साथै विभिन्न परीक्षणहरूको नतिजाको आधारमा पेटी भन्दा तल जगसम्म भत्काउन नपर्ने निष्कर्ष निक्लेको थियो । पेटी तथा जगमा राखिएको इँटा तथा माटोको परीक्षण र क्यानाडाको कार्ल्टन विश्वविद्यालय र अमेरिकाको प्रिन्सटन विश्वविद्यालयका विज्ञहरूबाट गरिएको जियो राडार सर्भे समेतले सो मन्दिरको पेटी र जगमा बलियो इँटा प्रयोग गरिएको छ भन्ने निष्कर्षको आधारमा पनि विज्ञहरूले जगसम्म नभत्काई पेटी माथिको भाग मात्र पुनःनिर्माण गर्नुपर्ने सुझाव दिएको थियो ।

त्यसकै आधारमा क्षति मूल्याङ्कनको विवरण तयार




!(() ;fnsf]e"Dkkl5




@)&@ ;fnsf]e"Dkkl5

भइसकेपछि वत्सला मन्दिर पुनःनिर्माण गर्ने ढाँचा सम्बन्धी विज्ञ ईन्जिनियर र आर्किटेक्ट, जनप्रतिनिधि, संस्कृतिविद्, इतिहासविद् र सरोकारवाला सबै पक्षबीच आवश्यक छलफल र बैठकहरू सञ्चालन गरिएको थियो ।

प्राविधिक समितिका विज्ञहरूले सबैजसो ठूलो भूकम्पमा भत्केको यस मन्दिरलाई सबलीकरण गर्न अपनाउन सकिने उपायहरूको विषयमा पनि निरन्तर अध्ययन गरिरहनु भएको थियो। दरवार क्षेत्रमै रहेको मन्दिरमा प्रयोग भएको हाम्रा पुर्खाहरूले अङ्गालेको काठको संरचनालाई प्रयोग गरेर बलियो बनाउन सकिने छलफलको आधारमा स्ट्रक्चरल एनालाईसिस गरेर कस्तो खालको ढुङ्गामा कति काठ प्रयोग गरियो भने सबलीकरण गर्न सकिन्छ भनेर विज्ञ इन्जिनियर तथा आर्किटेक्टहरूको टोलीले अध्ययन गरेको थियो। सोही टोलीको प्रतिवेदन तथा प्राध्यापकद्वय डा. प्रेमनाथ मास्के तथा डा. सुदर्शनराज तिवारीको सुझावका आधारमा भित्री भागमा काठको संरचना राखेर मन्दिर पुनःनिर्माण गर्न छलफल तथा अन्तरक्रिया र छलफलहरू गरिएका थिए। ती सबैको निष्कर्षबाट पेटी नभत्काई पेटीभन्दा माथि मात्र काठको संरचना तयार गरी ढुङ्गा र इँटाको गारो बीच बन्धन बनाई मन्दिर पुनःनिर्माण गर्ने निधो गरिएको थियो। पुनःनिर्माणपश्चात् भविष्यमा हुनसक्ने कुनैपनि किसिमको हानि नोक्सानीलाई समेत कम गर्न विज्ञ प्राविधिकहरूको उक्त रायसुझावअनुसार नै पुनःनिर्माण गरिएको हो।





भक्तपुर दरबार क्षेत्र लायकूमा अवस्थित यो वत्सलामन्दिर प्रस्तर कलाको अद्वितीय नमुना हो। वि.सं. १७३५ मा राजा जितामित्र मल्लको पालामा निर्माण भएको यो मन्दिर पाटनको कृष्ण मन्दिरसँग तुलना गरेर निर्माण भएको मानिन्छ। आयाताकार मन्दिर ४ ओटा, अष्टभुज मन्दिर ४ ओटासमेत समाहितभएर बनेको यो वत्सलामन्दिर समग्रमा ९ ओटा मन्दिरहरूको एउटै मन्दिरको रूपमा रहेको छ। प्रत्येक मन्दिरका आ–आफ्नो वास्तु र संरचनागत विषेशता भएको यो मन्दिरको नक्सा ड्रइङ्ग र डिजाइन गर्नु आफैमा अत्यन्त चुनौतिपूर्ण थियो। उपलब्ध ड्रइङ्ग तथा भत्केको मन्दिरको भागहरूको नापजाँच गरेर मन्दिरको पुरानै स्वरूपको ड्रइङ्ग तयार गरिएको थियो। त्यसबाहेक मन्दिरमा प्रयोग भएका हात्ती, सिंह, बो सिंह, गरुड, छे फो, विभिन्न देवी देवताका मूर्तिहरू, पुष्प, कलश, चमर, सूर्य, शङ्ख, ध्वजा, श्रीयन्त्र, खड्ग, बज्र, कर्तिक, नरमुण्ड, बेताल, पद्म, विभिन्न आकारका कार्नेस, नागो, थासो कोसो मोह ढुङ्गा, भङ्गीलोहं, ची मोह, केरा फो, फोसी गो, मानागो, पले फो, नागपास झ्योलगायत असङ्ख्य प्रस्तर कलाहरूको सूक्ष्म ड्रइङ्ग बनाउनु आफैमा अत्यन्त चुनौतीपूर्ण कार्य थियो।





प्राविधिकहरूको अत्यन्त धैर्य र साहसले यी सबै प्रस्तरकलाको ड्रइङ्ग र डिजाइन तयार भई समग्रमा मन्दिरको नक्सा तयार पारेका थिए। नक्सा ड्रइङ्ग, डिजाइन गर्ने क्रममा विज्ञ आर्किटेक्ट, स्ट्रक्चर ईन्जिनियर र सिभिल ईन्जिनियरसमेतले उक्त मन्दिरको स्ट्रक्चरको लागि प्रयोग गर्ने काठको सबलीकरण विधिका नक्सा, विभिन्न चार दिशाबाट देखिने मन्दिरको नक्सा, मन्दिरको भित्रीभागको सेक्सनको नक्सा, विद्यमान अवस्थाको नक्सा र निर्माण भइसकेपछि देखिने मन्दिरको नक्सासमेत तयार पारेका थिए। जुनमन्दिर पुनःनिर्माणको लागि मार्ग

निर्देशक तस्बीरको रूपमा लिन सकिन्छ । यसको आधारमा यसका डकर्मी, सिकर्मी र लोहंकर्मीहरू परिचालित भई यो मन्दिरले पूर्णता पाएको हो ।

मन्दिरको स्वरूप र संरचनाको निर्धारण पश्चात् मन्दिर निर्माणको लागि लाग्ने खर्चको लागत अनुमानको प्रकृया अगाडि बढेको थियो । शुरुमा २०७२ सालको भूकम्पले भत्काएको मन्दिरका अवशेषहरूमा बाँकी भएका पुनःप्रयोग गर्न मिल्ने प्रस्तर, प्रस्तरकला र मूर्तिहरूको विवरण सङ्कलन गरी थप निर्माण गर्नुपर्ने प्रस्तर कला र मूर्तिहरूको पहिचान गरिएको थियो । मन्दिरमा प्रयोग भएका भाँचिएका ढुङ्गाका थाम, टुटेफुटेका मूर्ति र बुट्टाहरू पहिचान गरी यसको निर्माण कार्य आरम्भ गरियो । साथै भूकम्पले नष्ट गरेको ढुङ्गाहरूको अनुमान गरी आवश्यक नयाँ ढुङ्गाको पहिचान गरिएको थियो । मन्दिरको आवश्यक अन्य निर्माण सामग्रीहरू साना घण्टाहरू, ठूलो गजुर, साना गजुरहरू, चून, सुर्खीलगायत सबै निर्माण सामग्रीहरूको आवश्यक परिमाणहरूको निर्धारण गरिएको थियो । मन्दिरलाई थप बलियो बनाउन थपिनलागेको काठको संरचनाको लागि आवश्यक काठको परिमाणको निर्धारण गरियो । यसरी मन्दिर पुनःनिर्माणको लागि आवश्यक सबै सामग्रीहरूको परिमाण निश्चित गरिसकेपछि सोको लागत अनुमान तयार गरिएको थियो । ड्इङ्ग, डिजाइन र नक्साअनुसार मन्दिर पुनःनिर्माण गर्न आवश्यक डकर्मी, सिकर्मी, लोहंकर्मी, ज्यामी र धातुको कार्यको लागि समेत आवश्यक जनशक्तिको अनुमान गरी सोको लागि आवश्यक खर्चको समेत अनुमान गरिएको थियो । यसरी मन्दिर गजुरसम्म पुनःनिर्माण गर्न सबै खर्चहरूको अनुमान गरी लागत अनुमान तयार गरिएको थियो ।









g[ojT;nfdl©b/sf]; anLs/0fsf]nflu l8hf0g ul/Psf]sf7sf]; #rgf


ड्इङ्ग, डिजाइन र लागत अनुमान तयार भएपछि मन्दिर पुनःनिर्माणको लागि साबिक भक्तपुर नपा वडा नं. १३ का पूर्व वडा अध्यक्ष श्री रामहरि गोराको अध्यक्षतामा उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिमार्फत निर्माण कार्य अगाडि बढाइएको थियो । निर्माण कार्य अगाडि बढ्ने क्रममा प्राविधिकहरूबाट दैनिक निरीक्षण, नियमन र अनुगमनहरू हुनुका साथै डिजाइन र ड्इङ्गअनुसार निर्माण कार्य अगाडि बढोस् भनेर उपभोक्ता समिति, मुख्य कालिगडहरू तथा अरू सरोकारवालाहरूसँग निरन्तर बैठकहरू बस्नुका साथै समय समयमा डकर्मी र लोहंकर्मीहरूलाई आवश्यक राय सुझाव र निर्देशनहरू प्रदान गर्ने काम पनि गरिएको थियो । यसले मन्दिरका साना साना बुट्टा र स्वरूपमा समेत कुनै फरक आउन दिएन । सामान्य संरचना भन्दा जटिल किसिमको यो मन्दिरमा धेरै मसिना बुट्टा र कलाकारिताको प्रयोग भएको कारणले गर्दा पुनःनिर्माणमा पनि जटिलता थपिएको थियो । यसकारण दैनिक निर्माणमा खटिने डकर्मी र लोहंकर्मीहरूलाई कार्य अगाडि बढाउन समय समयमा बाधा पुगेको थियो । यस्तोमा ड्इङ्ग र डिजाइन तयार पार्ने प्राविधिकहरूको गहन अध्ययन र विश्लेषणपछि मात्र यस्ता समस्याहरूको समाधान निस्किन्थ्यो । यसरी डकर्मी, सिकर्मी, लोहंकर्मी, ज्यामीलगायतका निर्माण कार्यमा खटिएका सबै श्रमिकहरूको अथक परिश्रम र प्राविधिकहरूको नियमित नियमन

र अनुगमनबाट मन्दिर ठडेको हो ।

उपभोक्ता समितिमार्फत पुनःनिर्माण गरेको नृत्यवत्सला मन्दिरको लागि आवश्यक खर्च व्यवस्थापन गर्न शुरुमा पेश्की स्वरूप लागत अनुमानको ३३ प्रतिशतसम्म निकासा गर्ने गरिन्छ । उक्त निकासा भएको रकमबाट निर्माण कार्य शुरु गर्दै गरेपछि सम्पन्न कार्यको प्राविधिक मूल्याङ्कनपश्चात मात्रै थप निकासा गरिन्छ । यसकोलागि निर्माण सकिएको मन्दिरको संरचनाको कार्य मूल्याङ्कन प्राविधकहरूबाट सकिएपछि सोको प्रतिवेदन निर्माण समितिमा पेश भएपछि थप पेश्की प्रदान गरिन्छ । मन्दिर निर्माण कार्यलाई सुचारु गर्न समय समयमा प्राविधिक कार्य मूल्याङ्कन गरी मूल्याङ्कन समितिमा पेश गरी प्राविधिकहरूबाट मन्दिर निर्माण कार्यलाई सहज बनाइयो ।








ljleGg txx¿df sf7sf]aGwg /fVg]tl/sf aemfOPsf gS;fx¿

मन्दिर निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरूले मन्दिरको गुणस्तर, टिकाउपन र बलियोपनको निर्धारण हुन्छ । निर्माणमा प्रयोग हुने ढुङ्गा, इँटा, सुर्खी, चुन, काठ, धातुलगायतका सामग्रीहरूको गुणस्तरले मन्दिरलाई सबल बनाउन मद्दत पुऱ्याउँछ । त्यसैले यी सबै निर्माण सामग्रीहरूको गुणस्तरको प्राविधिक परीक्षण आवश्यक छ । मन्दिर पुनःनिर्माणमा प्रयोग भएका सबै निर्माण सामग्रीहरूको नियमित रूपमा प्राविधिकहरूले गुणस्तर परीक्षण गरेर मात्र निर्माण कार्यमा प्रयोग गरिएको थियो ।

कुनै पनि योजना कार्यान्वयन गर्दा यसको लागि कार्य योजना तयार आवश्यक हुन्छ । कार्य योजनाकै आधारमा कुनै पनि कार्य व्यवस्थित ढङ्गले अगाडि बढ्छ । यसले कार्य दौरानमा कुनै समस्या आएमा सजिलै समाधान गर्न मद्दत पुऱ्याउँदछ । जनशक्ति परिचालनको लागि पनि योजनावद्ध ढङ्गले अगाडि बढेमा मितव्ययी हुन्छ । नृत्यवत्सला मन्दिर पुनःनिर्माण कार्य पनि प्राविधिकहरूले तयार परेको कार्ययोजना अनुसार जनशक्ति परिचालन भई सम्पन्न भएकोले यो आर्थिक रूपले मितव्ययी भई रु. १ करोड २८ लाख ६२ हजार २१३ रुपैयाँ ८३ पैसा लागत अनुमान भएकोमा रु. ७७ लाख १३ हजार ५८१ रुपैयाँमा पुनःनिर्माण सम्पन्न भएको छ । जसमा निःस्वार्थ रूपमा खटेका उपभोक्ता समितिका पदाधिकारीहरूको अमूल्य योगदानसमेत रहेको छ भने विभिन्न दाताहरूबाट प्राप्त सहयोग रु. ६,२७,५१०।– पनि उल्लेखनीय छ ।

अन्तमा, २०७२ सालको विनाशकारी भूकम्पबाट भत्किएका भक्तपुर नगरपालिका क्षेत्रका सबै सार्वजनिक सम्पदाहरू पुनःनिर्माण कार्यमा सम्पदा पुनःनिर्माण तथा उत्खनन समितिका पदाधिकारीहरू, नगरपालिकाबाट गठन गरेका उपभोक्ता समितिका पदाधिकारीहरू, दाताहरू, श्रम दाताहरू, निर्माण कार्यमा खटिएका डकर्मी, सिकर्मी, लोहंकर्मी, ज्यामी र धातुकर्मीहरू, प्राविधिक समितिका पदाधिकारीहरू,



g[ojT;nf dlGb/ kglgdf{0f xb}

जनप्रतिनिधिहरू, इतिहास, संस्कृति र सम्पदाविद्हरूलगायत सबै सरोकारवालाहरूको अमूल्य योगदान रहे जस्तै यो पुन:निर्माण कार्यमा अहोरात्र खट्ने सबै प्राविधिकहरूको पनि उत्तिकै उल्लेखनीय भूमिका र योगदान रहेकोमा कसैको विमती नहोला । यसर्थ, नृत्यवत्सला मन्दिर पुन:निर्माण योजनाका सबै सरोकारवालाहरूमा पुन:निर्माण कार्यमा गर्नुभएको नि:स्वार्थ योगदान र सहयोगको लागि कृतज्ञता व्यक्तगर्दै निर्माण कार्यमा प्रत्यक्ष रूपमा अहोरात्र खटिएका डकर्मी, सिकर्मी, लोहंकर्मी, ज्यामीका साथै प्राविधिक समितिका पदाधिकारीहरू र सम्पदाशाखाका प्राविधिक जनशक्ति सबै धन्यवादका पात्र हुन् ।

## केहि महत्त्वपूर्ण मिति, निर्णय तथा कार्यहरू

### क्षति मूल्याङ्कन

२०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पले यस वत्सला मन्दिर पूर्ण रूपमा भत्कियो । यस्ले जनसाधारणदेखि राजनीतिज्ञ सबैलाई स्तब्ध बनायो । सबैमा यो संरचना कसरी उठाइने भन्ने जिज्ञासा भैरह्यो । यसमा भक्तपुर नपा र दरबार हेरचाहको महत्त्वपूर्ण भूमिका रह्यो जुन अत्यन्त सराहनीय कार्य थियो । यो सम्पदाका अवयवहरू सङ्कलित गरी संरक्षित राख्ने चुनौतीको कार्यलाई स्थानीय टोलवासी, भक्तपुरवासी, भक्तपुर नपा पर्यटन शाखाबाट सहज रूपमा तनमनले सहयोग गरी मूल्यअनुसार संरक्षण व्यवस्था मन्दिर वरिपरि, जमदार चोक, तुंथी चोक र तलेजु परिसरमा गरियो ।

### संरक्षण

वत्सला मन्दिर विश्व प्रसिद्ध मन्दिर भएको र लायकूको मुख्य दृश्य भएकोले पनि यस मन्दिरको संरक्षण अपरिहार्य छ । यस्मा मर्मत सम्भार जीर्णोद्धार एवम् पुन:निर्माणको रूपमा कार्य गर्नुपर्ने यस मन्दिरको भत्काईको आधारमा भन्न सकिने आधारहरू छन् । विशेषत:, यसमा कतिपय संरचनाका अवयवहरू पुन: राख्न नमिल्ने प्रकृतिका छन् । यस्ता अवयवहरूलाई विस्थापित गरी नयाँ बनाउनु पर्ने पनि रहेका छन् । कतिपय केही भाग नयाँ बनाएर जोड्ने र मिलाउने प्रकृतिका पनि रहेका छन् ।

### नक्साङ्कन कार्य

मन्दिरको कार्य गर्न शुरुमा साविक अभिलेखनको खाँचो महसुस भई यससँग सम्बन्धित अभिलिखित नक्साङ्कनबारे जानकारी प्राप्त गरियो । तत्पश्चात अभिलिखित नक्साअनुसार नापको पहिचान गरी थप नक्सा बनाउने कार्य भयो ।

### संरचना अध्ययन

सांस्कृतिक नगर भक्तपुरको पुरातात्त्विक तथा सांस्कृतिक महत्त्वको सम्पदाहरूको उत्खनन तथा पुन:निर्माण निर्देशक समितिद्वारा गठित मिति २०७३।९।२४ गते बसेको बैठकमा नृत्यवत्सला खुल्ला गर्ने विषयमा छलफल भएकोमा मिति २०७३।९।२६ गतेको प्राविधिक समितिको बैठकले नृत्यवत्सला र ठूलो घण्टाबीचको प्लिन्थ खुल्ला गर्न ड्इङसहित छलफल गरियो । मिति २०७३।९।२७ गते वत्सला र ठूलो घण्टाबीचको प्लिन्थ खुल्ला गर्न स्थलगत निरीक्षण गरियो । यसको लागि मिति २०७३।१०।४ गते Soil Exploration हुन आवश्यक भएकोले निर्देशक समितिमा अनुरोध गर्ने प्रस्ताव भयो । मिति २०७३।१०।६ गते वत्सला मन्दिर र ठूलो घण्टा बीचको भरिएको भाग खनेर हेर्दा दुई ओटा खाल्डाहरू देखिएको, सो को अभिलेखन गरी उत्खनन गर्ने सुझाव पेश गर्ने निर्णय गरियो । मिति २०७३।१०।१ गतेको प्राविधिक समितिको बैठकबाट वत्सला मन्दिर र ठूलो घण्टाको पेटीमा थप अध्ययन गर्ने सुझाव दिने निर्णय भई वत्सलाको मन्दिरको जगसमेत अध्ययन गर्नुपर्ने सुझाव पेश भयो ।

भक्तपुर दरबार क्षेत्रमा अवस्थित नृत्यवत्सला मन्दिरको प्रारम्भिक अध्ययन गर्न प्राविधिक समितिबाट मिति २०७३।११।१६ गते सदस्यहरू चयन गरियो । मिति २०७३।१२।९ गते डा. प्रेमनाथ मास्के र डा. सुदर्शनराज तिवारीसँग वत्सला मन्दिर पुन:निर्माणको प्रारम्भिक प्रस्तावबारे परामर्श लिई वत्सला मन्दिरको पुन:निर्माणको प्रारम्भिक प्रस्ताव पठाउने,

मिति २०७३।१२।२३ गते नृत्यवत्सला मन्दिर पुन:निर्माण उपभोक्ता समितिका अध्यक्ष रामहरी गोरासहितका सदस्यहरूसँग मन्दिर पुन:निर्माण विषयमा छलफल भयो ।

मिति २०७४।२।१८ गते नृत्यवत्सला मन्दिरको पुन:निर्माणको लागि प्राविधिक समितिद्वारा अध्ययन गरेर प्रस्तुत गरेको Structural Analysis र Design बारेमा उपभोक्ता समितिका अध्यक्ष रामहरि गोरा र भक्तपुर नपा वडा नं. ३ का वडाअध्यक्ष राजकृष्ण गोरालगायतका सदस्यहरूसँग छलफल भयो ।

मिति२०७४।२।१९ गते मन्दिरको Structural Analysis र Design को Final Report भक्तपुर नगरपालिकामार्फत पुन:निर्माण उपभोक्ता समितिलाई पठाउने निर्णय भयो ।

मिति २०७४।४।२० गते नृत्यवत्सला मन्दिरमा प्रयोग भएका ढुङ्गा प्राविधिक समितिलाई Structural Analysis र Design Report बमोजिम सो मन्दिरमा डिजाइन बमोजिम ढुङ्गा राखिएको जानकारी गरियो ।

लेखक : रजनी जोशी उपप्रमुख– भक्तपुर नगरपालिका एवं वत्सला मन्दिर पुन:निर्माण प्राविधिक समिति पूर्व संयोजक
रामगोविन्द श्रेष्ठ– सम्पदा प्रमुख, भनपा
दामोदर सुवाल– प्रशासन प्रमुख, भनपा
सुनिल दुवाल– प्राचार्य, ख्वप कलेज अफ इन्जिनियरिङ्ग, वत्सला मन्दिर पुन:निर्माण प्राविधिक समिति संयोजक

# सङ्घीयता नक्कली नाकको शौखजस्तै लाग्छ भक्तपुरका नगरप्रमुखलाई

पुष्कर बुढाथोकी, भक्तपुर

भक्तपुर नगरपालिकाभित्र सङ्घीय, प्रादेशिक र स्थानीय सरकारमा नेपाल मजदुर किसान पार्टीको एकलौटी कब्जा छ । माथि सङ्घीय सांसददेखि नगरपालिका भित्रका नगर कार्य समिति र दशओटा वडा समितिमा अरू पार्टीको बाछिटासम्म पर्नसकेको छैन । यहाँ अन्य पार्टीलाई नेमकिपाले निर्वाचनमार्फत क्लिन स्विप गरी एकलौटीरूपमा स्थानीय सरकार सञ्चालन गर्ने अवसर जनताले दिएका छन् । सायद देशमै यस्तो अवस्था अन्यत्र छैन ।

त्यसैले पनि अन्य दलहरू यहाँ नेमकिपाले एकलौटी गरेको आरोप लगाउने गर्दछन् । तर, निर्वाचनमार्फत जितेर आएकाले त्यो अवैधानिक भने छैन ।...

भक्तपुरमा नेमकिपाले बनाउन चाहेको देशको नमुना कस्तो हो त्यो देख्न र महसुस गर्न सकिन्छ । सांस्कृतिक सम्पदाले सम्पन्न र सम्पदा पुनर्निर्माण र आन्तरिक–बाह्य पर्यटकको आगमनले चर्चित बनेको नगर अहिले शिक्षा र नगरको सफाइ तथा सम्पदा पुनर्निर्माणमा जनश्रमदान जुटाउने सवालमा धेरै नगरपालिकाका लागि अनुकरणीय बनेको छ ।



kl|d' ;lgn kh|fklt

उसले बिगतदेखि नै एक घर एक इन्जिनियर र एक घर एक स्नातक जस्ता शैक्षिक अभियान सञ्चालन गर्दै आएको छ ।

देशमै छुट्टै शैली र स्वरूपमा सञ्चालन हुँदै आएको भक्तपुर नगरपालिकाका स्थानीय सरकार **प्रमुख सुनील प्रजापतिसँग गरिएको कुराकानीको सारः**

संविधानअनुसार तीनै तहको अधिकार ऐनले सूचीकृत गरेबमोजिम हाम्रो ध्यान ऐन, कानुन, कार्यविधि, विनियम बनाउन गयो । अझै सङ्घ र प्रदेशमा बस्ने पदाधिकारी त्यो अधिकार आफूमै केन्द्रित गर्न चाहन्छन् । व्यवहारमा सङ्घीयता कार्यान्वयन हुन सकेको छैन । सङ्घीयता नक्कली नाकको शौखिन भने जस्तै अवस्थामा भयो । स्थानीय योजना केन्द्र र प्रदेशले छनोट गर्ने परिपाटी गलत छ । पञ्चायतकालमा पहुँचको आधारमा बजेट पठाएझैं अहिले पनि त्यै हुनु उचित भएन । भक्तपुर नगरपालिका कसैको ज्यूहजुरी र चाकडी गर्ने पक्षमा छैन । नेपाल सरकारले स्थानीय सरकार पनि सरकार हो भनेर ठानिदिएको खण्डमा राम्रो हुन्थ्यो ।

## उपलब्धि

भक्तपुर सांस्कृतिक नगर र नाचगानको राजधानी भएकाले हाम्रो प्राथमिकता सम्पदा संरक्षणमा छ । हालसम्म १ सय १५ ओटा सम्पदा पूर्णरूपमा निर्माण सम्पन्न भएका छन् । दर्जनौं सम्पदा पुनर्निर्माणको अवस्थामा छन् । कैयौं सम्पदा सम्पन्न हुने क्रममा छन् । ईँटा छपाइले धूलो उड्यो भन्ने गुनासो आएपछि ढुङ्गा छाप्ने काम गर्‍यौं । मूर्त र अमूर्त कला संस्कृतिको जगेर्नाका निम्ति प्रतियोगिता गर्‍यौं र प्रशिक्षण दियौं । मौलिक शैलीका घर निर्माण गर्नेलाई मोहडामा लाग्ने ईँटा, काठ र झिँगटीका निम्ति ३५ प्रतिशत अनुदान दिने गरेका छौं । जनताको चेतनाको स्तर उठाउन स्थानीय पाठ्यक्रममार्फत कला संस्कृति, खेलकुद, खानपान, व्यक्तित्वका



:k]gsf ;efdVsf]g}t[jdf cfPsf]; ;+blo 6f]nL eQmk'/df

विषयमा परिचय दिने काम गरेका छौँ। शिक्षामा शिशु स्याहारदेखि कलेजसम्म सञ्चालन गरिरहेका छौँ। जसअन्तर्गत ७ ओटा शैक्षिक संस्थामा देशभरका ६ हजारभन्दा बढी विद्यार्थी पढ्छन्। इन्जिनियर, नर्स, ओभरसिएरलगायतका जनशक्ति उत्पादन गरिरहेका छौँ।

स्वास्थ्यमा खोप अस्पताल र घरदैलो नर्सिङ सेवा प्रदान गरिरहेका छौँ। नसर्ने दीर्घकालीन रोग लागेका प्रत्येकलाई १०–१० हजार दिन शुरु गरेका छौँ। राज्यको जग्गा संरक्षण गरी जनताको निम्ति उपयोग गर्ने कार्य गरिरहेको छ नगरपालिकाले। नेपाली सेनाको कम्पाउन्डभित्र रहेको रानीपोखरीलाई मौलिक शैलीमा पुनर्निर्माण गर्नुका साथै खेलमैदान, भाजुपोखरीको पुनर्निर्माण गरिरहेका छौँ। देकोमिवा इटापाके आवास योजना व्यवस्थितरूपमा अघि बढाएका छौँ। मानसिक विकासमा र नैतिकतामा जोड दिइएको छ। भौतिक विकास सबथोक होइन। स्कुल कलेजमै नैतिक शिक्षामा जोड दिएका छौँ। मानसिक विकासले भौतिक विकासलाई पूर्णतामा पुऱ्याउन सहयोग पुऱ्याउँछ। आवश्यकताअनुसार योजना बनाएर बजेट पठाएका छौँ। समानुपातिक र सन्तुलित विकासमा जोड दिएको छ।



gf;Bl kg'lgdf{0f

## चुनौती

घोषणापत्रमा भएबमोजिम र कबुलबमोजिम अधिकांश काम गरिसकेको भए पनि कानुनी अड्चन र नेपाल सरकारले स्वीकृति नदिँदा तथा केही आर्थिक कारणले पूरै काम हुन सकिरहेको छैन। ख्वप विश्वविद्यालय सरकारले विधेयक पारित नगर्दा सम्पन्न हुन सकेन। राष्ट्रिय चित्र सङ्ग्रहालय रहेको भवन मल्लकालीन शैलीमा बनाउन युनेस्कोले पत्राचार नगर्दा रोकिएको छ। नगरको उत्तर र दक्षिण बग्ने खोलाई सफा गर्न नसकेको, खानेपानी अभाव पूरा गर्न नसकेको अवस्था छ।



eQmk'/sf]/fgLkf]v/L kg'lgdf{0fsf]clGtd r/0fdf

## आत्मनिर्भरता

अरूले दिन्छ र विकास गर्छौं भन्ने परिपाटी त्याग्नुपर्ने हाम्रो मूलभूत मान्यता हो। आफैले गरेर देखाउनसक्नुपर्छ भनेर विदेशी अनुदान अस्वीकार गरेका छौँ। बरु जनश्रमदानलाई साथ लिएर काम गरेको र आत्मनिर्भरताको दृष्टिले नगरपालिका अघि बढिरहेको छ। हामीले आफै मिडिया चलाएको र चलाउने कोसिस गरिरहेका छौँ। स्थानीय सरकार आत्मनिर्भर हुनुपर्नेमा जोड दिँदै नगरपालिकाले जनप्रतिनिधि र कर्मचारीलाई सक्षम र आत्मनिर्भर बनाउन तालिमसमेत दिइरहेका छौँ।

## अन्त्यमा

हामी व्यक्तिगतरूपमा फेरि प्रमुखमा दोहोरिने–नदोहोरिनेबारे सोच्दैनौँ, पार्टीको सिपाही भएकाले पार्टीले जहाँ खटाउँछ त्यहाँ जाने हो। व्यक्तिगत इच्छाभन्दा पनि पार्टीको आवश्यकताअनुसार गर्ने हो। व्यक्तिको चाहना गौण हुन्छ हाम्रो पार्टीमा।

स्रोत : नेपाल समाचारपत्र, १५ मङ्सिर २०७८

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं।
सफाइ गर्दा इज्जत घट्दैन
बरू सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ।

**इतिहासका कुरा**

# मूलाछेँ फल्चाको शिलालेख



पुरुषोत्तमलोचन श्रेष्ठ

भक्तपुर भोलाछेँ टोलको चौबाटोमध्येको पश्चिमतिर लाग्ने मूलबाटोको दक्षिणमा उत्तराभिमुख पाटी छ। सो पाटी 'मूलाछेँ फल्चा' नामले स्थानीय लोकजीवनमा चर्चित रहिआएको छ (चित्र सङ्ख्या १)। भक्तपुर नगरपालिकाद्वारा हालै सो फल्चाको जीर्णोद्धार भएको छ।



-lrq ;ªVof !_ ldhf5]k mNrf.

सो पाटीको भित्तामा एक शिलालेख (१५ह२२ से.मि.) छ। लिपि : नेपाललिपि। भाषा : नेपालभाषा। मूलपाठ यस प्रकार रहेको छ (चित्र सङ्ख्या २) :

**मूलपाठ**

१. ॐस्वस्ति : ॥ श्रीनारायणाय नमः ॥
२. यंछेटोर, शिल्पिकार, हाकुन फ-
३. ले दयकं, नारायण स्थापना याङा
४. सम्वत ७६८ आश्विनि शुक्ल, एका-
५. दस्यां तिथौ ॥ थ्व फलेस खिप्वतत
६. यावमाल ज्या यातसा पचं माहा
७. पातक पंचनं विचार याके माल ॥



lrq ;ªVof @ ldhf5]k mNrfsf] znfn]v.

**अनुवाद :** कल्याण होस्। श्रीनारायणलाई नमस्कार। याछेँटोलका शिल्पकार हाकुले नेपालसंवत् ७६८ (वि.सं.१७०५) आश्विनशुक्ल एकादशीमा यो पाटी बनाई नारायणको मूर्ति स्थापना गरेको हो। यो पाटीमा फोहोर गरेमा (दिसा पुछेमा/गुहु पोका पारेर राखेमा ?) पंच महापाप लाग्नेछ। पंच समुच्चयले यस पाटीको सम्भार गर्नुपर्ने छ।

**व्याख्या :** अभिलेख विगतका कुराको यथार्थ जानकारी दिने, इतिहासको अकाट्य प्रमाण हो। यस कुराको एक उदाहरण यो अभिलेख पनि हो। याछेँटोलका शिल्पकार हाकुले ने.सं.७६८ (वि.सं.१७०५) मा पाटी बनाउन लगाई उक्त पाटीमा नारायणको मूर्ति (चित्र सङ्ख्या ३) स्थापना गरेका थिए भन्ने कुरा उनले राख्न लगाएको यो अभिलेखबाट थाहा पाइन्छ।



lrq ;ªVof # lznflen]vsf] bfofF{ rt'a{'gf/fo0fsf] dlt{ 5. ;f] dlt{sf] tnlt/ u?8 / d";f] 5.

यस अभिलेखमा आएको शब्द 'खिप्वतत' विशेष महत्त्वको छ। एउटै शब्दले पनि अनेक अर्थ निकाल्ने र कुनै

पनि खास कुरा अभिव्यक्त गर्नाका लागि खास शब्द रहेको, अथाह शब्दभण्डारले सबैभन्दा सम्पन्न रहिआएको भाषा विश्वमा कुनै छ भने एकमात्र नेपालभाषा नै रहेको प्रतीत हुन्छ । त्यसमा पनि भाषाविद्हरूले भक्तपुरको नेपालभाषालाई प्रौढ भाषाको रूपमा मान्छन् । मलाई त यसभन्दा पनि एक कदम अगाडि बढेर भन्न मन लाग्छ : भक्तपुरको नेपालभाषा सारा नेवाःहरूको जननी भाषा हो । यस कुरालाई पुष्टि गर्ने अनगिन्ती उदाहरण छन् । त्यसमध्येको एउटा दृष्टान्त 'खिप्वतत' पनि हो ।

कुनै पनि परम्परा, चालचलन, लौकिक व्यवहारका खास कुरालाई बुझाउने खास शब्दहरू त्यस्ता परम्परा, चालचलन लोप भएर गए सँगसँगै हराएर जाने हुन्छ । अति उन्नतिशील रहिआएको नेपालभाषाको यस्तै एक शब्द 'खिप्वतत' पनि हो भनी मान्न सकिन्छ । आजभोलि यो शब्द व्यवहारमा देखिन्न, समयको प्रवाहमा हराइसकेको विदित हुन्छ । यो शब्दले खास के कुरा जनाउन खोजेको हो, त्यो कुरा भाषाविद्हरूले निरूपण गर्लान् । मलाई लाग्छ, यस शब्दले फोहोर वस्तुलाई जनाएको छ जुन तत्कालीन समाजमा अमान्य, तर अपरिहार्य रूपमा प्रचलित रहिआएको, आजको सन्ततिलाई अनौठो लाग्ने एक प्रकारको दिसा–संस्कृतिलाई सम्झाएको छ ।

भक्तपुर शहर आज नेपालकै सबभन्दा सफा, नमुना शहरको रूपमा प्रसिद्ध छ । आजभन्दा आधा शताब्दीअघिसम्म आजको भक्तपुर शहर अर्कै रूपमा थियो । परम्परागत शहर पारिका खुला स्थानहरू 'ख्यः' अर्थात् खुला आकासमुनिको पुरुष–शौचालयका रूपमा थिए । पुरुषहरू दिसापिसाब गर्न जानुपर्दा 'ख्यले वानेगु' भन्थे । त्यसैगरी शहरवारिका खास पर्खालले घेरिएका शौचालयहरू महिला शौचालय अर्थात् 'मला' भनिन्थ्यो । शहरका महिलाहरू दिसापिसाब गर्न 'मला वानेगु' भनी 'मला' मा जान्थे । यस प्रकारको दिसा–संस्कृति कान्तिपुर, ललितपुर लगायत अन्यत्रका नेवाःबस्तीहरूमा पनि प्रचलनमा थियो ।

म सम्झन्छु, त्यतिखेर खासगरिकन खुला शौचालयका रूपमा रहेका यस्ता मला र ख्यः हरूमा बथानका बथान सुँगुरहरू मान्छेका आची खान तँछाडमछाड गरी दौडेर आउँथे । दिसाले च्यापेर दगुर्दै वा हतार हतारमा ईजार फुकालेर सुरुवाल खोल्दै, लँगौटी फुस्काउँदै आएका मानिस देख्नासाथ आची खान पल्केका अनुभवी सुँगुरहरू पनि ती हगुवा मानिसका पछि पछि, ठूटे पुच्छर हल्लाउँदै हुत्तिँदै दौडँदै आउँथे । हगुवाले टुक्रुक्क बसेर हग्दा हग्दैको, कहिलेकाहीँ त हग्ने आसन जमाएर बस्नै नपाउँदै झरेको वा जमिनमा झर्नै पनि नपाउँदैको आची घम्साघम्सी गर्दै बीचैमा क्वाप्लाक्कै खाएर, ती उन्मत्त सुँगुरहरूले सफाचट् पार्थे । यस्तो प्रतीत हुन्थ्यो मानौँ, प्राकृतिक एवं वातावरणीय दृष्टिले पनि असलमा सहर सफा गर्ने असली सफाइ कर्मचारीहरू त तिनै सुँगुरहरू थिए । तर केही उटपटाङे हगुवाहरूले त हग्न जाँदा टिम्मुरको धूलो पनि लिएर जान्थे र सो टिम्मुर हगेको आचीमा छर्कन्थे । टिम्मुर छर्केको आची खाएपछि त ती सुँगुरहरूलाई के कस्तो साइड इफेक्ट्स हुने हो कुन्नि, उत्तिखेरै घ्वाँर घ्वाँर कराउँदै, चिच्याउँदै आकासै फाट्ला जस्तो गरी गर्जना गर्दै, आत्तिएको बहुलाजस्तै यताउति दौडेर बडो उपद्रव मच्चाउँथे । त्यस्तो अद्‌भूत दृश्य देखेर वरपरका हगुवाहरू र बाटो लागेका मान्छेहरू पेट मिचि–मिचि हाँस्थे । आची खान पाउनु त सुँगुरको स्वभावसिद्ध अधिकार हो नि; जे होस्, बिचरा बेहाल सुँगरले बिनाकसुर त्यसरी पाएको सास्तीले भने सबैलाई सित्तैमा खूब मनोरञ्जन मिल्थ्यो । त्यस्तो उटपटाङ गरी मस्तीले हाँस्ने काइदा भने भक्तपुर बाहिरका बस्तीहरूमा पनि थियो । मलाई त्यसबखतका मेरा कान्तिपुर, ललितपुरका साथीहरूले सुनाएको सम्झना अझै ताजा छ । र, मलाई यो पनि सम्झना छ, मान्छेको आची खाएर मोटाएका, पेट डम्म फुलेका ती छाडा सुँगुरहरू बाटोभरी जताततै प्याट्ट–प्याट्ट गरी मल त्याग गर्दथे । अनि परम्परागत शहरीबस्ती छेउछाउका पराले छाना र काँचो ईँटाले बनेका झुप्रोजस्तै लाग्ने घरका मानिसहरू, विशेषगरी महिलाहरू राँगो/भैँसीका एकजोडी करङका हाडले सुँगुरको मल सोहर्ने, राँगो, भैँसी, गाईगोरूका मल सोहरेर झुपडीमय घरका भित्तामा गुइँठा बनाएर सुकाई बिहान बेलुकीको खाना पकाउने इन्धनका रूपमा प्रयोगमा ल्याउँथे । अहिले यो कुरा केही अपत्यारिलो, अनौठो कथाजस्तो र फोहोरी एवं घिनलाग्दो कुराजस्तो लाग्नसक्छ । तर प्रकृति, पर्यावरण र वातावरणको दृष्टिले यो निःसन्देह आजको प्रदूषित विश्वको लागि एक अनुपम उदाहरण हो भनी मान्न सकिन्छ । हाम्रा पुर्खाहरू प्रकृति र पर्यावरणसित मानवीय क्रियाकलापलाई सन्तुलनमा राखेर जीवनयापन गर्नमा समेत खप्पिस थिए भन्ने कुराको एउटा विरलाकोटि उदाहरण यो पनि हो भन्ने मलाई लाग्छ ।

त्यतिखेर मानिसहरू पोखरीका किनारमा पनि दिसा गर्थे र पोखरीकै पानीले चाक धुन्थे । त्यति गर्न पनि अल्छि मान्नेहरू चाहे बूढा होस् वा बालक, ईँटा वा ढुङ्गाको टुक्राको कापमा चाकमा अड्केको आची पुछेर फाल्थे, पाटीको पर्खाल वा थामको काप त चाक पुछ्ने साझा चौतारी जस्तै नै थियो । हाम्रो मुलाछैँफल्चा पनि यस्तै स्थानमा थियो । यसो हुँदा पाटीको भित्ताका कापमा, काठको थामको कापमा चाक घिस्रेर आची नपुछुन् भनी शिल्पकार हाकुले, धार्मिक आस्था र भावनामा चुर्लुम्म डुबेको लौकिकजीवनलाई धार्मिक डर देखाई यदि कसैले यो पाटीमा त्यस्तो काम गरेमा वा भनौँ दिसा पुछेमा वा उनकै त्यतिबेलाको प्रचलित भाषामा भनौँ 'खिप्वत त यावमाल ज्या यातसा' पंच महापाप लाग्नेछ भनी धार्मिक डरमात्र देखाएनन्, पाटीलाई पवित्र तुल्याइराख्न भगवान् नारायणको मूर्ति पनि

त्यहाँ स्थापना गर्न लगाएका थिए भन्ने कुरा बुझिन्छ। यसरी यस प्रकार सबैले मान्ने पुज्ने देवताको मूर्ति भएको पवित्र स्थलमा आची पुछ्ने कुरा त परै जाओस्, पाटीको पेटीमा पाइला टेक्न पनि पाटी बाहिरै जुत्ता फुकाल्न करै लाग्दथ्यो। यसरी एकसाथ यस्तो काइदाको जुक्ति निकालेका थिए हाम्रा हाकुले। सार्वजनिक महत्त्वका यस्ता पाटी सत्तल सधैँ पवित्र भइरहोस्, फोहोर वस्तु कसैले पनि नफालुन्, नराखुन्, फोहोर नगरुन् भन्नाका लागि पनि देवताका मूर्ति राख्ने चलन रहिआएको कुरा जानिन्छ।

उक्त प्रसङ्गमा अर्को कुरा, 'खिप्वतत' को 'खिप्वः' ले हामीलाई गुहुको पोका भन्ने कुरालाई पनि सम्झाएको छ। कसैले कसैलाई विरोध गर्नु परेमा, अपशकुन देखाउन परेमा उसको घरको मूलढोकामा गुहुको पोका झुण्डुयाएर विरोध गर्ने चलनलाई पनि यसले प्रकारान्तरमा सम्झाएको छ।

खिप्वःले हामीलाई साना–साना बालिकाहरू लगायत केटीहरूले लाउने एकप्रकारको सुरुवाललाई पनि सम्झाएको छ जसलाई 'खिप्वः सुरुवाः' भनिन्छ। यस्तो सुरुवालको पछाडिपट्टि मुजा–मुजा परेर पिँडौलाभन्दा केही तलसम्म झरेर एक प्रकारको भुक्क उठेको पोका भएर झुण्डिएको हुन्छ जसलाई 'खिप्वः' भनिएको बुझिन्छ। यस्तो बेग्लै छाँटछन्दको (विशेषता) भएकोले यसलाई 'खिप्वः सुरुवाः' भनिएको हो भन्ने कुरा जानिन्छ। त्यसैगरी यस्तो सुरुवाल लगाएर हिँड्दा ह्वाङ्ताङ्–ह्वाङ्ताङ् हुने गरी सो खिप्वः हल्लिने हुँदा यस्तो सुरुवाललाई 'ह्वाङ्ताङ् सुरुवाः' पनि भन्ने चलन छ। विशेषगरी साना बालिकाहरूले लाउने यस्ता खिप्वः सुरुवाःको खिप्वःमा हगेको आची सजिलै सो खिप्वःमा खसेर जम्मा हुने हुन्छ। त्यस्तो सुरुवाललाई इनारको पानीले धोएर सुकाउने चलन पनि विगतमा रहेको बुझिन्छ। हाम्रो मुलाछेँफल्चाको सामुन्नेमा पनि इनार छ। यस्तो खिप्वः सुरुवाः पाटीमा झुण्ड्याएर राखेमा पनि पंचमहापाप लाग्नेछ भनेका हुन् कि भन्ने अनुमान पनि हुन्छ।

आजभन्दा झण्डै चार दशक अघिसम्म नेपालमण्डलका विशेषगरी किसान समुदायमा लोकप्रिय यो खिप्वः सुरुवा आधुनिक पहिरनको आगमन र लोकप्रियतासँगै विस्मृतिको गर्भमा सुस्ताउन पुगेको विदित हुन्छ। खुसीको कुरा छ, आजभोलि हाम्रा नयाँ पुस्तामा सांस्कृतिक पहिचानको मोह पुनर्जागृत भएको आभास हुन्छ। मौलिक पहिरन/पहिचानमा गौरवान्वित हुन पुगेका पुस्ताले खोजी खोजी कम्तिमा आफ्नो सांस्कृतिक पहिचान मिल्ने पहिरन भेषभूषालाई महत्त्व दिन थालेका छन्। र, फेसनकै रूपमा अँगाल्न पुगेको देखिन्छ। खिप्वः सुरुवा पनि यस कुराको एक सुन्दर दृष्टान्त भएर आएको छ। यसको निमित्त हाम्रा नयाँ पुस्तालाई धन्यवाद दिनै पर्छ।

प्रसङ्गवश यहाँ 'खिप्वः'को अघिल्तिर आएको 'खि' र त्यसको अघिपछि लागेर आउने अक्षरले अर्थ्याउने केही नेपालभाषाका शब्दहरू बारेमा चर्चा गर्नु पनि उपयुक्त होला। 'खि' ले गुहुलाई जनाउँछ। लामो छोटो बेग्लै कुरा हो। आखिर गुहु पनि त डोरी जस्तै लाम्चो परेको हुन्छ। 'खि'को पछिल्तिर 'पः' जोडेपछि सो 'खिपः' शब्दले डोरीलाई बुझाउँछ। अनेक प्रकारका खिपः वा डोरीलाई बुझाउने अनेक शब्द छन् जस्तै **नलखि** : सालमी/मानन्धरहरूले तेल निकाल्ने कोलमा प्रयोग गर्ने डोरी, **गुईंखि** : मानन्धरहरूले पिना निकाल्न प्रयोगमा ल्याउने डोरी, **नालुखि** : नालुमाया खिपः/जुटको डोरी, **लाखि** : मोटो, बलियो डोरी (जस्तै इनारमा पानी लिन प्रयोगमा ल्याइने डोरी, **वलः/वलःखि** : हात्तीलाई बाँध्ने डोरी, देवताको रथ तान्ने डोरी, विस्काः जात्रा, इन्द्रजात्राको यःसिं/यवसिं (लिङ्गो) तान्ने डोरी, **सःखि/सःखिया खिपः** : कुचो बाँध्ने एक प्रकारको घाँसको डोरी, मृत्युसंस्कारका बेलामा प्रयोगमा ल्याइने एक प्रकारको डोरी 'काचि खिपः', **चिखि** : खल्तिको डोरी/एक प्रकारको इजार, तुना, **गाखि** : थैली खोल्न र बन्द गर्न हुने गरी प्रयोगमा ल्याइने धागोको झिनो डोरी आदि। जसरी शब्दको पछिल्तिर जोडेर आउने अक्षर 'कं' ले तरकारी/सागविशेषलाई बुझाउँछ। जस्तै च्वाकं, इकं, बकं, म्हकं, फाकं, न्हायकं। त्यसैगरी 'खि' को अघिल्तिर जोडेर आएका शब्दविशेषले खास प्रकारका डोरीहरूलाई अर्थ्याउने कुरा जानिन्छ।

मुलाछेँफल्चालाई आँखीझ्याल मानेर त्यहाँबाट नेपालमण्डलका कान्तिपुर, ललितपुरलगायत आसपासका नेवाः बस्तीहरूमा रहेका मला र ख्यः एवं तिनका आसपासमा रहेका फल्चाहरूलाई चियाएर हेर्दा तिनीहरूको नियति पनि मुलाछेँफल्चाको जस्तै थियो भन्ने आभास हुन्छ।

अहिले भक्तपुर शहर सफा छ। हाम्रो मुलाछेँफल्चाको मुहार पनि फेरिएको छ। शहरका अन्य फल्चाहरू लगायत मुलाछेँफल्चामा विहान स्थानीय बूढापाकाहरू भजनकीर्तन गर्छन्। त्यसरी भजन गाउँदै गरेका बूढापाकाहरू र भजन सुन्दा मनलाई अद्‌भुत शान्ति र आनन्द मिल्छ। यस्ता फल्चाहरूमा आज पनि प्रायःजसो बूढापाकाहरू भेला भएको देख्न सकिन्छ। भक्तपुरकै सुजमाही फल्चाहरू लगायत यस्ता फल्चाहरूमा बूढापाकाहरू जम्मा भएनन् भने कलियुग लाग्छ भन्ने स्थानीय लोककथन पनि छ।

टोलवासीलाई एकै ठाउँमा ल्याएर एकता र आत्मीय भाव जागृत गराउन, आफ्ना मन मिलेका मित्रजनसित मनका कुरा पोख्न, कसिचा पाँय्, बाघचाल जस्ता मनोरञ्जनात्मक खेल खेलेर, बालबालिकाहरूलाई कथा सुनाउन, सुस्ताउन, भजनकीर्तन गरेर मानसिक शान्ति पाउन आदि अनेक दृष्टिले यसले नेवाः लौकिकजीवनमा खेल्दै आएको भूमिका अद्वितीय

छ। यसरी हेर्दा सानो र सामान्य जस्तो लाग्ने फल्चाहरूको महत्त्व अनेक दृष्टिले विशिष्ट रहिआएको ज्ञात हुन्छ। देवस्थल आसपासमा पोखरी, पाटी, ईनार, ढुङ्गेधारा, जलद्रोणी अपरिहार्य रूपमा रहनु नेवाः वास्तुकलाको एक अनुपम विशेषता हो। यस कुराको पनि एउटा सुन्दर उदाहरण मुलाछैँफल्चा पनि हो।

अहिले गल्लीको बाटो झैँ लाग्ने मूलाछैँफल्चाको मूलबाटो विगतमा बाहिरी संसारसित भक्तपुर शहरलाई जोड्ने पथिकहरूको आवागमन भइरहने एक व्यस्त मूलमार्ग थियो। यसो हुँदा पनि हाकुले पथिकहरूलाई लक्षित गरी उनीहरूले थकाई मार्न, सुस्ताएर आराम गर्नका लागि पनि लोकहितको भावनाले ओतप्रोत भई बनाउन लगाएका हुन् भन्ने कुरा जानिन्छ। र, अहिलेको सफा शहरलाई देखेर, आफूले बनाएको मुलाछैँफल्चालाई सफा, सुन्दर अवस्थामा पाएकोमा, उहिल्यै आफूले बनाएको फल्चालाई अहिलेको स्थानीय जनप्रतिनिधि सरकार लगायतका स्थानीय बासिन्दाहरूले आफूले आशा गरे झैँ मरम्मत सम्भार गरिदिएकोमा स्वर्गवासी शिल्पकार हाकुको आत्मालाई शान्ति मिल्यो होला र उनले शायद आफ्नो पालाका पंचहरू सदृश आजको भक्तपुर नगरपालिका र समस्त लोकवासीलाई धन्यवाद र आशीर्वाद पनि दिए होलान्।

**सन्दर्भस्रोत**

स्थलगत अध्ययन

अन्तर्वार्ता : विनोदराज शर्मा (६७, इपाछैँ)।
आशाकुमार चिकंबन्जार (५५,टिबुक्छेँ–चासुख्यः)।
रास जोशी (४७, बालकोट, भक्तपुर)।
सुधादेवी श्रेष्ठ, (६१, इनागाः १, ख्वप)।

चित्र : लेखक।

## भक्तपुर



– नारायणकुमार आचार्य

सुन्दर शान्त विशाल, भक्तपुर हो एक मिसाल
मनमोहक गन्तव्य हो, पाइन्छ विविध विशाल।

हाम्रो गौरव, हाम्रो सौरभ हो, भाषा, भेष भुषा
संस्कृतिको नमुना हो, बन्यो विश्व सम्पदा।

काष्ठकलाको उदाहरण यो, जहाँ बन्छ माटो सुन सरी
भादगाउँले कालो टोपी, चिनिन्छ जो विश्वभरी।

गल्ली, पाटी, सत्तल, ढुङ्गेधारा, हाम्रा स्वाभिमान हुन्
हाकुपटासी पहिरन नै, यहाँका पहिचान हुन्।

मठ मन्दिर, पर्वहरूको सङ्ग्रहालय हो, यो अनुपम भक्तपुर
संस्कृतिको यस राजधानीमा हुन्छ सबैको घुम्ने रहर।

पुर्खाहरूको यो सिर्जना, हाम्रो बनेको छ साझा धरोहर
समृद्ध नेपाल र सुखी नेपालीको चाहना, भक्तपुर हो मनोहर।

*स्रोत : गोरखापत्र, पुष ३, २०७८*

*पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति*

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**पछिमा बाजा प्रतियोगितासम्बन्धी सूचना**

भक्तपुरको सांस्कृतिक विधाहरूको संरक्षण र संवर्द्धन गर्नुका साथै नागरिकहरूमा रहेको सीप उजागर गर्न भक्तपुर नगरपालिकाको आयोजनामा **नगरस्तरीय पछिमा बाजा प्रतियोगिता २०७८ माघ १५** गते, शनिबार हुने भएको हुँदा सम्पूर्ण सांस्कृतिक समूहहरू तथा सम्बन्धित सबैले आ–आफ्नो बाजा देहाएको स्थानमा दर्ता गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रतिसमूह दर्ता शुल्कः रू. १००।-

दर्ता गर्ने अन्तिम मितिः २०७८ माघ ९ गते, आइतबार
दर्ता गर्ने स्थानः भक्तपुर नगरपालिका प्रशासन शाखा, ब्यासी, भ.न.पा. १ देखि १० नं वडा कार्यालयहरू

# भक्तपुरको ऐतिहासिक लक्ष्मीनरसिंह मन्दिर



ओम धौभडेल

भक्तपुर नगरको हाल वडा नं ४ स्थित गःहिटी टोल नगरको एक प्रमुख टोल हो। साविक वडा नं १२ अन्तर्गतको यो टोल नगरको मध्य भागमा पर्छ। पूर्वमा लयको, पश्चिममा बोलाछेँ, उत्तरमा टौमढी र दक्षिणमा चपाल लाकुलाछेँ बीचको गःहिटी टोलको नामबाट नै यो टोलमा रहेको गहिरो धारालाई इङ्गित गर्छ। गः अर्थात गहिरो र हिति अर्थात धाराबाट गःहिटी नामाकरण भएकोमा कुनै द्विविधा छैन। यही गःहिटी टोलको मध्य भागमा एउटा फराकिलो ठाउँ ओगटेको मन्दिर रहेको छ। उत्तर र पश्चिमबाट हेर्दा दुई तह पेटी रहेको तर पूर्व र दक्षिणबाट हेर्दा तीन तह पेटी रहेको यो मन्दिरको संरचना अचम्म खालको छ। पश्चिमाभिमुख यो मन्दिर एकतले अनि जस्तापाताको छाना देख्दा त धेरै पछि मात्र बनेको मन्दिर हो कि जस्तो लाग्छ। तर मन्दिरको इतिहास धेरै प्राचीन छ। यहाँको नरसिंहको मूर्ति एउटै मात्र त्यस्तो मूर्ति हो, जसमा नरसिंहले लक्ष्मीलाई आलिङ्गन गरेको छ। नरसिंह मन्दिरको पूर्वतर्फ सिंख्वालहरूको निजी आवास छ भने दक्षिणमा भैरवनाथ रथको परम्परागत रथमार्ग रहेको छ। त्यस्तै मन्दिरको उत्तरतर्फ भद्रकाली अर्थात नकिंजु अजिमाको रथमार्ग छ। मन्दिरको पश्चिममा नगरको प्रदक्षिणा मार्ग र जंगम मठ अनि जगन्नाथको मन्दिर रहेको छ। त्यस्तै नरसिंह मन्दिरको दक्षिणतर्फ सबैभन्दा मुनिको पेटीभित्र गणेशको मूर्ति स्थापित छ। पाताल गणेशले चिनिने यो टोल गणेश पनि हो। नरसिंह मन्दिरको उत्तरतिर भुईंमा एउटा अमूर्त ढुङ्गा स्थापित छ। जसलाई स्वबुंग भैल द्यः भनी प्रख्यात छ। गःहिटीस्थित नरसिंह मन्दिर टौमढी, बोलाछेँ, लयको, चपालदेखि देखिने एउटा महत्त्वपूर्ण सम्पदा हो। गःहिटी टोलको त शोभा नै हो। साथसाथै नरसिंह मन्दिर वरपरको भाग अति प्राचीन एवम् ऐतिहासिक स्थल रहेको छ। गःहिटीको केही दूरी उत्तरमा पर्ने टौमढी टोल र त्यो सँगैको तीलमाधव नारायण मन्दिर तथा चोकको ऐतिहासिकताले यसमा थप बल प्रदान गरेको छ। भक्तपुर नगर स्थापना गर्दा आनन्द देवले चारैतिर अष्टमातृका देवीहरू स्थापना गर्दा मध्य भागमा भैरव स्थापना गरेको वंशावलीमा उल्लेख छ। यो भैरव यही गःहिटी टोलमा रहेको छ। स्वबुंग भैरव भनिने यो भैरवलाई वर्षको एकपटक श्री तलेजु भवानी र सम्पूर्ण नवदुर्गा भवानीले पायो जात्राको क्रममा दर्शन गर्ने परिपाटी यद्यपि चल्दै आएको छ।

**जयस्थिति मल्लले गःहिटीको उकालोमा लक्ष्मीनरसिंहको भव्य मन्दिर बनाउन लगाए**पछि ऐतिहासिक सम्पदाहरूको आधारमा यो ठाउँ अझ वैभवशाली बन्न पुग्यो।

जयस्थिती मल्लले अरू धेरै कीर्तिहरू थपे। तत्कालीन समयको नेपालको राजधानी भक्तपुर रहेको अवस्थामा भक्तपुर तलेजुलाई आधार बनाई जातिमाला लागू गर्नु तथा भक्तपुरलाई नै केन्द्र बनाई गोपाल राजवंशावली लेख्न लगाउनु यिनका महत्त्वपूर्ण कार्यहरू हुन्। यसबाहेक नेपाल संवत् ४७० मा नेपालमा मुसलमानहरूको आक्रमणको केन्द्र भक्तपुर भएको अवस्थामा पूरै भक्तपुर सात दिनसम्म आगोमा जल्न पुगे। यसरी तहसनहस भएको भक्तपुर नगर पुनर्निर्माण पनि उनले गरे। यसैक्रममा देवदेवताका मन्दिर, पाटी पौवा, सत्तल आदिभन्दा पनि जनताको बस्ने घरहरू बनाउनु पहिलो प्राथमिकता अपनाएको सर्न्दभमा भक्तपुरमा उनले बनाएका सम्पदाहरू त्यति देखिँदैन। यसमा एउटै सम्पदाको नाम लिनुपर्दा यही गःहिटीको लक्ष्मीनरसिंह मन्दिरको नाम आउँछ।

वास्तवमा उनले नरसिंहको मन्दिर यस ठाउँमा बनाउनुको कारण पनि छ। यस मन्दिरको पश्चिममा रहेको जंगम मठ पदुमल देवीले बनाउन लगाएको इतिहासलाई बुझी यिनै पदुमल देवीको कोखमा जन्मेकी राजल्लादेवीलाई खुशी पार्न जंगम मठ अगाडि मन्दिर बनाएको देखिन्छ। साथै धार्मिक आख्यानअनुसार नारायणले उग्ररूप धारण गरी नरसिंह अवतारको पर्दापण पछि नरसिंहलाई शान्त पार्न सबै देवताहरू शिवको शरणमा पुगेको र शिवले वीरभद्रमार्फत नरसिंहलाई शान्त पारेको मानिन्छ। यसकारण जहाँ जहाँ नरसिंहको मन्दिर हुन्छ त्यसको अगाडि मठ हुन्छ। यस आधारमा जंगम मठ अगाडि नरसिंह मन्दिर बनाउनु वास्तु मुताविक भएको अर्को आधारले पनि गःहिटीमा लक्ष्मीनरसिंह मन्दिर बनेको देखिन्छ। त्यतिमात्र होइन, भक्तपुरको महत्त्वपूर्ण बिस्का जात्रा जसको शुरुआत तथा अन्त्य यही ठाउँमा हुन्छ। यसको अप्रत्यक्ष सम्बन्ध यही जंगम मठसित भएको हुँदा बिस्का जात्रा

हुने मुख्य स्थानमा आफ्नो कीर्ति राख्न पनि जयस्थिति मल्लले यो स्थान रोजेको हुनसक्छ । पछि मल्लकालमा विश्व मल्लदेखि भूपतिन्द्र मल्ल सम्मले यही लक्ष्मीनरसिंह मन्दिरको अवस्थितिलाई आधार बनाएर बिस्का जात्राको द्यः क्वाहाँ बिज्याकेगु देखि द्यः थाहाँ बिज्याकेगु सम्मको अवधारणा विकास गरे । भौगोलिक आधारमा जहाँ लक्ष्मीनरसिंह मन्दिर बनेको छ, अत्यन्त नै सुझबुझका साथ यो मन्दिर ठडिएको छ । प्रदक्षिणा मार्गको पूर्वतर्फको भिरालो ठाउँलाई समेटेर मन्दिर बनाउनुपर्ने हुनाले सोही आधारमा मन्दिरको संरचना बनेको छ । यसकारण यो मन्दिर उत्तर र पश्चिमतर्फबाट हेर्दा दुई तह पेटी माथि बनेको मन्दिरको रूपमा रहेको छ भने पूर्व र दक्षिणतर्फ तीन तह पेटी माथिको संरचनामा रहेको छ । अझ दक्षिणपूर्वी कुना त अत्यन्त गहिरो खोचमा रहेको छ । यही खोचमा गुफा शैलीमा कोठा निकाली सो स्थानमा पाताल गणेशको सिद्ध मूर्ति स्थापना गरेको छ । यसरी काठमाडौँ उपत्यकामा रहेका सयौँ मठ–मन्दिरहरूमा एउटै मन्दिर मुनि स्वयम्भू जस्तै मन्दिर मुनि गर्भगृहमा अर्को मूर्ति वा मन्दिर गःहिटीस्थित लक्ष्मीनरसिंह मन्दिरमा रहेको छ । तर एउटा कुरा के स्पष्ट हुन्छ भने लक्ष्मीनरसिंह मन्दिर र पाताल गणेशको स्थापना एउटै काल समयमा भएको चाहीं होइन । लक्ष्मीनरसिंह मन्दिरको स्थापना राजा जयस्थिति मल्लको पालामा अर्थात् नेपाल संवत् ५०० को हाराहारीमा भएको अनुमान गर्न सकिन्छ । तर पाताल गणेशको स्थापना नेपाल संवत् ८०३ मा राजा जितामित्र मल्लको पालामा मात्र भएको प्रमाण मौजूद छ । यस आधारमा लक्ष्मीनरसिह मन्दिर र पाताल गणेशको स्थापनाबीच तीनसय वर्षभन्दा बढी समयको अन्तर रहेको छ । यसबाट एउटा कुरा के स्पष्ट हुन्छ भन्ने राजा जयस्थिति मल्लले बनाउन लगाएको लक्ष्मीनरसिंह मन्दिरको पुनःनिर्माण मल्लकालमा राजा जितामित्र मल्लको समयमा भएको थियो । सोही समयमा पाताल गणेशसहित हालको शैलीमा लक्ष्मीनरसिंह मन्दिरको पुनःनिर्माण भएको बलियो आधार भेटिन्छ । तत्कालीन समयमा राजा जितामित्र मल्ललाई यो मन्दिर पुनर्निर्माण गर्नु पर्नाको दुइटा आधारमा एक नेपाल संवत् ८०१ तिरको महाभूकम्पमा यो मन्दिर भत्कनु र राजा भूपतिन्द्र मल्लले काशी विश्वनाथ भैरव र भद्रकालीको रथ जात्रा विकास गर्नु हो । राजा विश्व मल्लको पालादेखि चल्दै आएको बिस्का जात्रालाई विकास गरी तीनतले भैरवनाथको रथ जात्रा गर्न यस लक्ष्मीनरसिह मन्दिरको समेत पुनःनिर्माण गरेको देखिन्छ ।

नेपालको इतिहासमा नरसिंहका मूर्तिहरू यत्रतत्र प्रशस्त पाइन्छ । विशेषगरी दशावतार भित्र चौथो अवतारमा नरसिंह पाइन्छ । नृसिंहको खास अर्थ नर र सिंह नै हो । जीउ नर अर्थात् मानवको भई शिर सिंहको भएको अनौठो जीव नै नरसिंह हो । नारायणको भक्त प्रल्हादलाई आफ्नै बाबु हिरण्यकशिपुले अति दुःख दिएपछि भगवान नारायणले नरसिंहको रूपलिई हिरण्यकशिपुलाई वध गरेको कथामा नृसिंहको चर्चा भएको पाइन्छ । सिंहको मुखाकृति भएको नृसिंहले आफ्नो तिघ्रामा हिरण्यकशिपुलाई राखी दुई हातले छाती चिरेको दृश्य जहाँतहीं हेर्न पाइन्छ । जुन मूर्ति अत्यन्त डरलाग्दो देखिन्छ । यस्ता नरसिंहको मूर्तिहरूमा चाँगुनारायण परिसरको नृसिंह प्राचीन मूर्ति मानिन्छ । यसबाहेक काठमाडौँ उपत्यकामा केही नरसिंहका मन्दिर तथा मूर्तिहरू छन् । काठमाडौँ, भक्तपुर, ललितपुर दरबार क्षेत्रका नरसिंहका मूर्तिहरू यसका प्रमाण हुन् । त्यतिमात्र होइन, समस्त भारतमै केरला, आन्ध्रप्रदेश, उत्तरप्रदेश, महाराष्ट्र, तामिलनाडुमा मुस्किलले केही सङ्ख्यामा मात्र नरसिंहका मन्दिरहरू पाइएको छ । यसमा कम्बोडियाका केही हिन्दू मन्दिरमा पनि नरसिंहको मूर्ति रहेका छन् । नेपालमा नरसिंहका मूर्ति तथा मन्दिरहरूको त्यति पुरानो इतिहास भेटिएको छैन । यहाँ भेटिएका नरसिंहका मूर्ति तथा मन्दिर प्रायःगरी मल्ल कालकै देखिन्छ । मल्लकालको पूर्वार्द्धमा दक्षिण भारतबाट आएका चारजना ब्राह्मणहरूको सल्लाहबमोजिम राजा जयस्थिति मल्लले भक्तपुरको गःहिटीमा लक्ष्मीनरसिंहको मन्दिर निर्माण गरेको देखिन्छ । त्यतिबेलासम्म नेपालमा नृसिंहका विविध रूपहरूबारे जानकारी नभएको देखिन्छ । विभिन्न वेद, पुराण, स्तोत्र, धार्मिक कथाहरूमा भक्त प्रल्हादलाई बचाउन भगवान नारायणले लिएको अवतारको रूपमा नरसिंहलाई आफ्नो मनमस्तिष्कमा लिएको सन्दर्भमा त्यसपछिको नरसिंहको शान्त स्वरूपबारे त्यति जानकारी नभएको अवस्थामा गःहिटीमा लक्ष्मीनरसिंहको स्थापना हुनु अर्थपूर्ण देखिन्छ ।

हिरण्यकशिपुलाई वध गर्न नारायणले धारण गरेको उग्ररूप पछि पनि शान्त नभएपछि लक्ष्मी डराउन थालिन् । यस्तो अवस्थामा लक्ष्मीलाई आफू नै नारायण हो भनी नरसिंहले आफ्नो बाजुमा राखेको अवस्थाको मूर्ति नै लक्ष्मीनरसिंह हो । जुन नरसिंहको शान्त रूप हो । नरसिंहका विभिन्न दश स्वरूपहरूमा उग्र नरसिंह, क्रोध नरसिंह, मलोल नरसिंह, ज्वाला नरसिंह, वराह नरसिंह, भार्गव नरसिंह, करन्ज नरसिंह, योग नरसिंह, लक्ष्मी नरसिंह, पावन नरसिंह आदि हुन् । नरसिंहका यी दश स्वरूपहरूको आआफ्नै उदेश्यहरू रहेको देखिन्छ । शत्रुमाथि विजय पाउन, ऋण मोचनार्थ, सन्तानप्राप्ती, भय दूर गर्न, युद्धमा जित हासिल पार्न, मुद्दामामिला जित्न, जस्ता विविध फल प्राप्त गर्न फरक फरक नामका नरसिंहको आराधना पूजा गर्ने धार्मिक मान्यता छ । त्यस्तै नरसिंहलाई

मूर्तिकलाको आधारमा चार प्रकारमा बाँडेको देखिन्छ । जसमा स्थौण, केवल, गिरिजा र यानकगरी चार प्रकारका नरसिंहका मूर्तिहरू पाइन्छ । यहाँनेर स्थौण नरसिंह खासगरी स्तम्भबाट उत्पत्ति भएर हिरण्यकशिपुलाई वध गरिराखेका मूर्तिहरू नै स्थौण नरसिंह हुन् । नेपालमा पाइएका प्रायः मूर्तिहरू यस्तै खालका छन् । गिरिजा नरसिंह भर्खर पहाड फोडेर निस्कन लागेको नरसिंहको रूपमा चित्रण गरेको हुन्छ । यता यानक नरसिंह चाहीँ गरुडमाथि सवार नरसिंह हो । जुन नेपालमा त्यति पाइएको छैन । अब केवल नरसिंहको कुरा गरौँ । जसलाई योग नरसिंह पनि भनिन्छ । यो नरसिंहको शान्त स्वरूप हो । कालखण्डको हिसावले नेपालमा भएका नरसिंहका मूर्तिहरूमा चाँगुनारायणको मूर्ति प्राचीन देखिन्छ । लिच्छवि राजा शिवदेव द्वितीय र अंशुवर्माको बुढानिलकण्ठको अभिलेखमा संवत् ५१७ मा नरसिंहस्थानको उल्लेख छ । यसबाट बुढानिलकण्ठको प्राचीन नाम नरसिंहस्थान हो भन्ने स्पष्ट हुन्छ । यिनै लिच्छवि राजा अंशुवर्माको संवत् ३२ को हाँडीगाउँको अभिलेखमा नरसिंह देवताको उल्लेख छ । यसबाट बुढानिलकण्ठ वरपर रहेको नरसिंह देवतालाई इङ्गित गरेको हुनुपर्छ । यसपछि लामो समयसम्म नरसिंहको उल्लेख छैन । मल्लकालको पुर्वार्द्धमा डोय राजा नरसिंहदेवका छोरा रामसिंहदेवले काठमाडौँ उपत्यकामा आक्रमण गरेको तथ्य वंशावलीकारहरूले स्मरण गरेका छन् । त्यस्तै तेह्रौँ शताब्दीतिर विष्णुधर्म गाता सचित्रमा दश अवतारबारे उल्लेख गर्ने क्रममा नरसिंह अवतारबारे ब्याख्या गरेको पाइन्छ । मल्लकालमै कान्तिपुरका राजा शिवसिह मल्लका छोरा हरिहरसिंहले आफ्ना दुई छोराहरूको नाम लक्ष्मीनरसिंह र सिद्धिनरसिंह राखे । लक्ष्मीनरसिंह कान्तिपुरको राजा बने । यो नाम राख्नु पछाडि एउटा कारण छ । हरिहरसिंह मल्लकी रानी लालमति हुन् । जो ललितपुरका महापात्रहरूका छोरी हुन् । तत्कालीन समयमा ललितपुरका प्रभावशाली महापात्रको नाम नरसिंह हुन् । नरसिंहको मृत्युपछि उनका भाइ पुरन्दरसिंह ललितपुरका महापात्र भए । उनले आफ्नो दिवंगत दाजु नरसिंहको नाममा दरबार क्षेत्र नजिक नरसिंहको मन्दिर बनाउन लगाए । यो नेपाल संवत् ७१० को घटना हो । यसबाट अति प्रभावित भएर लालमतिले आफ्ना छोराहरूको नाम लक्ष्मीनरसिंह र सिद्धिनरसिंह राखे । पछि सिद्धिनरसिंहले ललितपुर आफ्नो पोल्टामा पारिसकेपछि उनी पनि नरसिंहबाट यति प्रभावित भए उनले पाटन दरबारभित्र नरसिंहको मूर्ति स्थापना गरे । अनि कार्तिक एक महिना देखाउने नाच शुरुआत गरे । जसको मुख्य उदेश्य नै नरसिंह नाच देखाउनु हो । ललितपुरको इतिहासमा नरसिंहको प्रभाव पछिसम्म पनि रहिरह्यो । ललितपुरको इतिहासमा देखापरेका सिद्धिनरसिंह मल्लको अलावा ज्योर्तिनरसिंह मल्ल, ऋद्धिनरसिंह मल्ल, तेजनरसिंह मल्ल, वीरनरसिंह मल्ल जस्ता शासकहरूको नाम समेत नरसिंहबाट प्रभावित रह्यो । यसै बीच भक्तपुरका अन्तिम मल्लराजा रणजित मल्लले समेत आफ्ना सात सन्तानहरू मध्ये राज्यको उत्तराधिकारी छानेको सन्तानको नाम वीरनरसिंह राखेको देखिन्छ । यसरी धार्मिक स्तोत्र, कथा, किंवदन्ति, पुराण, वेद, आदिमा उल्लेख भए भन्दा अगाडि बढेर नेपालका शासकहरूले आफ्नो नामको बीचमा नरसिंह जोडेर नयाँ आयाम थप्ने काम गरे ।



यसमा लक्ष्मीनरसिंहको आफ्नै स्थान छ । अघि नै भनियो, लक्ष्मीनरसिंह नरसिंहको शान्त स्वरूप हो । यो नरसिंहका चार प्रकारमध्ये योग नरसिंह अन्तर्गत पर्छ । केवल वा योग नरसिंहका मूर्तिहरूमा नरसिंहको शान्त रूप देखाएको हुन्छ । दुई वा चार हातको सो मूर्ति प्रायः बसेको अवस्थामा हुन्छ । जब यसमा साथमा काखमा लक्ष्मी हुन्छ, तब ती नरसिंहलाई लक्ष्मीनरसिंह भनिन्छ । वास्तवमा योग नरसिंह वा केवल नरसिंहभन्दा पनि लक्ष्मीनरसिंह अझ शान्त स्वरूपको मूर्ति हो । भारतभरि पनि लक्ष्मीनरसिंहका थोरैमात्र मूर्ति तथा मन्दिरहरू छन् । जसमा मंगलगिरि (आन्ध्रप्रदेश), गोवा (महाराष्ट्र) ,याद्रादी (तेलंगाना), थालास्सेरी (केरला),

नेल्लोर (आन्ध्रप्रदेश) का मन्दिरहरूमा तथा मद्रास म्युजियममा केही लक्ष्मीनरसिंहका मूर्तिहरू छन् । नेपालको सन्दर्भमा हालसम्मकै एउटै लक्ष्मीनरसिंहको मन्दिर भक्तपुर ग:हिटीमा छ । **पाटन सौगल टोलमा रहेको मुख्य नरसिंहको मूर्तिसँग एउटा अर्को लक्ष्मीनरसिंहको मूर्ति रहेको छ ।** पाटनका महापात्र पुन्दरसिंहले आफ्ना दिवंगत दाजु नरसिंहको सम्झनामा बनाएको सो मन्दिरमा सुरुमा नरसिंहकै मूर्ति स्थापना गरेको थियो । पछि त्यही मुख्य मूर्तिको दायाँपट्टि बसेको अवस्थाको लक्ष्मीनरसिंहको मूर्ति स्थापना गरेको देखिन्छ । तर यो मन्दिरको नाम लक्ष्मीनरसिंह नभई नरसिंह मन्दिरले मात्र परिचित छ । सबैभन्दा महत्त्वपूर्ण कुरा त , समस्त भारतभरि भेटिएका लक्ष्मीनरसिंहका मूर्तिहरूमा प्राय:गरी दुई वा चार हात भएका नरसिंह हुन्छ । शान्त स्वरूपको मुद्रामा बसेको वा उभिएको अवस्थामा नरसिंहको काखमा लक्ष्मी हुन्छ । यसको विपरीत **भक्तपुर ग:हिटीको लक्ष्मीनरसिंहको दश हात छ । जसमा खड्ग, बन्चरो, चक्रजस्ता हातहतियार छन् । साथमा नरसिंहको रूप शान्त नभई क्रोधित अवस्थामा छ । त्यतिमात्र नभई क्रोधित नरसिंहको काखमा लक्ष्मी बस्न पनि पाएकी छैन, अर्थात् उभिएको अवस्थामा छ । यो नै भक्तपुर ग:हिटीको लक्ष्मीनरसिंह मूर्तिको सबैभन्दा ठूलो विशेषता हो ।** एउटै शिला जसको लम्बाइ ४५ इन्च र चौडाइ ३२ इन्च रहेको यो लक्ष्मीनरसिंहको मूर्ति बनेको छ । यो मूर्ति ठडिएको सिंहासन जलहरी पनि ४५ इन्चकै विशाल एउटै शिलाले बनेको छ । जलहरी सिंहासन मुनि दायाँ बायाँ सिंहको आकृति छ । बीचमा नारायणको बाहन गरुड हुनुपर्ने ठाउँमा स्वयम् नारायणकै मूर्ति रहेको छ । करिब पाँच फिटको उभिएको नरसिंहको पूर्ण कदको सो मूर्तिको प्रभामण्डल अत्यन्त कलाकारिताले भरिएको छ । साथै मूर्तिमा लगाइराखेको मुण्डमाला र कण्ठमालाले नरसिंह अझै क्रोधित रहेको स्पष्ट हुन्छ । त्यस्तै नरसिंहको फिजाइ रहेको केश विन्यास अनि क्रोधित मुखाकृति अनि दश हातमा रहेको शस्त्रअस्त्र यसका थप प्रमाण हुन् । नरसिंहले बायाँ हातले च्यापिराखेको लक्ष्मी करिब २२ इन्चको छ । यस अर्थमा **भक्तपुर ग:हिटीको लक्ष्मीनरसिंहको मूर्ति हालसम्मकै यस प्रकारको एउटै मात्र मूर्ति हो ।** यति महत्त्वपूर्ण मूर्तिसहित यहाँ लक्ष्मीनरसिंहको मूर्ति स्थापना गरिसकेपछि दैनिक रूपमा यहाँ नित्य पूजाको व्यवस्था गरेको वर्षको एकदिन वैशाख शुक्ल चतुर्दशीका दिन लक्ष्मीनरसिंह देवतालाई गरगहना लगाई धुमधामसित पूजा गर्ने परिपाटी अचेल बन्द भइसक्यो । वैशाख शुक्ल चतुर्दशी नरसिंहको जन्म भएको दिन हो । यो दिन नरसिंह जयन्ति मनाउने चलन छ । सरकारी गुथि अन्तर्गत लक्ष्मीनरसिंहलाई लगाउने गहनाहरू हाल कहाँ कस्तो अवस्थामा छ, यसको खोजबिन हुनुपर्छ । साथै लक्ष्मीनरसिंह देवताको नित्य पूजादेखि अरू गुथिको लागि राखेको दत्तहरूको खोजबिन हुनुपर्छ । भक्तपुर नगरपालिकाले यो मन्दिर अब पुरानै स्वरूपमा पुन:निर्माण गर्ने भएको छ । आजभन्दा छ सय पचास वर्षअघि बनेको मन्दिर तीनसय वर्षपछि राजा जितामित्र मल्लको पालामा पुन:निर्माण भएको इतिहास साक्षी छ । त्यही मन्दिर तीनसय पचास वर्षपछि भक्तपुर नगरपालिकामार्फत पुन:निर्माण अब हुँदैछ । यो मन्दिर बनिसकेपछि ग:हिटी टोलको भव्यता थप उचाइमा पुग्नेछ । यसैलाई मध्यनजरगरी लक्ष्मीनरसिंह बारे बढीभन्दा बढी प्रचार गरी आन्तरिक एव बाह्य पर्यटन विकास गर्नु आजको आजको आवश्यकता हो ।

**सन्दर्भ सामग्री**


१. Vaisnava Iconolgy in Nepal & The Arts of Nepal -Dr Pratapaditya Pal
२. Indian Sculpure - C Shivram Murti
३. Elements of Hindu Iconography - Gopinath Rao
४. लिच्छविकालको अभिलेख- धनबज्र बज्राचार्य
५. पूर्णिमा, अङ्क १८
६. भक्तपुर, अङ्क ३००
७. भक्तपुर शिलालेख सूची
८. गोपाल राजवंशावली
९. प्राचीन नेपाल



भक्तपुर नगरपालिकाको
रेडियो कार्यक्रम
'ख्वप स:' अर्थात्
'भक्तपुर आवाज'
भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्
बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : साँझ ६:३० देखि ७:०० सम्म
सोमबार : बिहान ७:०० देखि ७:३० सम्म

# विद्यार्थी र खेलकुद जीवन



श्यामकृष्ण खत्री,
वडाध्यक्ष, भनपा वडा नं. १

भक्तपुर नगरपालिकाले २०४५ सालदेखि नै खेलबाट बाल बालिकाको शारीरिक मानसिक विकास गराउन वडा वडामा खेलकुद समिति गठन गरी युवा विद्यार्थीहरूलाई खेल प्रति आर्कषण गराई खेलकुद प्रतियोगिताहरू गराउँदै आइरहेको थियो । विद्यार्थी जीवनमा शरीरिक बृद्धि सँगसँगै मानसिक बृद्धि पनि हुने भएकोले स्वस्थ मस्तिष्कको विकास गराउन विद्यालय स्तरको खेलकुद प्रतियोगिताको आवश्यकता महसुस गरी भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आइरहेको छ ।

पाठ्यक्रममा निर्दिष्ट गरेको शारीरिक शिक्षाको उद्देश्य कक्षा कोठामा मात्र सीमित नराखी जीवन पद्धति सकारात्मक होस् भन्ने नगरपालिकाको चाहना अनुसार घर भित्र र घर बाहिर खेलिने, निश्चित उमेर समूहले खेलिने अथवा सबै उमेर समूहले खेल्न मिल्ने, महिलाको आत्मरक्षाका लागि सिक्ने सीप तथा स्वास प्रश्वासका लागि गरिने शारीरिक क्रियाकलापको मापदण्डका आधारमा खेलकुदलाई वर्गिकरण गरी नगरपालिकाले तालिम र प्रतियोगिता सञ्चालन गर्दै आएको छ ।

भक्तपुर नगरपालिकाले विद्यालय तहमा खेलकुदलाई विशेष महत्त्व दिएको छ । नगर स्तरका खेलाडीहरूलाई जिल्ला स्तर, जिल्ला स्तरका खेलाडीहरूलाई प्रदेश स्तरको बनाउने, प्रदेश स्तरका खेलाडीलाई राष्ट्रिय स्तरको बनाउँदै अन्तराष्ट्रिय प्रतिस्पर्धाका लागि सक्षम बनाउने र खेल खेलेर पनि जीवनयापन गर्नसक्ने उद्देश्य राखेर विद्यालय स्तरको खेलकुद प्रतियोगितालाई प्राथमिकता दिँदै आएको छ ।

बालबालिकामा रहेको प्रतिभा सिर्जना प्रष्फुटन गराउने अभिप्रायले विद्यालय तहदेखि शारीरिक शिक्षा तथा अत्तिरिक्त क्रियाकलापमा विभिन्न खेलको प्रतियोगिताहरू सञ्चालन हुँदै आएको सर्वविदितै छ । नगर भित्रका ९२ ओटा विद्यालय तहमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापहरूलाई निरन्तरता दिँदै हरेक वर्ष विभिन्न खेलका खेलकुद सामग्री वितरण गरिआएको छ । नगर भित्रका विद्यालयहरूमा सीमित श्रोत साधन भएका कारण नगरपालिकाले विद्यार्थी केन्द्रित गरी ६ ओटा खेलको नियमित प्रशिक्षण गराई २ जना खेलकुद प्रशिक्षक नियुक्त गरी विद्यालय विद्यालयहरूमा नियमित प्रशिक्षण गराउँदै आएको छ ।

हरेक प्रशिक्षणमा विद्यार्थी, युवाहरूलाई प्रशिक्षण गराउनु अघि गराइने शारीरिक अभ्यासले मानिसमा मनोबल बढाउने कार्य गर्दछ भने खेलबाट प्रतिस्पर्धाको भावना विकास गराई शारीरिक, मानसिक रूपमा स्वस्थ बनाउन मात्र नभई सांस्कृतिक नैतिक र चारित्रिक रूपले सक्षम बनाउँदै लैजाने पनि विश्वास लिएको हुन्छ ।

विद्यार्थी जीवनदेखि सार्वभौमिकता रक्षा र सम्पदा संरक्षणका लागि पनि विद्यालयमा खेलकुदको आवश्यकता महसुस गरिएको छ । साथ साथै विद्यालय खेलकुदले अपराधलाई न्यूनीकरण गराउँदै लगी सभ्य र सुसंस्कृत समाज निर्माण गर्न हामी जनप्रतिनिधिहरूले निर्वाचन घोषणापत्रमार्फत प्रतिवद्धता व्यक्त गरिएका कुराहरू समेटेर भक्तपुर नगरपालिकाले नीति बनाई लागु गरेको छ ।

शिक्षक र विद्यार्थीहरू राजनीति, साहित्य र खेलकुदको महत्त्वबारे शिक्षित दीक्षित हुनु आवश्यक छ । युवा र विद्यार्थीहरूलाई अनिवार्य सैनिक तालिम दिनु आवश्यक छ । नैतिकवान खेलाडी, प्रशिक्षकहरूले जीवनमा पछुताउनु पर्नेछैन । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. रोहितको उद्घोषलाई मध्य नजर गरी भक्तपुर नगरपालिकाले २०७४ कार्तिक ८ गतेदेखि प्रत्येक वर्ष विद्यालय स्तरको खेलकुद महोत्सव विश्वभरि फैलिएको कोभिड-१९ सङ्क्रमण बीच पनि विद्यालय स्तरको खेलकुद प्रतियोगिता र अन्तरनगर राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आएको छ ।

विद्यालय स्तरको खेलकुद प्रतियोगिताले भक्तपुरमा अध्ययनरत देशका विभिन्न जिल्लाका विद्यार्थीहरू खेलकुदको माध्यमबाट भक्तपुरको खेलकुद, शिक्षा, स्वास्थ, सम्पदा संरक्षणका साथै राजनैतिक अवस्थाबारे भक्तपुरबाट बुझेर भक्तपुर र आफ्नो गाउँ जिल्ला नगरबीच तुलना गर्न सकोस् भन्ने चाहना राखी खेलकुदको प्रशिक्षण प्रतियोगितालाई जोड दिँदै आएको छ । गौरवमय इतिहास बोकेको विद्यालय स्तरको खेलकुद प्रतियोगिता आज हाम्रो सामु चुनौति बनेको छ । यो बुद्धिजीवी, खेलकुद सङ्घ, जिल्ला सङ्घ, खेलकुद समिति, प्रशिक्षक, निर्णायकहरूसँग पनि भक्तपुरको प्रतिष्ठा गाँसिएको छ । विद्यालय स्तरको खेलकुद प्रतियोगिता सु-व्यवस्थित तरिकाबाट आयोजना गर्नमा विशिष्ट व्यक्तिहरूको महत्त्वपूर्ण योगदान छ ।

नगर भित्र पर्याप्त खेलकुदका भौतिक संरचना नभएका

कारणले भक्तपुर नगरपालिकाले वडा–वडामा वडा समितिको मातहतमा गठित खेलकुद समितिहरूलाई जिम्मा दिई वडाको उपयुक्त स्थानमा प्रतियोगिता सञ्चालन गरी आएको छ। त्यस्ता स्थानको मर्मत, पुनःनिर्माण, सुधार गर्नुपर्ने परिवेशमा सुधारका कार्यहरू भइरहेका छन्। नव निर्माण गर्ने तर्फ लिवालीमा एउटा मझौला कभर्ड हल र बेखालको टेबुल टेनिस हललाई भत्काई निर्माण भइरहेको छ। त्यसै गरी सहिद स्मृति खेलमैदान र महेश्वरी खेल मैदानलाई दर्शक स्थल र भि.आई.पि. को सुविधा सहितको बनाउनेबारे विज्ञहरूसँग सल्लाह भइरहेको छ।

शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, संस्कृति जर्गेना गर्नेमा मात्र नभई ज्ञान विज्ञान, खेलकुद जगतमा पनि नमुनाको रूपमा भक्तपुरलाई चिनाउने प्रयासलाई निरन्तरता दिइरहेको छ।

भक्तपुर नगरपालिकाले सान्दर्भिक तथा अभ्यासमूलक सिकाइका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता महसुस गरी भक्तपुरको कला, संस्कृति, खेलकुद, विभिन्न क्षेत्रका व्यक्तित्वहरूको परिचय समेत बुझ्न सक्ने, सिकाइका तरिकामा विविधता देखाउन मार्ग प्रशस्त गरेको छ। पाठ्यक्रममा दिएको, स्थानीय खेलदेखि राष्ट्रिय खेल भलिबल, विद्यालय स्तरको खेलकुद प्रतियोगितामा समावेश गरी २०७८ साल मङ्सिर २० गतेदेखि २४ गतेसम्म प्रतियोगिता सञ्चालन गरी भक्तपुर खेलमय बनाउन सफल भएको छ।

यस पटकको विद्यालय स्तरको प्रतियोगितामा भलिबल फुटसल, टेबुलटेनिस, कब्बडी, पोर्टबल, टेक्वाण्डो, कराते, ब्याटमिन्टन, खो खो, कसिमला पाँयू, जिम्नाष्टिक, एथलेटिक्स गरी १४ वटा विधामा ७१ विद्यालय सहभागी भएको र २०९ जना निर्णायकहरू परिचालन गरिएको थियो। १८८५ खेलाडीहरूले प्रतिस्पर्धा गरेको खेलमा १९६ स्वर्ण, १९६ रजत, ३१४ कास्य, ७८ ट्रफीले सम्मान गरी २०७८ सालको विद्यालय स्तरको खेलकुद प्रतियोगिता सम्पन्न भयो।

प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेँले प्रतियोगिताको उद्घाटन गर्नुभयो भने नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा पुरस्कार वितरण गरी २०७८ सालको विद्यालय स्तरको खेलकुद प्रतियोगिता सम्पन्न भएको थियो।

'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति'

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**लक्ष्मी नरसिंह मन्दिर पुनः निर्माण कार्यमा सहयोग गर्नेसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाले २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त भक्तपुर नगरभित्रका विभिन्न सम्पदाहरूमध्ये अधिकांश सम्पदाहरूको पुनः निर्माण र जीर्णोद्धार कार्य सम्पन्न गरिसकेको र केही सम्पदाहरूको हाल पुनः निर्माण र जीर्णोद्धार कार्य भइरहेको सन्दर्भमा भनपा-४, गःहिटीमा अवस्थित "ऐतिहासिक लक्ष्मी नरसिंह मन्दिर" स्थानीय श्रम, सीप र प्रविधिको प्रयोग गरी पुनः निर्माण कार्य भइरहेको व्यहोरा जानकारी गराउँदै उक्त पुनः निर्माण कार्यमा आर्थिक, एवम् भौतिक सहयोग गर्न इच्छुक संघ, संस्था, व्यक्ति, दाफा, भजन र गुठीहरूले आर्थिक सहयोगको लागि लक्ष्मी नरसिंह मन्दिर पुनः निर्माण उपभोक्ता समितिको नाममा सेन्ट्रल फाइनान्स, च्याम्हासिंह शाखाको खाता नं. ००५००५०००२७५८००००००१ मा रकम जम्मा गर्नुहुन तथा नगद वा जिन्सी सहयोगको लागि निम्न व्यक्तिहरूसँग सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ :-


**सम्पर्क व्यक्ति :**

१. ४ नं. वडाध्यक्ष - श्री कुमार चवाल, भनपा : ९८५११५९८३५
२. भनपा लेखा अधिकृत - श्री रामसुन्दर सुजखु, भनपा : ९८४१३५८४५०
३. उ.स. अध्यक्ष - श्री शिवराम किजु, लक्ष्मी नरसिंह मन्दिर पुनः निर्माण : ९८५११६८३८६



# किम इल सङ्को संस्मरण

# शताब्दीका साथ -१४




## रि जे सुन (१)

भाग-९ । परिच्छेद ८ (क)

पेक्डु पर्वत क्षेत्र पुगेलगत्तै हामीले भकाभक गोप्य शिविर बनाउन थाल्यौं । कोरियाली बस्तीहरूमा पितृभूमि पुनःस्थापना सङ्गठनको विस्तार गर्ने बृहत् अभियान चलायौं । पेक्डु पर्वत वरपरको चाङबाई क्षेत्र र गृहभूमिको काप्सन क्षेत्र पहिलो चरणमा पितृभूमि पुनःस्थापना सङ्गठन विस्तारको लागि छनौट गरियो । सङ्गठन विस्तार गर्ने चुनौतीपूर्ण काम सफलतापूर्वक अघि बढाउन हामीलाई केही भरपर्दा कार्यकर्ताहरू छनौट गर्नु थियो । उनीहरूले आफ्नो ज्यान दिएर पनि सङ्गठनलाई मद्दत गर्नुपर्थ्यो ।

पश्चिम जियानदाओमा हामी पुगेलगत्तै मैले एउटा सानो टोली बनाएर त्यतातिर परिचालन गरें । मैले कम्पनी कमान्डर रि तोङ हकलाई पटक-पटक जोडका साथ भनें,'तपाईंको मुख्य जिम्मेवारी सक्षम कार्यकर्ता छनौट गर्नु हो । पूरै चाङबाई क्षेत्रमा खोज्नु परे पनि खोजेर केही भरपर्दा सहयोगीहरू बनाउनुहोस् । शत्रुमाथि हमला गर्ने कुरा दोस्रो महत्त्वको विषय हो । तपाईंको मुख्य जोड राम्रा कार्यकर्ता बनाउनेमा लगानुहोस् । परिस्थितिअनुकूल भए शत्रुमाथि हमला गर्नुस् । नभए शत्रुमाथि हमलाको कुरा अहिलेलाई छोड्नुस् ।'

रि तोङ हकले निकै कुशलतापूर्वक यो काम पूरा गरे । उनी रि जे सुनलाई लिएर गोप्य शिविरमा फर्के । रि तोङ हक हेर्दा निकै सतही देखिन्थे । तर, खासमा उनी निकै गम्भीर थिए । उनी विशेष खालका व्यक्ति थिए । उनी निकै हतारमा बोल्थे । पहिलो पटक उनको कुरा सुन्ने मान्छेले उनको कुरा सुन्दै गर्दा आफू कतिबेला निदाएँ, पत्तै पाउन सक्दैन । त्यसरी हतार हतार बोलेर उनी आफ्ना कार्यकर्तालाई परिचालन गरिरहेका हुन्थे । हतारमा बोल्ने उनको स्वभावको कारण साथीहरूले उनको उपनाम नै 'गनगने' राखिदिएका थिए ।

चाङबाई क्षेत्रमा आफ्नो कम्पनीसँगै घुम्ने क्रममा उनले इर्शिदाओक्वको टारमा युवा र केटाकेटीलाई प्रातःकालीन व्यायाम सिकाइरहेका गाउँका एक जना युवक मुखियालाई भेटे । त्यो गाउँको नाम सिनसिनकन थियो र गाउँको युवक मुखियाको नाम रि जे सुन थियो । रि जे सुन गाउँका मुखियाका साथै रात्रीकालीन विद्यालयका शिक्षक पनि थिए । सिनसिनकनमा बुढा होस् वा जवान अथवा महिला, जो कोही पनि गाउँको मुखियालाई गहिरो सम्मान र मायाका साथ 'माइसाब' भनी बोलाउँथे ।

रि जे सुनको व्यक्तित्वको परीक्षण गर्न रि तोङ हकले आफ्नो कम्पनीको लागि दुई-तीन दिनको लागि खानाको व्यवस्था गर्न आग्रह गरे । गाउँको मुखियाले उनको आग्रह भुईंमा खस्न पनि नपाउँदै सिङ्गो कम्पनीको लागि पुग्ने ठूलो परिमाणमा खाद्यान्नको जोहो गरे र गोप्य शिविरसम्म पुऱ्याउन स्वयम्सेवक भरियाहरूको पनि चाँजोपाँजो मिलाए । उनको काम गर्ने शैली निकै छरितो थियो । उनको सोचाइ निकै फराकिलो थियो । तोङ हकको मन जित्न यिनी गाउँका मुखियालाई धेरै समय नै लागेन । तोङ हकले उनलाई सिधै मुख्यालयमा सम्पर्क गराउने विचार गरे । त्यस्तो हतार गर्दा उनको पछि आलोचना हुनसक्ने कुरामा उनी जानकार थिए । त्यही भएर तोङ हकले जे सुनलाई खाद्यान्नको भारी बोकेर आफूसँगै मुख्यालयमा जान अनुरोध गरे । उनको अनुरोध जे सुनले सहजै स्वीकारे ।

गाउँका मुखिया आफैले गाउँलेको नेतृत्व गरेर क्रान्तिकारी सेनालाई खाद्यान्न पुऱ्याउन गएको कुरा शत्रुले थाहा पाए कोपभाजनमा पर्न सक्थ्यो । त्यसकारण तोङ हकका कार्यकर्ताहरूले कोही खतरनाक अपराधीलाई जस्तै गरी डोरीले पाटा कसेर जे सुनलाई लिएर गएको अभिनय गरे ।

सिनसिनकनबाट खाद्यान्न बोकेर गएको टोली तीन दिनपछि गोप्य शिविरमा आइपुगे । तोङ हकले शिविरभन्दा दस किलोमिटर वरै टोलीलाई फर्काउन खोज्दा जे सुनले आफूलाई पनि गोप्य शिविरमा लिएर जान अनुनय विनय गरे ।

तोङ हकले जे सुनको परीक्षा लिन जानाजान आफ्नो अनुहार बिगारेर भने,'तपाईंहरूलाई सँगै लिएर जान गाह्रो छ । गोप्य शिविरमा तपाईंहरूलाई लिएर जाने जोखिम हामी उठाउन मिल्छ र ?'

जे सुनको दिमागमा तत्कालै कुनै गज्जबको सोचाइ आएजस्तो गरी तोङ हकको हात समातेर भने, 'त्यसो गरौं न । तपाईं मेरो परीक्षा लिनुहोस् । मलाई कुनै त्यस्तो काम दिनुहोस्, जसको निम्ति मैले मेरो जीवन नै पनि बलिदान गर्नुपर्ने हुनसक्छ ।'

तोङ हकले उनको यो प्रस्ताव स्वीकारे । उनले जे

सुनलाई तीन दिनमा पाँच जोडा घुँडासम्म आउने कोरियाली मोजा र पाँच जोडा जुत्ता लिएर आउन निर्देशन दिए। यदि यी सबै सामान तोकिएको समयमा लिएर आए जे सुनलाई गोप्य शिविरमा लिएर जाने उनले वाचा गरे। यदि तोकिएको समयमा नआए अथवा खाली हात आए उनको प्रस्ताव अस्वीकार गरिने पनि तोङ हकले स्पष्ट पारे।

जे सुन सिनसिनकन फर्के। उनले यो कामलाई सजिलो ठाने। यति काम त कुनै गाह्रोबिना नै गर्न सक्ने उनलाई लाग्यो। उनले आफ्नी श्रीमती र बहिनीलाई बोलाएर विवाहको समयमा श्रीमतीले आफ्नो लागि किनेको एउटैमात्र खास्टो च्यात्न लगाए। त्यसैको उनले पाँच जोडा मोजा र पाँच जोडा जुत्ता एकै रातमा बनाई भ्याए। अनि ती सामान बोकेर उनी तोकिएको समय अगावै तोङ हकलाई भेट्न गए।

यो सब देखिसके पछि मात्र तोङ हकले जे सुनलाई अँगालोमा बेरेर आफ्नो परिचय खुलाए। उनले आफ्नो बोलाइने नाम 'गनगने' भएको खुलाए। अनि आफ्नो जन्म थलोबारे पनि बताए। अनि भने, 'अखिरमा मैले तिम्रो खास्टो च्यात्न लगाएँ है।'

यसरी जे सुन परीक्षा उत्तीर्ण गर्न सफल भए।

पेक्दु क्षेत्रको भ्रमण सकेर फर्केपछि मलाई तोङ हकले सिनसिनकन गाउँमा आफूले निकै उत्कृष्ट युवक भेटाएको खुशीको खबर सुनाए। अनि उनले जे सुनलाई लिएर शिविरमा आए। उनी मलाई जे सुनसँग परिचय गराउन चाहन्थे। तोङ हकले उनको प्रशंसा गरेर आकाश पुऱ्याए। जे सुनले शिविरमा केही दिन बस्दा एक छिन पनि विश्राम नगरी गुरिल्ला प्रकाशनहरू पढेको बताए। उनी दृढ र छरितो भएको पनि बताए। गुरिल्लाहरूबाट जे सुनले कसरी हतियारका पार्टपुर्जा जडान गर्ने वा निकाल्ने पनि सिकेको पनि बताइयो। अभ्यास मैदानमा को कतातिर फर्किने भन्ने कुराको निर्क्योलसमेत उनले गर्न जानिसकेको तोङ हकले सुनाए। उनले अगाडि भने, 'यो केटो निकै चलाख र स्पष्ट छ। उनी मनैदेखि लाग्ने खालको छ। उनीभित्र क्रान्तिको उच्च भावना छ। उनी जो सुकैसँग पनि तुरुन्तै घुलमिल हुनसक्ने स्वभावका छन्। केही दिनमै उनले शिविरका सबै कार्यकर्तासँग मित्रता गाँसिसकेका छन्। निकै सामाजिक स्वभावका छन्।'

तोङ हकका कुरा अतिरञ्जना होइन भने सिनसिनकन गाउँका मुखियाको समग्र मूल्याङ्कन ठिकै थियो।

रि जे सुन कुनै महिलाजस्तै कमलो थिए। उनका मुस्कुराइरहने आँखाहरू निकै आकर्षक थिए। उनका हेराइ ज्यादै भद्र र कमलो खालका थिए। तर, भित्रबाट भने उनी फलामे इच्छाशक्ति बोकेको स्पात जस्तै बलियो सिद्धान्तनिष्ठ बुद्धिमान व्यक्ति थिए जसको आस्था चट्टान जस्तै बलियो थियो। यद्यपि उनी शान्त स्वभावका थिए।

गरिब किसान परिवारमा जन्मेका उनी बाल्यकालदेखि नै धेरै दुःख कष्ट सामना गर्दै हुर्केका थिए। उनले पढ्ने अवसर पाएनन्। आफ्नी आमासँगै उनी पनि अरूका खेतमा गोडमेल गर्ने काम गर्थे। दस वर्षको उमेरदेखि उनी छिमेकी गाउँका जमिनदारको घरमा नोकर बसेर पेट पाल्न थाले। एक साँझ जे सुन कोठामा परालको जुत्ता बुन्दै गर्दा अचानक उनकी आमा उनलाई भेट्न आइपुगिन्। जे सुन पनि आमालाई भेट्न आतुर थिए। तर, जुत्ता बुन्दै गरेका उनले आफ्नी आमालाई आँखा उठाएर पनि हेरेनन्। आमा उनको छेउ आएर सुकुलमा बसिन्। जे सुन नबोलेको देखेर आमाले के भयो भनी सोधिन्। तर, जुत्ता बुन्दै गरेका जे सुन एकोहोरो आफ्नो काममा लागिरहे। उनले आमाको प्रश्नको जवाफ दिएनन्। आफ्नो प्यारो छोराले एक शब्द पनि नबोले पछि भारी मन लिएर आमा कोठाबाट बाहिर निस्किन्। त्यसपछि जे सुनले गरिरहेको काम रोकेर आमालाई पछ्याए। गहभरि आँसु गरी उनले भने, 'आमा! तपाईँ यहाँ फेरि नआउनु होला। तपाईँ फेरि आए जमिनदारको परिवारले तपाईँमाथि शङ्का गर्ने छन्। उनीहरूबाट तपाईँले केही लिन आएको जस्तो सोच्नेछन्।'

छोराको कुरा सुनेर आमाले छोरालाई अँगालोमा बेरिन् र पछि सुकसुकाउँदै बाटो लागिन्। उनले छोरालाई भेट्न मन भए पनि अबबाट कहिल्यै पनि त्यहाँ नआउने वाचा गरिन्।

जे सुनले औपचारिक शिक्षा त पाएनन्। तर, आफ्नै मिहिनेतले उनले माध्यामिक तहसम्मको शिक्षा भने हासिल गरे। उनी त्यस्ता मिहिनेती मान्छे थिए। चौध वर्षसम्म जमिनदारको घरमा नोकर बसे पछि केही वर्ष उनी रात्री विद्यालयमा पढे। आफ्नो दाजुसँग उनले कोरियाली अक्षर लेख्न सिके। विवाह पछि उनले आफूसँगै चिनियाँ अक्षरको शब्दकोश बोकेर गए। त्यसबाट आफैले चिनियाँ अक्षर लेख्न र पढ्न सिके। विद्यालय पढ्न नपाउँदा जीवनमा धेरै दुःख पाएको भन्दै उनले सिनसिनकन गाउँमा आफैले रात्री विद्यालय सञ्चालन गरे। जङ्गल फाडेर बस्ती बसाएका किसानका छोराछोरीलाई उनी त्यो रात्री विद्यालयमा पढाउँथे। जे सुन ती बालबालिकालाई शिक्षित बनाउन प्रतिबद्ध थिए।

उनको आफ्नो गाउँमा उनले केही वर्षअघि नै बाल सङ्गठन र युवा लिग बनाएर साङ्गठनिक जीवन थालिसकेका थिए। उनका जेठो दाजु पक्राउ परे पछि जापानी प्रहरीले जे सुनमाथि पनि निगरानी राख्न थाले। लगातार दुःख दिन थाले पछि व्यक्तिगत सुरक्षामा खतरा अनुभव गरेर उनी सन् १९३२ को सुरुमा काप्सनतिर बसाइँ सरे। त्यहाँ उनको ससुराली थियो। त्यही बेला पार्क तल जस्ता केही प्रगतिशील मानिसहरू सोही क्षेत्रमा देशभक्तिपूर्ण शिक्षा दिने काममा लागेका थिए। जे सुन पनि ओफुङदोङमा गोप्य अध्ययन गोष्ठीमा सामेल भएर उनीहरूको अभियानमा सामेल भए। अनि विचारको नयाँ प्रवाहको अध्ययनमा संलग्न भए।

गोष्ठीका सदस्यहरू आफ्नो देश र राष्ट्रको उद्धारको लागि सही सङ्घर्षमा आफ्नो जीवन दिन समेत कति पनि अनकनाउँदैनथे, त्यसको निम्ति उनीहरू सधैँ तयार थिए। तर,

उनीहरूलाई कसरी लड्ने भन्ने कुरा थाहा थिएन । त्यही भएर उनीहरू अलमलमा थिए । उनीहरूले सङ्घर्षको सही बाटो पहिल्याउन र लोकप्रिय नेता चिन्न देशका हरेक कुना र क्षेत्रका मानिसहरूसँग सम्पर्क जोडे । उनीहरूले श्रमिक सङ्गठन, किसान सङ्गठन र पहाडतिर घुम्दै हिँड्ने सिद्धान्तकारहरूलाई भेटे । तर, अझै पनि उनीहरूले सङ्घर्षको प्रष्ट दिशा र कार्यनीति भेटाउन सकेका थिएनन् ।

रि जे सुनले कोरियाली जनताको क्रान्तिकारी सेनाका गतिविधिलाई पछ्याउन थालेका थिए । सन् १९३४ तिरबाट देशभित्र क्रान्तिकारी सेना चाङबाई क्षेत्रतिर आउने तयारीमा रहेको भन्ने हल्लाखल्ला हुन थालेको थियो । उनले सुरुमा हुनचुन क्षेत्रमा जान बनाएको मनसाय त्यागे र चाङबाई काउन्टीको इर्शिदाओक्वस्थित छियानगेदेमा बसाइँ सरे । छियानगेदेमा विकास गरेका अन्यत्रबाट त्यहाँ बस्न आएका मान्छेहरूले त्यो ठाउँको नाम बद्लेर सिनसिनकन राखे ।

सिधा जाने हो भने पोचोनबो सिनसिनकनबाट त्यत्ति टाढा थिएन । सिनसिनकनबाट पेक्दु पर्वतसँगै पेगे पहाड, सोबेक पर्वत र कोनजाङ पर्वत देखिन्थ्यो । आफ्नो ठाउँबाट पेक्दु पर्वत देखिने कुराले जे सुनलाई अनौठो खालको सन्तोष अनुभव हुन्थ्यो । त्यो अपरिचित विरानो भूमिमा पुरानो स्मृतिबाट उनी निकै रोमाञ्चित हुन्थे ।

तथापि, प्रशासनको दमन र गरिबीले त्यहाँका आप्रवासीलाई छायाँमा पारेको थियो । जमिनको तिरोको भारी र अनिवार्य श्रम र अनेक थरी करले थचारिएका सुकुम्बासी जनता ढाड सोझ्याएर आकाशतिर नियाल्ने धरी फुसर्द पाउँदैनथे । बिदाको दिन पनि मोहीहरूलाई जमिनदारहरूले घुस दिन बाध्य पार्थे र आफ्नो लागि दाउरा ल्याउन लगाउँथे । नदीपारि कोरियाको करिम-रि र चोन्सु-रिका प्रहरीले चाङबाई क्षेत्रका कोरियाली आप्रवासीहरूलाई दाउरा ल्याउन आदेश दिन्थे । त्यसले पनि गरिब मोही किसानहरूको अवस्था अझ खराब बनाउँथ्यो । गाउँमा पस्दा प्रहरीले किसानको घरको कुखुरा खोर खोज्दै हिँड्थ्यो । त्यहाँबाट उनीहरू जबरजस्ती अण्डा लिएर जान्थे र खान्थे । किसानहरूलाई उमालेको जौ वा कोदोको खोले खान निषेध गरिएको थियो ।

६० घर परिवारको भएको सिनसिकनमा एउटा परिवारसँग एउटा गोरु पनि थिएन । उनीहरूलाई खेत खनजोत गर्न कति कठिन थियो होला ! उनीहरू आफैले हलो काँधमा राखेर तान्थे र खेत जोत्थे । बसन्तयामको एक दिन एउटा युवा दम्पत्ती खेत खनिरहेको थियो । उनीहरूले बिनागोरु दिनभर खेत खने । पहिला स्वास्नीले हलो समातिन्, लोग्नेले गोरुको सट्टा हलो ताने । पछि स्वास्नीले हलो तानिन् र लोग्नेले हलो जोते । त्यही क्रममा बीचमा हलो अड्कियो । हलो तसको मस भएन । लोग्ने चिच्यायो, 'ह ह ह ।' उनले आफ्नो पहिलाको गाउँमा गोरुले हलो जोते जस्तै ठाने । आफूलाई लोग्नेले पशुजस्तै व्यवहार गरेको सोचेर स्वास्नी हलो खेतमा हुत्याएर ड्याङमा बसेर क्वाँक्वाँ रुन थालिन् । स्वास्नी भक्कानिएर रोएरको देखेर लोग्ने हलो छोडेर आफ्नी श्रीमतीको छेउमा थुचुक्क बसेर माफी माग्दै भने, 'मेरो जिब्रो लरबरियो । मलाई माफ गर । यस्तो दुःखको जीवन कहिले सकिने हो भगवान् !'

सिनसिनकनको यस्तो अवस्थाले त्यहाँका किसानहरूलाई राष्ट्रिय र वर्गीय चेतना बुझ्न क्षमतावान बनायो ।

अधिकांश गाउँलेहरू गरिब थिए । उनीहरू हामयोङ प्रान्तको उत्तर र दक्षिणबाट त्यहाँ बसाइँ सरेका थिए । कोही जापानविरोधी जनसङ्गठन जस्तै किसान सङ्गठन र युवा लिगमा सामेल भएपछि गतिविधि गर्ने नयाँ ठाउँको खोजी गर्दै आफ्नो ठाउँ र मातृभूमि छोडेर त्यहाँ निर्वासित भएका थिए । पितृभूमि पुनःस्थापना सङ्गठनको सिनसिनकन शाखामा काम गरेर किम प्योङ छोल पनि आफ्नो ठाउँमा गतिविधि गरेर त्यहाँ निर्वासित जीवन बिताउन आएका थिए ।

मातृभूमिमा छँदा किम प्योङ छोलले आफ्ना कमरेडहरूलाई कोरियाली जनक्रान्तिकारी सेनाको मार्गनिर्देशन प्राप्त हुने बाटो बनाउन सके किसान सङ्गठनको सङ्घर्षले सफलता हासिल गर्ने र क्रान्तिकारी सेनाको नेतृत्वबिना पितृभूमि प्राप्तिको सङ्घर्ष विजय नहुने बताउने गर्थे । उनको विचारप्रति उनका धेरै कमरेडहरूले समर्थन गर्ने कुरा भनिरहन परेन । तर, केही कमरेडहरू भने उनीसँग फरक मत राख्थे । उनीहरू क्रान्तिकारी सेनासँग सम्पर्क स्थापना गर्न सम्भव नभएको ठान्थे । किम प्योङ छोलले एक दिन आफै गएर क्रान्तिकारी सेनाका गुरिल्लाहरूको खोजी गर्ने भन्दै आफै सिनसिनकनमा पुगे । त्यहाँ उनका साथीहरू सक्रिय थिए । उनी नेता र लडाकु थिए । गृहभूमिका अरू कोही लडाकुभन्दा अघि नै देशबाहिरबाट भइरहेको सशस्त्र सङ्घर्ष र देशभित्र चालु राजनीतिक सङ्घर्ष अभिवाज्य भएको र तिनलाई एकै ठाउँमा ल्याउनुपर्ने कुरा बुझिसकेका थिए । खाली कुरामात्र गरेर होइन, यो विचारलाई व्यवहारमै कार्यान्वयन गर्नुपर्ने उनको मत थियो । जनक्रान्तिकारी सेनासँग सम्बन्ध स्थापना भए पछि उनले त्यसैमा दिलोज्यान दिए र आफ्नो विचारको कार्यान्वयन गर्दै गए ।

रि जु ग्वान र रि जु इकजस्ता कोरियाली देशभक्तहरू मिलेर सन् १९३० दसकको सुरुमा चाङबाई क्षेत्रमा मञ्चुरियाको कोरियाली क्रान्तिकारी किसान सङ्घ स्थापना गरे । त्यो सङ्गठनले जनसङ्घर्षका गतिविधि गर्थ्यो । किसान सङ्गठनले जनचेतनामूलक अभियान जस्तै अन्धविश्वास हटाउने, जुवा-तास, कम उमेरमा विवाह, पैसाको लेनदेनबाट विवाह र अशिक्षा आदिबाट गतिविधिको आरम्भ गर्थ्यो । त्यस्ता जनचेतनामूलक अभियानलाई क्रमशः आर्थिक सङ्घर्षमा विकास गरिन्थ्यो । जस्तै मोही विवाद मिलाउने र जबरजस्ती श्रमविरुद्ध सङ्घर्षमा किसान सङ्गठन संलगन हुन्थ्यो । अनि किसान सङ्गठनले क्रमशः जापानविरोधी राजनीतिक सङ्घर्षमा किसानहरूलाई सामेल गराइन्थ्यो । किसानहरूले जापानी सेनाको

ब्यारेक निर्माण रोक्ने वा विरोध गर्ने, सेनालाई बाटो बनाउन नदिने जस्ता गतिविधि गर्थे ।

हामीले चाङबाई क्षेत्रमा पितृभूमि पुनःस्थापना सङ्गठनका एकाइहरू विस्तार गर्नुअघि त्यहाँ क्रान्तिकारी किसान सङ्घले नै सिनसिनकन र वरपरका गाउँहरूमा जनसङ्घर्षका गतिविधिको नेतृत्व गर्ने गरेको मलाई बताइएको थियो ।

छोटोमा भन्दा रि जे सुनलाई हिउँजस्तो गोरो पवित्र हृदय भएको मान्छे भन्न सकिन्छ । उनको जीवन तुलनात्मक रूपमा निकै सरल थियो । उनले कुनै गलत विचारको पक्षपोषण गरेनन् । उनले आफ्नो मनपरी गतिविधि गर्ने वा फुटको पक्षधरहरूको विरुद्ध लडे । हामीले उनको प्रवृत्तिको यो स्वच्छताको कदर गऱ्यौँ । बेदाग दिमागमा बिजारोपण गरिएको विचार र सिद्धान्त कहिल्यै पनि फोहोर हुँदैन ।

रि जे सुनका अनुसार जापानविरोधी देशभक्तिपूर्ण सङ्घर्षको क्रममा जीवन दर्शनका केही महत्त्वपूर्ण कुरा सिकियो । मानिसको लागि सबभन्दा कठिन काम भनेको अगुवा वा नेताको भूमिका खेल्ने भएको उनले बताएका थिए । उनलाई भने, 'अरूले एउटा काम गर्दा तपाइँले दुई–तीन काम गर्नुहुन्छ । अरूले एक पाइला चाल्दा तपाइँले दुई–चार पाइला चाल्नुहुन्छ ।' वास्तवमै उनका शब्दमा सत्य अभिव्यक्त भएको छ । समाजवादी रूपान्तरणको काँडाले भरिएको बाटोमा हिँडेको एक जना क्रान्तिकारीको कठिन अवस्था उनका शब्दमा व्यक्त भएका छन् ।

'खेतीपातीको काम पनि सम्हाल्नु, गाउँको मुखियाका जिम्मेवारी पनि पूरा गर्नु र क्रान्तिकारी गतिविधिमा पनि सामेल हुन तपाइँलाई गाह्रो होला", मैले भनेँ ।

मुसुक्क मुस्काउँदै उनले भने, 'हो । तर, त्यसैमा मलाई खुशी लाग्छ । हामीले क्रान्तिकारी गतिविधिमा लाग्ने कष्ट नउठाए यी दुःखका दिनमा बाँच्नुमा के खुशी हुनसक्छ र ?'

उनले आफूलाई जनतासँग काम गर्न निकै मज्जा लाग्ने र कमरेडहरूसँग बस्दा ज्यादै सन्तोष अनुभव हुने कुरा सुनाए । मैले उनलाई सबभन्दा मन जित्न गाह्रो हुन्छ भनी सोध्दा उनले ज्येष्ठ नागरिकहरूको मन जित्न सबभन्दा गाह्रो हुने अनुभव सुनाए । उनले कुनै ठूलो खेलमैदान वा सामुदायिक भवन भए गाउँका जनतालाई सचेत बनाउन सजिलो हुने र सिङ्गो उप–काउन्टीलाई क्रान्तिकारी ढाँचामा रूपान्तरण गर्न सकिने बताए । मैले जनताबारे र जनताबीच काम गर्ने शैलीबारे उनका कुराप्रति पूर्ण सहमति जनाएँ ।

जनतालाई सचेत बनाउने क्रममा उनले हासिल गरेको एउटा अनुभव 'परिवार रात्रीकालीन विद्यालय' सञ्चालनसम्बन्धी थियो । त्यस्तो रात्रीकालीन विद्यालयले परिवारलाई एउटा एकाई मान्थ्यो । उनले त्यस्तो एउटा विद्यालय आफ्नै घरमा स्थापना गरेका थिए । त्यसमा उनले आफ्नो परिवारका सबै सदस्यलाई सामेल गरे । परिवारका सबै सदस्य हरेक रात विद्यालयमा हाजिर हुन्थे । रि जे सुन आफ्नी श्रीमती र भाइहरूलाई कक्षा सञ्चालन गर्थे । त्यही भएर उनको घरका सबै परिवार सदस्य साक्षर भए ।

जनताबीच काम गर्ने विषयमा कुराकानी गर्ने सिलसिलामा मैले उनलाई अरू दस घरका थकालीबारे सोधेँ । उनीहरू पनि शिविरमा खाद्यान्न बोकेर आएका थिए । उनले उनीहरू सबै असल मान्छे भए पनि जमिनदार छोनको सौतेनी छोरा भने अलि छुद्र भएको बताए । छोनले गल्तीवश क्रान्तिकारी सेनालाई 'डाँका' भन्ठानेका रहेछन् । त्यही भएर शिविरमा आएको पहिलो दिनदेखि नै उनलाई असहज अनुभव भएको थियो । गुरिल्लाहरूले आफूलाई मार्ने पो हुन् कि भनी डराएका थिए ।

मैले अनौपचारिक शैलीमै सोधेँ, 'मानौँ कमान्डर रि तोङ हकले उनीसँग चन्दा उठाउन यहाँ लिएर आए । हामीले उनलाई कसरी व्यवहार गर्दा उचित होला ?'

रि जे सुनले मानौँ यस्तै प्रश्नको प्रतिक्षा गरिरहेजस्तो गरी बिना अलमल आफ्नो भित्री भावना यसरी व्यक्त गरे, 'मेरो विचारमा गुरिल्लाहरूले जनताको केही हानि गर्दैन । उनी जमिनदारका सौतेली छोरा त हुन् । तर, नाम मात्रका । वास्तवमा उनी मायालाग्दो युवक हुन् । उनको हैसियत नोकरजत्तिको पनि छैन । त्यसकारण उनी कुनै गल्तीका दोषी होइनन् ।'

उनको यो समझदारी देखेर मैले उनको प्रशंसा नगरी रहन सकिँन । उनको सोच्ने शैलीबाट म प्रभावित भएँ । संयुक्त मोर्चाको कोणबाट उनले विषयवस्तुलाई निकै सद्भावपूर्वक दृष्टिकोण थियो ।

सौतेलो छोराको विषयमा उनको र मेरो विचार ठ्याक्कै मिलेको थियो । रि तोङ हकले त्यो युवकलाई धेरै तरिकाबाट शिक्षित बनाए र हामीबारे उसको सोचाइ सच्याउन लगाए । समयान्तरमा त्यो युवक हाम्रो गुरिल्ला सेनामा भर्ती हुन स्वयम्सेवकको काम गरे । उनलाई हामीले उनकै चाहनाअनुसार क्रान्तिकारी सेनामा भर्ती गऱ्यौँ । इर्शिदाओक्वको लडाइँमा उनले पथप्रदर्शकको भूमिका निभाए । रि जे सुनले आफ्नो दायित्व निकै आत्मविश्वासका साथ निभाए । दुःखको कुरा उनी अर्को लडाइँमा मारिए ।

सबै कुरा विचार गर्दा रि जे सुन हामी सबैको लागि आकर्षक फरक खालका पात्र थिए । चाङबाई क्षेत्रलाई क्रान्तिकारी क्षेत्रमा रूपान्तरण गर्न उनको ठूलो योगदान छ । एक पटक आवश्यक जानकारी र तरिका बताएपछि उनले भविष्यमा कुशल भूमिगत कार्यकर्ताको रूपमा राम्ररी काम गरे । चाङबाई क्षेत्रमा पितृभूमि पुनःस्थापना सङ्गठनका एकाइ बिस्तार गर्ने जिम्मेवारी मैले उनलाई विश्वासपूर्वक सुम्पेको थिएँ । तर, उनी गुरिल्ला बन्न चाहन्थे । **(क्रमशः)**

*नेपाली अनुवाद : नीरज*

# च्याउ र धन्यचा स्वाँ खेती



सबिन ख्याजू

## च्याउ खेती

च्याउ एक प्रकारको ढुसी हो। हरियो बिरुवामा जस्तो सूर्य किरणको उपस्थितिमा कार्वन्डाइअक्साइड र पानीलाई ग्लुकोजमा परिणत गर्ने विशेषता यसमा हुँदैन। बरु कुहिएका प्राकृतिक वस्तुहरू (जस्तैः पराल, काठ, मकैको खोसेल्टा, उखुको छोक्रा, गहुँको छ्वाली आदि) बाट खाद्यतत्त्व सोसेर आफ्नो वृद्धिविकास गर्छ। च्याउ खान हुने र नहुने गरी दुई थरीको हुन्छ। खान हुने च्याउलाई मसरुम भनिन्छ भने विषालु च्याउलाई टोडस्टुल भनिन्छ।

नेपालको जङ्गलमा दुवै खानयोग्य र विषालु च्याउ अत्यधिक मात्रामा भेटिन्छन्। जङ्गली च्याउको सही पहिचान गरेर खानयोग्य च्याउ मात्र उपयोग गर्नुपर्दछ। खानयोग्य च्याउ धेरै प्रकारका हुन्छन्। नेपालमा खेती हुने केही महत्त्वपूर्ण च्याउहरू कन्ये च्याउ (Pleurotus ostratus), गाब्रे च्याउ (Agaricus bisporus), सिइताके च्याउ (Lentinula edodes), रातो च्याउ (Ganoderma lucidum), दुधे च्याउ (Calocybe indica), पराले च्याउ (Volvariella volvaceae), आदि हुन्।

## नेपालमा च्याउ खेतीको सम्भावना

- च्याउ पौष्टिक तत्त्वले भरिपूर्ण छ। च्याउ मानिसलाई आवश्यक हुने प्रोटिन, भिटामिन, फाइबर, मिनरल्स, आदिको राम्रो स्रोत हो।
- यसमा क्यान्सरप्रतिरोधी, शुक्ष्मजिवाणुप्रतिरोधी, एन्टिअक्सिडेन्टलगायतका विशेषताहरू छन्। सिइताके र रातो च्याउमा इन्फ्लुयन्जा भाइरसविरुद्ध प्रभावकारी देखिएको छ। रातो च्याउमा क्यान्सरका कोषहरू मार्ने एडिनोसाइन तत्त्व पाइन्छ।
- च्याउ खेतीबाट कृषि उपजहरू (जस्तैः धान र गहुँको पराल, मकैका खोसेल्टा, चिनी निकालिएको उखु) र काठबाट धेरै मूल्यका च्याउहरू उत्पादन गर्न सकिन्छ।
- नेपालको हिमाल, पहाड र तराईमा विभिन्न थरीका च्याउहरू खेती गर्न सकिन्छ।
- च्याउ खेतीको तालिम लिएपछि थोरै लगानीबाट पनि यसको खेती सुरु गर्न सकिन्छ। नेपालमा यसले बेरोजगारीको समस्या समाधान गर्न टेवा पुऱ्याउँछ। च्याउको प्रशोधनका उत्पादन (पाउडर, अचार, सुकुटी) को पनि बजारमा निकै माग छ। राम्रो नाफा हुने भएकाले गरिबी निवारणमा च्याउ खेतीले मद्दत गर्न सक्छ।
- जङ्गलमा पाइने यार्सागुम्बा, गुच्चीलगायतका च्याउहरूको अध्ययन अनुसन्धान गरेर व्यावसायिक खेतीको लागि नेपालमा प्रचुर सम्भावना रहेको छ।
- अन्य उद्योगमा जस्तो प्रदूषण च्याउ खेतीमा नहुने भएकाले पनि यसलाई वातावरणमैत्री खेतीको रूपमा लिइन्छ।

च्याउहरूको खेती प्रविधि फरकफरक हुन्छन्। प्रत्येक च्याउको लागि आवश्यक तापक्रम, सापेक्षित आद्रता र पानीको मात्रा भिन्न छ। च्याउ फल्ने समयावधि पनि भिन्न हुन्छ। च्याउ फल्ने समय पनि बालीअनुसार भिन्न छ। केही महत्त्वपूर्ण च्याउ निम्नानुसार छन्ः



**कन्ये च्याउः** कन्ये च्याउ परालमा खेती गरिन्छ। परालालाई १.५–२ इन्च लामो काट्ने, पानीमा सफा गरी बफाउने र सेलाएको पराल र बीउ प्लाष्टिकको थैलीमा भरिन्छ। अँध्यारोमा हालेको सो पोकामा २१ दिन पछि च्याउ फल्न सुरु भई ३–५ पटक गरी ३ महिनासम्म उत्पादन लिन सकिन्छ। यसको लागि उपयुक्त तापक्रम १८–२२ डि.से. र सापेक्षित आद्रता ८०–९० प्रतिशत हुनु पर्दछ। १ केजी सुकेको परालबाट ५०० ग्रामदेखि १ केजीसम्म च्याउ फलाउन सकिन्छ।



**गोब्रे च्याउः** यस च्याउ खेतीमा परालको कम्पोष्ट मल बनाउने, च्याउ रोप्ने कोठा सफा गर्ने, ब्याड बनाउने, बीउ छर्ने, माटोको उपचार र ब्याडमा माटोले छोप्ने र च्याउ टिप्ने प्रमुख गतिविधिहरू पर्दछ। परालबाट मल बनाउन २८ दिन लाग्छ।

कम्पोष्ट बनाउँदा कच्चा पदार्थलाई करीब ४ दिनको फरक पारेर जम्मा ७ पटकसम्म पल्टाएपछि कम्पोष्ट मल तयार हुन्छ। कोठामा बीउ राख्न १ दिन अगाडि कीटनाशक विषादी नुभान १ मिलि र डेरोसाल २ ग्राम प्रति लिटर पानीमा मिसाई छर्कनु पर्दछ। कम्पोष्ट मलको ब्याड ६ इन्च बाक्लो र खँदिलो बनाउनुपर्दछ। ब्याडको माथिल्लो सतहको २ इन्च तल बीउ छर्ने र त्यसमाथि मलले छोप्नु पर्दछ। बीउ छरिसकेपछि कालो प्लाष्टिकले ६ हप्तासम्म छोपिराख्नु पर्दछ। च्याउ फलाउन कोठाको उपयुक्त तापक्रम २५ डि.से. र सापेक्षित आद्रता ८०–९० प्रतिशत हुनु पर्दछ। माटोमो पि.एच्. ७–८ राम्रो हुन्छ।



**सिइताके वा मृगे च्याउः** सिइताके च्याउ खेती काठको धूलो वा मुढामा गरिन्छ। उत्तीस, कटुस, लाकुरे आदि काठ यसको खेतीको लागि उपयुक्त हुन्छ। रुख कम्तिमा पाँच वर्षको हुनुपर्दछ। कार्तिकदेखि माघ महिना (नयाँ पालुवा नपलाएको समय) मा रुख काट्नु उपयुक्त हुन्छ। काठको लम्बाई एक मिटर र मोटाई १५–२५ सेमि राम्रो हुन्छ। मुढाको बोक्रामा चोटपटक नलागेको हुनुपर्दछ। सिइताके च्याउ प्राकृतिक र नियन्त्रित दुवै तरिकाबाट गर्न सकिन्छ।

बीउ रोप्ने बेला काठको चिस्यान ४०–४५ प्रतिशत हुनुपर्दछ। काठ काटेको एक महिनाभित्र बीउ रोपिसक्नुपर्दछ। प्वालको गोलाई १.५–२ सेमि, ड्रिलविटको आकार ठीक हुनुपर्ने र प्वालको गहिराई १.५–२ सेमि हुनुपर्दछ। हारमा एउटा प्वालबाट अर्को प्वाल १०–१५ सेमि वा ६–८ औँला फरकमा हुनुपर्दछ। मुढामा प्वाल पार्ने, बीउले भर्ने र मैनले टाल्ने काम एकै दिनमा गर्नुपर्दछ। ढुसी फैलिन र च्याउ फलाउन उपयुक्त तापक्रम क्रमशः २०–२५ र १४–१८ डिग्री सेल्सियस र सापेक्षित आद्रता ७५–८५ प्रतिशत हो।

काठको मुढामा बीउ राखेको ६ महिनामा च्याउ फल्न सुरु हुन्छ। १ पटक बीउ राखेपछि मुढाबाट ४–५ वर्षसम्म च्याउ उत्पादन लिन सकिन्छ। ३ वर्षमा एउटै मुढाबाट ४–५ केजीसम्म च्याउ फलाउन सकिन्छ। अन्तिममा ती मुढालाई काम नलाग्ने गरी मकाई सक्छन्।



**रातो च्याउः** नेपाली समुदायमा गानोडर्मा च्याउलाई रातो च्याउको नामले चिनिन्छ। ३०–३५ डिग्री सेल्सियस, ५–६ पि. एच्. यो च्याउ खेतीको लागि उचित तापक्रम मानिन्छ। गानोडर्मा च्याउ खेती पहिले काठको मुढामा गरिने पुरानो तरिका हो। अहिले काठको धूलोमा यो च्याउको बीउ प्रयोग गरेर उत्पादन गरेको पाइन्छ। काठमा गर्दा २–३ वर्षको अवधिमा मात्र फल लाग्दथ्यो। काठमा भन्दा काठको धूलोमा यसको खेती गर्दा उत्पादनको समय छोटो निकै हुने र उत्पादन पनि तुलनात्मक रूपमा बढी हुने गरेको पाइन्छ।

खेतीको लागि शुरुमा काठको धूलो र चामल वा मकै वा गहुँको ढुटोको मिश्रण तयार गरिन्छ। त्यसपछि, ६५

प्रतिशत पानीको मात्रा भएको एक किलो मिश्रणलाई पोलिप्रोपाइलिन झोलामा राखी ब्यागको तयारी गरिन्छ। तयार भएको ब्यागलाई १२१ डिग्री सेल्सियस, १५ पाउण्ड प्रेसरमा ६०-९० मिनेटको लागि निर्मलीकरण गरिन्छ।

निर्मलीकरण गरिएको ब्यागलाई कोठाको तापक्रममा चिसो पार्न दिइन्छ। त्यसपछि, यस ब्यागमा भरिएको मिश्रणको ५ प्रतिशत हुने गरी बीउ लगाइन्छ। यसरी तयार भएको ब्यागलाई २८ देखि ३० डिग्री से. मा २५ देखि ३५ दिन अँध्यारो कोठामा राखिन्छ।

त्यसपछि, यी ब्यागहरू खुल्ला गरिन्छ र २८-३५ डिग्री से. मा ८०-८५ प्रतिशत सापेक्षित आद्रता, प्रकाश र हावा ओहोरदोहोर हुने खेती गर्ने टनेलमा सार्नुपर्दछ। १०-१५ दिनमा पिनहेडहरू निस्कन थाल्छ। अर्को १५-२० दिनमा मृगौला आकारको रातो खैरो रङ्गमा गानोडर्मा च्याउको विकास हुन्छ र जब च्याउको छेउछाउमा सेतो रङ्ग हराउँदै जान्छ तब यो च्याउ टिप्न उपयुक्त समय हुने गर्दछ।

च्याउको उत्पादन बढाउन सरकारले त्यही किसिमले कार्यक्रमहरूलाई प्रोत्साहन दिनु जरुरी छ। क्षमता अभिवृद्धि हुने तालिमहरू सञ्चालन गर्न सकेमा स्थानीय पूँजी परिचालन गर्न सकिन्छ। च्याउ खेतीको लागि आवश्यक मात्रामा बीउ, प्लाष्टिकलगायतका सामग्रीहरूको उपलब्धता हुनु आवश्यक छ। किसानका च्याउसम्बन्धी समस्याहरूको समाधानको लागि अध्ययन-अनुसन्धानलाई व्यवस्थित बनाउनु पर्दछ।

### धन्यचा स्वां खेती

बास्नादार यो बिरुवा संसारभर महत्त्वपूर्ण जडीबुटीको रूपमा प्रख्यात छ। दक्षिण युरोप, चीन र सिरियामा उत्पत्ति भएको धन्यचा स्वां फूलको वैज्ञानिक नाम Artemisia abrotanum L. हो। Artemisia जेनशअन्तर्गत ५०० स्पेसिसहरू पत्ता लागेका छन्। यसमा एब्सिन्थोल (Absinthol)



जस्ता प्रमुख तेलहरू १.४ प्रतिशतसम्म पाइन्छ। Asteraceae परिवारमा पर्ने यस बहुवर्षीय बिरुवा चार फिटसम्म अग्लो हुन सक्छ। पात साँघुरो लाम्चो आकारको हुन्छ। डाँठ कडा स्वभावको हुन्छ। यसलाई फूलको रूपमा पनि यसका पातहरू प्रयोग हुने गर्दछ। यसको बीउ निकै सानो हुन्छ।

### प्रयोगहरू

- यस बिरुवाको सुकेको पात र फूल फुलेका डाँठलाई औषधी र भान्सामा जडीबुटीको रूपमा प्रयोग गरिन्छ।
- यसलाई मोक्जिबशन र आन्द्रा र पेटको असन्तुलनलाई निको पार्न प्रयोग गरिन्छ। यसको तीतोपनाका कारण पेटमा जुका नियन्त्रण गर्न पनि यो प्रभावकारी देखिएको छ।
- महिलाहरूमा महिनावारीलाई नियमित गराउनको लागि यसको प्रयोग गरेको पाइन्छ।
- कलेजोमा पित्त उत्पादन गराउन यसले मद्दत गर्दछ।
- शरीरमा ट्युमर र सुन्निने समस्यालाई न्यूनीकरण गर्न यसको प्रयोग छालाको बाहिरी सतहमा प्रयोग गरिएको पाइन्छ। एलर्जीहरूबाट पनि यसले निको पार्न मद्दत गर्दछ।
- यो बिरुवाका कारण बन्दालाई बन्दाको सेतो पुतली, फलफूललाई विभिन्न पुतलीहरू र कुखुरालाई कुखुरा जुम्राबाट जोगाउन मद्दत गरेको पाइन्छ। साथै, शाकाणु र ढुसीविरुद्ध यसको प्रभावकारिता देखिन्छ।
- यसको जरा धेरै झाङ्गिने भएकाले भू-क्षय रोक्न प्रभावकारी पाइएको छ।
- नेवारी समुदायमा दिवंगत व्यक्तिको वार्षिकी, पूजा आदिमा यसको प्रयोग गरिन्छ।

**हावापानी:** न्यानो वातावरण मनपराउने यो बिरुवा प्राङ्गारिक मलमा राम्रो विकास हुन्छ। तर कम मलको उपलब्धतामा पनि यसको विकास भएको हुनसक्छ। प्रशस्त घाम लाग्ने स्थानमा यो बिरुवा राम्ररी हुर्कन सक्छ। थोरै पानी अथवा सुख्खा जमिन सहन सक्छ तर पानी जमेकोमा भने बाँच्न सक्दैन।


**बीउ:** यस बिरुवाको गुणस्तरीय बीउ वा वेर्नाको अभाव हुने गर्दछ। यो बिरुवाको सङ्ख्या वढाउन डाँठको टुक्राबाट सारिन्छ। तातो हावापानी भएको ठाउँमा बीउबाट पनि बिरुवाको सङ्ख्या वढाउने गरिन्छ।

**काँटछाँट:** यो बिरुवा हुर्कन थालेपछि वर्षमा एक पटक सुकेका डाँठहरू काट्नु पर्दछ। यसले बिरुवालाई अझ राम्ररी हुर्कन मद्दत मिल्छ। प्रत्येक २-३ वर्षमा बिरुवा उखेलेर विभाजन गरिनु पर्दछ। अथवा बिरुवाको मुख्य हाँगाहरू सुक्न थालेपछि विभाजन गर्नु पर्दछ। यसले बिरुवाको राम्रो वृद्धिविकास हुन्छ। जरा पलाएका बिरुवाहरू २ महिनामै राम्ररी ➲

# माघे सङ्क्रान्तिको ज्योतिषीय महत्त्व र वैज्ञानिकता




डा. वीरेन्द्रप्रसाद कायस्थ




ज्योतिष विज्ञानले सूर्यको किरण पृथ्वीमा पर्ने सन्दर्भमा चार भौगोलिक दिनहरूलाई महत्त्वपूर्ण मानिन्छ–

१) मेष विषुवत् दिन (March equinox)
२) दक्षिणायन आरम्भ दिन (Summer solstice)
३) तुला विषुवत् दिन (September equinox) र
४) उत्तरायणारम्भ दिन (Winter solstice)




माघ १ गते सूर्यको किरण मकररेखा (Tropic of Capricorn) भन्दा उत्तरतर्फ २३:२४' मा सोझो हुन्छ । यो मकर रेखाबाट सूर्य टाढा जानसक्ने अधिकतम विन्दु हो । जस्को कारणले यस दिन मकर रेखाभन्दा माथि उत्तरी गोलार्धमा सूर्यको किरण वर्षभरि मै सबैभन्दा बढी पर्छ फलस्वरूप दिन सबैभन्दा लामो र रात छोटो हुन्छ । त्यस पछि सूर्य दक्षिणतर्फ आउने हुँदा विस्तार दिन घट्दै र रात बढ्दै जान्छ ।

दक्षिणी गोलार्द्धमा भने यसको ठीक विपरीत सूर्यको किरण कम पर्ने हुँदा त्यस क्षेत्रमा दिन सबैभन्दा छोटो र रात सबैभन्दा लामो हुन्छ । त्यसपछि त्यो क्षेत्रमा दिन बढ्दै र रात घट्दै जान्छ । सूर्यको उदयविन्दु दक्षिणतर्फबाट उत्तरतर्फ सर्ने भएकाले यस दिनबाट उत्तरायण सुरू हुन्छ भन्ने मान्यता छ । उत्तरायणको अवधिमा तुलनात्मक रूपमा दिन लामो हुने र तापक्रममा बृद्धि भई गर्मी मौसमको प्रारम्भ हुने गर्दछ । त्यसैले पनि यस दिनको छुट्टै खगोलीय महत्त्व छ ।

➲ फैलन सक्छ ।

**रोगकीरा व्यवस्थापन:** बिरुवाबाट निस्कने गन्धका कारण कीराहरूले यो बिरुवामा त्यत्ति नोक्सान गर्दैन । शाकाहारी जनावरले पनि घाँसको रूपमा यो मन पराउँदैनन् । तर ढुसी रोग (जस्तैः धुले रोग) ले भने निकै नोक्सान पुर्‍याउन सक्छ । हावा ओहोरदोहोर हुने स्थानमा यस रोगले कम मात्रै आक्रमण गर्न सक्छ ।

नेपाल जडीबुटीको लागि अनुकुलता भएको भूबनोट भएका कारण विभिन्न जडीबुटीको अध्ययन अनुसन्धान र खेती विस्तारमा ध्यान पुर्‍याउनु आवश्यक छ । जडीबुटी उत्पादन गर्ने र प्रशोधन गरी बजारीकरण गर्न सकेमा देशको आर्थिक अवस्थामा सुधार गर्न सकिन्छ । सरकारले देशलाई आत्मनिर्भर बनाउने उद्देश्यले कार्यक्रमहरू गर्नु जरुरी छ ।

## सन्दर्भ सामग्री


– Manandhar, K. L., 2015. Hand Book of Mushroom Cultivation in Nepal. Center for Agricultural Technology and Training.
– Ekiert et al. 2021. Artemisia abrotanum L. (Southern Wormwood)—History, Current Knowledge on the Chemistry, Biological Activity, Traditional Use and Possible New Pharmaceutical and Cosmetological Applications. Molecules.
– https://medicinalgarden.trekbirmingham.com/artemisia-abrotanum
– https://www.thespruce.com/artemisia-1402826
– https://www.gardenia.net/plant/artemisia- abrotanum-southernwood
– https://ethnobiomed.biomedcentral.com/articles/10.1186/s13002-020-00401-4


तस्वीरः इन्टरनेट र लेखक

सामान्यतया सूर्यले सबै राशिलाई प्रभावित गरेता पनि सूर्यको मकर राशि (माघे सङ्क्रान्ति) र कर्कट राशि (साउने सङ्क्रान्ति) प्रवेशलाई धार्मिक र ज्योतिषीय दृष्टिले महत्त्वपूर्ण मानिन्छ। यो दिन देखि सूर्य दक्षिणी गोलार्द्धबाट उत्तरी गोलार्द्धतर्फ प्रवेश गर्ने भएकोले यस दिनदेखि दिन लामो र रात छोटो हुँदै जाने विश्वास गरिन्छ। प्रत्यक्ष सूर्योदय र सूर्यास्तका बीचको समयलाई दिनमान भनिन्छ। सबैभन्दा छोटो दिन उत्तरायण र लामो दिनमान हुने दिनबाट दक्षिणायन सुरु हुनेकुरा विज्ञानसम्मत र शास्त्रसम्मत पनि कुरा हो।

पहिले माघ १ गतेदेखि सूर्य उत्तरतिर लाग्ने गर्दथ्यो तर हिजोआज पुष ६–७ गते नै सूर्य उत्तरतिर लागेको प्रत्यक्ष देख्न सकिन्छ। त्यस्तै साउने सङ्क्रान्तिमा सूर्य दक्षिणतिर लाग्ने भएकाले दक्षिणायन प्रारम्भ विन्दु भन्ने गरिएको थियो तर हिजोआज सूर्य दक्षिणतिर असारको ६–७ गतेबाट नै लाग्ने गर्छ।



त्यस्तै वर्षमा दुई पटक दिन र रात बराबर हुने गर्छन्। तिनलाई 'विषुवत् दिन' भनिन्छ। अहिले ती दिन पनि २४–२५ दिनअगाडि नै पर्न थालिसकेका छन्। झन्डै ७२ वर्षमा एक दिनका दरले यसरी दिन बिग्रिने क्रम चलिरहेको छ। झन्डै १,७०० वर्षदेखि श्रावण १ लाई नै दक्षिणायन विन्दु मानिने गरेका छन्। यसरी हेर्दा हाल चलन चल्तीको असार ७ गतेबाट दिन छोटो हुँदै जाने र पौष ७ गतेबाट दिन लामो हुँदै जाने कुरा प्रमाणित छन्।

हिन्दू धर्मअनुसार सूर्य दक्षिणायन हुँदा देवताका रात र पितृको दिन हुने भएकोले हिन्दू धर्मावलम्बीले साउन महिनादेखि पितृकार्यको थालनी गर्ने प्रचलन छ।

पञ्चाङ्ग मुख्य सूर्य तथा चन्द्रमाको गतिका आधारमा बनेका हुन्छन्। सूर्यले विभिन्न ऋतु तथा याम परिवर्तनमा ठूलो भूमिका खेलेको हुन्छ भने चन्द्रमाले मास गणना देखाउँछ। नेपालमा चाडपर्वहरू तिथि र मिति दुवैका आधारमा मनाइने गरिन्छ। नयाँ वर्ष, साउने सङ्क्रान्ति, माघे सङ्क्रान्तिजस्ता चाडहरू मितिअनुसार मनाइन्छ भने दशैं–तिहार जस्ता चाडपर्वहरू तिथिका आधारमा निर्धारित हुन्छन्।

विक्रम संवत्अनुसार माघ महिनाको पहिलो दिनलाई माघे सङ्क्रान्ति भनिन्छ। ज्योतिषीय दृष्टिकोणमा सूर्यले धनु राशिबाट मकर राशिमा सङ्क्रमण गरेको दिन भएकाले यस दिनको नाम मकर सङ्क्रान्ति रहन गएको हो। यस दिनदेखि सूर्य उत्तरतिर ढल्किँदै जाने र रात छोटो हुन थाल्छ। सङ्क्रान्तिको अर्थ एक स्थानबाट सूर्य अर्को स्थानमा सर्नु पनि हो।

माघे सङ्क्रान्ति नेपालको एक प्रमुख चाड हो। माघ १ गते किराँत, मैथिल र थारू समुदाय हरूको नयाँ वर्ष पनि हो। यसलाई फरक–फरक समुदायमा भिन्न नामले पुकारिन्छ।

शिशिर ऋतुमा पर्ने माघे सङ्क्रान्तिलाई नेवारी भाषामा 'घ्यूचाकु सँल्हु' भन्दछन्। माघे सङ्क्रान्ति देखि चिसो याम सकिएर गर्मीलाई स्वागत गर्ने भनी बुझ्ने गरिन्छ। महिनौँको चिसोबाट शरीरको अङ्गहरू थाकेका हुन्छन्। त्यसैले यो सङ्क्रान्तिमा शरीर शुद्ध गरी घिउ, चाकु ,वनतरुल र तिल तथा खिचडी खानाले शरीरमा गर्मीका मात्रा बढेर तागत दिने तथा विभिन्न पौष्टिकता प्रवाह हुने धर्मशास्त्रीय तथा वैज्ञानिक मान्यता छ। यस दिन मास हाली पकाइएको तेल शरीरमा घस्दा चिसोबाट मुक्त भई शरीरका छालासम्बन्धी र अन्य रोग नाश हुने विश्वास गरिन्छ।

यसै दिन भक्तपुरको टौमढी टोलमा तिलमाधव नारायणको मन्दिरमा मेला लाग्ने र दीपङ्कर बुद्धको पूजा हुने गर्दछ। तिलमाधव नारायणको मन्दिरमा चढाइएको घ्यू सन्तान नभएका महिलाले नुहाइधुवाइ गरी शुद्ध भई खाएमा सन्तान प्राप्ति हुने विश्वास गरिन्छ।

माघे सङ्क्रान्तिका दिन नारायणको मूर्तिभरि घिउ दलेर तिल चढाउने र उक्त घिउ–तिल चार दिनपछि झिकेर मन्दिरमा आउने भक्तजनलाई प्रसादका रूपमा वितरण गर्ने परम्परा छ। त्यस्तै उपत्यका नजिकैको पनौतीमा मकर मेला लाग्छ। लिच्छविकालीन राजा मानदेवको पालादेखि नै सुरू भएको अनुमान रहेको यो मेलामा असङ्ख्य भक्तजनको जमघट हुने गर्दछ।

## तिल

माघे सक्रान्तिमा खाइने तिलमा धेरै प्रकारका प्रोटिन, क्याल्सियम, फाइबर, भिटामिन डी, बी कम्प्लेक्सलगायत कार्बो हाइड्रेड तत्त्व प्रचुर मात्रामा पाइन्छ। तिलमा सेसमिन नामक एन्टीअक्सिडेन्ट तत्त्व पाइन्छ। यसले क्यान्सरका कोषिकाहरूलाई बढ्नबाट रोक्ने गर्दछ। यही कारणले तिलको सेवनले मानिसलाई फोक्सोको क्यान्सर, पेटको क्यान्सर, ल्यूकेमिया, प्रोस्टेट क्यान्सर र ब्रेस्ट क्यान्सर हुनबाट जोगाउँछ र हृदयघात, मुटुको रोग,

धमनीको रोगको सम्भावना कम गर्छ। यसमा भएको मोनो–स्याचुरेड फ्याटी एसिडले शरीरमा कोलेस्ट्रोलको मात्रालाई नियन्त्रण गर्ने गर्दछ। मुटु रोगीका लागि यो बहु उपयोगी हुने गर्दछ। साथै नियासिन नामक भिटामिनले मानिसलाई तनाव, मानसिक दुर्बलतालाई हटाउने गर्दछ। जाडो मौसममा तिलको तेल सेवन गर्नाले डायबिटीजका बिरामीलाई धेरै नै लाभकारी हुन्छ।

## घ्यू

घ्यूले शरीरलाई बलियो बनाउँछ। घ्यूले शरीरमा रहेको अनावश्यक पदार्थ जस्तो टक्सिनहरूलाई हटाउन पनि मदत गर्छ। घ्यूमा रहेको भिटामिन ए, डी, ई र के ले शरीरमा इम्युनिटि पावर बढाउँछ। घ्यूको नियमित सेवनले कपाललगायत छालाको चमक पनि बढाउने काम गर्छ।

आयुर्वेदकाअनुसार घ्यूमा ओमेगा–३ फ्याट्टि एसिड रहेको हुन्छ। जसलाई राम्रो कोलेस्ट्रोल बढाउन सहयोगी मानिन्छ। यसले शरीरमा रहेको खराव कोलेस्ट्रोललाई हटाउन मदत पनि गर्छ। घ्यूको नियमित सेवनले पाचनक्रियालाई राम्रो गराउँदै बोसोलाई एकै ठाउँमा जम्मा हुन पनि दिँदैन। डायटिसियनहरूका अनुसार हाम्रो शरीरका लागि गाईको घ्यू उत्तम मानिन्छ। गाईको घ्यूमा पौष्टिक तत्त्व भरपूर हुन्छ।

## तरुल



यी परिकारमध्ये तरुललाई पुष मसान्तका दिन उसिनेर माघ १ गते खाने परम्परा पनि छ। नेपाली उखानै छ, 'पुसमा पाके माघमा जाके' अर्थात् पुसमा पकाएर माघमा खाने।

जाडोमा रोग प्रतिरक्षात्मक क्षमता कम हुन्छ। रोगसँग लड्ने तत्त्व तरुलमा पाइने हुनाले यो समयमा तरुल खानु आवश्यक छ।

स्वासप्रश्वास तथा छालासम्बन्धी समस्याको लागि पनि तरुल उपयुक्त मानिन्छ। यसमा प्रशस्त मात्रामा फाइबर पाइने हुँदा पाचन प्रक्रियासम्बन्धी समस्याको लागि राम्रो हुन्छ।

तरुलमा भिटामिन बी सिक्स प्रशस्त मात्रामा पाइन्छ, जसले मुटुसम्बन्धी समस्या हुनबाट जोगाउँछ। यसमा पाइने एन्टीअक्सिडेन्टले क्यान्सर रोगसँग लड्नसमेत सहयोग गर्छ। तरुलमा पर्याप्त मात्रामा कार्वोहाइड्रेड पाइन्छ। त्यसैले यसलाई शक्तिको प्रमुख स्रोतका रूपमा समेत लिइन्छ।

## पालुङ्गो

पालुङ्गोमा पाइने गुण अन्य सामान्य सागसब्जीमा पाइँदैन। यसैले पालुङ्गो स्वास्थ्यको दृष्टिले अति उपयोगी मानिन्छ। आयुर्वेद अनुसार, महिलाका लागि पालुङ्गोको साग अत्यन्त उपयोगी हुन्छ। महिलाले यदि आफ्नो अनुहारको नैसर्गिक सौन्दर्य र लालिमा बढाउन चाहन्छन् भने उनीहरूले नियमित रूपमा पालुङ्गोको रसको सेवन गर्नुपर्छ। पालुङ्गोको निरन्तर सेवनले छालामा निखार आउने देखिएको छ। छाला नरम पनि हुन्छ। स्निग्धता बढ्छ। यसको सेवनले रगत शुद्ध हुन्छ।

यो शीत ऋतुमा बढी मात्रामा उम्रिन्छ। यसमा पाइने तत्त्वमा मुख्यतः क्याल्सियम, सोडियम, क्लोरिन फोस्फोरस, फलाम, खनिज, लवण, प्रोटिन, श्वेतसार, भिटामिन 'ए' र 'सी' आदि उल्लेखनीय छन्। यी तत्त्वमा पनि फलाम विशेषतः पाइन्छ। लौह तत्त्व मानव शरीरका लागि उपयोगी, महत्त्वपूर्ण र अनिवार्य हुन्छ।

तराईका जिल्लाहरूमा यस पर्वलाई मैथिलीले तिला सङ्क्रान्ति पर्वका रूपमा मनाउँछन्। तराईमा यस दिन खिचडी, तिल र चिउराका लड्डुलगायतका परिकार बनाएर खाने गरिन्छ। माघीलाई थारूहरूको मौलिक संस्कृतिले भरिएको सबैभन्दा ठूलो पर्वको रूपमा लिइन्छ। मगर जातिहरूले यस पर्वलाई ३ दिनसम्म विशेष धुमधामका साथ मनाउने गर्दछन्। पहिलो दिन स्नान गरेर पुर्खा तथा कुलायनको पूजा गर्ने र दिदीबहिनीलाई 'निशो' ले पुज्ने प्रचलन छ। दोस्रो दिन माघ खान बनभोजको रूपमा टाढा जाने गर्दछन् भने अन्तिम दिन गाउँभरिका पुरुषहरू मिलेर तारो हान्ने चलन छ।

माघे/मकर सङ्क्रान्ति पर्व नेपाल भर विभिन्न पवित्र नदी, सागर तथा त्रिवेणीमा स्नान गरी मन्दिरमा पूजाआजाका साथै घिउ, चाकु, तिलको लड्डु र तरुल खाई मनाइन्छ। यस पर्वमा देवघाट, बराहक्षेत्र, रिडी, पनौती, दोलालघाट, कन्काई तथा भारतको प्रयाग र गङ्गा सागर लगायतका नदी र घाटमा स्नान, दान, श्राद्ध आदि गर्नेको ठूलो भिड लाग्छ। भविष्य पुराण, विष्णुवचन तथा धर्मसिन्धु नामक ग्रन्थमा यस दिन स्नान गरी घिउ, चाकु, तिलको लड्डु, सागपात, तरुल, वस्त्र, पानीको भाँडो र मकलसहितको सिदा दान गरेमा विशेष फल प्राप्त हुने र उक्त पदार्थ आफूले पनि खाएमा शरीर पोषिलो हुनुका साथै निरोगी होइने उल्लेख छ। मीठो खाने यस पर्वमा गुरु, पुरोहित र ब्राह्मणलाई घिउ, चाकु, तरुल, लड्डुसहितको सिदा दान गर्ने चलन छ।

वडाध्यक्षको डायरीबाट

# श्रीमतीको चाहना र इच्छा बुझेको खण्डमा यो समस्या नआउने हो कि ?

कुशल

सधैँ झैँ आज पनि विहान ६ बजे उठेर मुख धोएर आउँदा दुईजना आइमाईहरू मलाई भेट्नको लागि बसिरहेकी थिइन् । मेरी श्रीमती त्यसमध्ये एक जना आइमाईसँग भलाकुसारी गरिरहेकी थिइन् । मैले दुवैलाई नमस्कार गरेँ र वहाँहरूले पनि नमस्कार फर्काउनु भयो । त्यसमध्ये एक जना आइमाई परिचित नै थिइन् । मैले त्यस परिचित आइमाईलाई भनेँ, 'आज विहानै के कति कामले आउनुभयो ? तपाईँलाई सन्चै छ ?' त्यस परिचित आइमाईले जवाफ फकाईन्, 'मलाई सञ्चै छ । बाबुलाई भेट्न गाह्रो छ । त्यही भएर घर बाहिर जानुभन्दा अगाडि नै हामी त भेट्न आएका हौँ । घरायसी समस्या लिएर आएका हौँ । वडामा मान्छे आइरहने भएकोले कुरा गर्दा अलि अप्ठयारो पनि लाग्यो । भाइसँग सल्लाह लिनको लागि आएका हौँ ।' मैले प्रश्न थपिहालेँ, 'त्यस्तो के समस्या आयो ?' त्यस परिचित आइमाईले अलि अँध्यारो मुख लगाएर भन्न थालिन्, 'हाम्रो बुहारी हरायो । हराएको १५ दिन जति भयो । हाम्री बुहारी भाइले खोजेर ल्याइदिनु पर्‍यो ।' वहाँको कुरा सुनेर मलाई पत्यार लागेन किनकी वहाँकी बुहारी मेरै घर अगाडि कोठा भाडामा लिएर बस्थिन् । साथै मेरी श्रीमतीको पनि साथी भएकोले मेरो घरमा आवतजावत चलिरहन्थ्यो र हिजो बेलुका मात्र पनि घरमा श्रीमतीलाई भेट्न आएकी थिइन् । त्यही भएर मैले हाँसेर जवाफ दिएँ, 'तपाईँको बुहारी त हिजो बेलुका यहाँ आएर चिया खाएर गएकी थिई । अनि कसरी रातभरिमा हराउँछ ।' मेरो कुरा सुनेर मेरी श्रीमती एकचोटि हाँसिन् र भनिन्, 'होइन, वहाँको होइन बुहारी हराएको । तपाईँ पनि कस्तो कुरा नबुझ्नु भएको होला ।' त्यस परिचित आइमाईले फेरि जवाफ फर्काइन्, 'मेरो साथीको बुहारी हराएको हो । मेरी बुहारी त कहाँ हराउनु ।' मैले त्यसपछि कुराको भेऊ पाइहालेँ र अर्कै आइमाईलाई घटना विवरण सुनाउन अनुरोध गरेँ । त्यस आइमाईले त्यसपछि बल्ल अलि अप्ठ्यारो मानी बोल्न थालिन्, 'मेरो घर पनि यही वडाको अर्को टोल हो । घरमा मेरो छोराले उपत्यका बाहिरको एक क्षेत्री केटीसँग अन्तरजातीय विवाह गरे । हामीले नेवारनै ल्याउनु पर्छ भनेर कति सम्झाएँ तर मानेन । छोराको जिद्दीले गर्दा हामीले छोरा बुहारीलाई घरमा पनि भित्र्याएँ । अहिले करिब ६ वर्षको एउटी छोरी पनि भई । घर व्यवहार राम्रै चल्दै थियो । तर अचानक १५ दिन अगाडि खोज खबरबिनानै हराइन् । पुलिसकहाँ गई रिर्पोट पनि दिइसकेँ । पुलिसले पनि खोजेको धेरै दिन भयो । तर अहिलेसम्म भेटाउन सकेको छैन । भाइले केही उपाय गरेर भए पनि मेरी बुहारी भेटाई दिनुपर्‍यो ।' त्यस आइमाईको कुरा सुनेपछि मलाई अचम्म लाग्यो । वडाध्यक्षले बुहारी हराएको पनि कहाँ खोज्छ र ? मेरो क्षेत्राधिकार भित्र पर्ने विषयनै पर्दैन यो । प्रहरीकहाँ गई ताकेता गर्नुपर्ने काम नगरी वडाध्यक्षकहाँ आएर समाधान हुने विषय नै होइन यो । त्यसैले मलाई के भन्नुजस्तो भयो । मेरो मुखबाट केही वेर केहि शब्द आएन । एकछिन विचार गरेपछि मैले वडामा आएर बुहारी हराएको व्यहोरा जनाई सामान्य निवेदन र बुहारीको फोटो र छोरालाई एकचोटि वडामा पठाउन अनुरोध गरेँ । साथै बुहारी खोज्नलाई सहयोग गर्ने प्रतिवद्धता जनाई दुवै आइमाईलाई विदा गरेँ । विदा गरिसकेपछि मेरो मनमा धेरै कुरा खेल्न थाल्यो । घर व्यवहार मिलेको परिवारमा कसरी बुहारी हराउँछ ? छोरोले प्रेम विवाह गरेको भन्छ । अनि कसरी बुहारी हराएको होला । प्रहरीकहाँ ताकेता गरी छिटो पत्ता लगाउनु पर्ने विषयमा वडाध्यक्षकहाँ आएर कसरी पत्ता लाग्छ । आफूले कहिले नभोगेको समस्या आउँदा कसरी समाधान दिने होला भनी कुर्सिमा बसेर गहिरिएर सोच्न थालेँ । तर मेरो मनमा त्यस्तो विशेष केही उपाय सुझेन ।

त्यसै दिन म वडा कार्यालय पुग्नुभन्दा अगाडि नै छोराचाहीँ वडामा पुगिसकेको रहेछ । उसले आफ्नो नाम सन्जय सुवाल (नाम परिवर्तित) बतायो । मैले घट्ना विवरण सुनाउन अनुरोध गरेँ । वहाँले भन्नु भयो, 'घरमा श्रीमतीसँग खासै झगडा भएको थिएन । खोई किन मलाई छोडेर गयो थाहा छैन ।' मैले रक्सी धेरै खानु हुन्छ कि भनी प्रश्न गरेँ । वहाँले अलि अलि त रक्सी खाने गरेको बताउनु भयो । श्रीमतीलाई धेरै पिट्नु भयो कि भनी पनि प्रश्न गरेँ । तर वहाँले कहिलेकाहीँ सामान्य झगडा मात्र हुने गरेको बताउनु भयो । साथै श्रीमतीको कलर फोटो पनि दिनुभयो । त्यसपछि मैले वहाँलाई आफ्नै बाइकमा राखेर जिल्ला प्रशासन कार्यालय, भक्तपुरमा लगेँ । प्रहरीसमक्ष आफ्नो परिचय दिई सोधपुछ गरेँ । प्रहरीले पनि धेरै दिनदेखि सोधखोज गरिरहेको बताउनु भयो । फोनको लोकेशनको बारेमा सोधपूछ गर्दा तिनको

माइतमा देखाएको बताउनु भयो । तर माइतमा श्रीमती नभेटिएको र श्रीमतीकी दाइसँग फोनमा कुराकानी गरेको बताउनु भयो । मेरो अनुरोधमा प्रहरीले त्यस आइमाईको फेसबुक खोल्नको लागि प्रयास गर्नुभयो । साइबर सेलका प्रहरीले एउटै नम्बरमा धेरै घण्टा सधैँ कुराकानी गरेको बताउँदै भन्नुभयो, 'फेसबुक आईडीले एउटै मेसेन्जरमा सधैँ कुराकानी गरेको देखिन्छ । सम्भवतः यो अर्कै केटा हुनुपर्दछ । आइमाईको मोबाइल स्वीच अफ छ । त्यसैले एकीनसाथ यसै भन्न गाह्रो छ । तर अहिलेसम्मको अनुसन्धानले अर्कै केटासँग पोइलो गएको सम्भावना देखिन्छ ।' प्रहरीको कुरा सुनेवित्तिकै मैले सन्जयलाई घर परिवारमा केही बेमेल र श्रीमान् श्रीमतीबीच केही नमिलेको केही कुरा छ कि भनी फेरि सोधेँ । तर सन्जयले त्यस्तो केही नभएको बताउनुभयो । वहाँले यत्ति मात्र भन्नुभयो, 'हाम्रो अन्तरजातीय विवाह भएकोले मेरो परिवारबाट अलि 'मिसविहेव' भएको हुनसक्छ । मैले पनि कहिलेकाहीँ रक्सी खाएर पिटेको छु । माइती धेरै टाढा छ । शायद त्यही भएर मलाई छोडेर गयो कि ? तर छोडेर जानु पर्नेसम्मको त त्यस्तो कारण छैन जस्तो छ । ठीकै छ, मसँग चित्त नबुझेर अरुसँग गएको हो भने पनि म स्वीकार गर्छु । तर मान्छे त भेटिनु पर्‍यो नि । घरमा छोरी छ । कमसेकम छोरीको पनि माया लाग्नुपर्ने होइन र ? भोलि कहीँ कतै लास भेटियो भने के गर्ने ? कसैले हत्या गरेर फालिदिएमा के गर्ने ? त्यसैले पोइलो नै गए पनि मान्छे जीवित भेटिनु पर्‍यो । अरुसँग गएको हो भन्ने सम्बन्ध विछेड गर्नुपर्‍यो । फेसबुकमा फोटो अपलोड र स्टेटस राखेको हेर्दा पनि अरुसँग विवाह गरेको आभास देखिन्छ सर ।' मैले सोधेँ, 'फोटो अपलोड कहिले गरेछ ?' सन्जयले जवाफ फर्काउनु भयो, 'अस्ति बेलुका मात्र हो । फोटोमा माला लगाएको देखिन्छ र नयाँ लाइफको नयाँ जिन्दगी भनी स्टेटस हालेको छ । ल हेर्नुस सर फेसबुक ।' मैले सन्जयको मोबाइल हेरेँ र स्टेटस पनि । अरुसँग पोइलो गएको कुरामा सबैको विश्वास भयो । मैले सन्जयलाई भनेँ, 'रक्सी खाएर श्रीमतीलाई पिट्नु एकदम गलत काम हो । त्यसमा पनि अन्तरजातीय विवाह गरिआउने केटीलाई त माया गरेर पाल्नु पर्दछ । सँगै बस्दा श्रीमती के गरिरहेको छ भनेर पनि जानकारी अप्रत्यक्ष भए पनि लिनुपर्ने हो । तपाईँचाहीँ काममा दिनभरि बाहिर जाने अनि श्रीमती सामाजिक सन्जालमा दिनभरि व्यस्त भएर यो समस्या आएको हो । श्रीमतीको चाहना र इच्छा बुझेको खण्डमा यो समस्या नआउने हो कि ?' मेरो कुरामा सन्जयले मौन सहमति मात्र दिए । मलाई जवाफ फर्काएनन् । त्यसपछि प्रहरीलाई केही नयाँ कुरा आए फोन गर्नुस् भन्दै हामी त्यहाँबाट विदावारि भई आएँ ।

त्यसपछिका दिनहरूमा मैले सन्जयकी जेठानलाई मोबाइलमा धेरैपल्ट लामो कुरा गरेँ । वहाँले माइतीमा बहिनी लुकाएर नराखेको जिकीर गरे । विश्वास नभए पुलिस लिएर वा म आफैलाई हेर्न आउन अनुरोध पनि गरे । वहाँले बहिनीले प्रेम विवाह गरेकोले धेरै सोधखोज गरिनराखेको र जहाँ होला खुसी नै होला भनी सोचेको बताउनु भयो । प्रहरी प्रशासनको महिला सेलका इन्चार्जसँग पनि धेरैपल्ट फोनमा र भेटघाट पनि भयो । वहाँले पनि केश जटिल भएपनि एक दिन केटी आफै फर्किने सम्भावना कायमै रहेको र हालसम्म केटी जीवितै रहेको अनुसन्धानले देखाएको बताउनु भयो । अलि धैर्य राख्नुस् केटी कहीँ कतै लुकेर बसेको र चाँडै पत्ता लाग्ने वहाँले बताउनु भयो । सन्जयसँग पनि वडामा धेरैपल्ट भेटघाट भइरह्यो । तर सन्जयको श्रीमतीको अत्तोपत्तो हुन सकेन ।

केही महिनापछिको कुरा हो । त्यसदिन सन्जय वडा कार्यालयमा आइपुगे । सन्जयको अनुहार अलि उज्यालो थियो । तर मलाई धेरै दिन बितिसक्दा पनि आफूले पत्ता लगाउन नसकेकोमा कता कता मनमा अलि अप्ठयारो भइरहेको थियो । त्यसैले सन्जय एक्कासि वडामा आउँदा कसरी कुरा शुरु गर्ने हो अलि अलमलमा परेँ । सन्जयले नै 'सर, मेरी श्रीमती भेटियो ।' भनी खुशीसाथ भने । मैले हो र भनी प्रतिप्रश्न गरेँ । सन्जयले भन्नुभयो, 'हो सर, अस्ति मलाई श्रीमतीले कल गरिन् । अहिले उनी कीर्तिपुरमा छिन् । मैले हिजो गएर भेटेर आएँ । उनी सकुशल नै छिन् । हामीले सोचेको जस्तो होइन रहेछ । तर उनी मेरो व्यवहारसँग चित्त नबुझेर एक जना केटासँग गएकी रहेछ । तर त्यस केटाले उनलाई भारतको कुन ठाउँ हो मलाई याद भएन त्यहाँ लिएर गएको रहेछ । तर पछि उनीहरूको पनि कुरा नमिलेपछि नेपाल फर्केर मलाई कल गरेको रहेछ । मैले हिजो तिनलाई गालि पनि गरेँ र आफ्नो व्यवहार पनि सुधार गर्ने प्रतिवद्धता जनाएको छु सर । त्यसैले म आफ्नी श्रीमतीलाई फेरि घर ल्याउन चाहन्छु । सरलाई पनि एकचोटि जानकारी दिन आएको हुँ । सरले पनि मलाई धेरै सहयोग गर्नु भएकोमा धन्यवाद छ ।' तर मलाई उसको धन्यवादले पोलिरहेको थियो किनकी उसको श्रीमती भेटाउन खासमा मैले कुनै भूमिका निभाउन सकेको थिएन । तापनी श्रीमती जीउँदो भेटिनु नै ठूलो कुरा हो र आफ्ना गल्ती कमजोरी सच्याउन प्रतिबद्धता जनाउनु पनि एउटा सफलता हो भन्ने मनमा लिई सन्जयलाई बधाइका साथ वडाबाट विदा गरेँ ।

# पौभा चित्रका कलाकार रत्नगोपाल सिंख्वाल

राजकुमार लघु



भक्तपुरमा असङ्ख्य कलाकारहरू छन् जसले नेपालको प्रतिनिधित्व गरी आफ्नै पहिचान बनाएका छन् । नेपालका कलाकारको कलाकृतिले विदेशीलाई मन्त्रमुग्ध बनाइरहेको छ । कलाकारहरू भनेका नेपाललाई विश्वसामु चिनाउने सद्भावना दूत हुन् । आज हामी चर्चा गर्दैछौं भक्तपुरका पौभा चित्रका कलाकार रत्नगोपाल सिंख्वाल ।

पौभा चित्रका कलाकार रत्नगोपाल सिंख्वालको जन्म भक्तपुर नगरपालिका वडा नं. ४ (साविक वडा नम्बर १२) ग:हितिको किसान परिवारमा भएको हो । कलाकार रत्नगोपाल सिंख्वाल हाल ख्वप: पौभा च्वमी पुचको कोषाध्यक्षको रूपमा क्रियाशील भई पेशागत हित र कलाकारहरूको आवाज बुलन्द गर्न लागिपरेका छन् । उनका माता कान्छी सिंख्वाल र पिता रत्नलाल सिंख्वाल हुन् । बुवाका चार पुत्र मध्ये उनी माहिलो हुन् । उनको एक बहिनी पनि छिन् । चार जना दाजुभाइमध्ये तीन जना पौभा चित्र लेखनमार्फत कला संस्कृति र सम्पदाको प्रचार प्रसारमा सक्रीय छन् ।




कलाकार रत्नगोपाल सिंख्वालको प्रेरणाश्रोत अग्रज कलाकार पूर्णप्रसाद ह्योजु हुन् । ख्वप पौभा च्वमी पुचको कार्यालय पूर्णप्रसाद ह्योजु घरमा रहेको छ । उनको लगातारको हौसला र अनुरोध र समय समयमा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको सम्मान र पुरस्कार नै सिंख्वालको लागि थप प्रेरणा श्रोत भएको बताउनुहुन्छ ।

कलाकार सिंख्वालको भनाइअनुसार उनकी ठूली आमा न्हुछेमाया ख्याजु थप प्रेरणा श्रोत हुन् । वि.सं. २०३५/०३६ सालतिरको कुरो हो त्यसबेला रत्नगोपाल युवा अवस्थाका थिए । उनकी ठूली आमा न्हुछेमाया घरमा आउने जाने गर्छिन् । सिंख्वालले लेखेका छापाहरू कागजी तस्बीरहरू भगवती, महादेव र सरस्वती ठूली आमाले घरमा लगी भित्तामा टाँस्ने र चाडबाडमा पूजा गर्ने गर्छन् । त्यसले रत्नगोपाललाई पौभा चित्र लेखन यात्रा चालु गर्न थप हौसला र प्रेरणा बन्न गयो ।

उनी शौखका लागि मात्र पौभा चित्र लेख्दैनन् । यसलाई पेशाको रूपमा अङ्गीकार गरी निरन्तर कर्म क्षेत्रमा कलम तिखार्दैछन् । उनी पौभा चित्रको लेखनको उद्देश्यलाई व्यापारको रूपमा मात्र लिँदैनन् बरु नेपालको कला संस्कृति विकास एवं हिन्दु धर्मको प्रचार प्रसारको रूपमा लिन्छन् ।




रत्नगोपाल सिंख्वाल भन्छन्, अध्ययन भ्रमणको सिलसिलामा २०७६ सालमा पौभा चित्र प्रदर्शनी गर्न उनी दोलखा पुगे । सो कार्यक्रम नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान (Nepal Association of Fine Art (NAFA) द्वारा आयोजना गरिएको थियो । उनकाअनुसार नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले २०७६ कार्तिकमा प्रकाशित पुस्तक 'कलाकारहरूको अनुभव र अनुभुति' मा उनको जीवनका महत्त्वपूर्ण क्षण र कलाकारिताको अनुभव र उनका

उत्कृष्ट पौभा चित्रबारे सविस्तार चर्चा गरिएका छन् ।

कलाकार सिंख्वालका प्रिय कलाकार काठमाडौँ निवासी पौभा चित्रका कलाकार स्व. आनन्दमुनि शाक्य हुन् । कलाकार शाक्य उनलाई मनपर्नुको कारणमा उनको पौभा चित्रमा मूर्तरूप देखिन्छ । शाक्यको स्यामश्वेत अबलोकितेश्वर पौभा चित्र राजा महेन्द्रको दरबारमा कोठामा राख्न लेखेका थिए । राजा महेन्द्रको निधनपछि उक्त चित्र हनुमानध्वाका म्युजियममा राखेको छ । जसलाई नेपालको सबैभन्दा उत्कृष्ट पौभा चित्र मानिन्छ, कलाकार रत्नगोपाल सिंख्वाल भन्छन् ।

रत्नगोपाल सिंख्वालले २०४६ सालदेखि पौभा चित्रमा निरन्तरता दिइरहेका छन् । उनकाअनुसार त्यसको फाइदा वा सकारात्मक पक्ष भनेको आफ्ना इच्छा र कल्पनाअनुसार ढालेर पौभा चित्रमार्फत कला संस्कृतिको प्रस्फुटन गर्ने आनन्द पाउनु हो ।



पौभा चित्र कलाको सिर्जना र त्यसको विभिन्न ठाउँमा प्रदर्शनी एव प्रतियोगिताको सिलसिलामा कलाकार रत्नगोपाल कर्तव्यपथमा लम्कन्दै गर्दा समय समयमा पुरस्कृत पनि भए । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको कला कौशल विभागद्वारा काठमाडौँको नक्सालमा आयोजित 'राष्ट्रिय कला कौशल प्रदर्शनी २०५६' मा परम्परागत विधातर्फ उनी दोश्रो भए । दोश्रो भएबापत उनले तत्कालीन रानी ऐश्वर्यबाट पदक, ताम्रपत्र र नगद पुरस्कार रु. १५,०००।– प्राप्त गरेका थिए । त्यसको दुई वर्षपछि प्रतिष्ठानद्वारा राजा वीरेन्द्रको ५७ औँ जन्मोत्सवको अवसरमा २०५८ सालमा आयोजित 'राष्ट्रिय कला–कौशल प्रदर्शनी'मा पराम्परागत विधातर्फको प्रदर्शनीमा उनी पहिलो पटक प्रथम भई भक्तपुरको नाम स्वर्ण अक्षरले कोर्न सफल भए । पुनः ३ वर्षपछि प्रतिष्ठानद्वारा राजा वीरेन्द्रकै ६० औँ जन्मोत्सवको अवसरमा २०६० सालमा 'राष्ट्रिय कला–कौशल प्रदर्शनी' मा पराम्परागत विधातर्फको प्रदर्शनीमा उनले पहिलो स्थान प्राप्त गरी भक्तपुरको शिर कलाक्षेत्रमा थप ठाडो पार्न सफल भए । यतिले मात्र उनको सम्मान र पुरस्कार यात्रा टुँगिन्दैन । उनकै शिष्य उनकै छोरी रोजिना सिंख्वाल प्रतिष्ठान बाटै आयोजित 'राष्ट्रिय ललितकला प्रदर्शनी २०७५' मा पराम्परागत चित्रकलातर्फ विशेष पुरस्कारबाट सम्मानित भएकोमा रत्नगोपाल सिंख्वाल गर्व गर्छन् । त्यस्तै रत्नगोपाल सिंख्वालले २०५१ सालमा भक्तपुर नगरपालिकाद्वारा आयोजित 'कला प्रदर्शनीमा' स्थानीय न्यातापोल कर्नर टीमको प्रतिनिधित्व गरी तेश्रोस्थान प्राप्त गरेको पनि स्मरण गर्छन् ।



kf}ef lrq kbz{gLdf l;Vjfn 'k|yd" ePsf] k|df0fkq

उनले ख्वप पौभा चोमी पुचद्वारा आयोजित पौभा चित्र प्रदर्शनीमा हरेक पटक सहभागिता जनाए र अग्रज कलाकारहरूलाई सम्मान कार्यक्रम पनि आयोजना गरिएको बताउँछन् । पटक पटकको प्रदर्शनीमा पौभा चित्रकारहरू स्व. सिद्धीमुनी शाक्य स्व. प्रेमलाल चित्रकार, स्व. अमृतमान चित्रकार र मुक्ति सिं थापा सम्मानित भएको बताउँछन् । राष्ट्रियस्तरमा राष्ट्रिय कला प्रदर्शनी स्थल बबरमहलमा उनका चित्र प्रदर्शनी भए । विदेशमा जापानको फुकुवा ग्यालरीमा उनका दुई ओटा पौभा चित्र सङ्कलन गरी प्रदर्शित छन् ।

पौभा चित्र कलामा के कस्ता सामग्रीहरू आवश्यक छन् भन्ने जिज्ञासामा उनी भन्छन् पौभा चित्र लेखनका लागि १. पोष्टर कलर, २. सुनको धूलो, ३. क्यानभास, ४. चाँदीको धूलो, ५. बुरुस र ६. स्केच पेन्सिल चाहिने बताउँछन् । उनी भन्छन् पेन्सिल कपडा तयार पारेपछि कुन चित्र लेख्ने हो लेख्ने । पौभा चित्र भनेको देवताको बारे लेख्ने हो । आजकल प्राकृतिक चित्र राखेर मन्दिरलाई परम्परा र संस्कृतिको आधारमा लेखिन्छ ।



पौभा चित्रको प्रशिक्षण दिएकोबारे प्रश्नमा कलाकार रत्नगोपाल सिख्वाल भन्छन् प्रशिक्षण भनेर हालसम्म कसैलाई दिएको छैन, कसैले सल्लाह सुझाव मागेमा दिने गरेको बताउँछन् । पौभा चित्र कलाकार शिवप्रसाद किजूलाई सिकाएको छ । परिवारका सदस्यहरू

मध्ये छोरी रोजिना सिख्वालले पनि सिक्दै लेख्दै रहेको उनी बताउँछन् ।

पौवा चित्र लेखनको अविस्मरणीय क्षणबारे सिंख्वाल नेपाल ललितकला नाफाले आयोजित राष्ट्रिय कला–कौशल प्रदर्शनीमा परामपरागत विधातर्फको प्रदर्शनीमा उनी पहिलो पटक दोस्रो भई तत्कालीन रानी ऐश्वर्यबाट पुरस्कृत भएको क्षणलाई कहिले नबिर्सने बताउँछन् । त्यस्तै बबरमहलको आर्ट ग्यालरीमा नेपालबाट विदेशमा गएका वा आइरहेका पौभा चित्रको नेपालमा छुट्टै प्रदर्शनी भएको थियो त्यसमा पनि आफ्नो पौभा चित्र प्रर्दशनीमा राखेको छ । आर्ट ग्यालरीमा किताबको गाता (cover) भित्र उनको चित्र प्रदर्शनी भएको बताउँछन् ।



पौभा चित्र भनेको के हो यसमा के–कस्ता समस्याहरू छन् भन्ने प्रश्नमा कलाकार रत्नगोपाल बताउँछन्– पौ भनेको कपडा हो, भलादबाट अप्रभंश भएर भा भई पौभा शब्द संस्कृत भाषाबाट आएको हो । पौभा भनेको पत्र हो, भलाद वा भा भनेको देवता हो । कपडामा रोल गरी लेख्न मिल्ने चित्रलाई पौभा चित्र भनिन्छ । पौभा चित्र लेखन र यसको बजारीकरणमा भएका समस्याहरू उनी यसरी प्रस्तुत गर्छन् । क) नेपालमा पौभा चित्रको पारखीहरू कम छन्, ख) पौभा चित्रको प्रचार कम हुनु, ग) पौभा चित्रको बजार अभाव छ, घ) पौभा चित्र महँगो हुने भएकोले विदेशीले किन्न सक्छ, नेपालीले किन गाह्रो मान्छ, ङ) नेपालको सरकारी कार्यालयमा पौभा चित्र प्रचार कम हुनु, भित्तामा प्रदर्शनी नहुनु आदि । रत्नगोपालकाअनुसार पौभा चित्रको बजार चीन, जापान, अमेरिका र युरोपियन मुलुकमा छ ।

पौभा चित्र र चित्र कलामा के–कस्ता फरक छन् भन्ने जिज्ञासामा उनी भन्छन्– चित्रकलामा जुनसुकै आकृति वा समसामयिक विषयमा लेख्न सकिन्छ भने पौभा चित्र परम्परामा आधारित रहेर लेख्नुपर्ने तथा जथाभावी लेख्न हुँदैन ।

(कलाकार रत्नगोपालसँगको कुराकानी र उनको प्रमाण पत्र र तस्बीरको आधारमा)

## थाहा पाइराखौँ

- राणा विरोधी कार्टुन बनाए वापत १८ वर्ष जेल परेका नेपालका विख्यात चित्रकार चन्द्रमान सिंह मास्के हुन् ।
- एकै तिथिमा जन्मेर एकै तिथिमा मर्ने प्रसिद्ध नेपाली साहित्यकार मोतीराम भट्ट थिए ।
- भक्तपुर दरबारलाई चारैतिरबाट पर्खाल लगाई घेर्ने राजा यक्षमल्ल थिए ।
- ५२ पोखरी ५३ तालको जिल्लाको नामले चिनिने जिल्ला रुकुम हो ।
- बालकको सालनाल काट्ने चलन चलाउने राजा अंशु वर्मा थिए ।
- नेपालमा पहिलो विमान दुर्घटना २०१७ कार्तिक १२ गते भएको थियो ।
- लामखुट्टे नपाइने देश फ्रान्स हो भने सर्प नपाइने देश आइस ल्याण्ड हो ।

सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य



# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७८ मसिर १९ गते, आइतबार

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. | उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. | वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. | वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. | वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. | वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. | वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. | वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. | वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. | वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. | वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. | वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. | नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. | नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. | नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. | नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. | नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. | सचिव श्री रामलाल श्रेष्ठ | ऐ |

## निर्णयहरू

### खेलकुद प्रतियोगिता

भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मङ्सिर २०-२४ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद (प्रतियोगिता) आयोजना गर्न तपसिल अनुसारको खेल प्रतियोगिता गर्न वडा कार्यालयहरूलाई जिम्मा दिने निर्णय गरियो-

**तपसिल**

क. भलिबल - १ नं. वडा कार्यालय
ख. टेबुल टेनिस - २ नं. वडा कार्यालय
ग. उसु - ५ नं. वडा कार्यालय
घ. कबड्डी - ४ नं. वडा कार्यालय
ङ. तेक्वाण्डो - ५ नं. वडा कार्यालय
च. पोर्टबल - ३ नं. वडा कार्यालय
छ. बुद्धिचाल - ९ नं. वडा कार्यालय
ज. कराते - ६ नं. वडा कार्यालय
झ. एथ्लेटिक्स - ७ नं. वडा कार्यालय
ञ. ब्याटमिन्टन - ८ नं. वडा कार्यालय
ट. फुटसल - ७ नं. वडा कार्यालय
ठ. खो खो - १० नं. वडा कार्यालय
ड. जिम्नाष्टिक - १ नं. वडा कार्यालय
ढ. कसिमला पायं - ९ नं. वडा कार्यालय

क. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित भलिबल, बक्सिङ्ग, टेबुल टेनिस, कराते, फुटबल र जिम्नाष्टिक खेलका प्रशिक्षकहरूलाई २०७८ श्रावण महिनादेखि नेपाल सरकारबाट **बढाएको पारिश्रमिक** अन्य कर्मचारी सरह दिने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मङ्सिर २०-२४ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद (प्रतियोगिता) भलिबल, फुटसल, पोर्टबल, एथ्लेटिक्स, उसु, कराते, तेक्वाण्डो, कसिमला पायं, कबड्डी, खो खो, ब्याटमिन्टन, बुद्धिचाल, टेबुलटेनिस र जिम्नाष्टिक प्रतियोगितामा सहभागी हुने विद्यालयहरूलाई समूहगत खेलको लागि रु.५००।- र व्यक्तिगत खेलको लागि प्रति खेलाडी रु.१००।- लिने र उक्त प्रतियोगिताको प्रचार प्रसार गर्न 'मजदुर' दैनिक पत्रिकामा विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मङ्सिर २०-२४ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता गर्न वडा कार्यालयहरूलाई तपसिल अनुसारको खेलको लागि **बजेटको व्यवस्था** गर्ने निर्णय गरियो-

**तपसिल**

१. भलिबल र जिम्नाष्टिक - १ नं. वडा - २,००,०००।-
२. टेबुल टेनिस - २ नं. वडा -१,००,०००।-
३. पोर्टबल - ३ नं. वडा -१,००,०००।-
४. कबड्डी- ४ नं. वडा -१,२५,०००।-
५. तेक्वाण्डो र उसु - ५ नं. वडा -२,००,०००।-
६. कराते - ६ नं. वडा - १,००,०००।-

७. एथ्लेटिक्स र फुटसल – ७ नं. वडा – २,००,०००।–
८. ब्याडमिन्टन – ८ नं. वडा – १,००,०००।–
९. बुद्धिचाल र कसिमला पांय – ९ नं. वडा –१,५०,०००।–
१०. खो खो– १० नं. वडा – १,२५,०००।–

घ. २०७८।९।३,४ र ५ गतेसम्म हुने जैसीदेवल युथ क्लवको आयोजनामा दोश्रो प्रदेश स्तरीय जुनियर आमन्त्रण मेयर कप तेक्वाण्डो प्रतियोगिता २०७८ मा यस नगरपालिकाका खेलाडीहरूलाई **सहभागी गराउने** निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मङ्सिर २०–२४ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता सफल पार्न तपसिल अनुसार **समितिहरू बनाउने** निर्णय गरियो –

**क. खेलकुद प्रतियोगिता अनुगमन समिति**

संयोजक : श्री श्यामकृष्ण खत्री, सदस्यहरू श्री उकेश कवां, श्री कुमार चवाल, श्री हरिप्रसाद बासुकला, श्री सुनिता अवाल (प्रजापति), श्री कृष्णगोविन्द सुवाल

**ख. पुरस्कार व्यवस्थापन समिति**

संयोजक : श्री उकेश कवां, सदस्यहरू श्री विनोदचरण राय, श्री कृष्णगोविन्द सुवाल, श्री राजु सिं बजिको, श्री इन्द्रभक्त पंच, श्री मुना बासुकला, श्री रविना सुवाल

**ग. स्वास्थ्य समिति**

संयोजक : श्री कुमार चवाल, सदस्यहरू श्री सुनिता अवाल, डा. रत्नसुन्दर लासिवा

**घ. ज्याली, कार्यक्रम तथा मञ्च व्यवस्थापन समिति**

संयोजक : श्री रविन्द्र ज्याख्व, सदस्यहरू श्री हरिप्रसाद बासुकला, श्री महेन्द्र खायमली, श्री दामोदर सुवाल, श्री दिलिपकुमार सुवाल, श्री भ.न.पा.का खेलकुद प्रशिक्षकहरू

**ङ. जलपान तथा अतिथि सत्कार समिति**

संयोजक : श्री सुनिता अवाल (प्रजापति),सदस्यहरू, श्री रोशनमैया सुवाल, श्री सरिता द्योला, श्री कृष्णलक्ष्मी दुवाल, श्री छोरीमैया सुजखु (प्रजापति)

च. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मङ्सिर २०–२४ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको लागि तपसिल अनुसार अनुमानित बजेट छुट्याउने निर्णय गरियो –

### तपसिल

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | उद्घाटन समारोह | १,००,०००।– |
| २ | ज्याली व्यवस्थापन | २५,०००।– |
| ३ | विभिन्न खेल व्यवस्थापन (वडाहरूलाई) | १४,००,०००।– |
| ४ | प्रत्येक खेलको लागि मेडल | १,५०,०००।– |
| ५ | प्रत्येक खेलको लागि ट्रफी | १,५०,०००।– |
| ६ | प्रमाण पत्र | २५,०००।– |
| ७ | विद्यालयलाई खेलकुद सामग्री वितरण | ७,००,०००।– |
| ८ | मञ्च तथा ग्राउण्ड व्यवस्थापन | २,००,०००।– |
| ९ | समापन समारोह | १,००,०००।– |
| १० | जम्मा | २८,५०,०००।– |

ज. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मङ्सिर २०–२४ गतेसम्म आयोजना हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता उद्घाटनसहित आयोजना गर्ने निर्णय गरियो ।

झ. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मङ्सिर २०–२४ गतेसम्म आयोजना हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको लागि आवश्यक व्यवस्था गर्न यस समितिका संयोजक श्री श्यामकृष्ण खत्रीलाई रु.१०,००,०००।– (अक्षेरुपी रु.दश लाख) **पेश्की लिन लगाउने** निर्णय गरियो ।

## समितिहरूको निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

### महिला, बालबालिका तथा समाज कल्याण समिति

**मिति : २०७८।८।१६ गते**

**क.** भक्तपुर नगरपालिकाद्वारा आयोजना गरिने लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियान अन्तर्गत २०७८।८।१९ गते भ.न.पा. सभा कक्षमा कानूनी साक्षरता कार्यक्रम गर्ने निर्णय गरियो ।

### अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण सम्बन्धी अस्थायी समन्वय समिति

**मिति : २०७८।७।२९ गते**

**क.** अपाङ्गता परिचय प्राप्तिका लागि आवेदन गर्नु हुनेहरूको निवेदन उपर यस समितिको बैठकमा प्राप्त चिकित्सकको सिफारिस अनुसार भ.न.पा. १ देखि १० भित्रका अति अशक्त ३ जना, मध्यम ३ जना गरी जम्मा ६ जनालाई अपाङ्गताको परिचयपत्र प्रदान गर्ने निर्णय गरियो ।

**ख.** अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा विविध कार्यक्रम (खेलकुद, स्वास्थ शिविर तथा सांस्कृतिक कार्यक्रम) सञ्चालन गर्ने निर्णय गरियो ।

**ग.** भ.न.पा. क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्ति वा संरक्षकहरूका लागि जीवन उपयोगी निःशुल्क व्यवसायी तालिम/नेपाली कागजबाट बन्ने विभिन्न हस्तकला सामग्रीहरू उत्पादनसम्बन्धी तालिम सञ्चालनको कार्यक्रम उदघाटन श्रीमान प्रमुखज्यूको प्रमुख आतिथ्यतामा मिति २०७८ मङ्सिर १ गते गर्ने निर्णय गरियो ।

**घ.** ३० औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसमार अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी खेलकुद र स्वास्थ्य

शिविर कार्यक्रम सञ्चालन गनर्न वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीज्यूको संयोजकत्वमा एक कार्यक्रम तयारी समिति गठन गरियो ।

**ङ.** अपाङ्गता दिवस सम्पन्न गर्न भूपाल मूललाई रु.५०,०००।- पेश्की लिन लगाउने ।

च. मिति २०७८ मङ्सिर १ गतेदेखि सञ्चालन हुने भ.न.पा. क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्ति वा संरक्षकहरूका लागि दिने तालिम सञ्चालनमा प्रशिक्षकहरू सहयोगी श्री रञ्जना जाकिबन्जार र श्री हिमालयश्वरलाल मूललाई प्रशिक्षकको रूपमा जिम्मा दिने निर्णय गरियो ।

**मिति : २०७८।८।१४ गते**

**क.** ३० औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा आयोजित खेलकुद प्रतियोगितामा सहभागी भै पुरस्कृत खेलाडीहरूलाई मेडल तथा प्रमाणपत्र प्रदान गर्ने ।

**ख.** सो खेलकुद प्रतियोगिता अपाङ्गता भएका सम्पूर्ण सहभागीहरूलाई एक/एक ओटा थर्मस उपलब्ध गराउने निर्णय गरियो ।

**ग.** खेलकुद प्रतियोगितामा सहभागी सबैलाई चिया र खाजाको व्यवस्था गर्ने ।

## शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

**मिति : २०७८।८।६ गते**

**क.** यस नगरपालिकाद्वारा जीर्णोद्धार सम्पन्न भ.न.पा. वडा नं. ३ दरबार क्षेत्रस्थित नृत्य वत्साला पुन:निर्माण २०७८ पुस्तक प्रकाशन कार्य अन्तिम चरणमा पुगेको अवस्थामा पुस्तकको **बिक्री मूल्य** प्रतिथान रु.२५०।-(अक्षेरूपी दुई सय पचास रूपैयाँ) निर्धारण गर्ने निर्णय गरियो ।

उक्त पुस्तकको भाषा सम्पादनमा महत्त्वपूर्ण योगदान गर्नु हुने आदरणीय विज्ञहरू ज्ञानसागर प्रजापति र लक्ष्मण जोशीको कार्यको उच्च मूल्याङ्कन गर्दै उहाँहरूलाई पारिश्रमिक वापत प्रति व्यक्ति रु.१०,०००।- (अक्षेरूपी दश हजार रूपैयाँ मात्र) प्रदान गर्ने निर्णय गरियो ।

**ख.** भक्तपुर नगरपालिकाद्वारा वि.सं. २०७४ देखि हालसम्मको पाँच वर्षमा गरेका विकास निर्माणसम्बन्धी सम्पूर्ण विवरणसहितको **पुस्तक प्रकाशन** गर्न देहाय बमोजिमका महानुभावहरूलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो–

१. रविन्द्र ज्याख्व - वडाअध्यक्ष
२. दामोदर सुवाल - प्रशासन शाखा
३. श्रीकृष्ण न्याइच्याई– योजना शाखा
४. रामगोविन्द श्रेष्ठ - सम्पदा शाखा
५. जौवन कोजू - प्रमुखज्यूको सचिवालय

**ग.** विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड–१९ को रोग रोकथाम, नियन्त्रण र सङ्क्रमितहरूको उपचारको क्रममा भक्तपुर नगरपालिकाबाट भए गरेका क्रियाकलापहरूको विवरण समेटेर **पुस्तक प्रकाशन** गर्ने र सोको लागि देहाय बमोजिम महानुभावहरूलाई जिम्मेवारी दिने निर्णय गरियो–

१. रविन्द्र ज्याख्व– वडाअध्यक्ष
२. डा. रत्नसुन्दर लासिवा
३. डा. अमर प्रजापति
४. विश्वजीत प्रजापति
५. गौतमप्रसाद लासिवा

**घ.** भक्तपुर नगरपालिकाद्वारा जीर्णोद्धार भइरहेको भ.न.पा. १ स्थित ऐतिहासिक रानी पोखरी जीर्णोद्धार सम्बन्धी विवरण समेटेर **पुस्तक प्रकाशन** गर्ने निर्णय गरियो ।

**ङ.** भक्तपुर नगरपालिकाको **आवधिक योजना** तयार पार्न योजना शाखाका आर्किटेक्ट ई. दिलभक्त जयनालाई जिम्मेवारी दिने निर्णय गरियो ।

च. यस नगरपालिकाले हरेक वर्ष विभिन्न विषयमा स्वास्थ्य शिविर सञ्चालन गर्दै आएकोमा यो वर्षको पुस महिनामा दश ओटै वडामा दन्त शिविर वा पाठेघर परीक्षण सम्बन्धी **स्वास्थ्य शिविर सञ्चालन** गर्ने निर्णय गरियो ।

**छ.** २०४६ सालको जनआन्दोलनमा शहादत प्राप्त अमर शहीद श्री महेश श्रेष्ठकी छोरी रश्मी श्रेष्ठ (भ.न.पा.४, बोलाछैं) ले स्नातकोत्तर तह अध्ययनका लागि नगरपालिकाको तर्फबाट छात्रवृत्ति प्राप्तिका लागि निवेदन पेश गरेकोमा निजलाई स्नाकोत्तर तह अध्ययनमा लाग्ने **सम्पूर्ण शिक्षण शुल्क यस नगरपालिकाको तर्फबाट व्यहोर्ने** निर्णय गरियो ।

## कृषि समिति

**मिति : २०७८।८।१७ गते**

**क.** यस नगरपालिकाका कृषकहरूलाई नि:शुल्क आलुको बीउ वितरण गर्नका लागि विभिन्न कम्पनीबाट बेचबिखन गर्न भ.न.पा.मा प्राप्त निवेदन अनुसार सबैभन्दा कम मूल्यमा प्रति के.जी. रु.६९ मा काभ्रे जिल्ला पनौति नगरपालिकास्थित खाद्यान्न तथा आलु बीउ, अलैंची, फलफूल तथा नर्सरी उद्योगले ७२४५ के.जी. र सोही नगरपालिकास्थित ढुंगाना एग्रीकल्चर कृषि फर्मले पनि प्रति केजी रु.६९।–मा जम्मा २७५५ के.जी. समेत गरी जम्मा १०,००० के.जी.को रु.६,९०,०००।- (अक्षैरूपी छ लाख नब्बे हजार) को उक्त कम्पनीहरूसँग **आलु बीउ खरिद** गर्ने निर्णय गरियो ।

**ख.** भक्तपुर नगरपालिकाको निर्णय अनुसार भ.न.पा.का किसानहरूलाई नि:शुल्क रूपमा गहुंको बीउ वितरण गर्नका लागि भ.न.पा. १० स्थित सिद्धि कृषि सहकारी संस्था, लि. ले प्रति के.जी. रु.९०।- मा बिक्री गर्न इच्छा व्यक्त भएकोले सो सहकारी संस्थासँग जम्मा ७००० के.जी. गहुंको **बीउ खरिद गर्ने** निर्णय गरियो ।

## निर्माण समिति

### मिति २०७८।०८।१० गते

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि.ल.ई. /कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | जगातीदेखि हनुमानघाटसम्म पिच कार्य | ७ | नगरपालिका बजेट | ३,०२५,७२७।२८ | | उ.स.अ.: श्री राजकुमार वनमाला<br>अ.स.स. : श्री हरिरत्न गोर्खाली | | | | | | |
| २ | लिवाली आवास क्षेत्रमा सडक पिच कार्य | ८ | नगरपालिका बजेट | ४,९९९,८९०।१० | | उ.स.अ. : श्री तुल्सीराम ग्वाछा<br>अ.स.स. : श्री प्रेमबहादुर थापा | | | | | | |
| ३ | मचो भैरव ल्होंलांदेखि मेतंसम्मको बाटो ढुङ्गा छपाइ मर्मत कार्य | ८ | सडक बोर्ड नेपाल | १,०३५,८२४।४२ | | उ.स.अ. : श्री सीताराम बोहजू<br>अ.स.स. : श्री कृष्णसागर बासी | | | | | | |
| ४ | ठूलो ब्यासीको बाटोमा ईंटा छपाइ मर्मत कार्य | २ | सडक बोर्ड नेपाल | १,०४६,४४४।२६ | | उ.स.अ.: श्री सत्यनारायण बासुकला<br>अ.स.स. : श्री रत्नकाजी नायभारी | | | | | | |
| ५ | कालीघाट सत्तलको प्राङ्गणमा भूमिगत पानी ट्यांकी निर्माण कार्य | २ | खानेपानी शीर्षक | ३८०,६५६।३६ | | उ.स.अ. : श्री बालमुकुन्द बासुकला<br>अ.स.स. : श्री रत्नकाजी नायभारी | | | | | | |
| ६ | भाजु पोखरीको केन्द्रमा जलेश्वर मन्दिर पुन:निर्माण कार्य (दोस्रो चरण) | १ | नगरपालिका बजेट | ५,८०३,६५५।५४ | | उ.स.अ.:श्री लक्ष्मीनारायण राजलवट<br>अ.स.स.:श्री श्यामकृष्ण खत्री | | | | | | |
| ७ | भेलुखेलदेखि ५ नं. वडा कार्यालय अगाडि हुँदै टौमढीसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ५ | सडक बोर्ड नेपाल | १,०४६,७८२।७८ | | उ.स.अ. : श्री गोविन्द तमखु<br>अ.स.स. : श्री बलराम न्हिसुतू | | | | | | |
| **ल.ई. स्वीकृत/पेश्की फछ्र्यौट भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | गणेश माध्यामिक विद्यालयको चारकोठे भवन निर्माण कार्य | १ | सङ्घीय सरकार भौतिक पूर्वाधार (आ.व. २०७५/७६) | २,०९०,७७३।९२ | | ४५०,०००।०० | २,०४९,३५०।६२ | १,३५०,०००।०० | २,०६९,४९५।०९ | सम्पन्न | विद्यालय व्यवस्थापन समिति | रू.२४९,३५०।६२ गणेश मा.वि.बाट व्यहोर्ने । |
| | **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | आंलांबु, सृजनानगर र छिपा तां बाटोहरूमा ग्राभेलिंग कार्य | १, ७ | मर्मत सम्भार | ४९९,४५५।९९ | | | | २७१,८७७।९९ | २७१,८७७।९९ | सम्पन्न | श्री गणेश ब्रिक सेल्स सेन्टर | |
| २ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण कार्यको फिनिसिंग कार्यको (ज्याला मात्र) | ९ | बाँकी भुक्तानी शीर्षक | १०,३५३,९७२।७३ | | | ६,४३७,७९३।५१ | ५८९,९३५।५१ | ६,४३७,७९३।५१ | | | रू. ५८, ४७८५८।०० भुक्तानी भैसकेको |
| **ल.ई. स्वीकृत/कार्यान्वयनको लागि शहरी विकास तथा भवन निर्माण विभागमा पत्राचार गरिएको सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भ.न.पा. वडा नं. ८ जेंलास्थित नारायण मन्दिर पुन:निर्माण कार्य गर्न ल.ई. रू.३३,७१,२८४।१२ र भ.न.पा. वडा नं. ७ भौर बही परिसर पसिखेलमा ढुङ्गा छपाइ कार्यको ल.इ. रू. ५०,२२,५५४।४६ स्वीकृत गरी श्री शहरी विकास तथा भवन निर्माण विभाग, केन्द्रीय आयोजना कार्यान्वयन ईकाइ (भवन तथा आवास), बबरमहल, काठमाडौंबाट कार्यान्वयनका लागि पत्राचार गरी कार्यान्वयन गर्ने निर्णय गरियो । | | | | | | | | | | | |

| | |
|---|---|
| **बजेट संशोधन सम्बन्धमा** | |
| १ | भ.न.पा. वडा नं. ८ जेंलास्थित नारायण मन्दिर पुन:निर्माण कार्य गर्नका लागि आ.व. २०७८/०७९ मा भक्तपुर नपाबाट रू. २०,००,०००।०० विनियोजित गरेकोमा ल.ई. रू३३,७१,२८४।१२ स्वीकृत भएकोमा उक्त लागत श्री शहरी विकास तथा भवन निर्माण विभाग, केन्द्रीय आयोजना कार्यान्वयन ईकाइ (भवन तथा आवास), बबरमहल, काठमाडौंबाट कार्यान्वयन हुने भएकोले सो योजनाको लागि विनियोजित गरेको रू.२०,००,०००।०० लिबाली कभर्ड हल निर्माण कार्य (दोस्रो चरण) को लागि व्यहोर्ने गरी संशोधन गर्ने निर्णय गरियो । |
| **सिमाङ्कन सम्बन्धमा** | |
| १ | भ.न.पा. वडा नं. १० स्थित बेखाल पाटीदेखि कुटिप्वाक गणेश द्योछेँ क्वाठण्डौंसम्म ईंटा छपाइ कार्यका लागि नक्सा पास भएको जग्गामा सो बाटोको मापदण्ड अनुसार कायम गर्ने र नक्सा पास प्रक्रिया बाँकी जग्गाको हकमा हाललाई दायाँ बायाँ १/१ मिटर जग्गामा बाटो कायम गरी ईंटा छपाइ गर्ने र सो जग्गामा नियमानुसार नक्सा पास प्रक्रियाका बेला हाल १/१ मिटर छोडिएको जग्गासहित मापदण्डमा मिलान हुने गरी नक्सा प्रक्रिया कारवाही अगाडि बढाउने गरी १/१ मिटर जग्गा छोड्ने भनी प.स. ०७८/०७९ च.नं. ६०४ अनुसार निर्णय गरियो । |
| **अनलाइन बोलपत्रदाताको प्रस्ताव स्वीकृत सम्बन्धमा** | |
| १ | यस भक्तपुर नगरपालिकाको चालू आ.व. ०७८/७९ का लागि बाग्मती प्रदेश सरकारको विशेष बजेट शीर्षकबाट व्यहोर्ने गरी भ.न.पा. वडा नं. ९, स्थित तुमचो दुगुरे क्षेत्रमा खानेपानी पाइप बिछ्याउने कार्य (ठेक्का नं.: bktmun/NCB/works/01/078/079) गर्न ल.ई.रू. ७३,१९,०६८।९१ स्वीकृत भई मिति २०७८।०७।२९ गते बसेको मूल्याङ्कन समितिको बैठकबाट म्यादभित्र प्राप्त चौध (१४) ओटा अनलाइन बोलपत्रदाताहरूको प्रस्तावहरूमध्ये न्यूनत्तम अङ्क रू.३२,९६,३८३।२८ (अक्षरेपि बत्तीस लाख छयानब्बे हजार तीन सय त्रियासी रूपैयाँ अठाइस पैसा मात्र) भ्याटसहित कबोल गर्ने Raktakali Nirman Sewa (Simran-USG-Raktakali JV), गोदावरी नपा–१०, ललितपुरको प्रस्ताव न्यूनत्तम मूल्याङ्कीत सारभूतरूपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्रदाताको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |

## मिति २०७८/०८/१७ गते

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि.ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्वन्धमा | | | | | | | | | | | |
| १ | शारदा मा.वि.को भवन निर्माण कार्य (दोस्रो चरण) | २ | बाग्मती प्रदेश सशर्त बजेट | ३,१२९,७६४।०१ | | उ.स.अ. : श्री लक्ष्मीभक्त लासिवा<br>अ.स.स. : श्री मंगललक्ष्मी शाही | | | | | | |
| २ | हनुमान द्योदेखि घलाटेसम्म ब्लक छपाइ बाटो मर्मत कार्य | ३ | सडक बोर्ड नेपाल | १,०३४,४७४।२१ | | उ.स.अ. : श्री पूर्णप्रसाद सुवाल<br>अ.स.स. : श्री रामसुन्दर खाताखो | | | | | | |
| फछ्र्यौट/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | समाज सेवा इन्स्टिच्युट आधारभूत स्कूल झ्यालढोका र प्लास्टर कार्य | ८ | बाग्मती प्रदेश सांसद कोष (आ.व. ०७७/७८) | १,०४५,२०६।६७ | | ३५०,०००।००<br>३२१,९३८।००<br>६७१,९३८।०० | ६७८,०६२।००<br>३३८,६७१।९६<br>१,०१६,७३३।९६ | ३२८,०६२।००<br>१६,७३३।९६<br>३४४,७९५।९६ | ७६८,७०२।३६<br>५७६,४४०।९९<br>१,३४५,१४३।३५ | सम्पन्न | कृष्णराम ख्याजू | रू.१६,७३३।९६ विद्यालयबाट व्यहोर्ने । |
| २ | भीम आदर्श आधारभूत विद्यालय प्लास्टर र भर्‍याङ्ग छोप्ने कार्य | ८ | बाग्मती प्रदेश सांसद कोष (आ.व. ०७७/७८) | १,११५,४०३।४० | | ३५०,०००।००<br>५८५,५८६।०५<br>९३५,५८६।०५ | ४१४,४१३।९५<br>५८६,४७२।१४<br>१,०००,८८६।०९ | ६४,४१३।९५<br>८८६।०९<br>६५,३००।०४ | ४५५,९२१।८७<br>७०७,७३९।४६<br>१,१६३,६६१।३३ | सम्पन्न | विश्वराम दुवाल | रू.८८६।०९ विद्यालयबाट व्यहोर्ने । |

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

**क.** मिति २०७८।८।१९ गते बसेको यस नगरपालिकाको कार्यपालिका बैठकबाट यस नगरपालिकाद्वारा सञ्चालित शिशु स्यहार तथा बाल विकास केन्द्रमा शिक्षिका २ जना र आया दिदी १ जना शिशु स्याहार केन्द्रबाट विभिन्न तह र पदमा करार सेवा कर्मचारी पदपूर्तिको लागि माग भएको विषयमा आवश्यकता विश्लेषण गरी करार सेवामा कर्मचारी पदपूर्ति गर्न भक्तपुर नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को **सूचिकरण तथा छनौट समितिलाई जिम्मा** दिने निर्णय गरियो ।

**ख.** यस नगरपालिकाको युवा रोजगारका लागि रूपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७८ अन्तर्गत गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति प्रक्रिया बमोजिम यस नगरपालिकाको लागि करारमा प्राविधिक सहायक पदपूर्ति गर्न उक्त प्रक्रियाको दफा (१) बमोजिम गठित पदपूर्ति समितिमा भक्तपुर नगरपालिकाको कार्यपालिका बैठकबाट देहायको सदस्य र सदस्य सचिव तोकी उक्त समितिलाई पूर्णता दिई **पदपूर्तिको प्रक्रिया अगाडि बढाउने** निर्णय गरियो –

१. सदस्य – सम्बन्धित तहले तोकेको विषय विज्ञको रूपमा ख्वप कलेज अफ इन्जिनियरिङ्, भक्तपुरका प्राचार्य श्री सुनिल दुवाल

२. सदस्य सचिव – सम्बन्धित शाखा प्रमुखको रूपमा सहायक निर्देशक (प्रशासन शाखा) श्री दामोदर सुवाल

**ग.** भक्तपुर नगरपालिकाले नृत्य वत्सला मन्दिर पुननिर्माण किताब छपाइको लागि कोटेशन माग गरे अनुसार मित्रता छापाखाना भक्तपुरले १८८ पेज B/W ४४ पेज ४ कलर जम्मा २३२ पेज ४५०० प्रति छपाइ गर्दा प्रति बुक १ थानको १११।– मू.अ.कर सहित (एक सय एघार रूपैयाँ) मा छपाइ गर्न पाऊँ भनी कोटेशन पेश भएको हुँदा उक्त छापाखानालाई उक्त **किताब छपाइ** गर्न दिने निर्णय गरियो ।

**घ.** भक्तपुर नगरपालिकाको लागि आवश्यक शवबाहन/एम्बुलेन्स १ थान 'राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८' बमोजिम खरिद गर्न 'गोरखापत्र' दैनिकमा मिति २०६८।०७।१८ गते र 'मजदुर' दैनिकमा मिति २०७८।०७।२३ र पुनः २०७८।०८।०४ मा प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वानको सूचना अनुसार म्यादभित्र पर्न आएका २ (दुई) थान शिलबन्दी दरभाउपत्रहरूमध्ये सबभन्दा कम रकम कबोल गर्ने दरभाउपत्रदाता श्री IME MOTORS Pvt.Ltd, Balaju Kathmandu, ASHOK LAYLAND कम्पनीको Bid Document मा संलग्न Technical Specification भन्दा कम भार क्षमताको भएको र श्री SIPRADI TRADING Pv.t Ltd TATA MOTORS कम्पनीको अधिकत्तम चौडाइ भएकोले नगरको गल्लीभित्र नछिर्ने र सेवा प्रवाहमा अवरोध हुन सक्ने सम्बन्धित प्राविधिकको राय अनुसार दुवै कम्पनीको दरभाउ पत्र योग्य नभएको कारणले गर्दा **रद्द गर्ने निर्णय** गरियो ।

**ङ.** वडा नं. १ का वडाध्यक्ष श्री श्यामकृष्ण खत्रीले अखिल नेपाल फुटबल सङ्घको आयोजनामा २०७८ कार्तिक ४ देखि भएको उपमेयर कप राष्ट्रिय महिला फुटबल प्रतियोगितामा सहभागी गराउन रु. १,५०,०००।– पेश्की लिई रु.२,१२,९२६।– बराबरको खर्च भपाई पेश गरेकोमा नपुग रु.६२,९२६।– भुक्तानी दिई निजको नाममा रहेको **पे.फ. गर्ने निर्णय** गरियो ।

**च.** वडा नं. ३ का वडाअध्यक्ष श्री राजकृष्ण गोराले आ.व. २०७६।७७ मा नपा क्षेत्रमा रहेका भुस्याहा कुकुरहरूको उपचार, बन्ध्याकरण, रेविजको खोप तथा अन्य कार्यका लागि रु. ५,००,०००।– पेश्की लिई रु. ३,९८,२००।– बराबरको खर्च भपाई पेश गरेकोमा बाँकी रकम दाखिला गरी दिई निजको नाममा रहेको **पे.फ. गर्ने निर्णय** गरियो ।

**छ.** वडा नं. १० का वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखाले नपा क्षेत्रमा रहेका भुस्याहा कुकुरहरूको उपचार, बन्ध्याकरण, रेविजको खोप तथा अन्य कार्यका लागि रु.५,००,०००।– पेश्की लिई रु. ७,९०,६७५।– बराबरको खर्च भपाई पेश गरेकोमा नपुग रु २,९०,६७५।– भुक्तानी दिई निजको नाममा रहेको **पे.फ. गर्ने** निर्णय गरियो ।

**ज.** भनपाबाट निर्मित ब्रम्हायणी बहुउद्देश्यीय भवनमा जडित विद्युत महसुल रु. ४,८४,७१३।५८ र भक्तपुर नगरपालिकाको नाममा जडित सडक ब्तीको महसुल रु. ४,१३,४४०।– भुक्तानी गरिएको बैठकबाट **अनुमोदन गर्ने** निर्णय गरियो ।

**झ.** नपाबाट सञ्चालित बा १ ग २२६७ को गाडी मर्मत गरेवापत रु. ३२,९९६।–, बा १ ग २२६४ को गाडी मर्मत गरेवापत रु. १,९३,४५६।–, बा १ ग २२६७ को गाडी मर्मत गरेवापत रु. १५,१४२।–, बा १ ग २२६३ को गाडी मर्मत गरेवापत रु. २५,८७७।– र बा १ क ३५५८ को गाडी मर्मत गरेवापत रु. ५,३९०।१० गरी कुल रु. २,७२,८६१।१० सिद्धि गणेश मोटर पार्टसलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ञ.** नपाको बा १ भ्क ८७४९ को फोहोरमैला सङ्कलन गर्ने गाडीको मर्मत गरेवापत रु.७६,१०५।५० अजिमा अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ट.** नपाको को १ स १६७२ को तीन पाङग्रे ट्राइसाइकल मर्मत गरेवापत रु. ९,६५०।–, को १ स १६७८ को ट्राइसाइकल मर्मत गरेवापत रु. १५५७५।, को १ स १६८२ को मर्मत गरेवापत रु.८,४००।– र को १ स १६७४ को मर्मत गरेवापत ५,२००।– गरी कुल रु. ३८,८२५।– लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ठ.** नपाको बा १ क ३५५९ नं. गाडीको मर्मत गरेवापत रु. ३१,११७।७२ नेपाल अटो इलेक्ट्रिक ट्रेड लिंकलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ड.** नपाको जेनेरेटर सेटको ब्याट्री डाइनामोलगायतको सामान फेरि मर्मत गरेवापत रु. १८,३००।– इन्द्रेणी अटो पार्टस् एण्ड सर्भिसिङ्ग सेन्टरलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ढ.** नपाको प्रदेश नं. ३–०१००२ भ्क ५४९६ को एम्बुलेन्स गाडी ड्राइभर विकास दुमरुलाई **भत्ता दिने** निर्णय गरियो ।

**ण.** मिति २०७८ कार्तिक २ गते भक्तपुर नगरपालिकाको भ्रमणमा पाल्नु भएका जर्मन प्रतिनिधिहरूलाई खानाको व्यवस्था गरेवापत रु. १८,७५०।– ख्वप छेँ क्याफेलाई भुक्तानी दिने निर्णय गरियो ।

**त.** नपाका विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु. ४०,६३५।– दिब्य स्विट्सलाई भुक्तानी **दिने निर्णय** गरियो ।

**थ.** नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु. ७,८७०।– भ्कछेँ नेवारी खाजा घरलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**द.** नपामा विभिन्न समयमा खाजा उपलब्ध गराएवापत रु. ५,३५०।– बालकृष्ण खाजा घरलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ध.** भक्तपुर नगरपालिकाको 'साविक मापदण्ड अनुसार निर्माण भएका घर/भवनको नक्सा पास र सूचीकरण सम्बन्धी कार्यविधि २०७७' अनुसार नक्सा पास र सूचिकरणको लागि पेश भएका नक्सा सम्बन्धमा सम्बन्धित वडाबाट सर्जमिन साथ प्राविधिक प्रतिवेदन पेश भै नक्सा सूचिकरण समितिबाट विभिन्न मितिमा सिफारिससाथ निर्णयार्थ कार्यपालिका बैठकमा पेश भएका निम्न विवरण अनुसारका पास हुने नक्सा जम्मा १० र सूचिकृत हुने नक्सा जम्मा २६ गरी जम्मा नक्सा सङ्ख्या ३६ पास र सूचिकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम | निर्माण स्थल | कार्यपालिकाको बैठकको निर्णय |
|---|---|---|---|
| १ | केशव विरवल | भ.न.पा. २ साविक १५ | नक्सा पास हुने |
| २ | राजेश भ्वयच्चो | भ.न.पा. ८ साविक २ | नक्सा पास हुने |
| ३ | नाती माया प्रजापति | भ.न.पा. ९ साविक १ | नक्सा पास हुने |
| ४ | गंगा लाल लागेजु | भ.न.पा. ७ साविक चित्तपोल गा.वि.स. | नक्सा पास हुने |
| ५ | विष्णु प्रसाद सुवाल | भ.न.पा. ६ साविक ५ | नक्सा पास हुने |
| ६ | बल राम मुस्याख्व | भ.न.पा. १० साविक ४ | नक्सा पास हुने |
| ७ | माया लक्ष्मी प्रजापति | भ.न.पा. १० साविक ४ | नक्सा पास हुने |
| ८ | राधा कृष्ण ब्याजु | भ.न.पा. ९ साविक १ | नक्सा पास हुने |
| ९ | श्याम कृष्ण कोजु | भ.न.पा. ९ साविक १ | नक्सा पास हुने |
| १० | लक्ष्मी प्रसाद दुवाल | भ.न.पा. ९ साविक १ | नक्सा पास हुने |
| ११ | तारा दुवाल | भ.न.पा. ८ साविक २ | सूचिकृत हुने |
| १२ | रेवी सुन्दरी बसी कायष्ठ | भ.न.पा. ६ साविक ५ | सूचिकृत हुने |
| १३ | राम गोपाल खर्बुजा | भ.न.पा. ४ साविक १४ | सूचिकृत हुने |
| १४ | लक्ष्मी प्रसाद त्वायना | भ.न.पा. २ साविक १० | सूचिकृत हुने |
| १५ | मोहन केशरी प्रजापति | भ.न.पा. ८ साविक २ | सूचिकृत हुने |
| १६ | उर्मिला कर्माचार्य | भ.न.पा. ३ साविक १६ | सूचिकृत हुने |
| १७ | कृष्ण भक्त किसी | भ.न.पा. ७ | सूचिकृत हुने |
| १८ | विन्दा दंगाल | भ.न.पा. १० साविक ४ | सूचिकृत हुने |
| १९ | राकेश सुवाल र उकेश सुवाल | भ.न.पा. २ साविक १० | सूचिकृत हुने |
| २० | माया राजथला | भ.न.पा. १ साविक १७ | सूचिकृत हुने |
| २१ | कमल केशरी तुकंबन्जार | भ.न.पा. २ साविक १५ | सूचिकृत हुने |
| २२ | कमल केशरी कोजु | भ.न.पा. ८ साविक २ | सूचिकृत हुने |
| २३ | जय राम ग्वाछा | भ.न.पा. १० साविक ४ | सूचिकृत हुने |
| २४ | श्याम कृष्ण सिल्पकार | भ.न.पा. १ साविक १७ | सूचिकृत हुने |
| २५ | सत्य नारायण कवां | भ.न.पा. ७ | सूचिकृत हुने |
| २६ | विष्णु हेङ्ग्वा | भ.न.पा. ८ साविक २ | सूचिकृत हुने |
| २७ | श्याम कृष्ण श्रेष्ठ समेत | भ.न.पा. १ साविक कटुंजे १(ख)१ | सूचिकृत हुने |
| २८ | सत्य राम गोसाई | भ.न.पा. १० साविक ४ | सूचिकृत हुने |
| २९ | जमुना खाईजु | भ.न.पा. ८ साविक २ | सूचिकृत हुने |
| ३० | मैया प्रजापति | भ.न.पा. १० साविक ४ | सूचिकृत हुने |
| ३१ | गणेश कुमार प्रजापति | भ.न.पा. १० साविक ४ | सूचिकृत हुने |
| ३२ | आस कुमारी थुसा | भ.न.पा. १० साविक ४ | सूचिकृत हुने |
| ३३ | सत्य राम प्रजापति | भ.न.पा. ८ साविक २ | सूचिकृत हुने |
| ३४ | भावना खत्री प्रजापति | भ.न.पा. २ साविक १५ | सूचिकृत हुने |
| ३५ | तुल्सी राम भैल | भ.न.पा. १ साविक १७ | सूचिकृत हुने |
| ३६ | माईली कर्माचार्य | भ.न.पा. २ साविक १५ | सूचिकृत हुने |

**ण.** भक्तपुर नगरपालिका प्रकोप व्यवस्थापन कोष आर्थिक वर्ष २०७७/०७८ आषाढसम्मको यथार्थ आय-व्यय विवरण

| क्र.स. | विवरण | | |
|---|---|---|---|
| | | आय | ८३४८४२२७।०० |
| १ | गत वर्षको मौज्दात | ५९९९३२९।७९ | |
| २ | प्रदेश सरकारबाट | ११००००००।०० | |
| ३ | विभिन्न सङ्घ सस्थाबाट तथा व्यक्तिहरूको सहयोग | ६६४८४८९७।२१ | |
| | जम्मा | ८३४८४२२७।०० | |
| | | व्यय | |
| १ | खर्च | ४१४१४०२२।४७ | |
| २ | बैंक मौज्दात | ४२०७०२०४।५३ | |
| | जम्मा | ८३४८४२२७।०० | |

| भक्तपुर नगरपालिका कार्यालयको प्रकोप व्यवस्थापन कोषको आ.व. २०७७/०७८ को यथार्थ खच | | |
|---|---|---|
| क्र.स. | विवरण | रकम |
| रर१ | सामान | १०७६८७९।०० |
| २ | औषधी | ६७९१२०।०० |
| ३ | प्रसार | ६५५४७७।०० |
| ४ | सञ्चार | ६२०२०।०० |
| ५ | आइसोलेसन निर्माण | ३९२२४६८।०० |
| ६ | वडा कार्यालय | ३७९२०५।०० |
| ७ | कम्प्युटर | ८६५००।०० |
| ८ | वासिङ मेशिन | ५७७५९१।०० |
| ९ | कोभिड युनिट (ख्वप अस्पताल) | २३००००००।०० |
| १० | नेपाली सेनालाई सामान | १५११३७।०० |
| ११ | अक्सिजन प्लान्ट | १०८२३६२५।४७ |
| | जम्मा | ४१४१४०२२।४७ |

**त.** सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ६(१) ले सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने प्रावधान अनुसार यस कार्यालयमा सूचना अधिकारीको रूपमा पुस्तकालय अधिकृत श्री भूपाल मूललाई तोकिएकोमा मिति २०७८।८।१३ गतेदेखि लागू हुने गरी यस नगरपालिकाका सहायक निर्देशक श्री दामोदर सुवाललाई **सूचना अधिकारी** तोक्ने निर्णय गरियो । उक्त ऐनको प्रावधान अनुसार सूचना अधिकारीको लागि सिम कार्ड र मोबाइल उपलब्ध गराउने निर्णय गरियो ।

**थ.** शहरी नापीका समयमा भुइ तलामा पाटी, सत्तल वा सार्वजनिक प्रकृतिको संरचना भएको र सोमाथि व्यक्तिको तला घर भनी फिल्डबुक जनी सोही अनुसार भोगचलन समेत गरिआएको कित्ता जग्गा दर्ता बाँकी अवस्था भए रहे फिल्डबुक व्यहोरामा उल्लेखित व्यक्ति वा निजका हकदारहरूले मन्जुरनामा दिएको र सम्बन्धित वडा कार्यालयबाट भोगचलनको सर्जमिन सिफारिस समेत भई आएको अवस्थामा त्यस्ता सार्वजनिक प्रकृतिका संरचना माथि बनेका तलाहरूको **नक्सा पास प्रक्रिया अगाडि बढाउने** निर्णय गरियो ।

## मिति २०७८ मङ्सिर २९ गते, बुधबार

(उपस्थिति नि.प्रमुख प्रशासकीय अधिकृत श्री रामगोविन्द श्रेष्ठ)

निर्णयहरू

### स्थापना दिवस

भक्तपुर नगरपालिकाको ७२ औं स्थापना दिवस नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय प्रतिनिधि सभाका माननीय सांसद श्री प्रेम सुवालको प्रमुख आतिथ्यमा २०७८ पुस २ गते प्रवचन कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

### पुस्तकालयलाई अनुदान

भक्तपुर नगरपालिकाभित्र सञ्चालित पुस्तकालय तथा वाचनालयहरूको वर्तमान अवस्थाबारे अध्ययन गर्न जनज्योति पुस्तकालयको शाखा प्रमुख श्री भूपाल मूलको संयोजकत्वमा गठित कार्यदलको प्रतिवेदनअनुसार पुस्तकालय तथा वाचनालयहरू व्यवस्थित परिचालनका लागि सम्बन्धित वडा कार्यालयको सिफारिसमा प्रत्येक वडाका कम्तिमा एउटा पुस्तकालय तथा वाचनालयलाई नगद रु.१,००,०००।- (अक्षेरूपी एक लाख रूपैयाँ) सम्मको अनुदान प्रदान गर्ने निर्णय गरियो ।

### समितिका निर्णय अनुमोदन

३. यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो-

**महिला, बालबालिका तथा समाज कल्याण समिति**

**मिति : २०७८।८।२८ गते**

क. भक्तपुर नगरपालिकाबाट विभिन्न सीपमूलक तालिम दिने सूचना प्रकाशनअनुसार बेसिक सिलाइमा आवश्यक निवेदक पुग्दो भएकोले सो तालिम सञ्चालन गर्ने र आवश्यक सङ्ख्या नपुगेका तालिमहरू एड्भान्स सिलाइ, हेयर कटिङ्ग, पाक शिक्षा **तालिमको पुनः सूचना** 'मजदुर' दैनिक पत्रिकामा प्रकाशन गर्ने निर्णय गरियो ।

**युवा तथा खेलकुद समिति**

**मिति : २०७८।८।१६ गते**

क. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मङ्सिर २०-२४ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा सहभागी भएका भक्तपुर नगरभित्रका विद्यालयहरूलाई निम्न अनुसारको **खेलकुद सामग्री वितरण गर्ने** निर्णय गरियो–

१. ब्याटमिन्टन राकेट – २ ओटा
२. फ्लाइङ्ग डिक्स – २ ओटा
३. टेबुल टेनिस बायट् र बल – २ सेट
४. सानो फुटबल (२ नं.) को – २ ओटा
५. ठूलो बल (३ नं. ) को – २ ओटा
६. पायटन (एथ्लेटिक्सको सामग्री) – १ सेट
७. भलिबल – १ ओटा
८. फुटबल – १ ओटा
९. स्किपिङ्ग रोप – २ ओटा

**मिति : २०७८।८।२१ गते**

क. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मङ्सिर २०-२४ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको **पुरस्कार वितरण एवं समापन समारोह**को लागि प्रमुख अतिथि, विशेष अतिथि, अतिथिहरू आमन्त्रण गर्ने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मङ्सिर २०-२४ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको विभिन्न खेल प्रतियोगिताका निर्णायक/रेफ्रीहरूलाई प्रति व्यक्ति प्रतिदिन रु.१०००।- (अक्षेरूपी रु.एक हजार) **पारिश्रमिक दिने** निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिका र भक्तपुर जिल्ला जिम्नाष्टिक सङ्घसँग सम्झौता गरी २०७६ माघ महिनादेखि निरन्तर रूपमा प्रशिक्षण सञ्चालन गरिरहेको जिम्नाष्टिक प्रशिक्षण २०७८ मङ्सिर महिनादेखि भक्तपुर नगरपालिकाबाट **प्रशिक्षण सञ्चालन** गर्ने र उक्त प्रशिक्षणका लागि भक्तपुर नगरपालिका वडा नं. ४ बस्ने श्री कृष्णराम जाकिबन्जारलाई प्रशिक्षकमा नियुक्ति गर्ने निर्णय गरियो ।

**शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति**

**मिति : २०७८।८।२८ गते**

क. भक्तपुर नगरपालिकाभित्र सञ्चालित पुस्तकालय तथा वाचनालयहरूको सञ्चालन कार्यलाई प्रभावकारी बनाउन नियमित **अनुगमन तथा निरीक्षण** गर्ने जिम्मेवारी नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालय प्रदान गर्ने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाभित्र सञ्चालित पुस्तकालय तथा वाचनालय सञ्चालकहरूलाई पुस्तकालय सञ्चालन विधि सम्बन्धी **तालिम प्रदान गर्ने** निर्णय गरियो ।

ग. भक्तपुर नगरवासी युवाहरूलाई लक्षित गरी यस नगरपालिकाको आयोजनामा चिनियाँ तथा जापानी भाषा, नेपाल भाषा लिपी सम्बन्धी **प्रशिक्षण सञ्चालन गर्ने** र सोको लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिने **टेलिभिजन स्वीकृतिको लागि** प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाभित्र सञ्चालित सामुदायिक आधारभूत विद्यालयहरूको बाल विकास केन्द्र (ECD) को स्तरोन्नतिको लागि नगरपालिकाको तर्फबाट सम्बन्धित वडा कार्यालयको सिफारिसमा प्रतिविद्यालय रु.१,००,०००।- (रु. एक लाख) **आर्थिक सहयोग प्रदान गर्ने** निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकाद्वारा उच्च शिक्षा हासिल गर्ने नगरवासीहरूलाई **शैक्षिक ऋण प्रदान** गर्ने उद्देश्यले सूचना प्रकाशित गरे अनुसार निर्धारित समयावधिमा आवेदन दिएका वडावासी विद्यार्थीहरूलाई अन्तरवार्ता लिने र सोको लागि सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो:

छ. भक्तपुर नगरपालिका वडा नं. ५ स्थित लक्ष्मी नरसिंह पुनः निर्माण कार्यको लागि इन्जिनियर श्री सुजन माकको संयोजकत्वमा देहाय बमोजिमको **प्राविधिक समिति** गठन गर्ने निर्णय गरियो–

१. संयोजक : ई. श्री सुजन माक
२. सदस्य : ई. श्री सुनिल दुवाल
३. सदस्य : ई. श्री अमित प्रजापति
४.सदस्य : आ. श्री रबिता सिल्पकार
५. सदस्य : आ.श्री प्रमिला सिल्पकार
६. सदस्य : ई. श्री ससिन प्रजापति
७. सदस्य सचिव : आ. श्री रामगोविन्द श्रेष्ठ

## निर्माण समिति

मिति २०७८।०८।२४ गते

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई. रकम | रि ल.ई. कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. खण्डीकरण** गरी पुन:सूचना प्रकाशन गर्न स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | भक्तपुर नगरपालिका फोहोरमैला प्रशोधन केन्द्र सञ्चालनका लागि सामग्री खरिद कार्य गर्न ल.ई. ३,६५,००,०००।०० मिति २०७८/७/१७ गतेको नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भई मिति २०७८/०७/२४ गते अनलाइन बोलपत्र आह्वानको प्रकाशित सूचनाअनुसार मिति २०७८/०८/२४ गते बोलपत्र खोल्दा कुनै पनि बोलपत्रदाताको प्रस्ताव नपरेको हुँदा उक्त कार्य गर्नको लागि स्वीकृत ल.ई. लाई निम्नानुसार पाँच खण्डमा खण्डीकरण गरी पुन:सूचना प्रकाशन गर्ने निर्णय गरियो । | | | | | | | | | | | सूचना प्रकाशन गर्ने निर्णय गरियो । |
| २ | List of equipments for Rikishi Compost Plant | | | १,१६९,३६०।०० | | | | | | | | |
| ३ | Raw material for second stage Rikishi Compost Plant | | | ४,१२२,०००।०० | | | | | | | | |
| ४ | Equipment for Box Composting | | | २,१७५,१७२।०० | | | | | | | | |
| ५ | Equipment for Hospital waste | | | ३,९०९,३००।०० | | | | | | | | |
| ६ | Vehicles used for Transportation and Compaction | | | २०,८००,०००।०० | | | | | | | | |
| | Total | | | ३२,१७५,८३२।०० | | | | | | | | |
| | VAT 13% | | | ४,१८२,८५८।१६ | | | | | | | | |
| | Contingency | | | १४१,३०९।८४ | | | | | | | | |
| | All Total | | | **३६,५००,०००।००** | | | | | | | | |
| | **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | चुपिङ घाटस्थित भजन घर जीर्णोद्धार कार्य (पहिलो चरण) | ५ | बागमती प्रदेश सशर्त बजेट | १,३९०,२४३।४१ | | | | | | | | |
| **उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | चुपिङ घाटस्थित भजन घर जीर्णोद्धार कार्य (पहिलो चरण) | ५ | बागमती प्रदेश सशर्त बजेट | १,३९०,२४३।४१ | | उ.स.अ. : श्री पुण्यराम सुवाल अ.स.स. : श्री बलराम न्हिसुतू | | | | | | |
| **ल.ई. स्वीकृत/पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | बासु माध्यामिक विद्यालयको चारकोठे भवन निर्माण कार्य | २ | सङ्घीय सरकार भौतिक पूर्वाधार (आ. व. २०७५/७६) | २,२९२,४२३।२९ | | | १,८६०,६१२।८० | १,८६०,६१२।८० | २,१६५,०६०।१० | सम्पन्न | विद्यालय व्यवस्थापन समिति | रू.६०,६१२।८० बासु मा.वि.बाट व्यहोर्ने । |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | गय:भिंद्यो पुल निर्माण (पाँचौं चरण) | ७ | नपा | १,९४७,९१२।३८ | | | १,७५५,२६४।२३ | १,७५५,२६४।२३ | १,८३७,६३५।३९ | | | गय:भिंद्यो देखि आदर्श बस स्टपसम्म दुवैतर्फ पेटी निर्माण तथा ढुङ्गा छपाइ कार्य शीर्षकबाट व्यहोर्ने । |
| **बजेट संशोधन सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | आ.व. २०७८/०७९ मा भ.न.पा. वडा नं. ७ स्थित गय:भिंद्यो पुल निर्माण (पाँचौं चरण) कार्य गर्न ल.ई. रू.१९,४७,९१२।३८ स्वीकृत भई सञ्चालित योजनाको लागि अपुग बजेट आ.व. २०७८/०७९ मा विनियोजित गय:भिन्द्योदेखि आदर्श बस स्टपसम्म दुवैतर्फ पेटी निर्माण तथा ढुङ्गा छपाइ कार्य बजेट शीर्षकबाट रू.१७,५५,२६४।२३ व्यहोर्ने र गय:भिन्द्योदेखि आदर्श बस स्टपसम्म दुवैतर्फ पेटी निर्माण तथा ढुङ्गा छपाइ कार्य बजेट शीर्षकमा बाँकी रू.२ ७,४४,७३५।७७ रहने गरी बजेट संशोधन गर्ने निर्णय गरियो । | | | | | | | | | | | |

## विविध

**विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –**

**क.** भ.न.पा.को ५४९६ नं. को एम्वुलेन्स मर्मत गरे वापत रु. ९३००।– एस. के. आमोस सिट हुट सेन्टरलाई भुक्तानी गरिएको **अनुमोदन** गर्ने निर्णय गरियो ।

**ख.** सफाइ गाडी ८७४९ नं. मर्मत गराए वापत रु.७६,१०५।– अजिमा अटो वर्कशपलाई भुक्तानी गरिएको **अनुमोदन** गर्ने निर्णय गरियो ।

**ग.** यस भ.न.पा.को वा १ क ९०८५ वाकोहो लोडर मर्मत गराए वापत रु.१,३४,५९०।– हाम्रो हेभि इक्विपमेन्ट वर्कशप प्रा.लि.लाई भुक्तानी गरिएको **अनुमोदन** गर्ने निर्णय गरियो ।

**घ. यस न.पा.को वा १ क ४५५४ जेट मेशिन मर्मत गराए वापत रु.२१,१८७।–, ३३३९१ नं. र २२६३ नं. को सफाइ गाडी मर्मत गराए वापत रु. ५१,५८४।– गरी जम्मा रु. १,०६,१६२।– सिद्धि गणेश मोटर पार्टसको नाउँमा भुक्तानी गरिएको अनुमोदन गर्ने निर्णय गरियो ।**

**ङ. विश्व पर्यटन दिवसको अवसरमा भक्तपुरका स्थानीय पथ प्रदर्शकहरूलाई भर्चुअल टुर गाईड र रिफ्रेसर तालिमको लागि पर्यटक सेवा केन्द्र प्रमुख श्री गौतमप्रसाद लासिवाले रु.५०,०००।– पेश्की लिई रु.५१,१६१।– को विल भर्पाई पेश गरी पे.फ. का लागि पेश गरेको निवेदनअनुसार निजले पेश गरेको खर्च समर्थन गरी निजको नाउँमा रहेको पेश्की फछ्र्यौट गरी नपुग रकम भुक्तानी गर्ने निर्णय गरियो ।**

नगरपालिका नगरवासीहरूको संस्था हो ।

करदाताहरूले समयमै कर बुझाऔं

**नगरको विकासमा सघाऔं ।**

# नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०७८



भक्तपुर नगरपालिकाले आयोजना गरेको 'नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०७८' मङ्सिर २० गतेदेखि २४ गतेसम्म सञ्चालन भई सफलताका साथ सम्पन्न भयो ।

## प्रतियोगिताको समुद्घाटन

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें** (रोहित) ले मङ्सिर २० गते सहिदस्मृति खेलमैदानमा आयोजित एक समारोहमा पानसमा दीप प्रज्ज्वलन गरी समुद्घाटन गर्नुभयो ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले खेलकुद क्षेत्रमा लाग्ने खेलाडीहरूले



सामूहिक, समन्वय, सहयोग र सहकार्यको सदुपयोग गर्दै आफ्नो खेलको विकास गर्ने हुँदा यसले भविष्यमा व्यक्तित्व विकासमा समेत विशेष योगदान पुऱ्याउने बताउनुभयो ।

मित्रता, अनुशासन र स्वस्थ जीवनको लागि खेलकुद अत्यन्त महत्त्वपूर्ण हुने बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले खेलाडीहरूले देशको गरिमा बढाउने बताउनुभयो ।

समयानुकुल खेलकुद प्रतियोगिताको आयोजना गर्नुपर्ने सुझाव दिनुहुँदै खेलाडी विद्यार्थी भाइ बहिनीहरूलाई विद्यालयस्तरबाटै कुनै न कुनै खेलकुदमा सहभागी हुँदै शारीरिक र मानसिक रूपले तन्दुरुस्त रहनुपर्ने विचार व्यक्त गर्नुभयो ।




pb\3f6g sfo{qmdf d~rfl;g k|d'v cltly cWoIf lahS5 ]fufotsf cltly







भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यमा उत्कृष्टता हासिल गरेसँगै खेलकुद क्षेत्रबाट राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउने काम गरिरहेको बताउनुहुँदै खेलकुद मावन जीवनको अभिन्न अङ्ग भएको बताउनुभयो ।

विद्यार्थीहरूको अनुकूल समयमा विद्यार्थीहरूलाई खेलकुद गतिविधिमा सकृय बनाउन प्रत्येक वर्ष अन्तर विद्यालय खेलकुद प्रतियोगिता आयोजना गर्दै आइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले खेलकुद हार–जित भन्दा पनि अनुशासन र मित्रताको निम्ति खेल्नुपर्ने बताउनुभयो ।

बागमती प्रदेशका सांसद **सुरेन्द्रराज गोसाईले** खेलकुद महोत्सवको पूर्ण सफलताको कामना गर्नुहुँदै भक्तपुर नगरपालिकाले विद्यार्थीहरूको खेल जीवनलाई निरन्तरता दिने र विद्यार्थीहरूलाई उत्साहित गर्ने सराहनीय कार्य गरेको बताउनुभयो ।

बालबालिकाका लागि कोभिडविरुद्धको खोप ल्याउन सरकारले ढिलाइ गर्न नहुने बताउनुहुँदै सांसद गोसाईले बालबालिकाको लागि कोभिडविरुद्ध खोपको प्रभावकारिताबारे आवश्यक छलफल चलाउनु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष **विनोदचरण राय**ले खेलकुद क्षेत्रको विकासमा भक्तपुर नपाले उल्लेखनीय प्रगति गर्दै आइरहेको धारणा व्यक्त गर्नुहुँदै खेलकुदले विद्यार्थीमा अनुशासन र नेतृत्व विकासमा टेवा पुऱ्याउने बताउनुभयो ।

भक्तपुर नपा युवा तथा खेलकुद समितिका संयोजक एवम् भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले स्वागत गनुभएको उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

प्रतियोगिताको उद्घाटन



कार्यक्रमअघि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा विभिन्न विद्यालयका शिक्षक, विद्यार्थी, खेलकुद संस्थाहरूका पदाधिकारी, विभिन्न बाजा टोलीहरूलगायत खेलप्रेमीहरूको ठूलो सहभागिता रहेको थियो । दत्तात्रयबाट सुरु भएको उदघाटन र्‍याली गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो हुँदै शहीदस्मृति खेलमैदानमा पुगी सभामा परिणत भएको थियो ।

उद्घाटन कार्यक्रममा खेलाडीहरूले जिम्नास्टिक खेलको कौसल प्रस्तुत गरेका थिए ।

प्रतियोगितामा नगरपालिकाभित्रका ७१ विद्यालयका १८८५ जना खेलाडीहरूले प्रतिस्पर्धामा सहभागिता रहेको नगरपालिकाका युवा तथा खेलकुद समितिका संयोजक एवम् वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले बताउनुभयो ।

साथै प्रतियोगितामा (टेबुलटेनिस, भलिबल, फुटसल,



कबड्डी, खोखो, एथ्लेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, कराते, तेक्वाण्डो, जिम्नाष्टिक, पोर्टबल, कसिमला पाँय्) गरी १३ ओटा खेलका लागि प्रतिस्पर्धा हुनेछ ।

उद्घाटन कार्यक्रममा निर्णायकको तर्फबाट राजुसिं बजिक्व, प्रशिक्षकको तर्फबाट मुना बासुकला र खेलाडीको तर्फबाट दीपशीखा बासुकलाले खेललाई मर्यादित, व्यवस्थित र अनुशासित ढङ्गले सञ्चालन गर्न शपथ ग्रहण गर्नुभएको थियो ।










# उद्‌घाटन र्‍याली
## (केही झलक)











**प्रतियोगिताको सञ्चालन जिम्मा**

नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०७८ सञ्चालन गर्न नगरका १० ओटै वडा कार्यालयलाई निम्नअनुसार खेल सञ्चालनको जिम्मा दिइएको थियो –

| वडा नं. | खेल |
|---|---|
| १ – | भलिबल र जिम्न्यास्टिक |
| २ – | टेबल टेनिस |
| ३ – | पोर्टबल |
| ४ – | कबड्डी |
| ५ – | तेक्वाण्डो |
| ६ – | कराते |
| ७ – | एथ्लेटिक्स र फुटसल |
| ८ – | ब्याडमिन्टन |
| ९ – | कसिमला पाँय् र बुद्धिचाल |
| १० – | खो खो |

**खेल नियम र दर्ता शुल्क**

प्रतियोगिताका सम्पूर्ण खेलहरू खेल सङ्घ र आयोजक समितिको नियमानुसार खेलाइने पूर्व जानकारी दिनुका साथै विभिन्न खेल प्रतियोगितामा सहभागी हुन दर्ता शुल्क निम्नअनुसार निर्धारण गरिएको थियो –

रु.५००।– भलिबल, कबड्डी, पोर्टबल, फुटसल र खो खो

रु.१००।– टेबल टेनिस, एथ्लेटिक्स, कराते, तेक्वाण्डो, जिम्न्यास्टिक, ब्याडमिन्टन, कसिमला पाँय् र बुद्धिचाल ।

# प्रतियोगिता समापन तथा पुरस्कार वितिरण




; dfkg sfo{qmddf k|d'v cltly ;f+b k|d ;jfnnufot d~rf;Lg cltlyx¿

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा आयोजित 'नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०७८' को पुरस्कार वितरण तथा समापन कार्यक्रम शहीदस्मृति खेलमैदानमा मङ्सिर २४ गते सम्पन्न भयो ।

'पुरस्कार वितरण तथा समापन कार्यक्रम' मा १३ ओटा विभिन्न खेलका विजयी खेलाडी तथा विद्यालयहरूलाई शिल्ड, मेडल, प्रमाणपत्र र खेलकुद सामग्री वितरण गरियो ।



समापन कार्यक्रममा प्रमुख अतिथि नेमकिपाका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले खेलकुद मित्रता, स्वास्थ्य र अनुशासनको निम्ति खेल्नुपर्नेमा जोड दिनुहुँदै भक्तपुर नगर पालिकाले आयोजना गर्दै आएको विद्यालयस्तरीय र नगरव्यापी खेलकुद प्रतियोगिताले राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी उत्पादनमा टेवा पुग्ने बताउनुभयो ।

चीनले सन् २०२२ को शीतकालीन ओलम्पिक खेलको लागि सिङ्गो संसारलाई स्वागत गर्दै गर्दा संयुक्त राज्य अमेरिकाले गरेको कूटनीतिक बहिष्कार गर्नुको कुनै तुक नभएको बताउनुभयो ।

देशको सार्वभौमिकता थिचोमिचो गर्ने एमसीसी सम्झौता कुनै पनि हालतमा नेपालको संसदबाट पारित हुन नदिन देशभक्त जनता यसविरुद्ध एकताबद्ध हुनुपर्ने बताउनुहुँदै सांसद सुवालले खेलकुद देशको सार्वभौमिकता रक्षाको निम्ति आवश्यक भएको बताउनुभयो ।



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले खेलकुद प्रतियोगिताले भक्तपुर नगरपालिका खेलकुदमय भएको बताउनुहुँदै भारतले नेपालमा गरेको सीमा अतिक्रमणको विरुद्ध आवाज बुलन्द पार्न खेलाडीहरूलाई देशभक्त बनाउनुपर्ने बताउनुभयो ।

स्वस्थ र सभ्य नागरिक तयार गर्ने सिलसिलामा भक्तपुर नपाले प्रत्येक वर्ष अन्तर नगर प्रतियोगिता आयोजना गर्दै आएको बताउनुहुँदै उहाँले नपा यस वर्ष पनि अन्तरनगर प्रतियोगिता आयोजना गर्ने तयारीमा जुटेको




बताउनुभयो ।

बागमती प्रदेशसभा सदस्य **सृजना सैंजु**ले खेल जगतमा शताब्दी सुहाउँदो खेलाडी तयार गर्न भक्तपुर नगरपालिकाले गरिरहेको प्रयास सराहनीय भएको बताउनुहुँदै खेलकुद क्षेत्रको



विकासमा दीर्घकालीन सोच र तयारी पनि गरिरहेको बताउनुभयो ।

कोभिड जोखिमबाट विद्यार्थीहरूलाई जोगाउन कोभिडविरुद्धको खोपको सुनिश्चितता गर्नुपर्ने बताउनुहुँदै सांसद सैंजुले खेलकुदलाई विद्यालय तहदेखि नैसर्गिक अधिकारको रूपमा राखिनुपर्ने








बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **रामलाल श्रेष्ठ**ले व्यक्तिको सामाजिक विकासमा




खेलकुदको महत्त्वमाथि चर्चा गर्नुहुँदै भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र खेलकुद क्षेत्रको विकासमा गरेको काम उल्लेखनीय भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**, वडा नं. ७ का वडाध्यक्ष एवम् खेलकुद समितिका सदस्य **उकेश कवां**, भनपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला** र भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष **विनोदचरण राय**ले पनि बोल्नुभएको थियो ।



;dfkg sfo{qmdf ;aeGbf sd pd]/ ;dXsf v]nf8Lsf]k|t:kwf{

कार्यक्रममा विजयी खेलाडीहरूलाई प्रमुख अतिथि तथा अतिथिहरूले मेडल, सहभागी विद्यालयहरूलाई खेलकुद सामग्री र प्रथम, द्वितीय र तृतीयलाई सिल्ड वितरण गर्नुभएको थियो ।









k|tofl]utfsf /]k|L / ;xofl]lx¿



## प्रतियोगिताको अन्तिम नतिजा

सम्पन्न प्रतियोगिताको विभिन्न खेलमा विजयीहरू :

**भलिबल**









छात्र– प्रथम : सैनिक आवासीय मा.वि.
द्वितीय : श्रीपद्म मा.वि.
तृतीय : शारदा मा.वि.
चौथो : वागीश्वरी मा.वि.
उत्कृष्ट खेलाडी : प्रवेश बोहोरा (सैनिक आ.मा.वि.)

छात्रा– प्रथम : वागीश्वरी मा.वि.
द्वितीय : डेमोस इ. स्कूल
तृतीय : श्रीपद्म मा.वि.
चौथो : बासु मा.वि.
उत्कृष्ट खेलाडी : रमिला श्रेष्ठ (वागीश्वरी मा.वि.)

## जिम्न्यास्टिक

### जुनियर भुइँ व्यायाम

छात्र– प्रथम : युनिस खत्री, मेधा मा.वि.
द्वितीय : मोहित ठाकुर, मेधा मा.वि.
तृतीय : रियाजल जाकिबन्जार, महेन्द्र विद्याश्रम

### सिनियर भुइँ व्यायाम

छात्र– प्रथम : प्रविण कार्की, सैनिक आ.मा.वि.
द्वितीय : सहदेव सापकोटा, सैनिक आ.मा.वि.
तृतीय : अर्नेश सुवाल, एभरेष्ट इ. स्कूल

### छात्रा भुइँ व्यायाम

प्रथम : सौभाग्य कोजु, ज्ञानतारा इ. स्कूल
द्वितीय : रिजु रंजित, द राइजिङ्ग इ. स्कूल
तृतीय : मेलिना थापा, सैनिक आ.मा.वि.

## टेबुल टेनिस

प्रथम : प्रोक्सिमा इन्टरनेसनल स्कूल
द्वितीय : प्रभात इ. स्कूल
तृतीय : विद्या आर्जन इ. स्कूल
उदीयमान खेलाडी (छात्र) : सुदिप माकजु (माउण्ट भ्याली इ. स्कूल)
उदीयमान खेलाडी (छात्रा) : दिपिका सुवाल (द राईजिङ्ग स्कूल)









## पोर्टबल









छात्रा– प्रथम : वागीश्वरी मा.वि.
द्वितीय : हिमालयन ग्लोरी इ. स्कूल
तृतीय : बासु मा.वि.
सान्त्वना : ब्राइटस्टार इ. स्कूल
उत्कृष्ट खेलाडी : मन्जिता महर्जन (वागीश्वरी मा.वि.)

छात्र– प्रथम : ब्राइटस्टार इ. सेकेन्डरी स्कूल
द्वितीय : प्रभात इ. सेकेन्डरी स्कूल
तृतीय : गणेश मा.वि.
सान्त्वना : ज्ञानतारा इ. स्कूल
उत्कृष्ट खेलाडी : सरिन खर्बुजा (ब्राइटस्टार इ. स्कूल)

## कवड्डी









छात्र– प्रथम : मिनर्वा इ. स्कूल
द्वितीय : पारागन इ. स्कूल
तृतीय : वागीश्वरी मा.वि.
तृतीय : साइनिङ्ग स्टुडेण्ट

छात्रा– प्रथम : साइनिङ्ग स्टुडेण्ट
द्वितीय : वागीश्वरी मा.वि.
तृतीय : रोम्बस इ. स्कूल

## तेक्वाण्डो









प्रथम : वागीश्वरी मा.वि.
द्वितीय : लिटिल वर्ल्ड इ. स्कूल
तृतीय : क्रियटिभ इ. स्कूल
उत्कृष्ट खेलाडी (छात्र):दिकेन लवजु (२५ के.जी.भन्दा मुनि)
(वागीश्वरी मा.वि.)
(छात्रा) : जेनिफर दुवाल (३३–३७ के.जी.)
(लिटिल वर्ल्ड इ. स्कूल)

## कराते (संयुक्त)










प्रथम : वागीश्वरी मा.वि.
द्वितीय : माउण्ट भ्याली इ. स्कूल
तृतीय : डेमोस इ. स्कूल
उदीयमान (छात्र)– दिपेश खनाल, विज्डम स्कूल
(छात्रा)– यजु बजिकों, माउण्ट भ्याली इ. स्कूल

## फुटसल









प्रथम : राजश्री गुरुकुल
द्वितीय : हिमालयन ग्लोरी इ. स्कूल
तृतीय : ब्राइट स्टार इ. स्कूल
तृतीय : बासु मा.वि.
उत्कृष्ट खेलाडी : निर्भिक चन्द थापा (राजश्री गुरुकूल)
उत्कृष्ट किपर:धनभाजु लागेजु (हिमालयन ग्लोरी इ. स्कूल)

## एथ्लेटिक्स









प्रथम : गणेश मा.वि.
द्वितीय : वागीश्वरी मा.वि.
तृतीय : वाइजल्याण्ड से.स्कूल

## ब्याडमिन्टन














प्रथम : वागीश्वरी मा.वि.

द्वितीय : लिशा इ. स्कूल

तृतीय : द राईजिङ्ग इ. स्कूल

चौथो : हिमालयन ग्लोरी ई स्कूल

उदीयमान खेलाडी (छात्र) उज्ज्वल राई (समाज सुधार मा.वि.)

(छात्रा) निलिया आगन्जा (गोल्डेन गेट स्कूल)

## कसिमला पाँय्




प्रथम : ज्ञान विजय नि.मा.वि.

द्वितीय : ख्वप्रिङ्ग इ. एकेडेमी

तृतीय : हिमालयन इ. स्कूल

तृतीय : सामुदायिक इ. स्कूल

उदीयमान खेलाडी (छात्र) : रिजन दुवाल (प्रभात इ. स्कूल)

उदीयमान खेलाडी (छात्रा) : बिनिका गाईजु (लिशा इ. स्कूल)

## बुद्धिचाल







प्रथम : वागीश्वरी मा.वि.
द्वितीय : मेधा मा.वि.
तृतीय : प्रभात इ. स्कूल
चौथो : नवीन आ.मा.वि.
उदीयमान खेलाडी (छात्र) : अन्जल दुवाल (ख्वप्रिङ्ग इ. एकेडेमी)
उदीयमान खेलाडी (छात्रा) : राजश्री हाडा (जेन्यूइन इ. स्कूल)

## खो खो









छात्र– प्रथम : वागीश्वरी मा.वि.
द्वितीय : विद्या आर्जन इ. स्कूल
तृतीय : सरस्वती विद्यागृह
तृतीय : वाईजल्याण्ड से. स्कूल
उत्कृष्ट खेलाडी : संजिव मोक्तान (वागीश्वरी मा.वि.)

छात्रा– प्रथम : वागीश्वरी मा.वि.
द्वितीय : वाईजल्याण्ड से. स्कूल
तृतीय : दत्तात्रय आधारभूत विद्यालय
तृतीय : तारा मा.वि.
उत्कृष्ट खेलाडी : निसा सायजु (वागीश्वरी मा.वि.)

# प्रतियोगितामा सहभागी विद्यालयहरू

सम्पन्न प्रतियोगितामा नगरका ७१ विद्यालयबाट सहभागी १८८५ खेलाडीहरूले १९६ स्वर्ण, १९६ रजत, ३१४ कास्य र ७८ ट्रफीको लागि प्रतिस्पर्धा गरेका थिए । यसको लागि २०९ जना निर्णायकहरू परिचालन गरिएको थियो । सहभागी विद्यालयहरू निम्न रहेका छन्–

१) प्रभात इ. स्कूल, वडा नं. ६
२) वासु मा.वि., वडा नं. २
३) जेसिस इ. स्कूल, वडा नं. २
४) सामुदायिक इ. स्कूल, वडा नं. २
५) होली गार्डेन इ. स्कूल, वडा नं. २
६) आदर्श आजाद मा.वि., वडा नं. ५
७) सैनिक आवासीय मा.वि., वडा नं. १
८) प्रोक्सिमा इ. स्कूल, वडा नं. ५
९) सेक्रेट हार्ट, वडा नं. ४
१०) तारा मा.वि, वडा नं. ४
११) ब्राइट स्टार, वडा नं. ४
१२) मिनर्वा इ. स्कूल, वडा नं. ४
१३) डेमोस इ. स्कूल, वडा नं. ४
१४) साईनिङ्ग स्कूल, वडा नं. ४
१५) ग्लिटर स्टार, वडा नं. ३
१६) हिमालयन इ. स्कूल, वडा नं. १०
१७) न्यातापोल इ. स्कूल, वडा नं. १०
१८) पारागन इ. स्कूल, वडा नं. १०
१९) जेन्यूईन इ. स्कूल, वडा नं. १०
२०) रोम्बस इ. स्कूल, वडा नं. १०
२१) माउण्ट भ्याली इ. स्कूल, वडा नं. १०
२२) ज्ञानतारा इ. स्कूल, वडा नं. ३
२३) श्रीपद्म मा.वि, वडा नं. ३
२४) मेधा मा.वि., वडा नं. ३
२५) वागीश्वरी मा.वि, वडा नं. ९
२६) ख्वप्रिङ्ग इ. स्कूल, वडा नं. ८
२७) लिसा इ. स्कूल, वडा नं. ८
२८) वाईज ल्याण्ड इ. स्कूल, वडा नं. ७
२९) सूर्योदय से. स्कूल, वडा नं. ७
३०) हिमालयन ग्लोरी इ. स्कूल, वडा नं. २
३१) एभेरष्ट इ. स्कूल, वडा नं. २
३२) द राइजिङ्ग इ. स्कूल, वडा नं. ६
३३) गोल्डेन गेट इ. स्कूल, वडा नं. ६
३४) सूर्यविनायक इ. स्कूल, ४
३५) साइनिङ्ग स्टुडेण्ट एकेडेमी, १
३६) शान्ति निकेतन मा.वि., वडा नं. ४
३७) समाज सुधार मा.वि., वडा नं. ८
३८) भिम आदर्श मा.वि., वडा नं. ८
३९) सरस्वती विद्यागृह, वडा नं. १०
४०) सन्तति प्रा.वि., वडा नं. १
४१) शारदा मा.वि., वडा नं. २
४२) गणेश मा.वि., वडा नं. १
४३) ज्ञान विजय आ.मा.वि., वडा नं. १
४४) नवीन आ.वि., वडा नं. ७
४५) जेनिथ इ. स्कूल, ३
४६) स्कलर होम इ. स्कुल, १०
४७) इमेज इ. स्कूल, वडा नं. ७
४८) महेन्द्र विद्याश्रम, ३
४९) क्रियटिभ इ. स्कुल, १०
५०) सन साइन इ. स्कुल, ४
५१) विद्या आर्जन इ. स्कुल, वडा नं. ५
५२) अक्सफोर्ड इ. स्कुल, १
५३) ग्लिटर फ्युचर इ. स्कुल, ४
५४) दत्तात्रय आ.वि., वडा नं. ९
५५) जागृती मा.वि., वडा नं. ३
५६) जनसेवा प्रा.वि., ४
५७) विद्यार्थी निकेतन मा.वि., वडा नं. ५
५८) ब्रम्हायणी आ.वि., ८
५९) सिद्धी शारदा आ.वि., ९
६०) केयर किन्डर, वडा नं. १०
६१) पाथिभरा एकेडमी, १
६२) लिटिल वर्ल्ड, १
६३) शारदा प्रा.वि., ४
६४) हंसबाहिनी प्रा.वि., १०
६५) उदय आ.वि., १
६६) मनकामना इ. स्कुल, १०
६७) बाल सेवक आ.वि.,७
६८) सिरिन केन इ. स्कूल, ६
६९) राजर्षि गुरुकुल, वडा नं. १
७०) इजिपाइनियोर इ.स्कूल, २
७१) इष्ट प्वाइन्ट स्कूल, वडा नं. १०

# नगरपालिका गतिविधि

नगरपालिका गतिविधि

## भक्तपुर नगरपालिकाको ७२ औं स्थापना दिवस




भक्तपुर नगरपालिकाले ७२ औं स्थापना दिवस पुष २ गते मनायो। नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद **प्रेम सुवाल**को प्रमुख आतिथ्यमा सामसामयिक विषयमा प्रवचन कार्यक्रमको आयोजना गरी भक्तपुर नगरपालिकाले स्थापना दिवस मनाएको हो।



प्रवचन कार्यक्रममा सांसद सुवालले जनप्रतिनिधि र कर्मचारीहरूले आफ्नो पदीय जिम्मेवारी इमानदारीका साथ निर्वाह गर्नुपर्नेमा जोड दिनुहुँदै विचार र सिद्धान्तबाट निर्देशित भई देश र समाजको निम्ति काम गर्नु उपयुक्त हुने विचार राख्नुभयो।

विदेशीको भरमा नेपालको विकास सम्भव नहुने बताउनुहुँदै सांसद सुवालले नागरिकहरूलाई श्रमप्रति सम्मान गर्न जागरुक गर्नुपर्ने र युवा पुस्तालाई प्रविधिसम्बन्धी तालिम सञ्चालन गरी सांस्कृतिक स्तर उकास्नुपर्ने आवश्यकताबोध गराउनुभयो।

पछिल्ला दिनहरूमा नेपालमा विदेशबाट कृषिजन्य वस्तुको आयात अधिक हुँदै गएको र नेपालबाट तरकारीजन्य उत्पादनको निर्यात भने कम हुँदै जाँदा नेपालको अर्थतन्त्रलाई अत्यधिक भार पर्दै गइरहेको बताउनुहुँदै उहाँले प्राविधिक जनशक्ति उत्पादनमा नगरपालिकाले विशेष योजनाहरू ल्याउनु आवश्यक भएको बताउनुभयो।

छिमेकी देश भारतमा कम्युनिष्ट व्यवस्था नआएसम्म नेपालको विकास नहुने बताउनुहुँदै सांसद सुवालले देशको सन्तुलित विकास नहुँदा प्रदूषण



बढेको यथार्थबारे प्रष्ट पार्नुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकालाई नमुना नगरपालिकाको रूपमा स्थापित गर्न नेपाल मजदुर किसान पार्टीको महत्त्वपूर्ण भूमिका भएको बताउनुभयो।

भक्तपुर नगर शिक्षा, स्वास्थ्य उपचार, सम्पदा संरक्षण, सरसफाइलगायत हरेक क्षेत्रमा देशको नमुनाको रूपमा विकास भइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले निर्वाचन घोषणापत्रमार्फत प्रतिबद्धता गरेअनुरूप अधिकांश विषयहरू पूरा गरिसकेको अवगत गराउनुभयो।

'भक्तपुर नगरपालिकाले नगरवासी विद्यार्थीहरूको लागि रु. ५ लाखसम्म शैक्षिक ऋण, करोडौं रूपैयाँ बराबरको गरिब तथा जेहेनदार विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था गरी आएको भक्तपुर नपाले विश्वविद्यालय स्थापना गर्ने योजनाका साथ अघि बढिरहेको छ', उहाँले भन्नुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले जनताको लागि







जनताको साथ लिएर भक्तपुर नपाले नगरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने लक्ष्यका साथ अगाडि बढिरहेको बताउनुभयो ।

प्रसुति सेवासहितको ख्वप अस्पताल सञ्चालन छिटै हुने जानकारी गराउनुहुँदै उपप्रमुख जोशीले आदर निकेतनको भवन निर्माणाधीन अवस्थामा रहेको र सुधारिएको शवदाह गृह निर्माणको प्रक्रिया अगाडि बढेको बताउनुभयो ।

ख्वप अस्पतालका डा. **रत्नसुन्दर लासिवा**ले भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालका गतिविधिबारे जानकारी दिनुहुँदै अस्पतालबाट देशभरिका नागरिकले सहज रूपमा स्वास्थ्य सेवा पाइरहेको बताउनुभयो ।

ख्वप अस्पतालमा नेपाल सरकारको स्वास्थ्य बीमाअन्तर्गतका ८० प्रतिशत बिरामी उपचार गर्न आउने तथ्याङ्क प्रस्तुत गर्नुहुँदै उहाँले भक्तपुर नपाले स्वास्थ्य क्षेत्रमा समग्र देशकै लागि उदाहरणीय कार्य योजनाअनुरूप अगाडि बढेको बताउनुभयो ।



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप ई. कलेजका प्राचार्य **सुजन माक**ले कलेजको प्रगति विवरण प्रस्तुत गर्नुहुँदै हाल ख्वप इन्जिनियरिङ कलेजमा ६९ जिल्लाका १,०१५ जना विद्यार्थीहरू स्नातक र स्नातकोत्तर तहका विभिन्न कार्यक्रमहरूमा अध्ययनरत रहेको र यो वर्ष ख्वप कलेज अफ इन्जिनियरिङमा अध्ययनरत विद्यार्थी सिभिल इन्जिनियरिङतर्फ स्नातक तहमा ८६ प्रतिशत अङ्क प्राप्त गरी त्रिभुवन विश्वविद्यालयमा सर्वोत्कृष्ट हुन सफल भएको बताउनुभयो ।

नेपाल कर्मचारी एसोसियशन ईकाइ समिति भक्तपुरका अध्यक्ष **गौतमप्रसाद लासिवा** भक्तपुर नपाले प्रत्येक वर्ष आफ्नो स्थापना दिवस महोत्सवको रूपमा मनाउँदै आइरहेको बताउनुहुँदै यस नपाका जनप्रतिनिधि र कर्मचारीहरूबीच सौहार्दपूर्ण सम्बन्ध रहेको बताउनुभयो ।

कार्यक्रममा भ.न.पा ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व र भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले पनि बोल्नुभएको थियो ।



# अपाङ्गता भएकाहरूको खेलकुद प्रतियोगिता तथा स्वास्थ्य शिविर




भक्तपुर नगरपालिकाको आयोजनामा ३० औँ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा ५० मिटर, १०० मिटर, २०० मिटर र ५०० मिटर दौड तथा डोरी तान्ने प्रतियोगिता भयो । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम मङ्सिर १८ गते सम्पन्न भयो ।



कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्न र उनीहरूबीच हुने भेदभाव, दुर्व्यवहार र हिंसाविरुद्ध लड्ने उद्देश्यका साथ भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष यो दिवसको अवसरमा विभिन्न खेलकुद प्रतियोगिता र स्वास्थ्य शिविरहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।



उहाँले अपाङ्गता भएका व्यक्तिहरूमा पनि विशेष खालका प्रतिभा र क्षमता हुने हुँदा नगरपालिकाले उनीहरूको प्रतिभा प्रस्फुटन गर्न  यस्ता कार्यक्रमहरूको आयोजनामा जोड दिँदै आएको बताउनुभयो ।



कोभिडका कारण अपाङ्गता भएका व्यक्तिहरूको लागि थुप्रै चुनौतीहरू सामना गर्नुपरेको भन्नुहुँदै प्रमुख प्रजापतिले अपाङ्गता भएका व्यक्तिहरूलाई साथ र हौसलाको खाँचो रहेको बताउनुभयो । भक्तपुर नगरपालिकाले यहाँका सार्वजनिक स्थल तथा भवनहरू अपाङ्गमैत्री ढङ्गले निर्माण गरेको र विभिन्न सीपमूलक तालिम सञ्चालन गरी अपाङ्गता भएका व्यक्ति र उनीहरूका परिवारहरू आत्मनिर्भर बनाउने कार्यक्रमलाई प्राथमिकतामा राख्दै आएको बताउनुभयो ।



कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरणसम्बन्धी अस्थायी समन्वय समितिका संयोजक तथा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गर्दै आवश्यकताको आधारमा भक्तपुर नगरपालिकाले अपाङ्गता सहायक सामग्रीहरू वितरण गर्दै आइरहेको बताउनुहुँदै उनीहरूको हक र अधिकार सुनिश्चित गर्ने हिसाबले नपाले काम गर्दै आइरहेको बताउनुभयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक शिवकुमार श्रेष्ठले अपाङ्गता भएका व्यक्तिहरूमा

भएका प्रतिभा प्रस्फुटन र उनीहरूको अधिकार सुनिश्चितताको लागि यो दिवस मनाउनुको विशेष अर्थ रहने बताउनुहुँदै आगामी दिनहरूमा सक्षम र सबल भएर प्रस्तुत हुन हौसला प्रदान गर्नुभयो ।

कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरणसम्बन्धी अस्थायी समन्वय समितिका सदस्यद्वय भक्तपुर नगरपालिकाका कार्यपालिका सदस्य रोशनमैंया सुवाल र वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले पनि बोल्नुभएको थियो ।



खेलकुद प्रतियोगिताको उद्घाटन भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले गर्नुभएको थियो भने प्रमुख अतिथि सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी, अतिथि शिवकुमार श्रेष्ठले खेलकुद प्रतियोगिताका विजयीहरूलाई मेडल र मायाको चिनोस्वरूप थर्मस प्रदान गर्नुभएको थियो ।



सोही क्रममा दिवसकै अवसर पारेर नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यकताको आधारमा अपाङ्गता सहायक सामग्रीहरू लौरो, ह्वील चेयर, बैशाखी, एल्बो र एयर फोनलगायतका सामग्री वितरण गरेको थियो । साथै कार्यक्रममा उपस्थित अपाङ्गता भएका बालबालिकाहरूले रुचीपूर्वक नाच र गीत प्रस्तुत गरेका थिए ।

**लैङ्गिक हिंसाविरुद्ध अभियान**

# एमसीसीविरुद्ध नेपाली महिलाहरू चुप लागेर बस्न नहुने

– सांसद प्रेम सुवाल



भक्तपुर नपा वडा ६ को आयोजनामा लैङ्गिक हिंसाविरुद्ध कानुनी साक्षरता अभियान अन्तर्गत मङ्सिर १८ गते महिलाहरूको भेला सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव तथा प्रतिनिधि सभाका सांसद प्रेम सुवालले समाजमा अझै पनि बोक्सा बोक्सी प्रथा कायमै भएको, महिला हिंसा कायमै भएको र सामाजिक स्तर अझै तलनै भएकोले कानुनी सचेतना कार्यक्रमहरू समय समयमा भइरहनु पर्ने बताउनु भयो ।

रक्सी खाएर महिलामाथि कुट्ने, सानै उमेरमा विवाह गरिदिने, अध्ययन बीचमै छोड्ने, विदेशमा जाने चलनले नेपाल र नेपालीहरूको सामाजिक स्तर उठ्न नसकेको चर्चा गर्नुहुँदै उहाँले महिलाहरू शिक्षित र सचेत भएको खण्डमा मात्र समाज र सामाजिक स्तर माथि उठ्ने बताउनुभयो ।

एमसीसी सम्झौताका दफाहरू कुनै पनि नेपालको हितमा नभएकोले नेमकिपाले देशव्यापीरूपमा विरोध अभियान चलाउँदै आएको बताउनुहुँदै उहाँले सम्पूर्ण महिलाहरू पनि यस अभियानमा सहभागी हुन अनुरोध गर्नुभयो । हिजोका दिनमा जसरी कोशी, गण्डकी, महाकाली, टनकपुर, विप्पा सम्झौताहरू राष्ट्र हितमा नभएकोले विरोधहरू भयो, त्यसरी नै आज नेपाल सरकारले संसदबाट पारित गर्न खोजेको एमसीसी सम्झौताले देशको सार्वभौमिकतामा गम्भीर असर पार्नै भएकोले नेपाली महिलाहरू चुप लागेर बस्न नहुने उहाँले थप्नुभयो ।

भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले वडा तथा नगरपालिकाको गतिविधिहरू सम्बन्धमा प्रकास पार्नुहुँदै

राष्ट्रिय परिचय पत्र लिन र नगरपालिकाले सञ्चालन गर्दै आएको विभिन्न तालिमहरू लिई आत्मनिर्भर हुन अनुरोध गर्नुभयो । भक्तपुर नगरपालिकाले आफ्नो घोषणापत्र अनुसार कार्य गर्दै आएको चर्चा गर्नुहुँदै उहाँले जनतासँग गरेको प्रतिवद्धता अनुरूपनै वडामा आदरनिकेतन बन्न लागेको बताउनु भयो ।

उक्त कार्यक्रममा अधिवक्ता गम्भीरमान ज्याख्व, कार्यपालिका सदस्य रोशन मैया सुवाल र स्थानीय शिक्षक गणेशराम थुसाले पनि आ–आफ्नो मन्तव्य राख्नुभएको थियो ।

## जघन्य अपराध गर्नेहरूको लागि मृत्युदण्डको व्यवस्था हुनुपर्ने

*– प्रमुख सुनिल प्रजापति*



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भनपाद्वारा मङ्सिर १९ गते आयोजित लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानमा प्रवचन कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा बोल्नुहुँदै पूँजीवादी राजनैतिक व्यवस्थाका कारण देशमा महिलामाथि यौन दुर्व्यवहार, बलात्कार र बलात्कारपछि हत्या लगायतका विभिन्न अमानवीय व्यवहार भइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो 'संविधानमा आरक्षणको व्यवस्था पछि विद्या भण्डारी, ओनसरी घर्ती, आरजु देउवा, सुजाता कोइराला, प्रतिभा राणाजस्ता व्यक्तिहरू राष्ट्रपति, सभामुख, मन्त्री भए तर महिलाहरूको उत्थानको निम्ति कुनै कानुन बनाएनन् । त्यसैले महिला प्रतिनिधित्व प्रतिशतमाभन्दा पनि वर्गीय प्रतिनिधित्वमा ध्यान दिनुपर्छ ।'

पूँजीवादी देशहरूमा समेत जघन्य अपराध गर्नेहरूलाई मृत्युदण्डको व्यवस्था रहेको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले 'मृत्युदण्डलाई कानुनी बन्दोबस्त गर्न सके अपराधीले त्यस्ता जघन्य अपराधका घटना बारम्बार दोहोऱ्याउन सक्दैनन्' भन्नुभयो ।

कार्यक्रमका सभापति एवं भनपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले ७ ओटा शैक्षिक संस्थाहरू सञ्चालन गरी नगरवासीहरूलाई कम शुल्कमा गुणस्तरीय शिक्षा पाउने हकको सुनिश्चितताको लागि कार्य गरिरहेको बताउनुहुँदै भनपाले प्रमाणपत्र तह र सोभन्दा माथि अध्ययन गर्न चाहने गरिब तथा जेहेनदार विद्यार्थीहरूको लागि छात्रवृत्ति र ५ लाख रूपैयाँसम्मको शैक्षिक ऋणको व्यवस्था गरेको जानकारी दिनुभयो ।

उहाँले नपाले कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूका लागि स्थानीय पाठ्यक्रम तयार गरी भक्तपुरको मौलिक विषयवस्तु, कला, संस्कृतिलगायत मूर्त र अमूर्त सम्पदाहरूको बारेमा शिक्षा प्रदान गरिरहेको बताउनुहुँदै महिला तथा बालबालिका समितिको तर्फबाट विभिन्न भाषाका तालिम र सीपमूलक तालिमहरू आयोजना गरिरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले भक्तपुर जिल्लामा महिला हिंसाको अवस्थाबारे सङ्क्षिप्त जानकारी दिनुहुँदै लैङ्गिक हिंसा न्यूनीकरणको लागि शासन व्यवस्थालाईनै लैङ्गिकमैत्री बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले जिल्लाको सम्पदा संरक्षणलगायत विकास निर्माण र न्यायिक समितिमार्फत गरिरहेको कार्य नमुनायोग्य रहेको चर्चा गर्नुहुँदै लैङ्गिक हिंसा अभियानलाई १६ दिनमा सीमित नगरी वर्षैभरि हिंसा विरुद्ध सुसूचित रहनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा प्रहरी उपरिक्षेक शिवकुमार श्रेष्ठले भक्तपुर जिल्लामा भइरहेको अपराधको तथ्याङ्कलाई प्रस्तुतिकरणमार्फत देखाउनुहुँदै लैङ्गिक हिंसा मुक्त समाज निर्माणका लागि निरन्तर अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।



कार्यक्रममा अधिवक्ता गम्भीरमान ज्याख्वले लैङ्गिक हिंसा न्यूनीकरणसम्बन्धी सङ्क्षिप्त प्रस्तुतिकरण प्रस्तुत गर्नुभएको थियो भने भनपा–३ का वडाध्यक्ष राजकृष्ण गोरा र कार्यपालिका सदस्य रोशनमैंया सुवालले पनि बोल्नुभएको थियो ।

# भक्तपुर फल्चै फल्चाले भरिएको सहर : प्रमुख प्रजापति



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ९ स्थित त्वचा फल्चाको पुस १७ गते एक समारोहबीच उद्घाटन गर्नुभयो । नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाको बजेटमा उपभोक्ता समितिबाट पुनःनिर्मित २०७२ सालको भूकम्पबाट भत्केको त्वचा फल्चा, त्वचा सडक र गरुडकुण्डको पेटी र पर्खालको पनि संयुक्त रूपमा उद्घाटन गर्नुभएको हो ।

फल्चा उद्घाटन गर्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरभित्रका सरकारी र पर्ति जग्गा संरक्षण र सम्बर्द्धनको जिम्मा स्थानीय सरकारको भएको औँल्याउनुहुँदै भक्तपुर नपाले सल्लाघारीस्थित १०८ रोपनी जग्गा संरक्षणका साथै भक्तपुरको रानीपोखरीलाई पुनःजीवन दिने कार्य गरेको बताउनुभयो ।

भक्तपुरको पुरानो क्षेत्रमा मौलिक शैलीका घर बनाउने नगरवासीहरूलाई नगरपालिकाले प्रोत्साहनस्वरूप आर्थिक अनुदानको योजना अघि सारेको बताउनुहुँदै प्रमुख प्रजापतिले २०७२ सालको भूकम्पबाट भत्केको र लामो समयदेखि जीर्ण अवस्थामा रहेका फल्चा पुनःनिर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाएको बताउनुभयो ।

उहाँले भक्तपुर नपाबाट सञ्चालित कलेजहरूका कारण भक्तपुर शैक्षिक रूपमा देशकै अग्रणी स्थान हासिल गर्न सफल भएको बताउनुहुँदै ती कलेजहरूले उत्कृष्ट विद्यार्थीहरू उत्पादन गर्दै समाजलाई बुद्धिजीवीकरण गर्ने कार्यलाई टेवा दिँदै आएको छ भन्नुभयो ।

सरकारले विकास निर्माणका कार्यमा ठेक्कापट्टालाई जोडदिँदै ठेकेदार पोस्ने कार्य गर्दै आइरहेकोमा भक्तपुर नपाले यहाँका जनताको प्रत्यक्ष सहभागिता हुने गरी उपभोक्ता समितिमार्फत सफलतापूर्वक गुणस्तरीय निर्माणलाई प्राथमिकता दिँदैआएको छ, उहाँले भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले वडाबाट सञ्चालित विविध गतिविधिबारे अवगत गराउनुहुँदै वडावासीको साथ र सहयोगका कारण काम गर्न सजिलो भएको बताउनुभयो । फल्चा पुनःनिर्माणमा स्थानीय जनताबाट प्राप्त आर्थिक र भौतिक सहयोगबाट आफूहरूलाई हौसला प्राप्त भएको बताउनुहुँदै वडाको सन्तुलित विकासमा ध्यान दिँदै आफ्ना गतिविधि प्राथमिकताका साथ सञ्चालनमा जोडदिइरहेको बताउनुभयो ।

कार्यक्रममा समाजसेवी ज्ञानसागर प्रजापतिले ठेक्का र उपभोक्ता समितिबाट हुने निर्माणबीचको अन्तरबारे प्रष्ट पार्नुहुँदै ठेकेदारको मुख्य उद्देश्य नाफासँग सम्बन्धित हुने र उपभोक्ताको काम जनसहभागितामा गुणस्तरीय निर्माण गर्ने रहेको बताउनुभयो ।

नेमकिपा ९ वडा सूर्यमढीका पार्टी इन्चार्ज दिलभक्त कोजुले नेमकिपाको घोषणापत्रअनुसार भक्तपुर नपाले आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आइरहेको र नपाले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने आधारहरू तयार गरिरहेको बताउनुभयो ।

सोही क्रममा त्वचा फल्चा उपभोक्ता समितिका अध्यक्ष बाबुकाजी प्रजापतिले फल्चा पुनःनिर्माणको आयव्यय प्रस्तुत गर्नुहुँदै फल्चाको कूल खर्च १४ लाख ५० हजार ७५७ रूपैयाँ रहेको अवगत गराउनुभयो । त्यस्तै गरुडकुण्ड पेटी र पर्खाल निर्माण उपभोक्ता समितिका अध्यक्ष भीमप्रसाद प्रजापतिले पर्खाल र पेटी निर्माणको लागि जम्मा रु. ४ लाख १५ हजार ९ सय २३ रूपैयाँ खर्च भएको र त्वचा सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष जीतबहादुर खयरगोलीले बाटो निर्माणमा रु. ५ लाख १५ हजार ९२३ रूपैयाँ खर्च भएको आर्थिक विवरण पेश गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा सम्पदा शाखाका प्रमुख रामगोविन्द श्रेष्ठ, स्थानीय तुल्सीराम प्रजापति र दीपेन्द्र प्रजापतिले पनि बोल्नुभएको थियो ।

# अँचा पोखरी परिसरमा आदर निकेतनको भवन शिलान्यास

भक्तपुर नगरपालिका वडा नं. ६ अँचा पोखरी परिसरमा आदर निकेतनको भवन बन्ने भएको छ ।

समाजका आदरणीय ज्येष्ठ नागरिकहरूका लागि आवश्यक सेवा सुविधा दिनका लागि भक्तपुर नगरपालिकाले




अँचापोखरी परिसरको उत्तर-पश्चिम क्षेत्रमा आदर निकेतन बनाउन लागिएको हो । सोही अवसरमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मङ्सिर २४ गते आदर निकेतन भवनको शिलान्यास गर्नुभएको हो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले चुनावी घोषणापत्रमै ज्येष्ठ तथा समाजका आदरणीय व्यक्तिहरूको सुविधाको लागि आदर निकेतन खोल्ने विषय उल्लेख गरेकोमा हाल नगरवासी जनतालाई पायक पर्ने ठाउँको छनोट गरी आदर निकेतनको भवन निर्माणमा जोड दिएको बताउनुभयो ।

समाजका आदरणीय व्यक्तिको हेरविचार, पालनपोषणको निम्ति भक्तपुर नपाले गरिब जनताको पहुँच पुग्ने आदर निकेतन सञ्चालन गर्न लागेको बताउनुहुँदै उहाँले नगरवासी जनतालाई न्यून शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्नुका साथै स्वास्थ्य क्षेत्रलाई पनि प्राथमिकतामा राखी ख्वप अस्पताल सञ्चालनमा ल्याएको अवगत गराउनुभयो ।

भक्तपुर नगरपालिका नगरवासीहरूको साझा संस्था हो भन्नुहुँदै नगर प्रमुख प्रजापतिले नगरपालिकाका गतिविधिहरूमा सबैको आर्थिक तथा भौतिक सहयोगले सम्पदा पुनःनिर्माण तथा विकास निर्माणका कामहरूमा टेवा पुगिरहेको छ भन्नुभयो । भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले शिक्षित युवा पुस्ताले नै समाजलाई सभ्य र सुसंस्कृत बनाउने बताउनुहुँदै भक्तपुर नपाले सातवटा शैक्षिक संस्थाहरू सञ्चालन गरी देशको लागि आवश्यक जनशक्ति उत्पादनमा योगदान गरिरहेको बताउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले आदर निकेतनको आवश्यकता र महत्त्वमाथि प्रष्ट पार्नुहुँदै आदर निकेतन भवन निर्माणसँगै उक्त क्षेत्रलाई आर्थिक, सामाजिक र सांस्कृतिक केन्द्रको रूपमा विकास गर्ने योजना रहेको बताउनुभयो ।



कार्यक्रममा आदर निकेतन भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष जगन्नाथ सुजखूले पनि भवन निर्माण उपभोक्ता समितिमार्फत बन्न लागेको र सोको लागि आर्थिक, भौतिक र नैतिक सहयोगको अपेक्षा जनाउनुभयो ।

# सुधारिएको शवदाहको शिलान्यास




भक्तपुर नगरपालिका वडा नं.७ हनुमानघाट स्थित खोह्र दीपमा सुधारिएको शवदाह निर्माण हुने भएको छ । भक्तपुर नगरपालिकाको सहयोगमा स्थानीय उपभोक्ता समितिबाट निर्माण हुन लागेको उक्त शवदाह निर्माणको मङ्सिर २७ गते भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले शिलान्यास गर्नुभयो ।

शिलान्यास कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि जोशीले व्यवस्थित शवदाह समयको माग भएको बताउनुहुँदै सुधारिएको शवदाहले धुवाँ र प्रदूषण कम गर्न, वनजङ्गल कम हुँदै गएकोले दाउराको प्रयोग कम गराउन तथा शवदाहको लागि लाग्ने समय समेत बचत हुने भएकोले नयाँ प्रविधिसहितको शवदाह निर्माण गर्न भक्तपुर नगरपालिकाले बजेट विनियोजित गरेको कुरा बताउनुभयो । उहाँले यस निर्माण कार्यले हनुमानघाट क्षेत्रको सरसफाइ कार्यमा पनि थप टेवा मिल्ने कुरा बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष उकेश कवांले नेपाल मजदुर किसान पार्टीको निर्वाचन घोषणापत्रमा उल्लेख भएअनुसार भक्तपुर नगरपालिकामा आधुनिक शवदाह निर्माण गर्ने कार्य अगाडि बढाएको कुरा बताउनुभयो ।

उहाँले नगरपालिका जनताकै भएकोले यहाँ निर्माण हुने कार्य उपभोक्ता समितिमार्फत गर्नमा जोड दिएको र जनताले सांस्कृतिक सम्पदा तथा विभिन्न निर्माण कार्यमा सहयोग भैर हेको कुरा बताउनुहुँदै सरसफाइ गर्ने हरेक नागरिकको कर्तव्य भएको कुरा बताउनुभयो ।

कार्यक्रममा पूर्व वडाअध्यक्ष कृष्णगोविन्द खाईजुले हनुमानघाट ऐतिहासिक र सम्पदायुक्त स्थान भएकोले यसको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो ।

उपभोक्ता समितिका अध्यक्ष कृष्णगोविन्द लाखाजुको सभापतित्वमा भएको उक्त कार्यक्रममा वडा सदस्य हेरा ख्याजु र स्थानीय बद्रिराम छुस्याबागले पनि बोल्नुभएको थियो ।

कूल ५७ लाख ५७ हजार ४३३ रूपैयाँको लागत अनुमान रहेको सुधारिएको शवदाह निर्माणको लागि भक्तपुर नपाबाट पहिलो चरणमा रु. २५ लाख बजेट विनियोजन गरि एको उपभोक्ता समितिले जनाएको छ । यसको मुख्य विशेषताको रूपमा शवदाह गर्दा २ घण्टाभन्दा बढी समय नलाग्ने, परालले छोप्न नपर्ने, फलामे ढकनीको प्रयोग हुने, धुवाँ कम आउने भएकोले प्रदूषणमा कमी हुने, दाउरा साविकभन्दा आधामात्र लाग्ने र गुथिको परम्पराअनुसार संस्कार पुऱ्याएर दाहसंस्कार गर्न मिल्ने उपभोक्ता समितिले जनाएको छ ।

# भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठलाई बिदाइ



भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठलाई मङ्सिर २६ गते बिदाइ गरिएको छ । भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले धनगढी उपमहानगरपालिकामा उपसचिव पदबाट सहसचिव पदमा प्रथम श्रेणीमा बढुवा भई सरुवा हुनुभएका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठलाई भादगाउँले टोपी र दोसल्ला ओढाइदिनुका साथै भक्तपुरको मौलिक आँखी झ्याल र नगरपालिकाका प्रकाशनहरू मायाको चिनोस्वरूप दिएर बिदाइ तथा बधाईज्ञापन गर्नुभएको हो ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले भक्तपुरमा १ वर्ष ४ महिनाको कार्यकाल बिताउनुभएका श्रेष्ठलाई इमानदार कर्मचारीको उत्कृष्ट उदाहरणको रूपमा रहेको बताउनुहुँदै क्षमतावान कर्मचारीले आफू सेवा निवृत्त भइसकेपछि पनि देश र जनताको सेवा गर्नुपर्ने विचार प्रकट दिनुभयो ।

जनताको आँखामा भ्रष्टाचार र अनियमित काम गर्ने कर्मचारीहरूप्रति नकारात्मक धारणा हुने बताउनुहुँदै प्रमुख प्रजापतिले समयको परिपालनामा जनप्रतिनिधि र कर्मचारीहरूले विशेष ध्यान पुऱ्याउनुपर्ने बताउनुभयो ।

सङ्कटको समयमा व्यक्तिको सही मूल्याङ्कन हुने बताउनुहुँदै उहाँले ख्वप अस्पतालमा अक्सिजन प्लान्ट निर्माणका क्रममा जनताबाट पाएको आर्थिक र भौतिक सहयोगका कारण भक्तपुरका जनता र जनप्रतिनिधि एकताबद्ध छन् भन्ने बलियो आधार पुष्टि भएको बताउनुभयो ।

नगरपालिकाका उपप्रमुख रजनी जोशीले प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ भक्तपुर नपाका कर्मचारीहरूका कुशल प्रशासक र मागदर्शकको रूपमा रहन सफल भएकोमा बधाई दिनुहुँदै कोभिड महामारीमा उहाँले पुऱ्याउनुभएको साथ र योगदानको लागि धन्यवाद ज्ञापन गर्नुभयो । भक्तपुर नपाका प्रप्रअ रामलाल श्रेष्ठले भक्तपुर नगरपालिकाको बसाई सुखद, सफल र प्रेरणादायी भएको बताउनुहुँदै देशकै नमुना नगरपालिकामा बसी काम गर्न पाउनुमा गौरवान्वित महसुस भएको बताउनुभयो ।

भक्तपुर नगरपालिका देशको ७५३ ओटा नगरपालिकाभन्दा कार्यशैलीगत हिसाबबाट फरक र पृथक भएको बताउनुहुँदै भक्तपुर नपाले स्वात्ततताको अभ्यास गर्दै समाजवादी दर्शनअनुसार गरेको काम र ख्वप मोडलबाट आफू निकै प्रभावित भएको बताउनुभयो ।

आफ्नो कार्यकालमा भक्तपुर नपाका कर्मचारीहरूको वृत्तिविकास गर्न पाएकोमा खुशी भएको र कर्मचारीहरूले आफ्नो दक्षता अभिवृद्धि गर्न निरन्तर अध्ययनमा जोड दिनुपर्ने पनि उहाँले बताउनुभयो ।



कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भक्तपुर नपाको उद्देश्य पूर्तिमा श्रेष्ठले खेलेको भूमिका सकारात्मक भएको बताउनुहुँदै उहाँ सक्षम प्रशासकीय अधिकृतको रूपमा रहन सफल भएको बताउनुभयो ।

उक्त कार्यक्रममा भनपा ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुरका अध्यक्ष गौतमप्रसाद लासिवा र भक्तपुर नपाका प्रशासकीय अधिकृत दामोदर सुवालले पनि श्रेष्ठको कार्यशैलीबाट नगरपालिकाको विकासमा पुगेको भूमिकाहरूबारे प्रष्ट पार्नुभएको थियो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ २०७७ साल साउन २८ गते सुनवल नगरपालिकाबाट भक्तपुर नगरपालिकामा सरुवा भई आउनुभएको थियो ।

## 'भक्तपुरमा बस्दा गौरवको अनुभूति गर्छु'

– रामलाल श्रेष्ठ



आजको बिदाइ र बधाई कार्यक्रम रहेकोमा म निजामती कर्मचारी भएको नाताले बिदाइलाई सहज तरिकाले लिन्छु । आजको कार्यक्रम आयोजना गरिएकोमा नगर प्रमुखलगायत सम्पूर्ण नगरपालिका परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । कार्यक्रममा पूर्ववक्ताहरूको भनाइले मार्गदर्शन भएको र ऋणी पनि भएको छु ।

मिति २०७६ श्रावण २८ गतेबाट शुरु गरी २०७८ मङ्सिर २६ गतेसम्ममा मेरो भक्तपुर नगरपालिकाको बसाई १ वर्ष ४ महिना (१६ महिना) पुगेको छ । मिति २०७८ मङ्सिर २७ गतेबाट धनगढी उपनगरपालिकाको लागि रमाना लिएको छु । सर्वप्रथम यस कार्यक्रममा आज सम्पूर्ण कर्मचारीहरू र जनप्रतिनिधिहरूसँग बस्न पाउँदा आनन्दको अनुभूति भैरहेको छ । म यहाँ सरुवा नहुँदै पनि भक्तपुर नगरपालिकालाई नजिकबाट हेरिरहेको थिएँ । कुनै दिन भक्तपुर नगरपालिका जान्छु कि भन्ने लागेको थियो र मन्त्रालयले मलाई यहाँ खटायो । भक्तपुर नगरपालिका देशको ७५३ नगरपालिका भन्दा पृथक छ र यो कुरा मन्त्रालयको समीक्षा गोष्ठीमा पनि भन्ने गर्छु र मन्त्रालयका उच्चअधिकारीहरुलाई पनि भन्ने गर्छु । भक्तपुर नगरपालिकाले समाजवादी दर्शनबाट प्रेरित भएर भक्तपुरको विशेषतासहितको स्वायत्तताको मौलिक अभ्यास गर्दै आज भक्तपुरलाई यस ठाउँमा ल्याई पुऱ्याएको छ । भनपाले देश र जनताको सेवालाई मूल केन्द्रमा राखी विकास निर्माणका प्राथमिकताहरूलाई निर्धारण गरेको छ । '१०० वर्ष पछिको भक्तपुर' लाई पनि मार्गदर्शक सिद्धान्तको रूपमा ग्रहण गरेर जनताको सेवा गर्ने मोडेललाई 'ख्वप मोडेल'को रूपमा स्थापित हुनु जनप्रतिनिधिज्यूहरूको कार्यकालको महत्त्वपूर्ण उपलब्धि हो जस्तो मलाई लाग्छ । मैले 'ख्वप मोडेल' भनेर भन्ने गरेको छु र धनगढी उपमहानपामा दुई ओटा कार्यक्रम रहेको छ : एउटा कर्मचारीहरूलाई सम्बोधन गर्ने र अर्को जनप्रतिनिधिहरूसँग अन्तरक्रिया गर्ने । काठमाडौं आउँदा धनगढी उपनपाका मेयरज्यूसँग शिष्टाचार भेट पनि भैसकेको छ । उहाँसँग मैले १ घण्टा समय माग गरी देश र जनताको सेवा गर्ने भक्तपुरको ख्वप मोडेलको बारेमा बताउन समय माग गरेको छु र धनगढीलाई त्यसतर्फ डोऱ्याउने प्रयत्न हुनेछ ।

देश र जनताको सेवागर्ने मेरो अवधारणा हो । मेरो बढुवाको लागि कहीं कतै भनसुन गरेको पनि छैन र मन्त्रालयमा पनि कसैसित सम्पर्क छैन । स्वाभिमानी हिसावले काम गरेको छु । तैपनि बढुवा हुँदो रहेछ । कर्म गर फलको आशा नगर भनिन्छ तैपनि राम्रो काम गरेपछि फल प्राप्त हुँदो रहेछ । मलाई देश र जनताको सेवा गर्ने तथा अरू प्रति शङ्का नगर्ने भन्ने भावनाले ठूलो मलजल र मद्दत पुगेको छ । भक्तपुर नगरपालिकाको नीति र कार्यक्रम तथा ख्वप मोडेलको बारेमा सबै कर्मचारी साथीहरूमा ज्ञान हुनुपर्छ र बाहिरबाट जनप्रनिधिहरूको भ्रमण आउँदा बताउन सक्ने क्षमता हुनुपर्छ । मैले जनप्रतिनिधिज्यूहरूको सहयोगमा १८१ जना कर्मचारीहरू स्तर वृद्धि गरी वृत्ति विकासको लागि ठूलो योगदान गरेको छु यो ठूलो उपलब्धि हो । त्यसकारण कर्मचारीहरूको आफ्नो दक्षता अभिवृद्धि गरी ७५३ ओटा स्थानीय तहभन्दा फरक पार्ने ख्वप मोडेललाई रोल मोडेलको रूपमा यसलाई प्रचार प्रसार गर्नको लागि कर्मचारीहरूले योगदान गर्नेमा विश्वस्त छु ।

भक्तपुर देश र जनताको सेवागर्ने मञ्च हो ।

भक्तपुरमा आएपछि मलाई थाहा भयो कि पद भन्ने कुरा गौण हो, कर्म प्रधान हो । कर्म ठूलो कुरा हो । म भक्तपुरमा आएर थाहा पाएँ भक्तपुरका माननीय सभासद अहिले नगर प्रमुख हुनुहुन्छ र भक्तपुरका सभापति गोविन्द दुवाल माननीय पदमा रहेर पनि वडा सदस्य भएर सेवा गर्दै हुनुहुन्छ । उहाँलाई सोधेँ पनि, तर उहाँले देश र जनताको सेवा गर्ने हो त्यो भन्दा ठूलो कुरा केही छैन भन्नुभयो । यही हाम्रो विशेषता हो । माननीय हुँदा गरेको सेवा अहिले गर्न नहुने होइन ।

भक्तपुरबाट सिकेको अर्को कुरा हरेक निर्णय प्रकृयामा सरोकारवालाहरूको सहभागिता र अपनत्व ग्रहण गराउने परिपाटी हो । त्यस्तै जनताको विकासको लागि जनतासँग माग्ने र जनतालाई नै दिने यहाँको राम्रो पक्ष हो । अर्को सबैभन्दा महत्त्वपूर्ण कुरा अध्ययन हो । अन्य स्थानीय तहमा ठाउँ र आवश्यकताअनुसार भाषण गरे पुग्नेमा यस स्थानीय तहमा आएर अध्ययन गर्ने र लेख्ने बानीको विकास भएको छ । मेरो अध्ययनशीलतामा वृद्धि भएको परिवारका सदस्यहरूले समेत अनुभूत गरेका छन् । त्यसकारण कर्मचारीहरूले पनि अध्ययनशीलताको विकास गर्नुपर्छ र नगरपालिकाको नीति, नियम, कानुन, बजेट र प्राथमिकताका कुराहरू बताउन सक्ने हुनुपर्छ, सधैँ जनप्रतिनिहरूले भन्नुहोला भन्ने भरमा पर्ने होइन । प्रत्येक दिन १ पटक प्रमुख र उपप्रमुखज्यूको कार्यकक्षमा आउँदा अध्ययन गरिरहेको पाउँछु ।

कर्मचारीहरूको अध्ययनको बानीले घरका सदस्यहरू पनि लाभान्वित हुन्छन् । मेरो कार्यकालमा मूल नेतृत्वले तयार गरेको बजेट, नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वनको लागि सहयोग एवं पृष्ठपोषण दिने कार्य गरेको छु ।

कर्मचारी परिचालनको लागि यस नपामा एउटा समिति पनि गठन भएको छ । यस सन्दर्भमा भनपामा गठित प्रत्येक विषयगत समितिमा कम्तीमा सम्बन्धित शाखाप्रमुखहरूलाई समेटी के कस्तो प्रगति भैरहेको छ भन्ने जानकारी कर्मचारीलाई जिम्मेवारी दिइनुपर्ने नगर प्रमुख समक्ष अनुरोध गर्दछु । मेरो जागिरे जीवनको धेरै समय स्थानीय तहमा बित्यो र म जनप्रतिनिधिहरूलाई सम्मान गर्ने मेरो बानी छ । सम्पूर्ण कर्मचारीहरूले जनताको प्रतिनिधिलाई सम्मान गर्नुपर्छ र यसले मेरो वृत्ति विकासमा सहयोग मिलेको छ । जनप्रतिनिधिहरूसँग बसेर नीति निर्माण र जनसहभागितामा कार्य गरेको हुनाले धनगढी उपनपामा कार्य गर्न मलाई कुनै अप्ठेरो पर्ने छैन भन्नेमा पूर्ण विश्वास छ । नेमकिपा अध्यक्षज्यूको छत्रछायाँमा बसेर कार्य गरेको भएर अहिले शेरबहादुर देउवाको क्षेत्रमा गएर कार्य गर्नेछु र यहाँको कार्यशैलीको व्याख्या त्यहाँ गर्न चाहन्छु ।

मैले प्रशासनिक नेतृत्वमा बसेर भन्नुपर्दा यहाँको राजनैतिक मूल नेतृत्वबाट मैले सिकेको कुरा भनेको जनप्रतिनिधिज्यूहरूबाट राजनैतिक परिपक्वता, अध्ययनशीलता, दूरदर्शिता, गाम्भीर्यता, सृजनशीलता र कुशल नेतृत्व हो । भक्तपुरमा बस्दा गौरवको अनुभूति गर्छु । यसरी यस नपामा कार्यरत रहँदा सहयोग गर्नुहुने नेमकिपाका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ, सङ्घीय सांसद श्री प्रेम सुवाल, प्रदेश सांसद श्री सुरेन्द्रराज गोसाई र सृजना सैंजुलगायत सम्पूर्ण जनप्रतिनिधिहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

कर्मचारीहरूबाट आग्रह पूर्वाग्रह राखेको छैन र केही अस्थायी कर्मचारीको स्थायी गर्न भ्याइएन । म जुन कार्यालयमा काम गर्छु त्यहाँका जनप्रतिनिधिज्यूहरूले चुनाव हार्नुभएको छैन त्यसकारण आगामी निर्वाचनमा सम्पूर्ण जनप्रतिनिधिज्यूहरूको भारी सफलता मिलोस् भन्ने कामना गर्दछु । आर्थिक प्रशासन शाखा, योजना शाखा र आलेप शाखाले जनप्रतिनिधिज्यूहरूको पेश्की र बेरुजुलाई राफ साफ गरी क्लिन चिट दिनुहुन अनुरोध गर्दछु । योजना शाखाले विकास निर्माणका कार्यहरूलाई यथाशक्य छिटो सम्पन्न गरी जनप्रतिनिधिहरूलाई कार्यकालको प्रगति उल्लेख गर्न सजिलो हुन्छ भन्ने लाग्छ । बेरुजुसम्बन्धी कार्य बाँकी रहेमा त्यसलाई कम गर्न सक्दो प्रयास गर्नेछु ।

धनगढी उपनगरपालिकामा यहाँका जनप्रतिनिधिहरूलाई हार्दिक निमन्त्रणा गर्दछु । देश र जनताको सेवामा धनगढी हुँदा पनि कृयाशील रहनेछु भन्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

मलाई बधाई ज्ञापन गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिहरू र कर्मचारीहरूलाई धन्यवाद दिँदै जनप्रतिनिधिहरूको थप सफलताको कामना गर्दै बिदा हुन्छु । धन्यवाद ।

*(बिदाइ एवं बधाई ज्ञापन कार्यक्रममा २०७८।८।२६ गते प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठबाट व्यक्त भनाइ)*

## ख्वप अस्पतालमा हप्ताको सातै दिन बहिरङ्ग सेवा

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा शनिबार पनि सामान्य बहिरङ्ग सेवा सुरु गरेको छ । अस्पतालले पुस ३ गते शनिबारदेखि हप्ताको सातै दिन बहिरङ्ग सेवा सुरु गरेको अस्पतालले जनाएको छ ।

यसअघि भक्तपुर नपा वडा नं ९ च्याम्हासिंहस्थित ख्वप अस्पतालमा आइतबारदेखि शुक्रबारसम्म बिहान ७ देखि साँझ ५ बजेसम्म बहिरङ्ग सेवा सञ्चालन गर्दै आएको थियो । पुस ३ देखि भने शनिबार पनि बिहान १० बजेदेखि साँझ ५ बजेसम्म बहिरङ्ग सेवा सुरु गरेको हो ।

# आधारभूत सिलाइ र बुटिक तालिमको उद्घाटन




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालित ५ महिने आधारभूत सिलाइ र ६ महिने बुटिक तालिमको पुस ६ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।

तालिमको उद्घाटन गर्नुहुँदै नगर प्रमुख प्रजापतिले महिलाहरूलाई आफ्नो शैक्षिक योग्यतासँगै कुनै न कुनै सीप सिक्न प्रेरित गर्नुभयो ।

महिलाहरूलाई आत्मनिर्भर बनाउन भक्तपुर नपाले सिलाइ र बुटिक तालिम सञ्चालन गरेको बताउनुहुँदै उहाँले तालिमबाट महिलाहरूलाई व्यवसाय नै सञ्चालन गरी आर्थिक रूपमा सबल र सक्षम बनाउन महत्त्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सहज जीवनयापनका लागि सीप महत्त्वपूर्ण भएको बताउनुहुँदै सीप सिकेर व्यवहारिक जीवनमा लागु गर्न उहाँले आग्रह गर्नुभयो ।

उहाँले भक्तपुर नपा कला–संस्कृति संरक्षणमा नमुना बन्दै गइरहेको अवगत गराउनुहुँदै भक्तपुर नपाले सीपमूलक र जीवनउपयोगी तालिम सञ्चालन गरी देशको लागि आवश्यक जनशक्ति उत्पादनमा मद्दत पुऱ्याइरहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् महिला, बालबालिका, समाज कल्याण समितिका संयोजक रोशनमैंया सुवालले यस्ता सीप तथा तालिमले महिलाहरूलाई स्वरोजगार र आत्मनिर्भर बन्ने बाटो खुल्ने बताउनुहुँदै तालिममा सिकेका कुरालाई व्यवहारमा लागु गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

भनपा वडा नं. ८ का वडा सदस्य पञ्चलक्ष्मी दुवालले महिलाहरूले आफ्नो पेशा व्यवसायसँग सामाजिक गतिविधिमा पनि क्रियाशीलता बढाउनुपर्ने बताउनुहुँदै शैक्षिक र व्यवहारिक ज्ञानलाई सँगसँगै अगाडि बढाउनुपर्छ भन्नुभयो ।

आधारभूत सिलाइका प्रशिक्षक धर्मलक्ष्मी दुवालले आफूले सिकेको तालिमलाई व्यवहारमा लागू गर्न सके कसैको सामु झुक्नपर्ने स्थिति नआउने बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोरा र भनपाका कार्यपालिका सदस्य एवम् महिला, बालबालिका, समाज कल्याण समितिका सदस्य कृष्णलक्ष्मी दुवालले पनि बोल्नुभएको थियो ।

# १० वडामा पाठेघरसम्बन्धी स्वास्थ्य शिविर

भक्तपुर नपा वडा नं. १० को आयोजनामा पाठेघरसम्बन्धी स्वास्थ्य शिविर पुस १७ गते सम्पन्न भयो । भक्तपुर क्यान्सर अस्पतालको प्राविधिक सहयोगमा सरस्वती विद्यागृहमा भएको शिविरमा १०७ जना महिला दिदीबहिनीहरूले नि:शुल्क पाठेघर र स्तनसम्बन्धी परीक्षण गराए ।

कार्यक्रममा भक्तपुर नपाका उपमेयर रजनी जोशीले भनपाले वडा वडामा स्वास्थ्य शिविर सञ्चालन गर्दै जनतालाई स्वास्थ्य सम्बन्धी जनचेतना दिँदै आइरहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १० का वडा अध्यक्ष लक्ष्मीप्रसाद हयौमिखाले वडामा विभिन्न स्वास्थ्य शिविरहरू सञ्चालन गर्दै आएको उल्लेख गर्नुहुँदै यस वर्ष पाठेघर स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य सेवा पुऱ्याएको जानकारी दिनुभयो ।

कार्यक्रममा भक्तपुर क्यान्सर अस्पतालका प्रशासकीय अधिकृत राजाराम तजले, डा. एटिना खतिवडा र वडा सदस्य जितेन्द्र मुनंकर्मीले पनि बोल्नुभएको थियो ।

# नि:शुल्क दन्त तथा पाठेघर र स्तन क्यान्सर परीक्षण शिविर




भक्तपुर नगरपालिका वडा नं. १ ले पुस १० गते नि:शुल्क दन्त शिविर तथा पाठेघर र स्तन क्यान्सर रोग परीक्षण शिविर सञ्चालन गऱ्यो ।

उक्त कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका

प्रमुख सुनिल प्रजापतिले स्वस्थ नागरिक, स्वस्थ समाज र स्वस्थ जीवनले देशलाई अगाडि बढाउन मद्दत पुऱ्याउने बताउनुभयो ।

जीवनको सबैभन्दा ठूलो धन भनेकै स्वास्थ्य हो भन्नुहुँदै नगर प्रमुख प्रजापतिले स्वस्थ जीवन नै सुख र समृद्धिको आधार भएको बताउनुभयो । भक्तपुर नपाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै ख्वप अस्पताल निर्माण गरेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा पुस ३ गतेबाट शनिबार पनि स्वास्थ्य उपचार सेवा सञ्चालनमा ल्याएको बताउनुभयो ।

सर्ने तथा नसर्ने रोगहरूबाट जनतालाई सचेत पार्न भक्तपुर नगरपालिकाले विभिन्न रोगहरूबारे जनचेतनामूलक कार्यक्रम तथा शिविरहरू सञ्चालन गर्दै आएको उहाँले बताउनुभयो ।



भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले वडाले नगरवासीहरूलाई रोगबारे सचेतना जगाउन समय–समयमा शिविर तथा जनचेतनाका कार्यक्रमलाई प्राथमिकतामा राख्दै आएको बताउनुभयो । सिर्जनानगरमा आधारभूत स्वास्थ्य केन्द्र सञ्चालनमा आएको अवगत गराउनुहुँदै उहाँले भक्तपुरको रानीपोखरी पुन:निर्माण अन्तिम चरणमा पुगेको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर नपा वडा नं. १ का पार्टी इन्चार्ज लक्ष्मीनारायण राजलवटले पाठेघरसम्बन्धी रोगबाट महिलाहरू पीडित भएको समयमा वडाले आयोजना गरेको शिविरले वडावासीहरू लाभान्वित हुने बताउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर क्यानसर अस्पतालका डा. यत्ना खतिवडा, वडा सदस्यद्वय गंगा बमन् र सूर्यप्रसाद श्रेष्ठले पनि आ–आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

## दत्तात्रयमा दन्त स्वास्थ्य शिविर

भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा पुस ११ गते खुला दन्त स्वास्थ्य शिविर सम्पन्न भयो । नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको प्राविधिक सहयोगमा दत्तात्रय मन्दिर परिसरमा सम्पन्न उक्त शिविरमा १८९ जनाले दन्त परीक्षण गराएको आयोजक समितिले जानकारी दिएको छ ।

शिविरमा स्थानीय जनताका साथै सरस्वती विद्यागृह र दत्तात्रय आधारभूत विद्यालयका विद्यार्थीहरूले पनि नि:शुल्क दन्त परीक्षण गराएका थिए ।

दैनिक खानपिन शैलीमा परिवर्तन आउँदा सानै उमेरदेखि दाँतमा किरा लाग्ने तथा दाँतसम्बन्धी रोगहरू देखापरेको उल्लेख गर्नुहुँदै दन्तरोग विशेषज्ञ डा. सविना बासुकलाले दन्त स्वास्थ्यसम्बन्धी जनस्तरमा चेतना फैलाउन आवश्यक रहेको बताउनुभयो ।

दाँत दुखाइको कारण खाना खान नमिलेको र उपचारका लागि अस्पतालमा घण्टौं लाइन बस्दा गाऱ्हो भएको अवस्थामा आफ्नै घरअगाडि दन्त शिविर सञ्चालन गरेकोमा खुशी व्यक्त गर्दै स्थानीय ज्येष्ठ नागरिकले नगरपालिकालाई समय समयमा शिविर सञ्चालन गर्न आग्रह गर्नुभयो ।

शिविरमा दन्त परीक्षणसँगै केही औषधीहरू समेत नि:शुल्क वितरण गरिएको थियो ।

## राष्ट्रिय योजना आयोगले समाजवादउन्मुख राज्य व्यवस्थाअनुरूपको योजनाहरू तयार गर्नुपर्ने : प्रमुख प्रजापति



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग राष्ट्रिय योजना आयोगका सदस्य डा. रामकुमार फुयालले पुस ९ गते भेट गर्नुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित समपूरक र विशेष योजनाहरू निरीक्षणका लागि भक्तपुर आउनुभएका फुयाललाई नगर प्रमुख प्रजापतिले नगरपालिकामा स्वागत गर्नुहुँदै भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायतका क्षेत्रमा सञ्चालित गतिविधिहरूबारे उहाँलाई अवगत गराउनुभयो ।

भेटका क्रममा नगर प्रमुख प्रजापतिले राष्ट्रिय योजना आयोगले समाजवादउन्मुख राज्य व्यवस्थाअनुरूपको योजनाहरू

तयार गर्नुपर्ने बताउनुहुँदै आयोगका योजनाहरू कार्यान्वयन नभए आयोगको औचित्यतामाथि प्रश्न उठ्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'अहिले सरकार सरकारजस्तो छैन, व्यवस्थापिका व्यवस्थापिकाजस्तो छैन र राष्ट्रिय योजना आयोग आयोगजस्तो छैन । त्यसमा सुधारको आवश्यकता छ ।'

देशको कूल बजेटको ५० प्रतिशत बजेट स्थानीय तहलाई विनियोजन गर्नुपर्ने बताउनुहुँदै नगर प्रमुख प्रजापतिले स्थानीय तहहरूको आवश्यकतालाई प्राथमिकता तोकेर वर्गीकरण गरी बजेट विनियोजन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सशर्तको नाउँमा योजना छनौट केन्द्र र प्रदेशले गर्नु सङ्घीयताको भावना विपरीत भएको बताउनुभयो ।

देशका राष्ट्रिय स्तरका योजनाहरू स्थानीय तहमार्फत सञ्चालन गर्न आयोगले विशेष पहल गर्नुपर्छ भन्नुहुँदै उहाँले भक्तपुर नगरपालिकाले शिक्षालाई राज्यकै दायित्वअन्तर्गत ल्याउने उद्देश्यले शिशुस्याहार केन्द्रदेखि विश्वविद्यालय तहसम्मको शिक्षा सस्तो र गुणस्तरीय ढङ्गले प्रदानगर्दै आइरहेको बताउनुभयो ।



भेटमा राष्ट्रिय योजना आयोगका सदस्य डा.रामकुमार फुयालले स्थानीय तहलाई बलियो र अधिकारसम्पन्न बनाउने ढङ्गले योजना छनोटमा जोड दिँदै आएको बताउनुहुँदै अन्य स्थानीय तहको तुलनामा भक्तपुर नपाको लागि विशेष र समपूरक अनुदानको लागि योजना र कार्यक्रम छनोटमा ध्यानाकर्षण गराउन स्थलगत भ्रमणमा आएको बताउनुभयो ।

उहाँले विद्यालय भवन, खोला सुधार र कलेज भवनलगायतको शीर्षकमा आयोगले २ ओटा समपूरक र २ ओटा विशेष योजना सञ्चालनको लागि बजेटको व्यवस्था गर्न सकिने जानकारी गराउनुभयो ।

सङ्घ, प्रदेश र स्थानीय सरकार आफैमा स्वायत्त संस्था भएको बताउनुहुँदै उहाँले तीनओटै सरकारबीच समन्वयात्मक भूमिका हुनुपर्नेमा जोड दिनुभयो ।

भेटपश्चात उहाँलाई भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, प्रस्तावित अरनिको सभाभवन क्षेत्र, निर्माणाधीन ख्वप अस्पताल, ख्वप इन्जिनियरिङ कलेज, बाराही पुल र बाराही खोला सुधारलगायतको स्थलगत निरीक्षण गराउनुभएको थियो ।

# नगर प्रमुख प्रजापतिलाई पुस्तकालय कार्यदलको प्रतिवेदन हस्तान्तरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा २०७८ असोज १९ गते बसेको भक्तपुर नगरक्षेत्रभित्रका सार्वजनिक पुस्तकालय तथा वाचनालयहरूको सुधारको लागि सुझाव पेश गर्न गठित कार्यदलले नगर प्रमुख सुनिल प्रजापतिलाई मङ्सिर २१ गते पुस्तकालय कार्यदलले प्रतिवेदन हस्तान्तरण गऱ्यो ।

टोलीले भक्तपुर नगरमा रहेका ३२ ओटा पुस्तकालयमध्येबाट २६ ओटा पुस्तकालयको तथ्याङ्क स्थलगत अध्ययन गरेको थियो । प्रतिवेदन ग्रहण गर्दै नगर प्रमुख प्रजापतिले सार्वजनिक पुस्तकालयले देशमा सामाजिक न्याय, सभ्यता र समानतामूलक समाज निर्माणमा महत्त्वपूर्ण भूमिका रहने हुँदा सबैले अपनत्व ग्रहण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

साथै पुस्तकालयले नागरिकहरूमा चेतना फैलाउने मुख्य आधार भएकोले टोलीबाट प्राप्त सुझावका नगरमा रहेका सार्वजनिक पुस्तकालय तथा वाचनालयहरूको स्तरोन्नति गर्न भौतिक तथा आर्थिक सहयोग गर्न सकिने कुरा बताउनुभयो ।

यसका लागि हरेक वडामा कम्तिमा एउटा पुस्तकालयको विकासमा जनप्रतिनिधिहरूले पनि विशेष पहल र ध्यान दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयका पुस्तकालय अधिकृत भूपाल मूलको संयोजकत्वमा उक्त कार्यदल गठन गरिएको थियो भने सदस्यहरूमा रविन्द्र प्रसाद कुसी, (प्रगति पुस्तकालय), दिनेश खड्गी (लेनिन पुस्तकालय), कृष्ण प्रसाद सुवाल (सहिद राजकुमार स्मृति पुस्तकालय), रामकृष्ण मूलगुठी (मंगलाछेँ युवा क्लब तथा पुस्तकालय) रहेका छन् ।

कार्यदलले पुस्तकालय सुधारको लागि पुस्तकालयहरूलाई नगरपालिकाले आर्थिक र भौतिक सहयोग गर्नुपर्ने, प्राथमिक चरणमा भक्तपुर नगरपालिकाबाट प्रकाशित सबै पाठ्यसामग्री र 'भक्तपुर' मासिक, 'ख्वप पौ', 'मजदुर' र 'श्रमिक' पत्रिका उपलब्ध गराउन, पुस्तकालयमा काम गर्ने जनशक्तिलाई पुस्तकालयसम्बन्धी तालिमको व्यवस्था गर्नुपर्नेलगायत ११ ओटा सुझावहरू दिएको छ ।

# ९ नं. वडामा तीन दिने कौसी खेती सम्बन्धी तालिम




भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा नयाँ बस्ती तुमचो दुगुरे चोखा आवास क्षेत्रका महिलाहरूलाई तीन दिने कौसी खेती सम्बन्धी तालिम सम्पन्न भयो। २०७८ पुस ८, १० र ११ गते भएको उक्त तालिमको उद्घाटन नगरपालिकाका उप प्रमुख रजनी जोशीले गर्नुभयो।

उद्घाटनको क्रममा उप प्रमुख जोशीले घरमै विषादीरहित तरकारी उत्पादन गर्न मात्र नभई कुहिने फोहोरमैला व्यवस्थापन गर्न समेत तालिम प्रभावकारी बन्ने विश्वास व्यक्त गर्नुभयो।

खेतीयोग्य जमिनमा मानव बस्ती विस्तारसँगै कृषि उत्पादनमा कमी आएको उल्लेख गर्नुहुँदै उहाँले दैनिक करोडौं रुपैयाँको तरकारी भारतबाट आयात गरिँदा परनिर्भरता बढ्नुका साथै रासायनिक विषादी पनि खाइरहेको र यसबाट क्यान्सर, मुटुरोग, मृगौला रोगजस्ता गम्भीर रोगका कारण मानवीय स्वास्थ्यमा समेत हानि भइरहेको तर्फ सचेत गराउनुभयो।

प्रमुख अतिथि जोशीले तालिमबाट प्राप्त सीपलाई सदुपयोग गर्न सके घरमै पूर्ण रूपमा जैविक तरकारी उत्पादन गरी स्वस्थ जीवन जिउनसक्ने हुँदा कौसी, बार्दालीलगायतका ठाउँको उपयोग गरी खेती गर्ने अभ्यास सबैले गर्न जरुरी रहेको औँल्याउनुभयो।

उहाँले माटोलाई हलुका बनाउने विधिबारे जानकारी लिई कौसीको बोझ कम गर्ने उपाय अवलम्बन गर्न पनि आग्रह गर्नुभयो। तरकारी उत्पादन गर्ने राम्रो उद्देश्य राख्दाराख्दै आफ्नो घरलाई भूकम्पीय जोखिम बढाउने गल्ती भने नगरौं, उहाँले भन्नुभयो।

भनपा ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले आधुनिक जीवनशैली अपनाउने नाउँमा हामीले शारीरिक परिश्रम गर्न भुलिरहेको उल्लेख गर्नुहुँदै आफूलाई सधैंभरि व्यस्त राख्न तथा रचनात्मक गतिविधि गर्न तालिमले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो। अन्य नगरपालिकाको तुलनामा भक्तपुर नगरपालिका सफा देखिए पनि फोहोरमैला व्यवस्थापन चुनौतिपूर्ण रहेको उहाँको भनाइ थियो। उहाँले कौसी खेती सम्बन्धी तालिमले घर घरबाट कुहिने फोहोर न्यूनीकरण गर्न मद्दत पुग्ने बताउनुभयो।

कार्यपालिका सदस्य छोरीमैयाँ सुजखू (प्रजापति) ले नगरपालिका स्थानीय जनताको सबैभन्दा नजिकको सरकार भएको हुँदा जनताका आवश्यकता पूर्ति र सेवाका लागि जनप्रतिनिधिहरू लागिपरेको बताउनुभयो। महिला दिदीबहिनीहरूलाई उत्पादनमूलक गतिविधिमा संलग्न गराई आत्मनिर्भर बनाउन नगरपालिकाले विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिरहेको उहाँले जानकारी दिनुभयो।

प्रशिक्षक सविन ख्याजूले संरा अमेरिकाले दशकौंदेखि नाकाबन्दी गर्दा पनि समाजवादी देश क्युबाका जनताले कौसी खेती विधिबाट संसारकै उत्कृष्ट जैविक उत्पादन गरिरहेको चर्चा गर्नुहुँदै यो तालिमलाई जनस्तरमा व्यापक बनाउन सके तरकारी उत्पादनमा आत्मनिर्भर बनाउन सकिने बताउनुभयो।

उहाँले तालिम सामान्यजस्तो लागे पनि कंक्रिटका घरहरूमा हरियाली व्यवस्थापन गर्न तथा प्रदूषण घटाउनसमेत मद्दत मिल्ने हुँदा कौसी खेती विधिलाई प्रोत्साहन दिनुपर्नेमा जोड दिनुभयो।




महिला स्वास्थ्य स्वयंसेविका मनेश्वरी कोजूले कौसी खेती सम्बन्धी तालिमको औचित्यताबारे प्रष्ट पार्नुभएको थियो। तीन दिने तालिममा २६ जना महिला तथा पुरुषहरूले माटोलाई हलुका बनाउने विधि, वेर्मा उत्पादन विधि, कलमी विधि, कम्पोष्ट मल तथा जैविक कीटनाशक औषधी बनाउने विधि, बिरुवामा लाग्ने रोग तथा उपचार विधिबारे सैद्धान्तिक र प्रयोगात्मक सीप हासिल गरेका थिए। साथै सहभागीहरूलाई नर्सरी व्यवस्थापन र कम्पोष्ट मल बनाउने विधिबारे जानकारी दिन एक दिने स्थलगत अवलोकन भ्रमणसमेत गराइएको आयोजक समितिले जानकारी दिएको छ।

तालिमको समापन समारोहमा पूर्व वडाध्यक्ष एवं समाजसेवी कृष्णभक्त लवजूले तालिममा सहभागी सबैलाई

प्रमाणपत्र वितरण गर्नुभयो । त्यस क्रममा उहाँले प्रत्येक परिवारले दाल चामलमा भन्दा तरकारीमा बढी खर्च गरिरहेको उल्लेख गर्नुहुँदै तालिमबाट प्राप्त सीपले घरघरमा विषादीरहित तरकारी उत्पादन गर्न सकेमा घरायसी खर्चमा कमी आउने र स्वस्थ जीवन जिउन सकिने विश्वास व्यक्त गर्नुभयो ।

सहभागीहरूमध्ये माइली कोजु, हिरा मानन्धर, मेलिना शाक्य, सुमतिना मानन्धर, कान्छी कोजूलागयतले तालिम निकै प्रभावकारी रहेको उल्लेख गर्नुहुँदै तालिमबाट सिकेको सीपलाई घरघरमा उपयोग गर्ने प्रतिबत्रद्धता व्यक्त गर्नुभयो ।

## तेक्वान्डोमा भक्तपुर नपा टीमको सफलता



जैसीदेवल युथ क्लबद्वारा पुस ३ गतेदेखि ५ गतेसम्म आयोजित बागमती प्रदेशस्तरीय आमन्त्रित दोस्रो मेयर कप तेक्वाण्डो खेल प्रतियोगितामा भक्तपुर नगरपालिकाबाट भाग लिएका २८–३१ केजी तौल समूहका राजन तामाङ, ३५–३८ केजी तौल समूहका जेनिफर दुवाल, ३८–४२ केजी तौल समूहमा अनिस तामाङले द्वितीय स्थान हासिल गर्न सफल भए भने ४२–४६ केजी तौल समूहमा राजेश कार्कीले तृतीय स्थान हासिल गरेका थिए ।

विजयी खेलाडीहरूलाई राष्ट्रिय खेलकुद विकास समितिका प्रशिक्षक संगीना वैद्यले पुस ५ गते दशरथ रंगशालाको कभर्ड हलमा प्रमाणपत्र र मेडल प्रदान गर्नुभएको थियो ।



भक्तपुर नगर तेक्वाण्डो विकास समितिका अध्यक्ष बलराम न्हिसुतु टीम व्यवस्थापक थिए भने टीम कोच गणेशमान हयौंमिखा र अनिस खयरगोली थिए । प्रतियोगितामा ११ ओटा नगरपालिका सहभागी थिए ।

## आधारभूत तहको परीक्षा मर्यादित बनाउन शपथ ग्रहण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरस्तरीय आधारभूत तह (कक्षा ५ र ८) को परीक्षा मर्यादित बनाउन पुस ८ गते शिक्षकहरूलाई शपथ ग्रहण गराउनुभयो ।

भक्तपुर नगरपालिकाअन्तर्गत आधारभूत तह उत्तीर्ण परीक्षा २०७८ समितिका अध्यक्ष प्रेमगोपाल कर्माचार्यसहित समितिका सदस्यहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको हो ।

कार्यक्रममा सामूहिक परीक्षा समिति, संयुक्त मावि संयुक्त परीक्षा समिति, प्याब्सन, इसान, एन.प्याब्सनका प्रतिनिधिहरूले आधारभूत तहको परीक्षा गोप्य, शान्तिपूर्ण र मर्यादित ढङ्गले सम्पन्न गर्न शपथ ग्रहण लिनुभएको छ ।

उक्त अवसरमा नगर प्रमुख प्रजापतिले परीक्षा विद्यार्थीको सिकाइ मूल्याङ्कन गर्ने महत्त्वपूर्ण माध्यम भएको र यसलाई मर्यादित ढङ्गले सञ्चालन गर्नुपर्ने बताउनुहुँदै गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय परीक्षा सञ्चालन महत्त्वपूर्ण भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रमबमोजिम यस वर्षदेखि कक्षा ५ को नगरस्तरीय वार्षिक परीक्षा सञ्चालन हुने र उक्त परीक्षाको व्यवस्थापन यसै समितिबाट गरिने भएको छ ।

शपथ ग्रहणपश्चात बसेको नगर शिक्षा समिति र आधारभूत परीक्षा समितिको संयुक्त बैठकले कोभिड महामारीको कारण यस शैक्षिक वर्ष २०७८ मा शैक्षिक क्षति न्युन गर्न यस नगरपालिकाद्वारा प्रकाशित शैक्षिक क्यालेन्डरमा संशोधन गरी हिउँदे बिदा मिति २०७८ माघ १ गतेदेखि ८ गतेसम्म दिने निर्णय गरेको छ ।

# भक्तपुर नपाबारे

## भक्तपुर नपालाई केही सुझाव

– हरिकृष्ण धुख्वा

भक्तपुर नगरपालिकाले सिद्धपोखरीमा चलाएको डुङ्गा अहिले त्यहींको व्यायाम पार्कमा थन्किएको देख्दा दुःख लाग्यो। निकै तामझामसहित सुरु गरिएको जलबिहार लकडाउनको समयमा बन्द भयो। तर, लकडाउन खुलेर अहिले सबै क्षेत्र सुचारु छ। जलबिहार फेरि सुरु भएन। डुङ्गालाई व्यायामपार्कमा डोरीले बाँधेर कैदी बनाइएको छ। डुङ्गा चलाउँदा सिद्धपोखरीमा विशेषतः शनिबार र अन्य बिदाको दिन पर्यटकहरूको सङ्ख्या बढेको थियो। उपत्यकाका विभिन्न ठाउँबाट त्यहाँ आउने मानिसहरू धेरै थिए। तर, अहिले बन्द हुँदा पर्यटकहरू कम हुनु स्वाभाविक हो।

सिद्धपोखरीमा माछा हेर्न र माछालाई भुजिया खुवाउने मानिसहरू पनि धेरै हुन्थे। तर, सिद्धपोखरीमा माछा, अझ विभिन्न थरी र रङका माछा पालन बढाउन सके त्यो ठाउँको आकर्षण अझ बढ्ने थियो। तर, त्यतातिर नपाको खासै ध्यान गएको पाइएन।

नगरपालिकाले त्यसरी नै प्रचारप्रसारसहित सुरु गरेका व्यायामपार्कहरू पनि अहिले बेवास्तामा परेका छन्। कतिपय व्यायाम पार्कका व्यायामका सामान काम नै नलाग्ने भएका छन्। अधिकांश सामानमा तेल राख्ने र बेलाबेला मर्मत नगरिँदा बिग्रने वा चलाउन गाह्रो भएको छ। कतिपय व्यायाम पार्कमा व्यायाम गर्ने मानिस नै छैनन्। कतिपय व्यायाम पार्कका सामानमा स–साना बच्चाहरू खेलिरहेको देख्दा कुनै दुर्घटना हुनसक्ने चिन्ता लाग्ने अवस्था छ।

सिद्धपोखरीमा बनेको शौचालयलाई एउटा सञ्चारमाध्यमले 'मन्दिरजस्तो शौचालय' भनी समाचार लेख्दा खुसी लागेको थियो। तर, शौचालय बन्द हुने भएकोले प्रातःकालीन भ्रमणमा आउने मानिसले त्यसको प्रयोग गर्न पाएका छैनन्।

कुनै पनि काम सुरु गर्नुभन्दा निरन्तरता दिन गाह्रो हुन्छ। जनप्रतिनिधिहरूले राम्रो सोचाइबाट सुरु गरेका यस्ता काममा जिम्मेवार शाखा र नपाले स्याहार गर्नमा ध्यान नदिँदा कतिपय काम सस्तो लोकप्रियताको काम हुन गएको छ। यसबारे सम्बन्धित क्षेत्रले विचार गर्नुपर्ने सुझाव दिन चाहन्छु।

## भक्तपुर नपालाई मेरो पनि केही सुझाव

– सुन्दरराम धौभडेल

आइतबारको मजदुर दैनिकमा हरिकृष्ण धुख्वाको पाठक पत्र सान्दर्भिक लाग्यो। मलाई पनि मनमा लागेको कुरा उठाउनुभएकोमा धुख्वाजीप्रति आभार व्यक्त गर्न चाहन्छु।

महामारीको समयमा भक्तपुर नगरपालिकाको सक्रियतामा गुनासो गर्ने ठाउँ छैन। धेरै कुरा कसैलाई थाहा पनि नभएको भाइरसको महामारी फैलिएको समयमा केही कुरा जनप्रतिनिधि र कर्मचारीहरूको नियन्त्रणमा नहुनु स्वाभाविक थियो। तथापि, कतिपय जनप्रतिनिधि र कर्मचारी आफैं कोभिड सङ्क्रमण हुने अवस्थामा पनि जनप्रतिनिधि र कर्मचारीको अगुवाइ सन्तोषजनक लाग्यो। कोभिडको एकान्तवासको व्यवस्थापन राम्रो भएको त्यहाँ बसेका साथीहरूले सुनाए। म आफैं पनि कोभिडबाट सङ्क्रमित हुँदा वडाका जनप्रतिनिधिहरूले फोन सम्पर्क गरेर हौसला मात्र दिनुभएन, बरु मास्क, स्यानिटाइजर, सफा गर्ने झोल र केही औषधि पठाउनुभएको थियो। पछि पछि व्यवस्थापन गर्न सहज नभएर हुन सक्छ, त्यस्ता सामान वितरण रोकियो। तर, जनप्रतिनिधि र जनस्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मीहरूले स्वास्थ्य अवस्थाबारे सोधखोज भने भइरहेको पाएँ। बिरामी पर्दा त्यसरी स्वास्थ्य कस्तो छ भनी एक कल फोन मात्र आउँदा पनि खुशी लाग्ने रहेछ।

भक्तपुर नगरपालिकाले हरेक वडामा नर्सिङ सेवा सुरु गरेको समाचार विभिन्न अनलाइन सञ्चारमाध्यममा पढियो। तर, मेरो घरमा महामारी सुरु हुनुअघि एक पटक घरमा को को छन्, कोही बिरामी वा ज्येष्ठ नागरिक छन् कि भनी सोधन आएको सम्झना छ। त्यसपछि भने घरदैलोमा नर्स कहिल्यै आएको देखिएन। कदाचित नर्सको सेवा चाहिए कहाँ सम्पर्क गर्ने हो, त्यो पनि थाहा भएन। नगरपालिकाको गतिविधिबारे जानकारी लिने र राख्ने मजस्तो नगरवासीलाई नै यसबारे जानकारी छैन भने मलाई लाग्छ अधिकांश नगरवासीलाई त्यसबारे थाहा नहोला।

धुख्वाजीले लेख्नुभएजस्तै कुनै पनि काम सुरु गर्न जति सजिलो हुन्छ, निरन्तरता दिन त्यत्ति नै गाह्रो हुन्छ। वडामा नर्सिङ सेवा पनि त्यस्तै कार्यक्रम भयो कि ? सस्तो लोकप्रियताको लागि मात्र त त्यस्तो कार्यक्रम पक्कै सुरु भएको होइन होला। कम्तीमा पन्ध्र दिनको एक पटक नर्सहरू वडाका विभिन्न पाटीमा बसेर अत्यावश्यक जाँच र परामर्शको सेवा मात्र दिए पनि नगरवासीले राहत अनुभव गर्ने छन्। अथवा गाह्रोसाह्रो पर्दा नर्स बोलाउन नर्सको सम्पर्क नम्बर नगरवासीले पाए राम्रो हुने थियो।

महामारीको बेला नगरपालिकाले परामर्शको लागि केही चिकित्सकहरूको सम्पर्क नम्बर नै सार्वजनिक गरेको थियो। बिहान फोहोर उठाउन आउने गाडीले समेत उहाँहरूको

नम्बर भन्दै आउँथ्यो । उहाँ चिकित्सकहरूलाई मेरो सलाम । मैले पनि एक दिन उहाँहरूमध्ये एक जना चिकित्सकलाई फोन गरेको थिएँ । चिकित्सकको नम्र बोली र उचित परामर्शले म साँच्चै भावुक बनेको थिएँ । मजस्ता कति मानिसले दैनिक सम्पर्क गर्थे होला । तथापि, उहाँहरूको विनम्र बोली र परामर्श साँच्चै अनुकरणीय थियो । स्वास्थ्यकर्मीको मिठो बोलीले मात्र पनि बिरामीको आधा रोग निको हुन्छ । मलाई पनि त्यत्तिबेला त्यस्तै अनुभव भएको थियो ।

# भक्तपुर नगरपालिकाको स्पष्टोक्ति

'मजदुर' दैनिकमा मिति २०७८।९।५ र ६ गते प्रकाशित पाठक पत्रहरूका सम्बन्धमा भक्तपुर नगरपालिकाको ध्यानाकर्षण भएको छ । भक्तपुर नगरपालिकाले गरिरहेको कामको नगरवासी दाजुभाइहरूले सूक्ष्मरूपमा हेरिरहनु भएकोमा हामी खुशी छौँ । तपाईंहरूको सानो सल्लाह र सुझावहरूले सिङ्गो नगरवासीहरूको हित हुने हुँदा यस्ता आलोचना, सल्लाह र सुझावको निरन्तरताको अपेक्षा गर्दै पत्रहरूको निम्नबमोजिम प्रस्ट पार्न चाहन्छौँ :

**१) पुस ५ गतेको पत्रमा उठाइएको सम्बन्धमाः**

पुस ५ गतेको पाठक पत्रमा भक्तपुर नगरपालिकाद्वारा नगरवासीलगायत आन्तरिक र बाह्य पर्यटकहरूलाई लक्षित गरी सञ्चालनमा ल्याइएको नौका विहार बन्द भएको र सोही स्थानमा सञ्चालित व्यायाम पार्कका व्यायाम सामानहरू काम नै नलाग्ने भएकोबारे उल्लेख छ ।

भक्तपुर नगरपालिकाले नगरवासीहरूको स्वास्थ्य, शारीरिक तथा मानसिक विकास एवं बालबालिकाहरूदेखि ज्येष्ठ नगरिकसम्म सबै उमेर समूहका नगरवासीहरूलाई स्वस्थ बनाउने उद्देश्यले नगरको १० ओटै वडाहरूमा व्यायामस्थलहरूको व्यवस्था गरेको हो । अहिलेसम्म प्रत्येक वडाको दुई दुई ठाउँमा पहिलो चरणमा १ सेटमा १० ओटा व्यायाम सामग्रीहरू र दोस्रो चरणमा १ सेटमा १० ओटा खेल सामग्रीहरूको व्यवस्थापन गरिरहेकोमा विद्यार्थीहरूलाई केन्द्रित गरी ख्वप कलेज र ख्वप इन्जिनियरिङ कलेजहरूमा समेत व्यायामस्थल व्यवस्था गरी हालसम्ममा नगरभित्र २२ स्थानमा व्यायाम स्थलहरू रहेको जानकारी गराउन चाहन्छौँ ।

विश्वव्यापीरूपमा फैलिएको नोवेल कोरोना भाइरस (कोभिड-१९) को सम्भावित जोखिमबाट नगरवासीहरूलाई सुरक्षित राख्न तथा सम्भावित विपद्को जोखिम न्यूनीकरण गर्न बन्द गरिएको नौका विहार हालसम्म सञ्चालनमा ल्याइएको छैन । नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखेर हामीले केही समय ढिलाइ गरेको साँचो हो । पत्रमा उल्लेख भएअनुसार डुङ्गालाई कैदी बनाइएको होइन । नौका बिहार पुनः सुचारु गर्ने तयारी गरिरहेका छौँ ।

सिद्धपोखरीमा समय समयमा माछाको भूरा छोड्ने गरिएको र माछा निकाल्ने समय भएपछि पुराना माछा निकाली पुनः नयाँ भूरा छोड्ने गरिएको छ । १० ओटै वडाका व्यायाम स्थलहरू २०७८ जेष्ठको दोस्रो हप्तादेखि सञ्चालनमा आइसकेको छ । साथै सिद्धपोखरीको पूर्वपट्टिको व्यायामस्थल प्रत्येक दिन दैनिक ७०-८० जनाले प्रयोग गर्दै आइरहेका छन् । यसको मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित वडा कार्यालय वडा खेलकुद समितिलाई दिइएको छ ।

दुई पटकसम्म चोरी गरिएको वेट लिफ्टिङ सामग्री पनि पुनः थप गर्दै प्रयोग भइरहेको छ तर भेटेरीनरी केन्द्र पछाडिको व्यायामस्थल भने कोभिडपश्चात् सञ्चालनमा ल्याइएको छैन । यसलाई यथासक्य छिटो सञ्चालन गर्न सरसफाइलगायतका आवश्यक कार्यहरू अगाडि बढाइएको जानकारी गराउन चाहन्छौँ ।

**२) पुस ६ गतेको पत्रमा उठाइएको सम्बन्धमाः**

भक्तपुर नगरपालिकाले जनताको स्वास्थ्य सेवा तथा परामर्शमा सहज गर्ने उद्देश्यले जनप्रतिनिधिहरूको कार्य आरम्भ भएको १०० दिनको अवसरमा २०७४ साल भाद्र १२ गतेबाट नमुनास्वरूप भक्तपुर नगरपालिकाको वडा नं. ३, ४ र ६ मा घरदैलो नर्सिङ सेवा आरम्भ गरिएको हो ।

ती वडाहरूको अनुभवलाई आधार मानी सोही वर्षको चैत्र २५ गतेसम्ममा नगरका १० ओटै वडाहरूमा घरदैलो नर्सिङ सेवा सुरु गरियो । यो नेपालको सन्दर्भमा सर्वथा नौलो अभ्यास र स्वास्थ्यको दृष्टिले अत्यन्त महत्त्वपूर्ण पाइला हो । अनुभवबाट सिक्दै उक्त सेवा निरन्तर चालू रहेकोमा विश्वभरि फैलिएको कोरोना महामारीको कारण घरदैलो नर्सिङ सेवा निरन्तर सञ्चालन सम्भव भएन । स्वास्थ्यमा नगरपालिकाले पुऱ्याउनुपर्ने सेवालाई रत्तिभर कन्जुस्याइँ नगरी सम्पर्क चिकित्सकहरूको फोन नम्बर सार्वजनिक गरी आवश्यक स्वास्थ्य परामर्श कार्यक्रम जारी राख्यौँ ।

भक्तपुर नगरभित्र अहिले कोरोनाको प्रभाव न्यून हुँदै गएको छ । विज्ञहरूका अनुसार कोरोनाबाट बच्ने खोप नै सबैभन्दा प्रभावकारी कदम भएको भन्ने रहेको हुँदा खोप लगाउने कार्य निरन्तर जारी छ । जनताको स्वास्थ्यलाई ध्यानमा राखी भनपाले २०७८ साल मङ्सिर १६ गतेदेखि घरदैलो नर्सिङ सेवा पुनः सञ्चालन गरिएको छ ।

घरदैलो नर्सिङ सेवा अझ परिस्कृतरूपमा तपाईंको

घरदैलोमा पनि आइपुग्ने छ । हाम्रा वडाहरूमा धेरै परिवारको बसोबास भएकोले तपाईँकोमा पुग्न केही समय लाग्न सक्छ तर अवश्य आउने नै छ र तपाईँहरूको सहयोग पनि निरन्तर मिल्ने हाम्रो अपेक्षा छ ।

घरदैलोमा परिचालन हुने सबै महिला दिदीबहिनीहरू भएकोले सुरक्षाको हिसाबले हामीले उहाँहरूको मोबाइल नम्बर सार्वजनिक गर्न सकेनौँ । त्यसमा हामी दुःखी छौँ । तर, हामीले त्यसको विकल्पबारे छलफल अघि बढाएका छौँ र उहाँहरूलाई बिहानको घरदैलो समयपछि दिनको दुई बजेसम्म वडाले व्यवस्था गरेको स्थानबाट वडावासीको सेवाको लागि व्यवस्था गरेका छौँ । जानकारीको लागि सम्बन्धित वडा कार्यलयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

अन्त्यमा, घरदैलो नर्सिङ कार्यक्रम हामी सबै नगरवासीको साझा कार्यक्रम हो । यसलाई प्रचारवाजीको कार्यक्रमको रूपमा लिनु उचित होइन । त्यस कार्यक्रममा सबैको तर्फबाट सहयोगको अपेक्षा गर्छौँ ।

तपाईँको आलोचना र सुझावले हामी जन प्रतिनिधिहरूमा काम गर्ने हौसला बढ्नेछ । हामी प्रशंसाभन्दा पनि सकारात्मक आलोचनाको अपेक्षा गर्छौँ । जनप्रतिनिधिबाट गल्ती हुन सक्छ । तपाईँहरूको निरन्तरको खबरदारीले हामीलाई सही ठाउँमा उभिएर जनताको सेवा गर्ने भावनामा बल मिल्ने छ । पत्रका लेखकद्वय हरिकृष्ण धुख्वा र सुन्दरराम धौभडेललाई धेरै धेरै धन्यवाद !

# भक्तपुर नपालाई दुई प्रश्न

*– सुन्दर सुवाल, व्यासी*

'मजदुर' दैनिकमा भक्तपुर नगरपालिकाका गतिविधिबारे हालै भएको छलफल रोचक लाग्यो । नगरवासीले 'मजदुर' दैनिकमार्फत उठाएका मुद्दा र गुनासो सम्बोधन गर्न पत्रिकामै नगरपालिकाले दिएको स्पष्टीकरण पढ्दा अझ खुसी लाग्यो । नगरवासीको भावनाप्रति नगरपालिकाको संवेदनशीलता र जिम्मेवारीबोध कदरयोग्य लाग्यो । यही मौकामा भक्तपुर नपाका गतिविधिबारे मलाई लागेका एकाध कुरा मजदुर दैनिकमार्फत व्यक्त गर्न चाहन्छु ।

**क)** केही दिनअघि मर्निङ वाक्को सिलसिलामा भक्तपुरको सल्लाघारी–व्यासी–इतापाकेको बाटो हिँड्दै गर्दा फुटपाथमा रोपिएका केही बिरुवा भाँचिएको, हाँगा लुछिएको देख्दा आफ्नो मन खिन्न भयो । रुख हुर्काउनु बच्चा हुर्काउनुजस्तै गाऱ्हो र बढी समय लाग्ने कुरा नबुझेका मान्छेहरूले यसरी नगर र सडकको सौन्दर्य बनेका बिरुवालाई चोट पुऱ्याएका रहेछन् । कस्ता बदमासहरू ! हिँड्दा हिँड्दै मैले भक्तपुर नगरपालिकाले गरेको हरियाली प्रवर्द्धन कार्यक्रम सम्झेँ । भक्तपुर नगरका विभिन्न सम्पदा क्षेत्र र चोकहरूमा हरियाली प्रवर्द्धन गर्ने भन्दै नगरपालिकाले गमलामा बिरुवा रोपेको थियो । गमलामा बिरुवा रोपेर हरियाली प्रवर्द्धन त के हुने थियो ! तैपनि बिरुवाले सम्पदा क्षेत्र अझ बढी सुन्दर देखिएको थियो । सञ्चार माध्यमहरूले पनि वाहवाही नै गरेका थिए । मलाई पनि त्यो कार्यक्रम रचनात्मक नै लागेको थियो । त्यही भएर एक रात ढिला घर फर्किँदै गर्दा केही केटाहरूले गमला लछारपछार गर्दै गरेको देखेर म उनीहरूसँग झगडा गर्न तम्सिएको थिएँ । एक जना सचेत नगरवासीले गर्ने त्यत्ति त हो ।

तर, दुई–तीन महिनापछि भने ती गमलाहरू क्रमशः एक–दुई ओटा गर्दै हराउन थाले । अहिले त कुनै कुनामा फोहोर गमला बाँकी भए थाहा छैन, नत्र कुनै पनि गमला कहीँ पनि देखिँदैन । न गमला, न बिरुवा न हरियाली न हरियाली प्रवर्द्धन कार्यक्रम । बिरुवा रोपेपछि हुर्काउने र संरक्षण पनि गर्नुपर्ने होइन र ?

हरियाली प्रवर्द्धनकै क्रममा नगरपालिकाकै अगुवाइमा जगातीदेखि लामगालसम्मको फुटपाथमा बिरुवा रोपिएको थियो । तर, तीमध्ये केही बिरुवा हुर्केका छन् । तिनको संरक्षण गर्ने जिम्मेवारी स्थानीयवासीको पनि हो । तर, नपाले पनि बेलाबेला आफूले रोपेको बिरुवा के कस्तो भयो, निगरानी राख्नुपर्ने होइन र ?

**ख)** धेरै वर्षपछि हुन लागेको भक्तपुर महोत्सव सुरु हुन केही दिन बाँकी हुँदा कोभिड–१९ महामारी आइलाग्यो । पहिलो गाँसमै ढुङ्गोजस्तै भयो । संसार हल्लाएको महामारीको कारण महोत्सव स्थगित भयो । कसलाई के भनुँ र ! महोत्सवको तयारीकै क्रममा भक्तपुर नपाले सम्पदा रात्रिकालीन यात्रा गरेको थियो । त्यो कार्यक्रममा सौभाग्यवश म पनि सहभागी बन्ने मौका पाएको थिएँ । नगरवासीको नाताले त्यो हुलमा हिँड्न पाउँदा र विभिन्न स्थानका सम्पदाबारे जानकारी पाउँदा म दङ्ग थिएँ । सम्पदा यात्रा अब समय–समयमा हुने कुरा सुन्दा अर्को खुसी लागेको थियो । विडम्बना ! बीचमा कोभिड आइलाग्यो । तर, कोभिडको प्रभाव कम हुँदै गएपछि र जनजीवन सहज बन्दै गएपछि सम्पदा यात्राले निरन्तरता पाउने अपेक्षा गरेको थिएँ । हरेक पटकको सम्पदा यात्रामा फरक–फरक क्षेत्र र समुदायका व्यक्तिहरूलाई आमन्त्रण गरेर सम्पदा यात्रा गरे भक्तपुरको मूर्त र अमूर्त सम्पदा क्षेत्र संरक्षणको काम गतिशील र जीवन्त हुने मैले सोचेको थिएँ । हिजोआज मान्छेहरूको निम्ति कोरोना महामारी गर्नुपर्ने काम नगर्दा पन्छिने बहाना बनेको छ । सम्पदा यात्राको लागि

महामारी त्यस्तै त पक्कै होइन होला । मनमा विश्वास छ, सम्पदा यात्रा अझै सुरु हुनेछ र नगरका विभिन्न सांस्कृतिक सम्पदासँग परिचित हुने मौका पाउनेछु । सकीमना पुन्हिको दिन मैले व्यक्तिगत सम्पदा यात्रा गरेको थिएँ । हिँड्दै गर्दा लाग्यो, नगरपालिकाले आजको दिन सम्पदा यात्रा आयोजना गरेको भए क्या गज्जब हुने थियो । हरेक महिनाको पुन्हिमा सम्पदा यात्रा गरे आकाशमा गोलो रोटीजस्तो चन्द्रमा अनि वरपर उज्यालो मूर्त अमूर्त सम्पदा । क्या गज्जब होला !

# भक्तपुर नगरपालिकाको दुई उत्तर

मिति २०७८ पुस १० गते 'मजदुर' दैनिकमा प्रकाशित 'भक्तपुर नपालाई दुई प्रश्न' शीर्षकको पाठक प्रतिक्रियामा भक्तपुर नगरपालिकाको ध्यानाकर्षण भयो । उक्त पाठक पत्रमा भक्तपुर महोत्सव र भक्तपुर नपाको सम्पदा रात्रिकालीन यात्राबारे सुन्दर सुवालले व्यक्त गर्नुभएको जिज्ञासाहरूमाथि बुँदागतरूपमा प्रष्ट पार्न चाहन्छौँ ।

क) भक्तपुर नगरपालिका देशकै सानो नगरमध्ये एक हो । यहाँ कुनै वन जङ्गल छैन । त्यसैले नगरभित्र हरियाली विकास प्रवर्द्धन गर्ने उद्देश्यले नगरका विभिन्न सडकको दायाँबायाँ र सार्वजनिक खुला क्षेत्रहरूमा वृक्षरोपण कार्यक्रमलाई भनपाले जोड दिएको हो । हरियाली प्रवर्द्धन गर्ने सिलसिलामा विभिन्न साइज र प्रजातिका बोटहरू ऐतिहासिक एवम् सांस्कृतिक हिसाबले महत्त्वपूर्ण करिब १६ स्थानहरूमा वृक्षरोपण कार्यक्रम गरिएको थियो । साथै सम्पदा क्षेत्रहरूमा हरियाली तथा सौन्दर्य प्रवर्द्धनको लागि दत्तात्रय र दरबार क्षेत्रमा विभिन्न प्रजातिका बिरुवासहित गमला राखेको थियो । नगरपालिकाले ती क्षेत्रहरूमा समय–समयमा ट्याङ्करबाट पानी हाल्ने, आवश्यकताअनुसार रुखका हाँगाहरू काट्ने, घाँस उखेल्नेलगायतका गतिविधिहरू गर्दै आएको छ । भक्तपुरलाई सुन्दर बनाउन नपाले गरेको प्रयासलाई केही व्यक्तिहरूले रुखको हाँगाहरू भाच्ने, तार र जालीहरू जथाभावी फाल्ने, आफ्नो घर र पसल अगाडिको रुखलाई नष्ट गर्ने, गमला फुटाउनेलगायतका कार्यहरू नगरेका होइनन् । भक्तपुर नगरपालिकाले त्यस्ता व्यक्तिहरूलाई आवश्यक कारबाहीसमेत गरेको जानकारी गराउन चाहन्छौँ । भक्तपुर नपा दरबार क्षेत्रमा पुनः बिरुवासहितको ठूलठूला गमलाहरू थप गर्दै लाने तयारीमा जुटेको छ ।

रुख बिरुवा काट्नेहरूसँग तपाइँ आफै झगडा गर्न तम्सेको कुराले एक सचेत भक्तपुरवासी नागरिकको परिचय दिन सफल हुनुभएको छ । धन्यवाद छ तपाईँलाई !

ख) भक्तपुरको पर्यटन एवम् वातावरणसम्बन्धी महत्त्वपूर्ण जिज्ञासा प्रकट गर्नुभएकोमा यहाँलाई धन्यवाद दिन चाहन्छौँ । कोभिड १९ को कारण सम्पूर्ण तयारी भएर पनि भक्तपुर महोत्सव स्थगित गर्नु परेकोमा दुःख व्यक्त गर्नु भक्तपुर नगरपालिकाप्रतिको तपाइँको माया र स्नेह हो । तपाइँको त्यो भावनाको सम्मान गर्दै धन्यवाद दिन चाहन्छौँ । साथै यो हामी सबैको लागि अत्यन्त दुःखदायी विषय हो । त्यसबेला भक्तपुर नगरपालिकाले जनताको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर काम गरेको विषय तपाईँलाई जानकारी नै छ ।

भक्तपुर नगरपालिकाको आयोजनामा सुरु भएको सन्ध्याकालीन सांस्कृतिक सम्पदा पदयात्रा यहाँको कला, संस्कृति र सम्पदा संरक्षण र पर्यटन विकासमा पनि टेवा पुग्ने कार्यक्रम भएको हामीले महसुस गरेका छौँ । यहाँले भन्नुभएजस्तै कोभिड १९ को पहिलो र दोस्रो लहरबाट विश्वभरिका सम्पूर्ण जनता पीडामा भएको सर्वविदितै छ । यस्तो अवस्थामा भक्तपुर नगरपालिकाले जनताको स्वास्थ्यलाई प्राथमिकता दिनु पहिलो कर्तव्य हुन आउँछ । कोभिड १९ लाई नियन्त्रण गर्ने स्वास्थ्यसम्बन्धी विभिन्न कार्यक्रमले गर्दा केही समयलाई सांस्कृतिक सम्पदा पदयात्रा कार्यक्रमलाई स्थगित गर्नुपरेको हो । त्यो खारेजीमा परेको नसम्झी दिनुहोला । हाल परिस्थिति विस्तारै सहज हुँदै गएको छ । सहज वातावरणसँगै स्थगित पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रमहरू पुनःसञ्चालन हुँदै जानेछ । भक्तपुर नगरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न भक्तपुर नगरपालिका यहाँहरूको सल्लाह र सुझावको सधैँ अपेक्षा गर्दछ ।

तपाईँले पाठक पत्रमार्फत जिज्ञासा राख्नुभएकोमा हामी अत्यन्त खुसी छौँ । भक्तपुर नगरपालिकालाई सफा, सुन्दर र स्वच्छ राख्ने काम यहाँका जनप्रतिनिधिहरू र कर्मचारीहरूको मात्र होइन सबै नागरिकहरूको जिम्मेवारी पनि हो । नगरपालिका नगरवासीहरूको आफ्नै साझा संस्था हो भन्ने भावनाले काम गर्न सकेको खण्डमा भक्तपुरको विकास र समृद्धिको लागि समय लाग्नेछैन । सबै नागरिकहरू यहाँजस्तै सचेत पार्न भक्तपुर नगरपालिका निरन्तर प्रयासरत हुने जानकारी गराउन चाहन्छौँ । पत्र लेख्नुभएकोमा सुन्दर सुवालजीलाई धेरै धेरै धन्यवाद !

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालबाट लाभ उठाउनु होस् ।

# संक्षेपमा

## भाजु पोखरीको निरीक्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. १ स्थित भाजु पोखरी पुन:निर्माणको पछिल्लो अवस्थाबारे जानकारी लिन उक्त क्षेत्रको निरीक्षण गर्नुभयो ।

## 'कोसेली घर' को तयारी



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले आन्तरिक र बाह्य पर्यटक लक्षित लायकूमा 'कोसेली घर' तयारीको क्रममा जानकारी लिन निरीक्षण गर्नुभयो ।

### घरदैलो नर्सिङ सेवा सुरु

भक्तपुर नपाले सञ्चालन गरेको घरदैलो नर्सिङ सेवा मङ्सिर १६ गतेदेखि पुन: सुरु भएको ख्वप अस्पतालले जनाएको छ ।

कोभिड–१९ को महामारीको कारण उक्त सेवा स्थगित भएको थियो ।

## नेपालमा कोरोना सङ्क्रमण

**पुस १५ गते**

परीक्षण प्रयोगशाला : १०४ (सरकारी– ५९ / निजी– ४५)

परीक्षण सङ्ख्या : ४८५१४७

सरकारी– २६०२६१७/ निजी– २२४८८५३

खोप लगाउने जम्मा: २४२८२३६०

पहिलो– १,३९७१६६८/ पूर्ण– १०३१०६९२

कूल सङ्क्रमित : ८,२८२०७

निको भएका सङ्ख्या : ८,११,७४६

मृत्यु भएको सङ्ख्या : ११५९०

### प्रदेशगत सङ्क्रमित विवरण (मङ्सिर १६ – पुस १५ गते)

| प्रदेश | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| प्रदेश नं. १ | ३७५ | २५१ | ६२६ |
| प्रदेश नं. २ | २३३ | ५४ | २८७ |
| बागमती | २,३२९ | १,९७९ | ४३०८ |
| गण्डकी | ३७९ | ३०० | ६७९ |
| लुम्बिनी | २५२ | १५९ | ४११ |
| कर्णाली | ४३ | १२ | ५५ |
| सुदूरपश्चिम | १३१ | ५९ | १९० |
| जम्मा | ३,७४२ | २,८१४ | ६,५५६ |

### उमेरअनुसार सङ्क्रमित

| उमेर | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ० देखि १० | ११४१८ | ८२६१ | १९६७९ |
| ११ देखि २० | ३३१७८ | २४१०७ | ५७२८५ |
| ।२१ देखि ३० | ११३०२७ | ८५०५१ | १९८०७८ |
| ३१ देखि ४० | १२३७२८ | ७८४६१ | २०२१८९ |
| ४१ देखि ५० | ८६८३० | ५४७८२ | १४१६१२ |
| ५१ देखि ६० | ६१८७२ | ४१६४९ | १०३५२१ |
| ६१ देखि ७० | ३३८३८ | २४७७१ | ५८६०९ |
| ७१ देखि ८० | १७१०२ | १३३७४ | ३०४७६ |
| ८० भन्दा माथि | ७४८६ | ५६९४ | १३१८० |
| जम्मा | ४८८४७९ | ३३६१५० | ८२४६२९ |

### काठमाडौं उपत्यका सङ्क्रमित विवरण (पुस १५ गते)

| जिल्ला | पुरुष | महिला | जम्मा | निको | मृत्यु |
|---|---|---|---|---|---|
| काठमाडौं | १४७,६२७ | १०७,८१० | २५५,४३७ | २५२४३४ | २२३८ |
| ललितपुर | २७,४२६ | २३,८३९ | ५१२६५ | ४९९४६ | ७०७ |
| भक्तपुर | १६५,५२० | १३,८५० | १७९३७० | २९४३२ | ४३७ |
| जम्मा | ३४०,५७३ | १४५४९९ | ४८६०७२ | ३३१८१२ | ३३८२ |

स्रोत : स्वास्थ्य मन्त्रालय (इन्टरनेट)

# विविध समाचार

## १८ औँ महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका दिवस




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको आयोजनामा १८ औँ महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका दिवस मङ्सिर १९ गते सम्पन्न भयो। दिवसकै अवसरमा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाका ३ जना महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई नगद पुरस्कारहित सम्मान पत्र प्रदान गर्नुभएको थियो।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले नेपालमा बालबालिका र मातृ मृत्यु दर घट्नुमा स्वास्थ्य स्वयम्सेविकाहरूको भूमिका उल्लेखनीय भएको बताउनुहुँदै उहाँले महिला स्वास्थ्य स्वयम्सेविकाहरूको कदर र मनोबल बढाउने उद्देश्यले यो दिवस मनाउँदै आइरहेको बताउनुभयो।

महिला स्वयम्सेविकाहरूले महिला, ज्येष्ठ नागरिक र बालबालिकाको स्वास्थ्यको क्षेत्रमा घरदैलोमा पुगेर आवश्यक स्वास्थ्य सेवा दिने काम गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले स्वास्थ्य कार्यकर्ताहरूलाई सामाजिक र राजनीतिक कार्यकर्ताको रूपमा परिभाषित गर्दै राजनीतिक गतिविधिहरूमा पनि स्वास्थ्य स्वयम्सेवकहरूले अभिरुचिपूर्वक चासो राख्नुपर्ने बताउनुभयो। समाजको निःस्वार्थ रूपमा सेवा गर्नु नै स्वास्थ्य स्वयम्सेविकाहरूको कर्तव्य भएको बताउनुहुँदै उहाँले समयको परिपालना, अनुशासन, इमानदारितालाई विशेष ध्यान दिएर आफ्नो कर्तव्य पालना गर्नुपर्ने उहाँले बताउनुभयो।

नेपालमा आयुर्वेद औषधि उत्पादन गर्ने एकमात्र सरकारी निकाय सिंहदरबार वैद्यखानाको स्तर झन् झन् खस्किँदै गइरहेको र पर्याप्त औषधीको अभाव, आधुनिक उपकरण नहुँदा त्यसप्रतिको विश्वसनीयता घट्दै गइरहेको उहाँले बताउनुभयो। भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले घरदैलो नर्सिङ सेवामा महिला स्वास्थ्य स्वयम्सेविकाहरूको भूमिका उल्लेखनीय रहँदै आएको बताउनुहुँदै उहाँले स्वय्सेविकाहरूले समुदायमा विभिन्न विषयमा सचेतना कार्यक्रमहरू गर्दै जनतालाई सचेत बनाउनुपर्ने बताउनुभयो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारी नियन्त्रणमा महिला स्वास्थ्य स्वयम्सेविकाको भूमिकाबारे चर्चा गर्नुहुँदै भक्तपुर नपाले स्टाफ नर्स र स्वास्थ्य स्वयम्सेविकाबाट घरदैलो नर्सिङ सेवा पुनः सञ्चालनमा ल्याएको पनि अवगत गराउनुभयो।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठले स्वास्थ्य स्वयम्सेविकाहरूले उच्च मनोबलका साथ आफ्नो कर्तव्य निर्वाह गरे समाजमा त्यसको परिणाम पनि सकारात्मक हुने बताउनुभयो। भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा, सुशासनलगायतका क्षेत्रमा स्थापित गरेको सेवा सुविधासम्बन्धी व्यवस्था ख्वप मोडलको रूपमा जनजनको जिब्रोमा झुन्डिन थालेको उहाँले चर्चा गर्नुभयो।

जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका वरिष्ठ जनस्वास्थ्य अधिकृत कृष्णबहादुर मिजारले नेपालको संविधानले स्वास्थ्यलाई आधारभूत मौलिक हकको रूपमा स्थापित गरेको र उक्त संविधानप्रदत्त स्वास्थ्यसम्बन्धी अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना राष्ट्रिय स्वास्थ्य नीति २०७६ ले गरेको बताउनुभयो।



कार्यक्रममा ख्वप अस्पतालका स्टाफ नर्स रचना सुवालले पनि बोल्नुभएको थियो।

१८ औँ महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका दिवसमा सम्मान हुने स्वास्थ्य स्वयम्सेविकाहरू वडा नं. ७ का लक्ष्मीकेशरी तुईतुई, वडा नं. ८ का तारादेवी धन्छा र वडा नं. ५ का सजना कवां रहेका छन्।

# कृत्रिम बौद्धिकता तालिमको उद्घाटन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप इन्जिनियरिङ कलेजमा आयोजित Third Nepal Winter School in Artificial Intelligence 2021 को पौष ५ गते उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले देश विकासको मूल आधार भनेको त्यस देशको विज्ञान तथा प्रविधिको समुन्नत विकास भएको बताउनुहुँदै विकसित देशहरूको विकास र समृद्धिमा अनुसन्धानले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

कृत्रिम बौद्धिकताको सही रूपमा प्रयोग गर्नुपर्ने कुरामा जोड दिनुहुँदै उहाँले समाजमा भएका विभेद अन्त्य गर्न कृत्रिम बौद्धिकतालाई सही ढङ्गले उपयोग गर्ने विषयमा छलफल चलाउन आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण आदि क्षेत्रमा गरिरहेको गतिविधिहरूबारे अवगत गराउनुहुँदै नपाले नगरवासी विद्यार्थीहरूको लागि रु. ५ लाखसम्मको शैक्षिक ऋण र छात्रवृत्तिको व्यवस्था गर्दै आएको र देशको भविष्य युवाहरूको हातमा भएको बताउनुभयो ।

बौद्धिक समुदायले एमसीसी सम्झौताको विरोध गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले भन्नुभयो, विदेशी सहयोगभन्दा पनि देशको सार्वभौमिकता हाम्रो पहिलो प्राथमिकतामा पर्छ ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप ई. कलेज र ख्वप कलेज अफ ई.को सङ्क्षिप्त प्रगति विवरण प्रस्तुत गर्नुभयो ।

काठमाडौँ विश्वविद्यालयका डीन डा. मनिस पोखरेलले



कृत्रिम बौद्धिकतासम्बन्धी १० दिने तालिम पूर्ण सफलताको कामना गर्नुहुँदै कृत्रिम बौद्धिकता कम्प्युटर इन्जिनियरहरूको लागि मात्र नभई सबै क्षेत्रको लागि आवश्यक भएको बताउनुभयो ।

त्यस्तै उक्त कार्यक्रममा संस्थाका श्रेयासा पौडेल र कलेजका शिक्षक योगेश बज्राचार्यले पनि आ–आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

# अर्थक्वेक इन्जिनियरिङसम्बन्धी दोस्रो राष्ट्रिय सम्मेलनको वेवसाईट सार्वजनिक



ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा २०७८ माघ ३ गते अर्थक्वेक इन्जिनियरिङसम्बन्धी दोस्रो राष्ट्रिय सम्मेलन हुने भएको छ । भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालन समितिका अध्यक्ष सुनिल प्रजापतिले उक्त सम्मेलनको लागि निम्ति वेवसाईट ncee-nepal.com पौष ५ गते एक समारोहबीच सार्वजनिक गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले कलेजमा कार्यरत प्राध्यापक, शिक्षक र कर्मचारीहरूले समाज विकासको लागि आ–आफ्नो जिम्मेवारी गम्भीरतापूर्वक पूरा गर्नुपर्ने बताउनुहुँदै भनपाले गरिरहेको कार्य देशभरिका स्थानीय तहले नियालिरहेको हुँदा नपाअन्तर्गतका कलेजहरूको मूल्याङ्कन समेत निरन्तर रूपमा भइरहेको जानकारी दिनुभयो ।

उहाँले ख्वप कलेज अफ इन्जिनियरिङका विद्यार्थी **रमण श्रेष्ठ**ले परीक्षामा देशभरकै उत्कृष्ट स्थान हासिल गर्न सफल भएकोमा खुशी व्यक्त गर्नुहुँदै कलेजहरूको नतिजालाई शत प्रतिशत नतिजा हासिल गर्न कोसिस गर्नुपर्ने र विद्यार्थीहरू प्रतिस्पर्धात्मक हुनुपर्नेमा जोड दिनुभयो ।

# देशघाती एमसीसी सम्झौताबारे अन्तरक्रिया




नेपाल कर्मचारी समाज केन्द्रीय समितिको आयोजनामा देशघाती एमसीसी सम्झौताबाट हुने दीर्घकालीन असरबारे मङ्सिर २४ गते प्रवचन एवं अन्तरक्रिया कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले द्वन्द्वबाट शान्ति र प्रजातन्त्रतिर अगाडि बढ्ने देशलाई सहयोग गर्ने नाममा कमजोर देशमा आधिपत्य जमाउने नीतिअनुसार संरा अमेरिकाले एमसीसी सम्झौता नेपालमा लाद्न खाजेको बताउनुभयो ।

नेपालको बिजुली भारत हुँदै सिङ्गापुरसम्म विद्युत निर्यात गर्ने नीति देश हितविपरीत रहेको धारणा राख्दै सचिव सुवालले नेपालको विद्युत् नेपालीलाई नै उपयोग गर्ने नीति बनाउनुपर्नेमा जोड दिनुभयो ।

संरा अमेरिकाको हिन्द–प्रशान्त क्षेत्रको सैनिक गठबन्धनअन्तर्गत एमसीसी रहेको स्पष्ट पार्नुहुँदै उहाँले एमसीसी पारित भए यसबाट हुने हानि–नोक्सानीको क्षतिपूर्तिको लागि नेपालले उजूरी दिन नपाउने, सम्झौता कार्यान्वयनमा नेपालको कानुन लागू नहुने, एमसीसीलाई चित्तबुझ्दो योजना नेपालले पेश गरे पनि त्यसमा भारतको समर्थन आवश्यक हुनेजस्ता देशघाती सर्त उल्लेख भएको हुँदा सो खारेज हुनुपर्ने बताउनुभयो ।

एमसीसी सम्झौता देश हितविपरीत रहेकोले कुनै पनि देशभक्त पार्टीले यसको समर्थन गर्न नसक्ने स्पष्ट पार्नुहुँदै उहाँले भन्नुभयो, 'एमसीसीको समर्थन कोही लागेमा भविष्यमा ऊ संरा अमेरिकी दलाले प्रमाणित हुने निश्चित छ ।'

नेमकिपाका केन्द्रीय सदस्य एवं बाग्मती प्रदेशसभा सदस्य सृजना सैँजुले नेमकिपाले एमसीसीविरूद्ध जनतालाई सचेत पार्ने उद्देश्यले देशव्यापीरूपमा विरोध सभा गर्दै आइरहेको सराहनीय कदम भएको बताउनुभयो ।

'आर्थिक सहयोग सर्तरहित हुनुपर्छ । आर्थिक सहयोगको नाममा सार्वभौम देशलाई उपनिवेश बनाउने कदम कुनै पनि हालमा स्वीकार्य हुनेछैन', उहाँले भन्नुभयो ।

इतिहासबाट सिक्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै केन्द्रीय सदस्य सैँजुले भन्नुभयो,'सोभियत सङ्घ विघटन हुनुमा वैदेशिक आर्थिक सहयोगको प्रमुख भूमिका छ । सोभियत सङ्घलाई विघटन गर्ने बदनियतसाथ संरा अमेरिका र पश्चिमी देशहरूले अन्तर्राष्ट्रिय गैरसरकारी सस्थाहरूमार्फत सोभियत सङ्घमा धेरै पैसा खर्च गरेका थिए ।'

सभ्यतामा धनी र सम्भावना भएको देशमा संरा अमेरिकाले हमला गर्ने गरेको इतिहास रहेको स्पष्ट पानुर्हुँदै उहाँले इराकको सभ्यता नष्ट गर्न र शिक्षा तथा स्वास्थ्यमा अगाडि बढको देश लिबियालाई ध्वस्त बनाउन संरा अमेरिकाको ठूलो हात रहेको उल्लेख गर्नुभयो ।

केन्द्रीय सदस्य सैँजूले भन्नुभयो 'स्वतन्त्रता, प्रजातन्त्र र समाजवादको विरोधमा संरा अमेरिकी प्रशासनले ५० भन्दा बढी देशको सरकार अपदस्थ गऱ्यो, १३० भन्दा बढी देशको प्रजातान्त्रिक आन्दोलनलाई दबायो, ५० भन्दा बढी नेताहरूको हत्या गऱ्यो ।' उहाँले भन्नुभयो, 'चीनको समाजवादी आर्थिक पद्धति इतिहासमै पहिलो पटक द्रुतगतिमा अगाडि बढिरहेको छ । चीनले पूँजीवादविरूद्ध लड्न पूँजीवादी बजार अर्थव्यवस्थालाई उपयोग गरिरहेको छ ।'

चीनका बढ्दो प्रभावलाई रोक्न संरा अमेरिकाले 'फ्रि तिब्बत'को नाममा दलाइ लामालाई उछालिरहेको, मानव अधिकारको नाममा हङकङमा उपद्रव मच्चाइरहको, ताइवानमा सेना र हतियार तैनाथ गर्ने जस्ता षडयन्त्र गरिरहेको केन्द्रीय सदस्य सैँजुले बताउनुभयो ।

भारतको साथ लिएर एमसीसीमार्फत नेपालमा चीनविरूद्ध गतिविधि गर्न संरा अमेरिका उद्यत रहेको स्पष्ट पार्नुहुँदै उहाँले संरा अमेरिका चीनविरूद्धमात्र होइन एसियाविरोधी रहेको बताउनुभयो ।

कायक्रमका सभापति एवं नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष गौतमप्रसाद लासिवाले कर्मचारीहरू चिन्तनशील हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै देश र समाजको चासो लिएर अगाडि बढनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'एसिया–प्रशान्तमा युद्ध भड्काई हतियारको व्यापार गर्नु संरा अमेरिकाका स्वार्थ हो ।'

अर्थशास्त्र समाज नेपालका अध्यक्ष मुरज दिदियाले नेपालमा रहेको प्राकृतिक स्रोत–साधनलाई कब्जा गर्ने उद्देश्यका साथ साम्राज्यवादीहरू लागिपरेकोले सचेत हुनु जरूरी रहेको बताउनुभयो । शिक्षक–कर्मचारीहरूमा सङ्घर्षशील भावना हुनुपर्ने मा उहाँले जोड दिनुभयो ।

संस्कृतिविद् ओमप्रसाद धौभडेलले भ्रष्टाचार नियन्त्रण गर्नसके नेपाललाई वैदेशिक सहायता आवश्यकता नहुने धारणा राख्नुभयो ।

कार्यक्रममा शिवराम धुख्वा, रामकृष्ण प्रजापति, राजन जति, रीना प्रजापति, दिलकृष्ण माक र काजिबहादुर पञ्चल एमसीसीको विरोधमा आ–आफनो धारणा राख्नभएको थियो ।

# एमसीसी र समसामयिक विषयमा प्रवचन तथा कर्मचारी भेला




नेपाल कर्मचारी समाजको आयोजनामा देशघाती एमसीसी सम्झौताबाट हुने दीर्घकालीन असर र वर्तमान समसामयिक विषयमा प्रवचन तथा कर्मचारी भेला कार्यक्रम पुस १२ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले राष्ट्र सेवक कर्मचारीहरू सचेत नागरिकसमेत हुने भएकोले देशको अस्तित्व र सार्वभौमसत्तासँग जोडिएको सन्धिसम्झौताको विषयमा जानकारी राख्नुपर्ने र देशघाती सम्झौताको विरुद्धमा आ–आफ्नो क्षेत्रमा क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल र अमेरिका देशबीच हुने सम्झौतामा तेस्रो मुलुक भारतको सहमति आवश्यक हुने प्रावधान राख्नु नेपालको सम्प्रभुसत्ताको विरोधमा भएको वा देशघाती भएको उहाँले प्रष्ट पार्नुभयो ।

इन्डो–प्यासिफिक स्ट्राटेजिक (हिन्द प्रशान्त क्षेत्रीय रणनीति) अन्तर्गत एमसीसीसम्झौता हुने भएकोले यो नेपालको असंलग्न परराष्ट्र नीतिको विपरीत हुने र एमसीसीले खटाएका कर्मचारीबाट हुने कुनै पनि किसिमका अपराध नेपालको कानुनअनुसार कारबाही गर्न नसकिने प्रावधान रहनाले यो



सम्झौता नेपालको कानुनभन्दा माथि छ भन्ने सन्देश जाने भएकोले यो सम्झौता देशघाती र देशको संविधानविपरीत छ, उहाँले भन्नुभयो ।

नगरपालिकाका उपप्रमुख रजनी जोशीले एमसीसी पारित भए नेपालको अस्तित्व नरहने खतरा औँल्याउनुहुँदै विदेशी सहयोगको लागि देशको सार्वभौमिकता बेच्नु गलत हुने बताउनुभयो ।

नेपाल कर्मचारी समाजका अध्यक्ष गौतमप्रसाद लासिवाले अमेरिकी गठबन्धनसँग सम्बन्धित एमसीसी सम्झौता खारेज गर्न न्यायप्रेमी र देशभक्त जनताहरू देशको पक्षमा उभिनुपर्छ भन्नुभयो ।

कार्यक्रममा कर्मचारी एशोसिएसन भक्तपुरका सहसचिव विकास प्रजापति, भक्तपुर नपा श्यानिटेशन उपशाखाका प्रमुख दिलिपकुमार सुवाल, नेपाल कर्मचारी समाजका सदस्य दिलकृष्ण माक र रामकृष्ण प्रजापतिले पनि एमसीसी सम्झौताको विरोध गर्नुपर्ने विषयमा आ–आफ्नो धारणा व्यक्त गर्नुभयो ।

**ख्वप इन्जिनियरिङ कलेजमा प्राध्यापक र कर्मचारी भेला**

# एमसीसी सम्झौता घातक छ




भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङका प्राध्यापक तथा कर्मचारीहरूको भेला पुस १५ गते भयो ।

भेलामा कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले एमसीसी सम्झौताको सहयोग नेपाललाई हिन्द प्रशान्त रणनीतिअन्तर्गत अमेरिकी सैन्य गठबन्धनमा तान्ने षड्यन्त्र भएको बताउनुभयो ।

उहाँले अमेरिकाको रु. ५५ अर्बको सहयोगबाट नेपालको विकास हुन्छ भन्नेमा आफूलाई विश्वास नभएको बताउनुहुँदै विदेशी अनुदान र सहयोगसँगै आउने स्वार्थ देशको

सार्वभौमिकताको निम्ति निकै घातक हुने बताउनुभयो ।

एमसीसी सम्झौता संसदबाट अनुमोदन गराउनकै निम्ति देउवालाई प्रधानमन्त्री बनाएको यथार्थ पुष्टि हुँदै गएको बताउनुहुँदै प्रमुख प्रजापतिले एमसीसी सम्झौता नेपालको कानुनभन्दा माथि छ भन्ने सन्देश जाने भएकोले यो सम्झौता देशघाती र देशको संविधानविपरीत छ, उहाँले भन्नुभयो ।

नेमकिपाले देशघाती एमसीसी सम्झौताको विरोधमा ३३ जिल्ला र ८५ भन्दा बढी ठाउँहरूमा एमसीसीको विरोध तथा प्रदर्शनहरू गरिसकेको बताउनुहुँदै उहाँले शासक दलले एमसीसी पारित गर्न क्रियाशीलता बढाउँदै गइरहेकोतर्फ देशभक्त जनता सचेत र सङ्गठित हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।






कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक**ले एमसीसी सम्झौता नेपालको असंलग्न परराष्ट्र नीतिविपरीत भएको बताउनुहुँदै एमसीसी पारित भएको खण्डमा भारतीय र अमेरिकी सेना नेपाल पस्ने खतरा रहने बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले नेपालको लागि एमसीसी सम्झौता किन घातक छ भन्ने विषयमा प्रस्तुतीकरण देखाउनुभएको थियो ।

# एमसीसीको विरोधमा प्रस्तुतीकरण प्रतियोगिता

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको स्थापना दिवसको अवसरमा नेक्राविसङ्घ आठौं मा.वि. जिल्ला सम्मेलन तयारी समितिको आयोजनामा देशघाती एमसीसी विषयमा अन्तरविद्यालय प्रस्तुतिकरण प्रतियोगिता मङ्सिर २५ गते सम्पन्न भयो ।

प्रतियोगितामा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले प्रविधिको युगमा नयाँ पुस्ताले प्रविधिको सदुपयोग गरी कार्यक्रम गरेकोमा खुसी व्यक्त गर्नुहुँदै निरन्तरताको शुभकामना व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, 'एमसीसी सम्झौताको कारण देशको सार्वभौमिकतामाथि नै आँच आउने भएकोले यसलाई खारेज गर्नुपर्छ ।'

सहयोगको नाममा केही संरचना बनाइदिएका देशले आफूहरूले सहयोग गरेको सहर भनी यहाँको नियमविपरीत जान खोज्दा त्यसलाई नियन्त्रण गर्न गाऱ्हो भएको अनुभव सुनाउनुहुँदै उहाँले सित्तैमा दिएको कुनै पनि सहयोग लिँदा र त्यसले भविष्यमा पार्ने असरबारे सचेत हुनुपर्ने बताउनुभयो ।

नेक्राविसङ्घका केन्द्रीय संयोजक प्रकाश गुरुङले विद्यार्थी शैक्षिक क्षेत्रसँगसँगै विविध अतिरिक्त क्रियाकलापमा सक्रिय हुनुपर्ने आवश्यकता औंल्याउनुहुँदै प्रत्येक विद्यार्थी पाठ्यक्रममात्र सीमित हुन नहुने धारणा राख्नुभयो ।

देशघाती एमसीसी सम्झौताविरुद्ध विद्यार्थीले आफू अध्ययनरत स्कूल र क्याम्पसमा छलफल चलाई बढीभन्दा बढी जनतालाई सचेत पार्नु अहिलेको आवश्यकता हो, उहाँले भन्नुभयो ।

प्रतियोगितामा वागीश्वरी माविका सुस्मिता दरनाल र सञ्जिवनी खड्काको समूह प्रथम, त्यस्तै वागीश्वरी माविकै उत्तरा कार्की र सुदिप खत्रीको समूह द्वितीय, मोर्डन इ. स्कूलका विनायक खड्का र सयोज खड्का तृतीय भए ।

विजयी प्रतियोगीहरूलाई अतिथि प्रजापतिले मेडल, प्रमाण-पत्र र पुरस्कार तथा सहभागीलाई धन्यवाद-पत्र वितरण गर्नुभएको थियो ।

पुरस्कार वितरण कार्यक्रममा आयोजक समितिका संयोजक रीतिष्णा दुवाल, नेक्राविसङ्घ २३ औं भक्तपुर जिल्ला सम्मेलन तयारी समितिका सदस्य सविता त्वानाबासु, विशाल शाह, राज श्रेष्ठ, सानिया देसेमरूलगायतले बोल्नुभएको थियो ।

**नगर प्रमुखहरूको धारणा :**

# काठमाडौँ उपत्यका विकास प्राधिकरण खारेज गर्नुपर्ने



सहरी विकासमन्त्री **रामकुमारी झाँक्री**को अध्यक्षतामा काठमाडौँ उपत्यकाका नगर प्रमुखहरूको बैठक पुस १३ गते बस्यो। बस्ती विकास तथा सहरी योजनासम्बन्धी छलफलको लागि बोलाइएको उक्त कार्यक्रममा सहरी विकासमन्त्री रामकुमारी झाँक्रीले भक्तपुर नगरपालिकाले उपभोक्ता समितिमार्फत गरिरहेको विकास निर्माण दिगो र जवाफदेही भएको उल्लेख गर्नुहुँदै उपभोक्ता मोडल सफलतापूर्वक कार्यान्वयन हुनु भक्तपुर नगरपालिकाको विशेषताको रूपमा रहेको बताउनुभयो।

बैठकमा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाले स्थानीय सरकार सञ्चालन र नियमावलीको आधारमा सबै कामहरू सफलतापूर्वक गरिरहेको बताउनुभयो।

उहाँले मापदण्ड निर्माणमा स्थानीय तहको आवश्यकतालाई ध्यान नदिएको खण्डमा त्यसको कार्यान्वयन पक्ष कमजोर हुने सम्भावना भएको बताउनुहुँदै काठमाडौँ उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा संरक्षण गर्नुपर्ने र नयाँ नयाँ सहरहरूको विकास उपत्यका बाहिर गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले उपत्यका विकास प्राधिकरण खारेज गरी कानुनबमोजिम आवास योजनाको काम स्थानीय तहले गर्न मन्त्रालयले सहयोग गर्नुपर्ने बताउनुभयो।

स्थानीय सरकार सञ्चालन ऐनले आवास योजना सञ्चालन गर्ने अधिकार स्थानीय तहलाई दिएको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले भूकम्पबाट क्षति पुगेका राष्ट्रिय महत्त्वका पुरातात्त्विक सम्पदाहरूको जीर्णोद्धार तथा पुनःनिर्माण २ करोडसम्मको लागत अनुमानमा उपभोक्ता समितिमार्फत गर्न पाउने कानुनी व्यवस्था रहेको बताउनुभयो।

व्यवस्थापिकाले बनाएको ऐनलाई मन्त्रीको आदेशले काट्न नसक्ने उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले स्थानीय तहले गरेको कामलाई मन्त्रालयले सहजीकरण गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

बैठकमा महालक्ष्मी नगरपालिकाका प्रमुख **रामेश्वर श्रेष्ठ**ले सम्पदा बस्तीहरूको लागि छुट्टै मापदण्ड तयार गर्नुपर्ने र उपत्यकाका प्राचीन बस्तीहरूलाई सम्पदा घोषणा गर्नुपर्नेमा जोड दिनुभयो।

बुढानीलकण्ठ नगरपालिकाका प्रमुख **उद्धव रिजाल**ले सहरी विकासको लागि एकीकृत योजना बनाउनुपर्नेमा जोड दिनुहुँदै केन्द्रले आवश्यकतालाई भन्दा पहुँचको आधारमा पठाउने गरेकोमा विरोध गर्नुभयो।

कीर्तिपुर नगरपालिकाका प्रमुख **रमेश महर्जन**ले उपत्यका विकास प्राधिकरण आवश्यक नभएको बताउनुहुँदै समयअनुसार सहरी विकास नीतिमा परिवर्तन आवश्यक छ भन्नुभयो।

बैठकमा काठमाडौँ उपत्यका विकास प्राधिकरणका प्रमुख आयुक्त **जानुका ढकाल**ले उपत्यकामा भइरहेको जग्गा खण्डीकरणमा प्राधिकरणले चासो राखी जिल्लास्तरीय समिति बनाई अनुगमनलाई व्यापकता दिएको प्रस्ट पार्नुभयो।

सोही बैठकमा काठमाडौँ उपत्यकाका नगर प्रमुखहरू तथा प्रतिनिधिहरूले काठमाडौँ उपत्यका विकास प्राधिकरणको कुनै औचित्यता नरहेको, सांस्कृतिक र ऐतिहासिक सहरको लागि विशेष प्रकारको मापदण्ड बनाउनुपर्ने, सरकारले कानुन बनाउँदा जनताको हितमा बनाउनुपर्ने, नयाँ बस्तीहरूमा फोहोर तथा ढल व्यवस्थापन व्यवस्थित गर्नुपर्ने, सहरी विकास मन्त्रालयले एकीकृत सोचका साथ सहरी विकासको अवधारणालाई अगाडि सार्नुपर्ने, ससाना जग्गाको कित्ताकाट रोक्नुपर्नेलगायतका धारणाहरू राख्नुभएको थियो।




k|dv kmfklt dGqL emfFmLnfO{ eQmk'/ gkfsf k|sfzgx¿ k|bfg ug{b}

कार्यक्रममा मन्त्रालयका सचिव **मणिराम गेलाल** र सहसचिव **नवराज प्याकुरेल**ले बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ को आवश्यकता र उद्देश्यमाथि प्रस्ट पार्दै बढ्दो सहरीकरणलाई व्यवस्थित बनाउन मापदण्डलाई कडाइका साथ लागू गर्नुपर्ने बताउनुभयो।

# सम्पदाहरूको विवरण स्थानीय तहहरूलाई उपलब्ध गराउनुपर्ने



नेपाल सरकार संस्कृति, पर्यटन तथा उड्डयन मन्त्रालयले युनेस्कोबाट सन् १९७० मा पारित सांस्कृतिक वस्तुहरूको अवैध रूपमा आयात निर्यात र व्यापारसम्बन्धी महासन्धिअनुसार नेपालबाट विभिन्न कालखण्डमा चोरी निकासी भएका ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका वस्तुहरू आधिकारिक प्रमाण जुटाई नेपाल फर्काउन पुस १४ गते सम्बन्धित सरोकारवालाहरूको बैठक सिंहदरबारमा बस्यो ।

बैठकमा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक कलाकृतिको संरक्षण सम्बर्द्धन र प्रवर्द्धन गर्ने जिम्मा पाएका मन्त्रालय, विभाग, कार्यालय र सङ्घसंस्थाहरूलाई अधिकार सम्पन्न बनाउनुपर्नेमा जोड दिनुहुँदै सांस्कृतिक सम्पदाहरू राज्यले उचित ध्यान दिननसक्दा चोरी निकासीमा वृद्धि भएको बताउनुभयो ।

सांस्कृतिक सम्पदा संरक्षणको लागि भक्तपुर नपाले वि.सं. २०५८ सालदेखि २०६१ सालसम्म सांस्कृतिक सुरक्षाकर्मी परिचालन गरिएको र माओवादी 'जनयुद्ध' चर्किएपछि सुरक्षा निकायको आग्रहमा स्थगित गरिएको बताउनुहुँदै प्रमुख प्रजापतिले वि.सं. २०५० सालदेखि पर्यटन शुल्क सङ्कलन गर्दै त्यसबाट उठेको रकमले भक्तपुरका सम्पदा संरक्षण गर्दै आएको बताउनुभयो ।

लैनसिंह वाङ्देलको Inventory of Stone Sculptures of the Kathmandu Valley पुस्तकमा उल्लेख भएका काठमाडौं उपत्यकाका विभिन्न स्थानमा रहेका प्रस्तर मूर्तिहरूको विवरण सम्बन्धित सबै स्थानीय तहहरूलाई उपलब्ध गराउनुपर्नेमा जोड दिनुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुरबाट हराएका भक्तपुर नगरपालिका वडा नं. ७ स्थित वीरभद्रेश्वर महादेव मन्दिरको पार्वतीको मूर्ति अमेरिकाको येल विश्वविद्यालय सङ्ग्रहालयबाट फर्काउन र भक्तपुर नगरपालिका वडा नं. ३ नासमनाबाट हराएको उमामहेश्वरको मूर्ति फ्रान्सको राजधानी पेरिसको एशियाली कला सम्बन्धी राष्ट्रिय सङ्ग्रहालय (गिमे म्युजियम)बाट फिर्ता ल्याउन भक्तपुर नगरपालिकाले परराष्ट्र मन्त्रालय, पुरातत्त्व विभागलगायत सरोकारवाला सङ्घ संस्थाहरूमा पत्राचार गरेकोबारे अवगत गराउनभयो ।

बैठकमा ललितपुर महानपाका प्रमुख **चिरिबाबु महर्जन**ले विभिन्न कालखण्डमा हराएका वा चोरी भएका सम्पदाहरू नेपाल फिर्ता गराउन महानपाको तर्फबाट आवश्यक पहल र समन्वय भइरहेको जानकारी गराउनुहुँदै सम्पदा क्षेत्रमा हुने चोरी–पैठारी रोक्न ती क्षेत्रहरूमा सुरक्षासम्बन्धी सूचना–प्रविधिको उचित व्यवस्थापन हुनुपर्ने बताउनुभयो ।

बैठकमा संस्कृति, पर्यटन तथा उड्डयन मन्त्रालयका सचिव **महेश्वर न्यौपाने**ले ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका वस्तुहरू आधिकारिक प्रमाण जुटाई नेपाल फर्काउन विभिन्न समस्या समाधानको लागि स्थानीय तहबाट आवश्यक समन्वय गर्नुपर्ने बताउनुभयो । साथै हराएका वा चोरी भएका सम्पदाहरू फिर्ता ल्याउन परराष्ट्र मन्त्रालयले आवश्यक भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

पुरातत्त्व विभागका निर्देशक **दामोदर गौतम**ले नेपालबाट हराएका वा चोरी भएका मूर्तिहरूको तथ्याङ्क प्रस्तुत गर्दै ६० देखि ८० को दशकमा नेपालबाट व्यापक रूपमा सांस्कृतिक सम्पदाहरू चोरी भएको बताउनुभयो ।

उक्त बैठकमा पुरातत्त्व विभागका प्रमुख पुरातत्त्व अधिकृत **सुभद्रा भट्टराई**ले नेपालका सांस्कृतिक सम्पदाहरूको अनधिकृत निकासी पैठारीको वर्तमान अवस्थाबारे प्रस्तुतिकरण देखाउनुहुँदै गैरकानुनी रूपमा निकासी भएका सांस्कृतिक सम्पदाहरू क्रमशः नेपाल फिर्ता हुन थालेको बताउनुभयो ।

कार्यक्रममा उपस्थित गृहमन्त्रालय, परराष्ट्र मन्त्रालय, पुरातत्त्व विभाग, स्थानीय तहका प्रमुख, भन्सार विभाग, प्रहरी प्रशासन, राष्ट्रिय कला सङ्ग्रहालयलगायतका प्रतिनिधिहरूले चोरी भएका मूर्ति फर्काउने प्रक्रियालाई मन्त्रालयबाट सहजीकरण गर्नुपर्ने, चोरी भएका मूर्तिहरूको ऐतिहासिक प्रमाणको अभाव रहेको, सबै नाकाहरूमा निकासी वस्तुहरूको कडाइका साथ जाँच गर्नुपर्ने, सम्पदा संरक्षणमा जनसहभागिता अभिवृद्धि गर्नुपर्ने, सम्पदाको महत्त्वबारे पाठ्यक्रममा समावेश गर्नुपर्नेलगायतका सुझावहरू राखेका थिए ।



k|d'v k|hfklt ;lrj dx]Zj/ Gofk]g]nfO{ eQmk'/ gkfsf k|sfzgx¿ k|bfg ug{b}

बैठक संस्कृति, पर्यटन तथा उड्डयन मन्त्रालयका सचिव **महेश्वर न्यौपाने**को अध्यक्षतामा बसेको थियो ।

बैठकमा भक्तपुर नगर प्रमुख प्रजापतिले मन्त्रालयका सचिव न्यौपानेलाई विभिन्न कालखण्डमा चोरी निकासी भएका ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका वस्तुहरू आधिकारिक प्रमाण जुटाई नेपाल फर्काउन बुँदागत रूपमा सुझावसहितको पत्र हस्तान्तरण गर्नुभयो ।

पत्रमा उल्लिखित **बुँदागत सुझावहरू** यसप्रकार छन् :

- लैनसिंह वाङदेलको Inventory of Stone Sculptures of the Kathmandu Valley पुस्तकमा उल्लेख भएका काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा रहेका प्रस्तर मूर्तिहरूको विवरण सम्बन्धित सबै स्थानीय तहहरूलाई उपलब्ध गराई सो को सुरक्षा व्यवस्थाको लागि सम्बन्धित सरोकारवाला सबै सङ्घ संस्थाहरूलाई सचेत पार्नुपर्ने,
- उक्त पुस्तकमा उल्लेख नभएका र स्थानीय तहमा रहेका अन्य मूर्त सम्पदाहरूको विवरण स्थानीय तहबाट मागी सांस्कृतिक सम्पदाहरूको विवरण अद्यावधिक गर्नुपर्ने,
- प्रस्तर मूर्तिबाहेक धातुकला, टेराकोटा कला, चित्रकला, काष्ठकलाका छरिएर रहेका विभिन्न कलाकृतिहरूको विवरण सङ्कलन अभिलेख बनाई सोको संरक्षणको कार्यनीति तयार गर्नुपर्ने,
- लैनसिंह वाङदेलकै अर्को पुस्तक Stolen Images of Nepal मा उल्लेख भएका विभिन्न हराएका मूर्तिहरूको विषयमा सम्बन्धित स्थानीय तहहरूलाई उक्त मूर्तिहरू संसारको कुन कुन देशमा कहाँ कहाँ राखिएको छ जानकारी गराई यथास्थानमा पुनस्थापित गर्न पहल गर्नुपर्ने,
- उक्त पुस्तकमा उल्लेख भएकाबाहेक विभिन्न स्थानीय तहबाट विभिन्न कालखण्डमा चोरी निकासी भएका प्रस्तरकला, धातुकला, काष्ठकला, चित्रकला, थ्यासफू, ताम्रपत्रलगायतका पुरातात्त्विक सम्पदाहरूको विवरण तयार गर्नुपर्ने,
- माथि उल्लेखित चोरी निकासी भएका सम्पदाहरू संसारको कुनकुन देशमा कहाँ कहाँ राखिएको छ सूचना प्राप्त गरी सो विवरण स्थानीय तहलाई समेत उपलब्ध गराई सम्पदाहरू फिर्ता गरी यथास्थानमा पुनर्स्थापनाको लागि पहल गर्नुपर्ने,
- देशकै धरोहरको रूपमा रहेका यस्ता बहुमूल्य ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक सम्पदाहरू संरक्षणको लागि कडा कानूनको व्यवस्था गरी चोरी निकासी गर्ने तस्करहरूलाई हदैसम्मको दण्ड सजायको व्यवस्था गर्नुपर्ने,
- नेपालको प्रचलित कानूनमा व्यवस्था भएजस्तै चोरी गरेका सामग्री बिक्री गर्ने र खरीद गर्ने दुवै पक्षलाई कानूनी कारबाहीको व्यवस्था गर्न युनेस्कोमार्फत अर्न्तराष्ट्रिय कानून निर्माणको लागि पहल गर्नुपर्ने,
- विभिन्न स्थानीय तहबाट हराएका सम्पदाहरू नेपाल फिर्ता ल्याउन सन् १९७० को युनेस्कोको महासन्धिअनुसार नेपालकै हो भनी प्रमाणित गराउन युनेस्कोलाई लैनसिंह वाङदेलले लेखेका Inventory of Stone Sculptures of the Kathmandu Valley र Stolen Images of Nepal लाई मान्यता दिलाउन आवश्यक पहल गर्नुपर्ने,
- माथि उल्लेखित पुस्तकका विवरणलाई प्रमाणीकरणपश्चात संसारका विभिन्न सङ्ग्रहालय, विश्वविद्यालय र व्यक्तिगत सङ्ग्रहमा रहेका नेपालका चोरिएका र हराएका सम्पदाहरू नेपाल फिर्ता गरी तत्काल पुनः स्थापित गर्न सम्बन्धित मन्त्रालय, विभाग, कार्यालय र सङ्घसंस्थाहरू जिम्मेवार बनाई क्रियाशील बनाउनु पर्ने, र
- विभिन्न समयमा पत्र पत्रिकामा निस्किएका समाचारको आधारमा यस नगरक्षेत्रबाट हराएका विभिन्न देशको सङ्ग्रहालय र विश्वविद्यालयमा राखिएका पुरातात्त्विक सम्पदाहरूमध्ये भक्तपुर नगरपालिका वडा नं. ७ स्थित वीरभद्रेश्वर महादेव मन्दिरको पार्वतीको मूर्ति अमेरिकाको येल विश्वविद्यालय सङ्ग्रहालयबाट फर्काउन र भक्तपुर नगरपालिका वडा नं. ३ नासमनाबाट हराएको उमामहेश्वरको मूर्ति फ्रान्सको राजधानी पेरिसको एशियाली कला सम्बन्धी राष्ट्रिय सङ्ग्रहालय (गिमे म्युजियम) बाट फिर्ता ल्याउन परराष्ट्र मन्त्रालय, पुरातत्त्व विभागलगायत सरोकारवाला सङ्घ संस्थाहरूमा पत्राचार गरेकोमा हालसम्म उक्त मूर्तिहरू फिर्ता नभएकोले थप पहलको आवश्यकता ।

# आयुर्वेदसम्बन्धी महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई अभिमुखीकरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र भक्तपुरको आयोजनामा भक्तपुर नगरपालिकाका महिला स्वास्थ्य स्वयम्सेविकाहरूको लागि आयुर्वेद स्वास्थ्यसम्बन्धी अभिमुखीकरण कार्यक्रम पुस १५ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले आयुर्वेद चिकित्सा पद्धति लिच्छविकालदेखि सुरु भएको नेपालको मौलिक चिकित्सा पद्धति भएको बताउनुहुँदै भक्तपुर नगरपालिकाले वडास्तरीय नागरिक आरोग्य केन्द्र सञ्चालन गरी निःशुल्क रूपमा नागरिकहरूलाई आर्युवेदिक औषधिहरू वितरणसमेत गर्दै आइरहेको बताउनुभयो ।

आयुर्वेद स्वास्थ्यलाई राज्यले आफ्नो प्राथमिकतामा नराखेको गुनासो व्यक्त गर्नुहुँदै राज्यबाट सिंहदरबारको वैद्यखाना र नरदेवी अस्पताल संरक्षणको अभावमा बन्द हुने स्थितिमा रहेको प्रष्ट पार्नुहुँदै भएका वैद्यखानाहरूको संरक्षण गरी टोलटोलमै आयुर्वेद केन्द्रहरू स्थापना गर्नुपर्नेमा जोड दिनुभयो ।

रामदेव भारतका व्यापारिक व्यक्ति भएको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले नेपालका जडिबुटीमा विदेशको नियन्त्रण कायम गर्न यस्ता व्यक्तिहरूले अनेक चलखेल गरिरहेकोतर्फ सचेत हुनुपर्ने धारणा राख्नुभयो ।

उहाँले देशभक्त र सचेत नागरिकले देशको अस्तित्व र सार्वभौमिकतासँग जोडिएको एमसीसी सम्झौताको विषयमा जानकारी राख्नुपर्ने र देशघाती सम्झौताको विरुद्धमा आ–आफ्नो क्षेत्रमा आवश्यक भूमिका खेल्नुपर्ने जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पतालका डा. रत्नसुन्दर लासिवाले आर्युवेद स्वास्थ्य उपचारबारे समुदायस्तरबाटै जनचेतना जगाउन आवश्यक भएको बताउनुहुँदै स्वास्थ्य स्वयम्सेविकाहरूले यसको महत्त्वबारे जनतालाई जानकार



गराउनुपर्ने आजको आवश्यकता हो भन्नुभयो ।

कार्यक्रममा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र भक्तपुरका कार्यालय प्रमुख नरेन्द्रप्रसाद गिरीले सरकारले आयुर्वेदिक चिकित्सा पद्धतिलाई वैकल्पिक उपचार विधिको रूपमा अगाडि बढाउनुपर्ने बताउनुहुँदै भक्तपुर नपाले मौलिक आयुर्वेद चिकित्सालाई प्राथमिकतामा राखी आरोग्य केन्द्र सञ्चालनबाट आफूहरूलाई हौसला प्रदान भएको बताउनुभयो ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र भक्तपुरका व्यवस्थापन समितिका अध्यक्ष राजुप्रसाद अधिकारीले कार्यक्रमको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै नेपालको मौलिक स्वास्थ्य विधिलाई प्रोत्साहन गर्नुपर्ने बताउनुभयो ।

# वागीश्वरी कलेजको नवौं कलेज सभा सम्पन्न




वागीश्वरी कलेजको नवौं कलेज सभा साविककै कलेज व्यवस्थापन समिति पुनर्गठन गरी मङ्सिर २५ गते सम्पन्न भएको छ । समितिका अध्यक्ष सुनिल प्रजापतिको सभापतित्वमा भएको उक्त सभामा उहाँले पुनः काम गर्ने अवसर दिइएकोमा समितिकै तर्फबाट हार्दिक आभार व्यक्त गर्नुभयो ।

विगत चौध वर्षदेखि काम गर्दै आएको उल्लेख गर्नुहुँदै उहाँले आगामी दिन थप व्यवस्थित ढङ्गले काम गर्ने प्रतिबद्धताका साथ भक्तपुरको शैक्षिक प्रगतिलाई बौद्धिक जगतले मिहिन रूपमा हेरिरहेको हुँदा हामीले आफूलाई सोही अनुरूप सचेत र

सक्रिय हुनुपर्ने बताउनुभयो ।

कोरोना महमारीको बेला अक्सिजन अभाव हुँदा वागीश्वरी स्कूल र कलेजबाट सुरु भएको आर्थिक सहयोग सङ्कलन अन्ततः करोडौँ रकम सङ्कलन भई आज निःशुल्क रूपमा जनताले अक्सिजन पाइरहेको चर्चा गर्नुहुँदै कलेजले पठनपाठनका अतिरिक्त जनताको थप सेवा गरेकोमा भनपाको तर्फबाट सहयोगी सबैप्रति हार्दिक आभार व्यक्त गर्नुभयो ।

शिक्षामा विदेशी लगानीप्रति सचेत हुनुपर्ने औँल्याउनुहुँदै उहाँले विदेशीसँग प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्नुपर्ने जोड दिनुभयो ।

आत्मनिर्भरतालाई विशेष जोड दिनुपर्ने उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो– 'सधैँ विदेशी र सरकारी मुख ताकिरहनुभन्दा आफ्नै बलबुत्तामा गरेको प्रगति बढी दिगो हुन्छ र त्यसमा अपनत्वभाव धेरै हुन्छ ।'

अनुसन्धानमा छुट्याइएको रु. २८ लाख बजेट खर्च गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन सुझाव दिनुहुँदै उहाँले अनुसन्धान आजको आवश्यकता हो भन्नुभयो ।

नेमकिपाले शिक्षालाई पहिलो प्राथमिकता दिँदै आएको हुँदा आज बौद्धिक जगतमा यसलाई 'ख्वप मोडेल' भन्न थालेको चर्चा गर्नुहुँदै त्यो मोडेलभित्र वागीश्वरी कलेज पनि पर्ने उहाँले बताउनुभयो ।

'सरकारी नीति एउटै परिसरमा शैक्षिक संस्था सञ्चालन गर्न नहुने भन्ने छ तर हामी एउटै संस्थामा पनि बिहान, दिउँसो र बेलुकाको सिट सञ्चालन गरेर भवनलाई अधिकतम उपयोग गर्दैछौँ । सरकार स–साना स्कूल मर्ज गर्न खोज्छ, हामी स–साना स्कूललाई सबल बनाउन खोज्छौँ । यही हाम्रो विशेषता हो ।' उहाँले भन्नुभयो ।

वागीश्वरी स्कूलले सिद्धिशारदा प्रावि र ब्रह्मचारिणी प्रावि सबल बनाएजस्तै अब गणेश मावि भार्वाचोले उदय प्राविलाई सबल बनाउन जिम्मा दिएको पनि उहाँले जानकारी दिनुभयो ।

अब वागीश्वरी कलेजले भक्तपुरका अन्य कलेजहरूसँग पनि सहकार्य गरी सिङ्गो भक्तपुरको शैक्षिक प्रगतिमा योगदान पुऱ्याउने प्रयास आगामी दिन गर्दै जाने पनि उहाँले प्रष्ट्याउनुभयो ।

सभामा संविधान सभासद् अनुराधा थापामगरले कलेजले देशभक्त नागरिक तयार गर्न सकोस् भन्ने शुभेच्छा व्यक्त गर्नुभयो भने बागमती प्रदेशसभा सदस्य सिर्जना सैंजूले विद्यार्थीलाई पाठ्यपुस्तकमा मात्र सीमित नगरी देशी र विदेशी समसामयिक विषयमा पनि अद्यावधिक गरिराख्नुपर्नेमा जोड दिँदै राष्ट्रघाती एमसीसीविरुद्ध सम्पूर्ण विद्यार्थीलाई जागरुक बनाउनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर शैक्षिक गन्तव्यको रूपमा विकास भइरहेको सन्दर्भमा वागीश्वरी कलेजको पनि महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो भने वडाध्यक्ष रवीन्द्र ज्याख्वले सामुहिक नेतृत्वबाटै कलेजको प्रगति सम्भव भएको बताउनुभयो ।

प्राचार्य धनकुमार श्रेष्ठले सभामा अनुमोदनका लागि विभिन्न चार ओटा प्रस्ताव पेश गर्नुभयो– पहिलो प्रस्तावमा कलेज व्यवस्थापन समिति साविकलाई कार्यकाल थप गर्ने, दोस्रो प्रस्ताव कलेज विधान पारित गर्ने, तेस्रो आगामी पाँचवर्षको रणनीतिक योजना पारित गर्ने र चौथो २०७८/०७९ को बजेटका साथै ०७७/०७८ को लेखा प्रतिवेदन अनुमोदन गर्ने ।

प्रस्तावित चारओटै प्रस्तावहरू आवश्यक संशोधनसहित सभाले पारित गरेको छ ।

सभामा वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद धन्छा, संयोजक ज्ञानसागर प्रजापति, सभाका सदस्यहरू डा. राजुभाइ त्यात, डा. किशोर हाकुदुवाल, डा. बलराम दुवालले पनि विभिन्न सुझावहरू दिनुभएको थियो ।

# वागीश्वरीमा बधाई तथा मार्गनिर्देशन




वागीश्वरी माध्यमिक विद्यालयबाट विज्ञान, व्यवस्थापन, मानविकी र शिक्षा सङ्कायमा कक्षा १२ उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरूलाई पुस ६ गते बधाई एवं मार्गनिर्देशन कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष एवं वागीश्वरी माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रविन्द्र ज्याख्वले विश्वविद्यालय

शिक्षाको प्रवेशद्वारमा पुगेका विद्यार्थीहरूले समाजको योगदानको निम्ति उद्देश्य, भावी योजना तय गर्न सक्यौ भने विषय छनोट गर्न सजिलो हुन्छ भन्नुभयो ।

आर्थिक रूपले सम्पन्न विद्यार्थीहरूले मात्र पढ्न पाउने नवउदारवादी शिक्षा नीतिबारे प्रष्ट पार्नुहुँदै उहाँले हालै निर्वाचित चिलीका नवउदारवादविरोधी ३५ वर्षीय वामपन्थी नेता गाब्रिएल बोरिकजस्तै विद्यार्थीहरूले व्यक्ति, परिवार, समाज र देशको हितमा निर्णय गर्न सक्ने तहको रूपमा स्नातक तहलाई बुझ्न र संवेदनशील हुन उहाँले अनुरोध गर्नुभयो ।

एमसीसीबारे विश्वविद्यालय तहमा पुग्ने विद्यार्थीहरूले जानकारी राखिएन भने देशले पछुताउनुपर्ने बताउनुहुँदै उहाँले नेपालको संविधानभन्दा माथि हुने, नेपालमा योजना लागू गर्न भारतको अनुमति चाहिने, योजनामा विवाद भए अमेरिकी अदालतको निर्णय लागू हुनेजस्ता शर्तहरू भएको एमसीसीसम्झौता नेपाल र नेपाली जनताको हितमा नरहेको स्पष्ट पार्नुभयो ।

विशेष अतिथि ख्वप इञ्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले प्राविधिक शिक्षाको महत्त्वबारे प्रष्ट पार्नुहुँदै विद्यार्थीहरूले लक्ष्य लिएर अध्ययनलाई अगाडि बढाउन सकेको खण्डमा सफलता हासिल गर्न सकिने बताउनुभयो ।

गुणस्तरीय शिक्षा भक्तपुरको पहिचान भएको स्पष्ट पार्नुहुँदै उहाँले शिक्षामा महिलाहरूको प्रस्तुति तथा उपस्थिति उत्कृष्ट र अनुकरणी छ भन्नुभयो ।

अतिथि वागीश्वरी माविका +२ संयोजक ज्ञानसागर प्रजापतिले कागजमा पाएको योग्यतालाई व्यवहारमा उतार्न सकेनौँ भने योग्यता कागजको खोस्टा सावित हुने बताउनुभयो ।

अग्रजहरूको पौरख र स्वाभिमानले गौरव अनुभूति गराएको यस विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरू पनि स्वाभिमानी हुनुपर्ने उहाँले बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद धन्छाको सभापतित्वमा भएको कार्यक्रममा वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठ, विद्यालयका सहायक प्रधानाध्यापकद्वय कृष्णप्रसाद कर्माचार्य, उकेश सुवाल, इन्चार्जहरू ग्याहेन्द्रप्रसाद दाहाल, भानुभक्त हुमागाई, निरु ताल्चाभडेलले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयबाट बीबीएसमा नेपाल प्रथम हुन सफल वागीश्वरी कलेजका विद्यार्थी बबिता ग्वाछालाई दोसल्ला ओढाई सम्मान गरिएको थियो भने कक्षा १२ उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गरिएको थियो ।

# आधारभूत आँखा उपचार तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जिल्ला जनस्वास्थ्य आँखा केन्द्र भक्तपुरको आयोजनामा भक्तपुर नगरपालिकाभित्र रहेका विद्यालयका शिक्षक शिक्षिकाहरू, नर्सहरूका लागि भएको एकदिने आधारभूत आँखा उपचार तालिमको समापनमा तालिमका प्रशिक्षार्थीहरूलाई मङ्सिर २३ गते प्रमाणपत्र प्रदान गर्नुभयो ।

तालिमको समापन समारोहमा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले गुणस्तरीय स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँचको लागि भक्तपुर नपाले ख्वप अस्पताल सञ्चालनमा ल्याएको बताउनुभयो ।

उहाँले भक्तपुरमा स्तरीय आँखा अस्पताल सञ्चालन गर्ने नगरपालिकाको उद्देश्य रहेको बताउनुहुँदै ख्वप अस्पतालमा तीलगंगासँगको सहकार्यमा भक्तपुरमै आँखासम्बन्धी विभिन्न रोगको उपचार तथा सेवाहरू उपलब्ध भएको स्पष्ट पार्नुभयो ।

भक्तपुर नपाले सुरु गरेको घरदैलो नर्सिङ सेवाबाट ज्येष्ठ नागरिक, बालबालिका तथा महिलाहरू लाभान्वित भएको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले स्वास्थ्य क्षेत्रको विकास र स्तरोन्नतिमा भक्तपुर नपाले अब्वल ढङ्गले काम गरिरहेको बताउनुभयो ।

कार्यक्रममा जिल्ला जनस्वास्थ्य आँखा केन्द्र भक्तपुरका प्रमुख धिरज अधिकारीले तालिम सञ्चालन गर्नुको उद्देश्य र तालिमको महत्त्वबारे प्रष्ट पार्नुभएको थियो । तालिममा नगरभित्रका २० ओटा सामुदायिक विद्यालयका शिक्षिकाहरूको सहभागिता रहेको थियो ।

# भक्तपुर कप फुटबल प्रतियोगिता




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर फुटबल क्लब ११ को आयोजनामा 'दोस्रो अन्तरविद्यालयस्तरीय भक्तपुर कप फुटबल प्रतियोगिता' शुरु भएको छ । प्रमुख प्रजापतिले भक्तपुर नपा-७ स्थित माहेश्वरी खेल मैदानमा पौष ७ गते एक समारोहबीच पानसमा दीप प्रज्ज्वलन गरी प्रतियोगिताको उद्घाटन गर्नुभयो ।

उद्घाटन कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र खेलकुदलाई सँगसँगै अगाडि बढाइरहेको जानकारी दिनुभयो । उहाँले भक्तपुर नगरपालिकाले जनप्रतिनिधिहरूको बहाली भएदेखिनै प्रत्येक वर्ष एक ओटा खेलको अन्तरनगर खेलकुद प्रतियोगिता सञ्चालन गरिरहेको तथा प्रत्येक वर्ष नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगता सञ्चालन गरेको र यो वर्ष नगरभित्रका ९२ ओटामध्ये ७१ ओटा विद्यालयहरूका १८ सयभन्दा बढी विद्यार्थीहरूले सहभागिता जनाएको उल्लेख गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ७ ओटै शैक्षिक संस्थानहरूले उत्कृष्ट नतिजा हासिल गरिरहेको र यस वर्ष भनपाद्वारा सञ्चालित **ख्वप कलेज अफ इन्जिनियरिङका छात्र रमण श्रेष्ठले देशभरिकै सर्वोत्कृष्ट नतिजा हासिल गर्न सफल भएको तथा वागीश्वरी कलेजका छात्रा बबिता ग्वाछाले बीबीएस तर्फ देशभरिमै उत्कृष्ट नतिजा हासिल गर्न सफल भएको** उल्लेख गर्नुभयो ।

भक्तपुर नगरपालिकाले खेलकुद क्षेत्रलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय जगतमा परिचित गराउन ५ ओटा विभिन्न खेलहरूको प्रशिक्षण दिइरहेकोमा यस वर्षबाट जिम्न्याष्टिक खेलको प्रशिक्षण शुरु गरेको जानकारी दिनुहुँदै नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखी नगरका प्रत्येक वडा र ख्वप कलेज/ख्वप ई. कलेजमा गरी २२ स्थानमा व्यायामशालाको व्यवस्था गरेको बताउनुभयो ।

कार्यक्रममा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भक्तपुर नगरपालिकाले खेलकुदको विकासको लागि सञ्चालित गतिविधिहरूकोबारेमा सङ्क्षिप्त जानकारी दिनुहुँदै खेलाडीहरूको भविष्य निर्धारण गर्न सरकारले खेलकुद विश्वविद्यालयको स्थापना गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भक्तपुरमा खेलकुदको पूर्वाधार विकासको लागि सरकारले बेवास्ता गरेको गुनासो पोख्नुहुँदै माहेश्वरी खेल मैदानलाई अन्तर्राष्ट्रिय स्तरको स्टेडियम निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर फुटबल क्लब ११ का अध्यक्ष राम प्रजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा क्लबका संस्थापक अध्यक्ष शिवजी श्रेष्ठ, सिद्धि स्मृति प्रतिष्ठानका अध्यक्ष श्यामसुन्दर धौभडेललगायतले प्रतियोगिताको सफलताको लागि शुभकामना व्यक्त गर्नुहुँदै खेलकुदको आवश्यकतामाथि प्रकाश पार्नु भएको थियो ।



कार्यक्रममा प्रमुख प्रजापतिले फुटबल प्रतियोगिताका रेफ्रीलाई बल हस्तान्तरण गरी खेलको शुरुवात गर्नुभएको थियो भने सभापति राम प्रजापतिले प्रमुख प्रजापतिलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

भक्तपुर फुटबल क्लब ११ र स्प्रिङ्डेल इङ्गलिश स्कूलको संयुक्त आयोजना र सिद्धि स्मृति प्रतिष्ठानको सह-आयोजनामा भइरहेको दोस्रो अन्तर विद्यालय फुटबल प्रतियोगितामा आठओटा विद्यालयहरूको सहभागिता रहेको आयोजक समितिले जनाएको छ ।

# वर्तमान सहकारी अभियान विषयक गोष्ठी

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारीको आयोजनामा 'वर्तमान सहकारी अभियान' विषयक गोष्ठी पुस १५ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगर पालिकाको स्वीकृतिबिना सञ्चालित प्रदेशस्तरीय बहुउद्देश्यीय सहकारी संस्थाहरूको अनुगमनलाई जोड दिँदैआइरहेको बताउनुहुँदै




अनियमित ढङ्गले सञ्चालित यस्ता संस्थाहरूलाई कानुनको दायरामा ल्याइने बताउनुभयो । कार्यक्रममा उहाँले भक्तपुरमा नमुना सहकारी सञ्चालन गर्न सहकारीकर्मीहरूलाई प्रेरित गर्नुभयो ।

भक्तपुर नगरपालिकाले समाज र जनताको सेवा हुने योजनाहरू सञ्चालनमा जोड दिँदै ख्वप अस्पताल, चिस्यान केन्द्र, आदर निकेतन, कभर्ड हललगायत निर्माणलाई व्यापकता दिँदैआएको बताउनुहुँदै सहकारी संस्थाहरूले पनि नाफालाई भन्दा पनि सदस्यहरूको आर्थिक र सांस्कृतिक विकासमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

सहकारी ऐन तथा कानुनहरू व्यापक जनताको हितमा भए कार्यान्वयन पक्ष पनि बलियो हुने बताउनुहुँदै प्रमुख प्रजापतिले सहकारीहरूले सदस्यहरूको सिर्जनशीलतालाई ध्यानमा राखी सीपमूलक तालिमहरू सञ्चालन गरी रोजगारी सिर्जना गर्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।



नगर प्रमुख प्रजापतिले एमसीसी सम्झौताको नाममा देशको सार्वभौमिकता बेच्नु गलत भएको बताउनुहुँदै सरकारले प्रतिपक्षहरूसँग समन्वय गरी एमसीसी संसदबाट पारित गर्ने खतरा भएको हुँदा देशभक्त जनता एमसीसीको विरुद्ध सङ्गठित हुनुपर्ने खाँचो औँल्याउनुभयो ।

कार्यक्रममा सङ्घका अध्यक्ष कृष्णगोविन्द लाखाजुले सुशासनमा चलेका सहकारी संस्थाहरूमा तरलताको समस्या कममात्र हुने बताउनुहुँदै गैरकानुनी ढङ्गबाट सञ्चालित बहुउद्देश्यीय सहकारीहरू सञ्चालनमा रोक लगाउनुपर्ने र एक सदस्य एक सहकारी नीति सहकारीको हितविपरीत भएको बताउनुभयो ।

सङ्घका उपाध्यक्ष हरि बल्लले गोष्ठीको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै भक्तपुरका सहकारी संस्थाहरूको तरलता व्यवस्थापन गर्न सबै एकजुट हुनुपर्ने र सहकारी अभियानले देशको यथोचित विकासमा टेवा पुऱ्याएको बताउनुभयो ।

कार्यक्रममा सङ्घका अध्यक्ष कृष्णगोविन्द लाखाजु र व्यवस्थापक बालकृष्ण ध्वजुले सङ्घको गतिविधि र तरलता व्यवस्थापनबारे प्रस्तुतीकरण देखाउनुभएको थियो ।

## ख्वप साकोसको साधारणसभा




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नपा वडा नं. २ व्यासीस्थित ख्वप बचत तथा ऋण सहकारी संस्था लि. को १४ औँ वार्षिक साधारणसभाको उद्घाटन पुस १७ गते एक समारोहबीच सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले सहकारी संस्थाले राष्ट्रिय र अन्तर्राष्ट्रिय सरोकारका विविध विषयमा संस्थाका सदस्यहरूलाई सचेत र शिक्षित गर्नु आवश्यक भएको बताउनुहुँदै भक्तपुरलाई सहकारीको माध्यमबाट चिनाउन नमुनाका कार्यक्रमहरू सञ्चालनमा जोड दिनुपर्ने बताउनुभयो ।

सरकारले देशको सन्तुलित व्यवस्थामा ध्यान दिन नसक्दा देश सबै क्षेत्रमा परनिर्भर बन्दै गइरहेको बताउनुहुँदै उहाँले भक्तपुर नपाबाट सञ्चालित कलेजहरूले देशकै उत्कृष्ट विद्यार्थी उत्पादन गर्न सक्षम भएको र एक घर एक स्नातक अभियानले सार्थकता पाएको बताउनुभयो ।

नेतृत्वकर्ता राम्रो भएको संस्थाको विकास र प्रगति पनि सफल रहने विचार व्यक्त गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका देशकै नमुना नगरपालिकाको रूपमा स्थापित हुनुमा जनप्रतिनिधि, कर्मचारी र स्थानीय जनताको सहयोगी भावनाको कारण सम्भव भएको बताउनुभयो ।

प्रमुख प्रजापतिले सामाजिक भावनाको विकास गर्न र समाजको आवश्यकताअनुसारका नीति तथा योजनाहरूमा

सहकारीले जोड दिनुपर्छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले भक्तपुर नपाले सहकारी अनुगमनका क्रममा सुधार गर्नुपर्ने विषयमा सहकारी संस्थाहरूको ध्यानाकर्षण गराउँदै आएको बताउनुहुँदै सहकारी संस्थाले समाजकेन्द्रित गतिविधिमा जोड दिनुपर्ने बताउनुभयो ।

ख्वप साकोसका अध्यक्ष राजकुमार लघुले १,६५० जनाभन्दा बढी शेयर सदस्य रहेको ख्वप साकोस समुदाय तथा शेयर सदस्यहरूको आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक स्तर उकास्न स्थापनाकालदेखि क्रियाशील रहेको बताउनुभयो । कार्यक्रममा संस्थाका उपाध्यक्ष राजेश ब्यान्जु, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्था लि.का तर्फबाट प्रतिनिधि चण्डिका छुकां, संस्थाका सल्लाहकार बालमुकुन्द बासुकला, संस्थापक अध्यक्ष कुमार लघु, सल्लाहकार कृष्णभक्त लघु, नेमकिपा भनपा २ पार्टी इन्चार्ज गणेशप्रसाद सुवाल र लेखा समितिका सदस्य कृष्णाराम सुलुले शुभकामना मन्तव्यका साथ आआफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

साधारणसभाको उद्घाटन सत्रमा सङ्घका सचिव लक्ष्मीनारायण सुवालले आ.व. २०७७।७८ को वार्षिक प्रतिवेदन तथा आ.व. ७८।७९ को प्रस्तावित कार्यक्रम, लेखा सुपरीवेक्षण समितिका संयोजक लक्ष्मीदास बासुकलाले लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन, संस्थाका कोषाध्यक्ष अमर बासुकलाले आ.व. २०७७।७८ को यथार्थ आयव्यय विवरण तथा आ.व. २०७८।७९ को अनुमानित बजेट प्रस्तुत गर्नुभएको थियो ।

## सिद्धि कृषि सहकारी संस्थाको साधारणसभा




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सिद्धि कृषि सहकारी संस्थाको नवौं साधारण सभाको मुन्टलाको बोट रोपी मङ्सिर २९ एक समारोहबीच उद्घाटन गरियो । उद्घाटन कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि प्रजापतिले समाजवादी सिद्धान्तअनुसार शिक्षा, स्वास्थ्य, उद्योग कलकारखानाहरू सरकारले सञ्चालन गर्नुपर्ने बताउनुहुँदै भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरसफाइमा गरिरहेको कार्य देशभरिकै स्थानीय तहहरूका लागि उदाहरणीय रहेको चर्चा गर्नुभयो ।

उहाँले राजनीति व्यक्तिगत फाइदाको लागि नभई देश र जनताको निस्वार्थ सेवाको लागि हुनुपर्ने बताउनुहुँदै पूँजीवादी दलहरूबाट शासन सत्तामा गएका मन्त्रीहरूको कारण देश कृषिमा परनिर्भर भएको औँल्याउनुभयो ।

'नेपालमा जलविद्युत, खानेपानी, चुनढुङ्गा लगायतका क्षेत्रमा सम्भावना नै सम्भावना बोकेको देश हो' भन्नुहुँदै कृषिमा आत्मनिर्भर हुनका लागि प्रविधि विकास र अनुसन्धान गर्नुपर्ने तथा आफ्नै देशमा मल कारखानाको स्थापना गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भक्तपुर नगरपालिकाले कृषि उत्पादन वृद्धिका लागि कृषि माटो परीक्षण, बेमौसमी तरकारी खेती, कौसी खेती, च्याउ खेती लगायतको तालिम र गहुँ, धान र आलुको बीउ बिजन वितरण गरिरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाले वडामा भइरहेका विकास निर्माणका गतिविधिबारे जानकारी दिनुहुँदै भनपाले कृषि, पशु सेवा र स्वास्थ्य क्षेत्रमार्फत नगरवासीहरूको लागि गरिरहेको कार्यको बारेमा चर्चा गर्नुभयो ।

कार्यक्रमका सभापति एवं संस्थाका अध्यक्ष पुण्यराम दुमरुले संस्थाको सङ्क्षिप्त इतिहास स्मरण गर्नुहुँदै कृषकहरूलाई एकताबद्ध गरी बीउमा आत्मनिर्भर बनाउन संस्था कटिबद्ध भई लागिपरेको चर्चा गर्नुभयो ।

कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष कृष्णगोविन्द लाखाजुले भनपाले कृषि बजारिकरण र कृषि प्रबर्द्धनको लागि सहकारी सङ्घसंस्थाहरूसँग समन्वय गरी व्यस्थित तरकारी बजार व्यवस्थापन तथा चिस्यान केन्द्रहरूको स्थापना गरी भक्तपुर नगरलाई तरकारीमा आत्मनिर्भर बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

राष्ट्रिय बाली अनुसन्धान केन्द्रका वैज्ञानिक सुशिल राज सुवेदी, कृषि ज्ञान केन्द्रका कृषि प्राविधिक देवी प्रसाद ढकाल, सिद्धिगणेश साकोसका उपाध्यक्ष विष्णुराम दुमरुले शुभकामना मन्तव्य राख्नुभएको कार्यक्रममा संस्थाका सचिव चन्द्रमान सुवाल, कोषाध्यक्ष कृष्णभक्त ख्याजु, लेखा सुपरिवेक्षण समितिका संयोजक श्यामकृष्ण दुमरु, सञ्चालक समितिका सदस्य लक्ष्मीश्वरी दुमरुले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले धान र गहुँको बीऊ बिजन वृद्धि गर्न योगदान गर्ने उत्कृष्ट उत्पादक तथा कृषि सामग्री केन्द्रबाट बीउ बिजन तथा कृषि सामग्री खरिद गर्ने कृष्णप्रसाद ग्वाछा र सेकेन कोजूलाई प्रशंसा पत्र वितरण गर्नुभएको थियो ।

कार्यक्रममा संस्थाका अध्यक्ष दुमरुले प्रमुख अतिथि प्रजापति तथा अतिथिहरूलाई मुन्टलाको बोट मायाको चिनोको रूपमा प्रदान गर्नुभएको थियो ।

# सुकुन्दा साकोसको वार्षिक साधारणसभा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिका वडा नं. ७ जगातीस्थित सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि. को १४ औं वार्षिक साधारणसभाको मङ्सिर १८ गते उद्घाटन गर्नुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले सहकारी संस्थाहरू रकम लेनदेनमा मात्र सीमित भए बैंक तथा वित्तीय संस्थाभन्दा कुनै भिन्नता नहुने बताउनुहुँदै समुदायमा आधारित सहकारी संस्थाहरू नाफामा केन्द्रित हुनुहुँदैन भन्नुभयो । उहाँले सहकारीका सदस्यहरूको आर्थिक उन्नति र सामूहिक हितको लागि सहकारी सङ्घ-संस्थाले इमानदार र पारदर्शी ढङ्गले काम गर्नुपर्छ भन्नुभयो ।

उहाँले समाजवादी अर्थतन्त्र निर्माणमा सहकारी संस्थाहरूको उल्लेख्य भूमिका रहने बताउनुहुँदै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा निर्मित अक्सिजन प्लान्टको निम्ति भक्तपुरका सहकारी संस्थाहरूले महत्त्वपूर्ण योगदान गरेको बताउनुभयो ।

सहकारी संस्थाहरूले नयाँ नयाँ प्रविधिको प्रयोग गर्न किसानहरूलाई सक्षम बनाउने काममा ध्यान दिनुपर्ने बताउनुहुँदै सहकारी संस्थाहरू लेनदेनमा मात्र सीमित नभई सदस्यहरूको सर्वाङ्गीण विकासका लागि सम्भव भएका कार्यहरूमा जनशक्ति तयार गर्ने र विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गर्न पनि जोड दिनुपर्ने उहाँले बताउनुभयो ।

उहाँले संस्थाको व्यवस्थापन पक्ष राम्रो र बलियो भएर संस्थाको विकास पनि दिगो हुने बताउनुहुँदै भक्तपुरलाई सभ्य र सुसंस्कृत समाजको रूपमा रूपान्तरण गर्न सहकारी संस्थाले महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले परनिर्भरताले नेपाललाई कहिल्यै पनि विकास हुन नदिने बताउनुहुँदै एमसीसी सम्झौता नेपालको हितविपरीत भएको र यो निकै घातक भएको हुँदा यसको विरोध गर्नु सबैको कर्तव्य भएको बताउनुभयो । भक्तपुर नगरपालिकाले नगरवासी जनताको स्वास्थ्य सुरक्षा प्रत्याभूत गर्न सामुदायिक स्वास्थ्यअन्तर्गत घरदैलो नर्सिङ सेवालाई सञ्चालन ल्याइरहेको अवगत गराउनुभयो ।

कार्यक्रमका सभापति एवम् सुकुन्दा साकोसका अध्यक्ष सानुकाजी त्वानाबासुले निम्न आयस्तरका समुदायका सदस्यहरूको जीवनस्तर उकास्नु नै सहकारीको मूलभूत उद्देश्य भएको बताउनुहुँदै संस्थाले कृषि सेवातर्फ अन्नबाली, फलफूल र तरकारीको रोगको समस्या पहिचान गरी समाधानको लागि कृषि परामर्श सेवा सुरु गरिसकेको अवगत गराउनुभयो ।

कार्यक्रममा जिल्ला बचत सङ्घका प्रतिनिधि जगन्नाथ प्रजापतिले 'एक व्यक्ति एक सहकारी' ले ठूला सहकारीहरूलाई पोस्ने सम्भावना भएको बताउनुहुँदै स्थानीय तहको स्वीकृतिबिना सञ्चालित सहकारी तथा बहुउद्देश्यीय सहकारी संस्थाहरूको समयमै अनुगमन गरी नियन्त्रण गर्नु जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा सुकुन्दा साकोसका सल्लाहकारहरू नाति कवां, विष्णुभक्त मारिखु र विश्वराम कवांले समाजका तल्लो वर्गको जविनस्तर उकास्नुपर्छ भन्ने उद्देश्यले संस्था स्थापना भएको बताउनुहुँदै सहकारी संस्थामार्फत देश विकास गर्न प्राविधिकहरूको तालिम सञ्चालनमा जोड दिनुपर्ने बताउनुभयो ।

उद्घाटन सत्रमा सुकुन्दा साकोसका सचिव राजाराम लवजूले आ.व. २०७७/७८ को प्रतिवेदन, कोषाध्यक्ष राजभाइ माकले आ.व. २०७७/७८ को आर्थिक प्रगति प्रतिवेदन र लेखा सुपरीवेक्षण समितिका संयोजक श्रीकृष्ण गोसाईंले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

साथै सुकुन्दा साकोसका उपाध्यक्ष सबिनभक्त कायष्ठ, सिद्धि गणेश साकोसका प्रतिनिधि विष्णुप्रसाद दुमरु, संस्थाका कृषि प्राविधिक सबिन ख्याजु, कृषि उपसमितिका संयोजक राजाराम लवजु, व्यवस्थापक सानुकाजी चिकंबन्जार र महिला उपसमितिका संयोजक निर्जला प्रजापतिले पनि संस्थाबाट सञ्चालित सेवा सुविधाहरूबारे आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

# कमलविनायक साकोसको साधारणसभा



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा कमलविनायक बचत तथा ऋण सहकारी

संस्थाको १४ औँ साधारणसभा मङ्सिर २५ गते सम्पन्न भयो। कार्यक्रममा उपप्रमुख जोशीले भक्तपुर नगरपालिकाले गरिरहेको कार्यबारे जानकारी गराउनुहुँदै भनपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइलगायत क्षेत्रमा विशेष प्राथमिकता राखी काम गर्दै आएको बताउनुभयो।

उहाँले बढी ब्याज पाइने लोभमा भन्दा जनताप्रति प्रतिबद्ध सहकारी संस्थामा कारोबार गर्नुपर्ने धारणा राख्नुभयो।

उपप्रमुख जोशीले भन्नुभयो, 'भनपाका जनप्रतिनिधिहरूले निर्वाचनमा व्यक्त गरेका प्रतिबद्धता र निर्वाचन घोषणापत्रअनुसार इमानदारीपूर्वक जनताको सेवा गर्दै आएका छन् र गर्दै जानेछन्।'

भनपा वडा नं. १० का वडा अध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाले वडाको विकास निर्माणबारे जानकारी गराउनुभयो सहकारीले आर्थिक कारोबारका अतिरिक्त राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे सहकारीका सदस्यहरूलाई सचेत गराउनुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले राष्ट्रघाती एमसीसी सम्झौताबारे जानकारी गराउनुभयो।

भक्तपुर जिल्ला बचत सङ्घका प्रतिनिधि जगनाथ प्रजापतिले लोभले लाभ, लाभले विलाप हुने भएकोले आफ्नै घर-आँगनमा रहेका र स्थानीयद्वारा सञ्चालित सहकारीहरूमा आर्थिक कारोबार गर्न अनुरोध गर्नुभयो।

भक्तपुर जिल्ला बचत सङ्घ एक व्यक्ति एक सहकारीको पक्षमा नरहेको उहाँले बताउनुभयो।

कार्यक्रममा संस्थाका अध्यक्ष कृष्णप्रसाद लाखा, भक्तपुर साकोसका निर्मल प्रजापति, संस्थाका सल्लाहकार राजाराम तजले र लक्ष्मीप्रसाद चवालले पनि बोल्नुभएको थियो।

कार्यक्रममा संस्थाका विभिन्न समिति/उपसमितिहरूको प्रतिवेदन प्रस्तुत गरिएको थियो।

## संगम साकोसको साधारण सभा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा पुस १० गते संगम बचत तथा ऋण सहकारी संस्था लि को १४ औँ वार्षिक साधारण सभा भयो।




कार्यक्रममा प्रमुख प्रजापतिले भन्नुभयो, 'आफ्ना सदस्यहरूको हित हेर्नु सहकारी संस्थाको दायित्व भएकोले विभिन्न आयमूलक सीप दिई आत्मनिर्भर हुने बाटोमा लानुपर्छ।'

'अहिले दिनहुँ हजारौँको सङ्ख्यामा युवाहरू विदेशिनाले देश युवाविहीन हुने अवस्थामा छ भन्नुहुँदै उहाँले पढेलेखेका युवाहरूमा पनि देशभक्तिको भावना विकास गराउनु आवश्यक छ भन्नुभयो। उहाँले भन्नुभयो, 'एमसीसी सम्झौताले देशलाई पराधीन बनाउनेछ। देशको सार्वभौमिकता रक्षा गर्न पनि एमसीसीको विरुद्धमा लाग्नुपर्दछ।'

कार्यक्रममा भक्तपुर नगर सहकारी शाखाका संयोजक हरिप्रसाद बासुकलाले समुदायमा आधारित सहकारीहरूले वास्तवमा सहकारीको मर्मअनुरुप कार्य गरिरहेको उल्लेख गर्नुहुँदै भक्तपुर देशैभर ख्वप मोडलको चर्चा भइरहेको वर्तमान परिप्रेक्ष्यमा सहकारीमा पनि भक्तपुर मोडलको सबैले अनुसरण गर्ने वातावरण बनाउनुपर्ने बताउनुभयो।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष कुमार चवालले सहकारीहरू नाफामुखीभन्दा सेवामुखी हुने भएकोले बढी ब्याजको प्रलोभन दिने संस्थाहरूबाट सदस्यहरू सचेत हुनुपर्छ भन्नुभयो।

भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्यले सामाजिक उत्तरदायित्वसहित पारदर्शी ढङ्गले सदस्यहरूको सेवा गर्नु नै सहकारीको कर्तव्य हो भन्नुभयो। भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका सचिव जगनाथ प्रजापतिले समुदायमा आधारित संस्थाहरूको प्रवर्द्धनमा जिल्ला सङ्घको साथ रहने कुरा राख्नुभयो।

कार्यक्रममा संस्थाका ४१ जना ज्येष्ठ सदस्यहरूलाई प्रमुख अतिथिले दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो। त्यस्तै उत्कृष्ट सदस्यहरूलाई पनि सम्मान गरिएको थियो। संस्थाको आयोजनामा भएको भक्तपुर नगरव्यापी खुला जोडी ब्याडमिन्टन प्रतियोगितमा विजयी खेलाडीहरूलाई पुरस्कृत गरिएको थियो।

बन्दसत्रमा संस्थाका सचिव शिवराम किजूले प्रगति प्रतिवेदन, कोषाध्यक्ष बलराम नागाले आर्थिक प्रतिवेदन र लेखा संयोजक बलराम सिंबन्जारले लेखा समितिको प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन पारित गरिएको थियो।

कार्यक्रममा संस्थाका सल्लाहकारद्वय न्हुछेराम भेले र राजाराम चवालले शुभकामना मन्तव्य राख्नुभएको थियो।

संस्थाका अध्यक्ष कृष्णगोपाल छुस्याकीको सभापतित्वमा भएको उक्त कार्यक्रममा संस्थाका उपाध्यक्ष बलराम न्हिसुतु र सञ्चालक सदस्य सीतालक्ष्मी छुस्याकी र सहसचिव सरजु फसिकवले पनि बोल्नुभएको थियो।

# ८ वर्ष काम लाग्ने क्यालेन्डर

यहाँ इश्वी संवत्को एउटा क्यालेन्डर दिइएको छ जुन विभिन्न ८ वर्षको (शुरु सन् १८१६ र अन्तिम २०२४) तारिख हेर्न सकिन्छ। यस पात्रोले निम्न सन्को लागि काम दिन्छ –

१८१६, १८४४, १८७२, १९१२, १९४०, १९६८, १९९६, २०२४

**January**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 | 5 | 6 |
| 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
| 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| 21 | 22 | 23 | 24 | 25 | 26 | 27 |
| 28 | 29 | 30 | 31 | | | |

**February**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | 1 | 2 | 3 |
| 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| 11 | 12 | 13 | 14 | 15 | 16 | 17 |
| 18 | 19 | 20 | 21 | 22 | 23 | 24 |
| 25 | 26 | 27 | 28 | 29 | | |

**March**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | | 1 | 2 |
| 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 10 | 11 | 12 | 13 | 14 | 15 | 16 |
| 17 | 18 | 19 | 20 | 21 | 22 | 23 |
| 24 | 25 | 26 | 27 | 28 | 29 | 30 |
| 31 | | | | | | |

**April**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 | 5 | 6 |
| 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
| 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| 21 | 22 | 23 | 24 | 25 | 26 | 27 |
| 28 | 29 | 30 | | | | |

**May**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | 1 | 2 | 3 | 4 |
| 5 | 6 | 7 | 8 | 9 | 10 | 11 |
| 12 | 13 | 14 | 15 | 16 | 17 | 18 |
| 19 | 20 | 21 | 22 | 23 | 24 | 25 |
| 26 | 27 | 28 | 29 | 30 | 31 | |

**June**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | | | 1 |
| 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
| 9 | 10 | 11 | 12 | 13 | 14 | 15 |
| 16 | 17 | 18 | 19 | 20 | 21 | 22 |
| 23 | 24 | 25 | 26 | 27 | 28 | 29 |
| 30 | | | | | | |

**July**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 | 5 | 6 |
| 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
| 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| 21 | 22 | 23 | 24 | 25 | 26 | 27 |
| 28 | 29 | 30 | 31 | | | |

**August**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | 1 | 2 | 3 |
| 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| 11 | 12 | 13 | 14 | 15 | 16 | 17 |
| 18 | 19 | 20 | 21 | 22 | 23 | 24 |
| 25 | 26 | 27 | 28 | 29 | 30 | 31 |

**September**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 8 | 9 | 10 | 11 | 12 | 13 | 14 |
| 15 | 16 | 17 | 18 | 19 | 20 | 21 |
| 22 | 23 | 24 | 25 | 26 | 27 | 28 |
| 29 | 30 | | | | | |

**October**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 5 |
| 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |
| 13 | 14 | 15 | 16 | 17 | 18 | 19 |
| 20 | 21 | 22 | 23 | 24 | 25 | 26 |
| 27 | 28 | 29 | 30 | 31 | | |

**November**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | | 1 | 2 |
| 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 10 | 11 | 12 | 13 | 14 | 15 | 16 |
| 17 | 18 | 19 | 20 | 21 | 22 | 23 |
| 24 | 25 | 26 | 27 | 28 | 29 | 30 |

**December**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 8 | 9 | 10 | 11 | 12 | 13 | 14 |
| 15 | 16 | 17 | 18 | 19 | 20 | 21 |
| 22 | 23 | 24 | 25 | 26 | 27 | 28 |
| 29 | 30 | 31 | | | | |

स्रोत : Mirror, April, 1984

नगरपालिका नगरवासीको आफ्नो संस्था हो ।

नगरको विकासमा सबैले सघाऔं ।

| | | | | | |
|---|---|---|---|---|---|
| १०९ | एल साल्भाडोर | १२१,७४१ | १०७,०८८ | ३,८२१ | ११० |
| ११० | कम्बोडिया | १२०,४८७ | ११६,९०७ | ३,०१२ | १०९ |
| १११ | क्यामरून | १०९,३६७ | १०६,०५० | १,८५१ | १११ |
| ११२ | र्‍वान्डा | १०९,०७० | ४५,५२२ | १,३४८ | ११२ |
| ११३ | लाओस | १०८,७८२ | ७,३३९ | ३५५ | ११८ |
| ११४ | चीन | १०१,८९० | ९४,६९१ | ४,६३६ | ११३ |
| ११५ | लक्जम्बर्ग | १०१,२५६ | ९३,६०८ | ९११ | ११६ |
| ११६ | माल्दिभ्स | ९५,४२० | ९२,९४० | २६२ | ११४ |
| ११७ | जमैका | ९३,२२६ | ६५,४४२ | २,४६९ | ११५ |
| ११८ | ट्रिनिडाड एन्ड टोबागो | ९०,८२९ | ७२,०९३ | २,८२५ | ११९ |
| ११९ | अंगोला | ७८,४७५ | ६४,१२४ | १,७६० | १२० |
| १२० | रियुनियन | ७६,६०२ | ६९,४३१ | ४०९ | १२३ |
| १२१ | प्रजातान्त्रिक गणतन्त्र कंगो | ७४,७९३ | ५०,९३० | १,२०५ | १२४ |
| १२२ | सेनेगल | ७४,६७२ | ७२,४२२ | १,८९० | ११७ |
| १२३ | मलावी | ७३,२३८ | ५९,८४२ | २,३५० | १२१ |
| १२४ | आइभोरि कोस्ट | ६६,५६८ | ६१,४२४ | ७०८ | १२२ |
| १२५ | इस्वाटिनी | ६५,४७३ | ५७,६१७ | १,२९६ | १२९ |
| १२६ | ग्वाडेलौप | ५६,०३५ | २,२५० | ७५० | १२५ |
| १२७ | फिजी | ५३,३३२ | ५१,२२३ | ६९८ | १२६ |
| १२८ | सुरिनाम | ५२,०३१ | ४९,०८४ | १,१८९ | १२७ |
| १२९ | मडागास्कर | ५०,२७९ | ४४,७०८ | १,०२७ | १३३ |
| १३० | सिरिया | ५०,२०४ | ३२,२७५ | २,८८९ | १२८ |
| १३१ | माल्टा | ४९,७१७ | ३९,८७३ | ४७६ | १३५ |
| १३२ | मार्टिनक्यु | ४८,४७३ | १०४ | ७७९ | १३२ |
| १३३ | फ्रेन्च गीयाना | ४८,०३८ | ११,२५४ | ३३९ | १३० |
| १३४ | सुडान | ४६,५१८ | ३८,७१४ | ३,३३१ | १३४ |
| १३५ | फ्रेन्च पोलीनेसिया | ४६,३८२ | अप्राप्त | ६३६ | १३१ |
| १३६ | मौरितानिया | ४०,९०६ | ३९,११२ | ८६२ | १३६ |
| १३७ | क्याबो भर्ड | ३९,९४७ | ३८,२११ | ३५१ | १३७ |
| १३८ | ग्याबोन | ३९,९१० | ३६,७४० | २८८ | १३९ |
| १३९ | गुयाना | ३९,२३८ | ३७,५४४ | १,०५१ | १३८ |
| १४० | पपुआ न्यू गिनी | ३६,१२७ | ३५,४४१ | ५९० | १४० |
| १४१ | बेलिज | ३२,०६७ | ३०,५४५ | ५९७ | १४२ |
| १४२ | गिनी | ३१,४१२ | २९,८१५ | ३८९ | १४१ |
| १४३ | तान्जानिया | २९,३०६ | अप्राप्त | ७३७ | १४३ |
| १४४ | टोगो | २८,९२५ | २६,०९१ | २४६ | १४४ |
| १४५ | लेसोथो | २८,११५ | १४,९९० | ६६५ | १५१ |
| १४६ | बार्बाडोस | २८,०६३ | २६,८४८ | २६० | १४५ |
| १४७ | बुरुन्डि | २६,९९९ | ७७३ | ३८ | १५४ |
| १४८ | च्यानल टापू | २५,९९८ | २२,१८९ | ११३ | १५७ |
| १४९ | हैटी | २५,९८५ | २३,२८९ | ७६६ | १४६ |
| १५० | आइसल्यान्ड | २५,३१४ | २०,२८२ | ३७ | १५८ |
| १५१ | बेनिन | २४,९३५ | २४,७०५ | १६१ | १४७ |
| १५२ | सेशेल्स | २४,५४६ | २३,९८० | १३४ | १४८ |
| १५३ | बहामास | २४,२०४ | २१,७६५ | ७१३ | १५० |
| १५४ | सोमालिया | २३,५३२ | १२,९४८ | १,३३३ | १४९ |
| १५५ | मौरिसियस | २३,३७२ | २१,८४४ | ७६२ | १५२ |
| १५६ | अन्डोरा | २२,८२३ | २०,५६३ | १४० | १६२ |
| १५७ | मायोत्ते | २१,९११ | २,९६४ | १८५ | १५३ |
| १५८ | माली | २०,४६८ | १८,४७४ | ६५८ | १५९ |
| १५९ | कुराकाओ | २०,१९९ | १७,६७४ | १८७ | १६० |
| १६० | कंगो | २०,०८९ | १२,४२१ | ३६७ | १५६ |
| १६१ | टिमोर लेस्टे | १९,८३३ | १९,७०५ | १२२ | १५५ |
| १६२ | अरुबा | १९,०२१ | १६,७३१ | १८१ | १६५ |
| १६३ | बुर्किना फासो | १७,६३२ | १६,६१९ | ३१८ | १६६ |
| १६४ | निकारागुआ | १७,४८७ | ४,२२५ | २१२ | १६१ |
| १६५ | ताजिकिस्तान | १७,०९५ | १६,९६६ | १२४ | १६३ |
| १६६ | ताइवान | १६,९६४ | १५,८५५ | ८५० | १६४ |
| १६७ | ब्रुनइ | १५,४६५ | १५,२६५ | ९८ | १६७ |
| १६८ | दक्षिण सुडान | १४,८६० | १२,७८९ | १३५ | १७१ |
| १६९ | न्यु जीलान्ड | १४,०५७ | १२,७८० | ५१ | १७४ |
| १७० | इक्वेटोरियल गिनी | १३,६३७ | १३,४१० | १७५ | १६८ |
| १७१ | जिबौटी | १३,६११ | १३,३५० | १८९ | १६९ |
| १७२ | आइल अफ मान | १३,४८७ | १३,०५७ | ६७ | १७६ |
| १७३ | सेन्ट लुसिया | १३,४१० | १२,८६७ | २९५ | १७० |
| १७४ | न्यू कालेडोनिया | १२,७११ | १२,२१७ | २८१ | १७३ |
| १७५ | हङ कङ | १२,६१९ | १२,१९१ | २१३ | १७२ |
| १७६ | केन्द्रीय अफ्रिकी गणतन्त्र | १२,१६३ | ६,८५९ | १०१ | १७५ |
| १७७ | गाम्बिया | १०,१३६ | ९,६८८ | ३४२ | १७८ |
| १७८ | यमन | १०,१२५ | ७,०१५ | १,९८४ | १७७ |
| १७९ | जिब्राल्टर | ८,४२१ | ७,५७३ | १०० | १८० |
| १८० | केमान आइलान्ड | ८,३८६ | ४,७९९ | ११ | १८१ |
| १८१ | इरिट्रिया | ७,९४८ | ७,७११ | ७४ | १७९ |
| १८२ | सान मारिनो | ७,६५५ | ६,७२५ | ९८ | १८६ |
| १८३ | नाइजर | ७,३०७ | ६,९०० | २७४ | १८२ |
| १८४ | सिएरा लियोन | ६,८९१ | अप्राप्त | १२३ | १८४ |
| १८५ | डोमिनिका | ६,५२० | ६,१७३ | ४४ | १८५ |
| १८६ | गिनी बिसाउ | ६,४७६ | ६,३०२ | १४९ | १८३ |
| १८७ | कोमोरोस | ६,२८४ | ४,५५१ | १५६ | १९४ |
| १८८ | लाइबेरिया | ६,२७८ | ५,५३५ | २८७ | १८८ |
| १८९ | लिक्टेन्स्टाइन | ६,०२१ | ५,६८२ | ६९ | १९२ |
| १९० | बर्मुडा | ६,०१४ | ५,६७४ | १०६ | १८९ |
| १९१ | ग्रेनाडा | ६,००९ | ५,६८५ | २०० | १८७ |
| १९२ | सेन्ट भिन्सेन्ट ग्रेनाडिन्स | ५,८५० | ५,२२८ | ८१ | १९० |
| १९३ | चाड | ५,७०१ | ४,८७४ | १८१ | १९१ |
| १९४ | फैरोए टापू | ५,५४८ | ४,९६१ | १३ | १९९ |
| १९५ | मोनाको | ४,९८५ | ४,५२४ | ३८ | १९७ |
| १९६ | सिन्ट मार्टेन | ४,९४७ | ४,६३६ | ७५ | १९३ |
| १९७ | एन्टिगुआ एन्ड बर्बुडा | ४,२५९ | ४,०६० | ११८ | १९५ |
| १९८ | सेन्ट मार्टिन | ४,००८ | १,३९९ | ५६ | १९६ |
| १९९ | साओ टोम एन्ड प्रिन्सिप | ३,८१९ | ३,६७८ | ५७ | १९८ |
| २०० | क्यारिबियन नेदरल्यान्ड | ३,३३६ | ३,१९३ | २३ | २०१ |
| २०१ | टर्क्स एन्ड कैकोस | ३,२८३ | ३,१४२ | २६ | २०० |
| २०२ | ब्रिटिस भर्जिन टापू | ३,०७१ | अप्राप्त | ३९ | २०३ |
| २०३ | सेन्ट किट्स एन्ड नेभिस | २,९१८ | २,७८४ | २८ | २०२ |
| २०४ | भुटान | २,६६० | २,६४२ | ३ | २०४ |
| २०५ | ग्रीनल्यान्ड | २,४३७ | २,१६१ | १ | २०६ |
| २०६ | अन्गिवला | १,६७४ | १,६४० | ५ | २०७ |
| २०७ | सेन्ट बार्थ | १,६२१ | अप्राप्त | ६ | २०५ |
| २०८ | डाइमन्ड प्रिन्सेस | ७१२ | ६९९ | १३ | २०८ |
| २०९ | वालिस एन्ड फुटुना | ४५४ | ४३८ | ७ | २०९ |
| २१० | सेन्ट पीरे मिक्वेलोन | ९८ | ९५ | | २१२ |
| २११ | फकल्यान्ड टापू | ८३ | अप्राप्त | | २१० |
| २१२ | मकाओ | ७८ | ७७ | | २११ |
| २१३ | मोन्टसेराट | ४५ | ४३ | १ | २१३ |
| २१४ | भेटिकन सिटी | २७ | २७ | | २१४ |
| २१५ | सोलोमन टापू | २४ | २० | | २१५ |
| २१६ | पश्चिमी सहारा | १० | ८ | १ | २१६ |
| २१७ | पलाउ | १० | ८ | | २१८ |
| २१८ | एमएस जान्डाम | ९ | ७ | २ | २१७ |
| २१९ | भनौतु | ७ | ६ | १ | २१९ |
| २२० | मार्शल टापू | ४ | ४ | | २२० |
| २२१ | समोआ | ३ | ३ | | २२१ |
| २२२ | सेन्ट हेलेना | २ | २ | | २२२ |
| २२३ | माइक्रोनेसिया | १ | १ | | २२३ |
| २२४ | टोंगा | १ | १ | | २२४ |
| | जम्मा | २८४,९४१,०६७ | २५३,६०२,८४४ | ५,४३८,९४९ | |
| | मार्ग १५ सम्म जम्मा | २६३,०५७,४७० | २३७,५८४,७४३ | ५,२३३,३४८ | |
| स्रोत | WORLDOMETERE | मिति : २०७८।०९।१५, समय : ११:४५ (GMT 06:00) | | | |

# हाम्रो स्वास्थ्य

## तपाईँको तौल कति हुनुपर्छ ?

– डा. विजय खड्का



स्वस्थ व्यक्तिहरूमा आफ्नो आइडिएल तौल कति हुनुपर्छ भन्ने जिज्ञासा सबैमा हुनसक्छ । तर व्यक्तिको तौल यति नै हुनुपर्ने भन्ने हुँदैन । यो धेरै कुराहरू जस्तैः व्यक्तिको उमेर, उचाइ, लिङ, शरीरको बनावट, मांसपेशी र बोसोका मात्रा आदि कुराहरूमा भर पर्छ । तौल धेरै वा थोरै हुनु भनेको कुनै रोगको कारक वा सङ्केत हुनसक्छ ।

तौल धेरै हुनु वा थोरै हुनु थाइराइड, आमाशय (प्यांक्रियाज) वा अरू कुनै इन्डोक्राइन ग्रन्थीको समस्याले हुनसक्छ ।

तौल धेरै भयो भने मधुमेह, उच्च रक्तचाप, स्ट्रोक, हृदयघात आदि रोग हुने सम्भावना धेरै हुन्छ ।

त्यस्तै तौल कम हुनुले भिटामीनहरूको कमी, हड्डीमा कमजोरी, रक्तअल्पता, रोगसँग लड्ने क्षमतामा कमी, शारीरिक विकासमा कमी आदि समस्याहरू देखिनसक्छ ।

निम्नि लिखित तरीकाहरूबाट आफ्नो शरीरको आइडिएल तौल थाहा पाउन सकिन्छ ।

**१. बडीमास इन्डेक्स (बिएमआइ)**

यो सामान्यतया प्रयोगमा आउने विधि हो । यसले व्यक्तिको उचाइको आधारमा तौलको मापन गर्दछ । बिएमआई (BMI= Body Mass Index) निकाल्ने उपाय भनेको शरीरको तौललाई उक्त व्यक्तिको उचाइ (मिटरमा) को दुई गुणाले भाग गर्ने हो । अर्थात बिएमआई = तौल केजी/उचाइ मिटर स्क्वाएर ।

$$BMI = \frac{weight\ (kg)}{height\ (m)^2}$$

विश्व स्वास्थ्य सङ्गठनका अनुसार बिएमआइ १८.५ देखि २४.९ सम्म रहेकालाई स्वस्थ । १८.५ भन्दा तल भएमा तौलमा कमी । बिएमआइ १६ भन्दा तल भएमा तौलमा धेरै नै कमी भएको अवस्था हो ।

यस्तै बिएमआइ २५ देखि ३० सम्म भएमा मोटो, ३० देखि ३५ सम्म मध्यम मोटो र ३५ देखि ४० सम्म भएमा धेरै नै मोटो अवस्था हो ।

तर दक्षिणपूर्वी एसियाली मुलुकहरूमा बिएमआई २२ दशमलब ९ सम्मलाई मात्र स्वस्थमा राखिन्छ ।

बिएमआइले व्यक्तिको उचाइको आधारमा मात्र तौलको मापन गर्दछ । यसले व्यक्तिको कम्मर अथवा हिपको मापन, शरीरमा मांसपेशी र बोसोको मात्रा आदि कुराहरूलाई महत्त्व दिँदैन । त्यसैले मानिसले यो विधिको प्रयोगबाट मात्र आफ्नो तौल ठिक छ वा छैन भन्ने निर्णय गर्नुहुँदैन ।

**२. कम्मर र हिपको अनुपात**

यस विधिमा कम्मर र हिपको मापन लिने, तिनको अनुपात निकाल्ने र त्यसको आधारमा स्वास्थ्य स्थितिको जानकारी लिने गरिन्छ । धेरै अध्ययनहरूमा के देखिएको छ भने जुन मानिसको शरीरको बीच भागमा धेरै बोसो जम्मा भएको हुन्छ । तिनीहरूमा मुटु, रक्तनलीमा समस्या देखिने सम्भावना धेरै हुन्छ ।

यसमा आफ्नो कम्मरको सबैभन्दा सानो भाग नाप्ने अनि हिपको सबैभन्दा ठूलो भाग नाप्ने र त्यसको अनुपात निकाल्ने ।

**पुरुष** < ०.९ कम जोखिम, ०.९–०.९९ मध्यम जोखिम, > १ धेरै जोखिम ।

**महिला** < ०.८ कम जोखिम, ०.८–०.८९ मध्यम जोखिम, > ०.९ धेरै जोखिम

**३. कम्मर र उचाइको अनुपात**

कम्मरको सबैभन्दा सानो भागको मापन गर्ने र व्यक्तिको उचाइको अनुपात निकाल्ने । यदि अनुपात ०.४ वा कम छ भने व्यक्ति स्वस्थ मानिन्छ । यदि ०.५ भन्दा धेरै भएमा व्यक्तिमा मोटोपना भएको बुझिन्छ ।

उदाहरणका लागि–

उचाइ ५ फिट ४ इन्च = १६२.५ सेमि

कम्मर ३३ इन्च = ८८ सेमि

अनुपात ४/१६२.५ = ०.५१ > ०.५

यस व्यक्तिमा मोटोपना भएको जानकारी दिन्छ ।

**४. शरीरमा बोसोको मात्रा**

सामान्यतया स्वास्थ्यकर्मीले व्यक्तिको तिघ्रा, पेट, छाती (पुरुष) पाखुरा (महिला) मा एक किसिमको औजार प्रयोग गरेर छाला र त्यस मुनिको बोसोलाई च्यापेर

शरीरमा बोसोको मात्राको मापन गर्दछ ।

**पुरुष–**

स्वस्थ १४–१७ प्रतिशत

सन्तोषजनक १८–२५ प्रतिशत

मोटो २६–३७ प्रतिशत

धेरै मोटो >३८ प्रतिशत

**महिला –**

स्वस्थ २१–२४ प्रतिशत

सन्तोषजनक २५–३१ प्रतिशत

मोटो ३२–४१ प्रतिशत

धेरै मोटो >४२ प्रतिशत

**५. ब्रोका इन्डेक्स**

यो सबैभन्दा सजिलो तरिका हो । यसमा व्यक्तिको उचाइलाई १०० अङ्कले घटाउने र आउने अङ्क भनेको त्यस व्यक्तिको स्वस्थ तौलको माथिल्लो दायरा निर्धारण गर्दछ । यदि कसैको तौल त्यो अङ्कभन्दा धेरै छ भने त्यस व्यक्तिमा मोटोपना छ भन्ने बुझिन्छ ।

उदाहरण–

उचाइ ५ फिट ४ इन्च = १६२.५ सेमि


१६२.५ – १०० = ६२.५

६२.५ सम्मको तौल = स्वस्थ

> ६२.५ मोटोपना

(फिजिसियन डा. खड्का नेसनल कार्डियो सेन्टर बसुन्धारामा कार्यरत छन् ।)

(स्वास्थ्यखबर, असार, २०७८ बाट)




केटाकेटीको लागि

# कालिदास र सरस्वती

कालिदास एकपटक भ्रमणको क्रममा एउटा गाउँ पुगे । उनी एकदमै तिर्खाएका थिए । एउटा घरको ढोकामा पुगेर उनले पानी मागे । ढोकामा उभिएकी एक युवती र ज्ञान हासिल गरेर चर्चित भइसकेका कालिदासको बीच रोचक संवाद भयो ।

कालिदास : कृपया, पानी दिएर पुण्य कमाउनुहोस् ।

युवती : मैले तपाईँलाई चिनेकै छैन । पहिला आफ्नो परिचय दिनुहोस् । म अवश्य पानी दिनेछु ।

कालिदास : म पाहुना हुँ, कृपया पानी दिनुहोस् ।

युवती : तपाइँ कसरी पाहुना ? संसारमा त दुईवटा कुरा मात्र पाहुना हुन्छन् । एउटा धन र अर्को यौवन । यिनीहरु आउन र जानमा समय लाग्दैन । सत्य कुरा भन्नु होस्, खासमा तपाइँ को हुनुहुन्छ ? (तर्क दिँदादिँदा हैरान भएका उनी अलि हताश भइसकेका थिए)

कालिदास : म सहनशील हुँ । अब पानी दिनुहोस् ।

युवती : होइन, सहनशील दुई मात्र हुन्छन् । पहिलो, पृथ्वी जसले पापी र धर्मात्मा सबैलाई बोकेकी हुन्छिन् । उनको छाती चिरेर बिउ रोप्नेलाई पनि फल दिन्छिन् । अर्को सहनशील हो वृक्ष जसले ढुङ्गाले हान्दा पनि फल दिन्छ । तपाई सहनशील होइन । साँचो कुरा बताउनुहोस् । (कालिदास लगभग तनावपूर्ण अवस्थामा पुगिसकेका थिए । थप तर्क गर्न थाले)

कालिदास : त्यसो भए म मूर्ख हुँ ।

युवती : होइन, तिमी मूर्ख कसरी हुन सक्छौ । मूर्ख त दुई हुन्छन्– पहिलो, राजा जसले आफ्नो अयोग्यताको बावजुद पनि योग्यहरूमाथि शासन गर्छन् र अर्को मूर्ख दरबारका पण्डित हुन् जसले राजालाई खुसी बनाउन गलत तर्क गरेर पनि झूटलाई सही सावित गर्न खोज्छन् । (केही पनि बोल्न नसकेपछि कालिदास युवतीको पाउ परेर पानी माग्न थाले)

युवतीः उठ्नुहोस् महानुभाव ! (आवाज सुनेर कालिदासले माथि हेर्दा त उनी साक्षात् सरस्वती रहिछिन्, अनि कालिदास झन नतमस्तक भए)

सरस्वतीले भनिन्– शिक्षाबाट ज्ञान हासिल गर्नुपर्छ न कि अहंकार । तपाईंले शिक्षाको बलबाट प्राप्त गर्नुभएको मान र प्रतिष्ठालाई नै आफ्नो उपलब्धि मान्नुभयो र घमण्ड गर्नुभयो । यसकारण तपाइँको तेस्रो नेत्र खोल्न म यहाँ आएकी हुँ ।

कालिदासले आफ्नो गल्ती महसुस गरे र टन्न पानी पिएर फर्किए ।


शिक्षाः विद्वत्तामाथि कहिल्यै घमण्ड नगर्नुहोस् । यही घमण्डले तपाइँको विद्वत्ता नष्ट गरिदिनेछ ।

(सङ्कलनः अज्ञात/इन्टरनेट)

इतिहासको पानाबाट


# २००६ सालको नगरपञ्चायत ऐन

शहरहरू सफा सुघर गरी राख्नालाई खडा भैरहेको शहर काठमाडौंमा छुट्टै सफाई अड्डा र ललितपुर, भक्तपुर शहरमा सोही शहरका छेभडेल अड्डाले सडक गल्ली सफा गर्ने कामसम्म भएको र दुनियाँहरूका घर चोक सफा गर्न लाउने इन्तिजाम हुन नसकेको र दुनियाँका घर घरका चोक चर्पीहरू पनि दस्तुर माफिक सफा नरही मैला फोहरसमेत भएको हुनाले सो सबै सफा सुघर हुन गई दुनियाँहरूलाई आरोग्य र सुविस्ता रहोस् भन्नाका निमित दस्तुरमाफिक सफा सुघर राख्नलाई दुनियाँका घर चोकमा घरका धनीले नै बनाउन सक्ने कति, घरको धनीले बनाउन नसकी सरकारतर्फबाट खर्च लगाई बनाउनु पर्ने भएको कति हुन्छ त्यसको समेत इन्तिजाम गरी म्यूनिसिपल्टीको रुलबमोजिम काम गर्नालाई शहर काठमाडौंमा पहिले भोटाहिटीदेखि काम उठान गर्ने गरी भोटाहिटी टोलमा ७ जना भलादमी मेम्वर मुकर्रर गरी मुकर्रर भएको मेम्बरहरू र सरकारतर्फबाट रहेको चेयरम्यान, भाइस चेयरम्यान, इन्जिनीयर म्यूनिसिपल्टीका हाकिमसमेत बसी रोज छलफल गरी राय मिलाई म्यूनिसिपल्टीका रुलबमोजिम काम चलाउने सफा सुघर राख्ने गर्नालाई संवत् १९७६ सालदेखि शहर सफाई अड्डासमेत म्यूनिसिपलको मातहतमा राखी काम गर्न गराउने गरी म्यूनिसिपल्टी अफिस खडा भएकोमा सो म्यूनिसिपलबाट पूरा तवरसँग राम्रो हिसाबसँग काम हुन नसकेकोले साबिक ठेकी रहेको खर्चमा सालबसाल साल १ मा ५० हजारसम्म सरकारतर्फबाट खर्च गर्ने र भैरहेको थपघट गर्नुपर्ने सवाल सनद घटबढ गरी दुनियाँले छानी मुकर्रर गरेको दुनियाँतर्फको भोटाहिटी टोल ४ भाग गरी हरएक भागका घरहरूका रैतीहरूले उनै भागका घरवाला मध्येका छानिएका ४ जना भोटाहिटीबाहेक अरु म्यूनिसिपल्टीका हदभित्रका टोलका रैतीहरूले छानेको ५ समेत रैतीको तर्फबाट छानिएको मेम्बर ९ जना र सरकारतर्फबाट मुकर्रर भएको जागीरदार ९ समेत सामेल राखी चेरयम्यान, भाईसचेयरम्यान समेत बसी म्यूनिसिपल्टी विषय गर्नुपर्ने बन्दोबस्ती काम कुरामा मिटिङ गरी राय नमिली फरक परे धेरै जनाको जुन राय हुन्छ सोही राय र फरक भएमा मेम्वरहरूको संख्या बराबर हुन आए चेयरम्यानको राय जतातिर हुन आउँछ सोही राय कायम गरी सवाल सनदबमोजिम काम गर्ने विषय १९७९ सालमा सवाल सनद भएकोमा पनि दुनियाँको तर्फबाट चुनेका मेम्बरहरू कुनैले मन्जूरै नगरेको मंजूर गरेका मेम्बरहरू छलफल गर्नुपर्ने भएका बखत आई मनलगाई छलफल नगर्ने गरेकोबाट म्यूनिसिपल्टीको काम रुलबमोजिम राम्रो हिसाबसँग चल्न नसकेकोबाट संवत् २००४ साल ज्येष्ट ३ गतेका दिन भएका भाषणबमोजिम काठमाडौं म्यूनिसिपल्टीमा दुनियाँले छानेका २१ सदस्य र निजहरूको मद्दत निमित्त सरकारतर्फबाट नियुक्त हुने १० समेत जम्मा ३१ सदस्यहरू मुकर्रर गरी म्यूनिसिपल्का सभापति सरकारतर्फबाट मुकर्रर भएको र निर्वाचित सदस्यहरूबाट चुनिएको उपसभापति भै म्यूनिसिपल्टीको कामलाई निकासा भैरहेको खर्चबाट म्यूनिसिपल्टीसम्बन्धी काममा भैरहको सवाल सनदबमोजिम सदस्यहरूको सल्लाह ली म्यूनिसिपल्टीले गर्नुपर्ने काम चलाई सुचारु हिसावसँग चलाउन निमित्त चाहिने अखतियारी र त्यससम्बन्धीको नियमसमेत सदस्यहरूबाट तयार गराई जाहेर गर्नु भन्ने २००४ साल आषाढमा म्यूनिसिपल्टी अफिसरका नाउँमा सनद गरिबक्सेकोमा लेखिएबमोजिम दुनियाँतर्फबाट छानिएका सदस्यहरू र सरकारतर्फबाट मुकर्रर भएको अफिसरहरूसमेत भै छलफल गरी केही दिन काम चली आइसकेपछि दुनियाँतर्फबाट छानिएका सदस्यहरूले सदस्य भै काम गर्नामा मन्जूर नगरी धेरै जनाले राजीनामा गरेकोबाट म्यूनिसिपल्टीको काम रोकिएको र म्यूनिसिपल्टीको काम ऐलेसम्म




(राणा शासनको अन्तिम समयतिर अर्थात् २००६ साल चैत्र २७ गते जारी गरेको र २००७ सालमा मुद्रित **'नगरपञ्चायत ऐन'** स्थानीय तहको विकासबारे तुलनात्मक अध्ययन गर्नेलगायतका पाठकहरूको जानकारीको लागि यस अङ्कदेखि त्यो बेलाकै भाषा र शैलीमा क्रमशः प्रकाशित गरिएको छ–'भक्तपुर')

राम्रो हिसावसँग चल्न नसकी दुनियाँलाई दुःख पीर परेको बेहोरा सरकारमा जाहेर भएको हुनाले सो ४ सालमा भएका खड्गनिशानाबमोजिम नगर्ने गरी अरु काम कुनै अवस्थामा पनि नरोकी सरासर चल्ने गर्नालाई के बन्दोबस्त गर्नुपर्ला तजबीज गरी जाहेर गर्नु भन्ने हुकुम बक्सेबमोजिम वैधानिक समितिबाट तर्जुमा गरी जाहेर गरेको मुकर्रर भएका अफिसर हाकिमका कमेटीसमेत राखी श्री मिनिष्टर याण्ड कम्याण्डर इनचीफ, प.क.ज., पू.क.ज. अरु जनरलहरू र नायब वडा गुरुज्यूसमेत भै जाहेर भएकोबाट नगरपञ्चायतको सभामा खटिएका र चुनिएका सदस्यहरू मध्ये २ खण्डको १ खण्ड जम्मा हुनैपर्ने नियम लेखिएकोले सो बमोजिममा अरु चुनिएका सदस्य आएनन् राजीनामा गरे पनि लेखिएबमोजिम भएका सदस्यहरूबाट काम चलाउन पाउने भै काम नरोकिने भएको बेहोरा जाहेर भएको हामीबाट पनि सदर गरिबक्सेको नगरपञ्चायतको तपसीलबमोजिमको ऐन हाम्रा नेपाल राज्यभर मुलुकमा जारी गर्ने गरिबक्सेको छ ।


नगरपञ्चायत

शहरहरू सफा सुघर गरी राख्नालाई छुट्टा भैरहेको शहर काठमाडौंमा छुट्टै सफाई अड्डा र ललितपुर भक्तपुर शहरमा सोही शहरका [illegible] अड्डाले सडक गल्ली [illegible] गर्ने कामसम्म भएको र दुनियाँहरूका घर चोक सफा गर्ने [illegible] इन्तिजाम हुन नसकेको र दुनियाँका घर घरका [illegible] पनि दस्तुर-माफिक सफा नरही मैला फोहरसमेत भएको हुनाले सो सबै सफा सुघर हुन गई दुनियाँहरूलाई आरोग्य र सुविस्ता रहोस् भन्नाका निमित्त दस्तुरमाफिक सफा सुघर राख्नलाई दुनियाँका घर चोकमा घरका धनीले बनाउन सक्ने कति, घरको धनीले बनाउन नसकी सरकारतर्फबाट खर्च लगाई बनाउनु पर्ने भएको कति हुन्छ त्यसको समेत इन्तिजाम गरी म्यूनिसिपल्टीको रूलबमोजिम काम गर्नालाई शहर काठमाडौंमा पहिले भोटाहिटीदेखि काम थालन गर्ने गरी भोटाहिटी टोलका ७ जना भलादमी मेम्बर मुकर्रर गरी मुकर्रर भएको मेम्बरहरू र सरकारतर्फबाट रहेको चेयरम्यान भाइस चेयरम्यान इन्जिनीयर म्यूनिसिपल्टीका हाकिमसमेत बसी रोज छलफल गरी राय मिलाई म्यूनिसिपल्टीका रूलबमोजिम काम चलाउने सफा सुघर राख्ने गर्नालाई संवत १९७६ सालदेखि शहर सफाई अड्डासमेत म्यूनिसिपलको मातहतमा राखी काम गर्ने गराउने गरी म्यूनिसिपल्टी कायम भएकोमा सो म्यूनिसिपलबाट पूरा तवरसँग राम्रो हिसाबसँग काम हुन नसकेकोले साबिक ठेगी रहेको खर्चमा सालबसाल साल १ मा ५० हजारसम्म सरकारतर्फबाट खर्च गर्ने र गैरहेको घटबढ गर्नुपर्ने सवाल सनद बन्दोबस्त गरी दुनियाँले छानी मुकर्रर गरेको दुनियाँतर्फको भोटाहिटी टोल ४ भाग गरी हरेक भागका घरहरूका रैतीहरूले छान्ने भागका घरवालामध्येका छानि-

### तपसील

## नगरपञ्चायत ऐन

१. **(क)** यो ऐनको नाम नेपाल राज्य नगर पञ्चायती ऐन हुनेछ ।

**(ख)** सदर तालुक अड्डाबाट ऐनबमोजिमको काम गराउनलाई सनद इश्तिहार अखबारमा नियम जारी हुनेछ ।

(ग) आवश्यक परेमा सदर तालुक अड्डाले नियमहरू अदलबदल थप घट पनि गर्न सक्छ ।

## नगरपञ्चायतको स्थापना र विधान

२. **(क)** ३० हजार वा सो भन्दा बढी जनसंख्या भएको नगर या शहरमा नगरपञ्चायत खडा हुनेछ ।

**(ख)** सो नगरपञ्चायत खडा गर्दा हद सीमाना र नामसमेत तोकी सबैलाई थाहा दिना निमित्त सरकारबाट इश्तिहार जारी हुनेछ । तर आवश्यक परेमा जुनसुकै बखतमा पनि सरकारको तजवीजबाट वा नगरपञ्चायत वा नगरका बासिन्दाहरूले कारण देखाई सदर तालुक अड्डामा जाहेर गरेमा मनासिव देखिन आयो भने नगरपञ्चायतको इलाका थपघट पनि हुन सक्दछ । सो थपघट भएका माथि लखिएबमोजिम इश्तिहार जारी हुनेछ ।

३. इश्तिहारमा तोकिएबमोजिको प्रत्येक नगरपञ्चायत एक संस्था मानिनेछ । हरेक नगरपञ्चायतले आफ्नू आफ्नू छुट्टै छाप कटाई राख्नुपर्छ । त्यसले ऐ सवाल कानूनबमोजिम आफ्नो अखत्यारभित्र काम गर्नुपर्छ । संस्थाको हितको निमित्त चल अचल सम्पत्तिको किन बेच गर्न दान दातव्य लिन दिन आफ्नु धन ज्यथाको उचित प्रबन्ध गर्न र ठेक्कासमेत लिन दिन सक्छ । सो संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न पाउँछ । निजउपर पनि व्यक्ति सरह नालिस उजुर लाग्न सक्छ ।

४. कुनै नगरपञ्चायतमा कुनै गाउँ पञ्चायत गाभिन आयो भने सो गाउँपञ्चायतको धन ऋण जेथा आमदानी जुन नगरपञ्चायतमा गाभिन गएको हो सोही नगरपञ्चायतको धन ऋण जेथा आमदानी ठहर्छ सो गाउँ पञ्चायतले गर्नुपर्ने काम वा खर्च सोही नगरपञ्चायतले गर्नुपर्छ ।

५. कुनै नगरपञ्चायतले राम्रो काम गर्न नसकेमा वा अरु कुनै कारणले केही समयको लागि त्यसलाई स्थगित गर्न परेमा त्यसको धन जेथा ऋण सरकारबाट लिई सो नगरपञ्चायतले गर्नुपर्ने काम कार्रवाई पनि सरकारैबाट गरिनेछ ।

६. नगरपञ्चायतको इलाकाभित्र बस्ने २१ वर्ष या सो भन्दा बढी उमेर पुगेका मताधिकारीको लिष्टमा नाम दरिएका सबै सरहदिया रैथानी बासिन्दाले सो नगरपञ्चायतको चुनावमा सदस्य छान्न पाउनेछन् ।


**नोटः** नगरपञ्चायतको इलाकाभित्र वर्ष दिन बसेकालाई त्यहाँको रैथानी बासिन्दा मान्नू ।

७. **(क)** २५ वर्ष वा सो भन्दा बढी उमेर पुगेका लेखपढ गर्न सक्ने नगरपञ्चायतको इलाकाभित्र घरबार जग्गाजमीन भएका र सो नगरपञ्चायतको मताधिकारीको नामावलीमा नाम दरिएका मात्र सदस्य चुनिनेछन् ।

**(ख)** नगरपञ्चायतका हरेक सदस्य र कर्मचारीले आफ्नु पदमा बहाल गर्नु भन्दा अघि नगरपञ्चायतका बैठकमा ऐन सवाल मुताविक तल दिएबमोजिमको धर्म भाक्नुपर्छ ।

*– ईश्वर र नेपाल सरकारलाई शिरमा राखी इमान धर्म संझी कसैको पक्षपात नगरी काम गरुंला ।*

**(क्रमशः)**



Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 67

## CHAPTER XXVII...

In this instance, the King’s daughter only remained one day and night at Thappatalli with her husband, and then returned to the Palace, but this was an exception to the usual rule.

A few days afterwards, Jang was married to the youngest sister of Fateh Jang Sah Chautria, who was murdered at the Kot in 1847.

She and her elder brother and their mother had been residing in exile at Bettiah since the massacre, but these were allowed to return to Nipal in the spring of this year; the son was given the rank and the jagir of a Kaji; and the girl, aged twenty- three, married to Jang as a further means of cementing the close family alliance between the Minister and the Royal Family. At this wedding Jang took the kalas in procession to the bride’s house, where the wedding was celebrated with great feasting, &c.; but the bride, as usual, remained for the night with her own family. The next day Jang brought her back to Thappatalli, where she remained for good.

The kalas is only used by the Gorkhas and not by the Niwars, either Hindu or Buddhist, at weddings. It is, however, used by Niwars on other occasions, as of making or confirming a priest. It is considered a most sacred object, and no one is allowed to touch it; puja is made to it. The carrying it, and receiving the fee for doing so, is the perquisite of the female who has been longest in the family of the bridegroom. In a royal wedding she receives one hundred rupees; poorer people give from three to five rupees as an average. In some few cases lately, certain wealthy Hindu Niwars (as Siddimah Subah, also the Fat Darbar Munshi) have been allowed to carry the kalas at their recent weddings, but it has been conferred on them by the State as a privilege; they have in fact, on payment of a fee, been raised (?) from the rank of Niwar to that of Parbattiah.

### THE BRIDE'S DOWRY

On occasion of this wedding, the bride, as eldest daughter of the King, received as dowry the results of a “capitation tax” on the inhabitants of the valley and neighbouring districts. This tax was sold by Jang to a Niwar at Patni, who paid 2,70,000 rupees, or £27,000, cash to him for it, all raised above that sum being the Niwar’ s profit; the tax was expected to realize about three lakhs altogether. On the marriage of the eldest princess, it is always customary to levy a capitation tax in order to raise her dowry, but this is not done with the younger princesses, their dowry being paid cash from the Government Treasury.

May 22nd. — The Embassy which had left Nipal in 1852 for Pekin with the quinquennial tribute from the Nipalese to the Chinese Government, arrived at Balaji under the charge of Bhim Sen Rana, Lieutenant; all the other Sirdars who started with it from Nipal died on the road to or from China. The mission, especially during its return, had been treated very unceremoniously by the Chinese authorities along the road they had to traverse — coolies were not provided regularly nor provisions either. Many of their followers were beaten or otherwise maltreated, and all claims for redress disregarded. Every obstacle was thrown in their way, in consequence of which treatment the whole trip, which ought not to have exceeded eighteen months, was protracted till near two years.

On their arrival at Nayakot, all the members of the Mission received back their caste by a written order from the Guru; they had to pay certain fees and perform certain ceremonies for a prescribed number of days. They brought back with them about one hundred China and Pumi ponies. They halted a day or two at Balaji till they had an audience of the Minister, on which occasion the Lieutenant and his companions were all dressed in silk robes and sable caps given them at Pekin by the Celestial Emperor. They brought back a letter from the Emperor of China to the King of Nipal, which was presented to the King in full Darbar, with a salute of twenty-one guns.

May 24th. — Salute of twenty-four guns fired in honour of the Queen’s birthday.

## PREPARATIONS FOR ATTACK ON TIBET

The greater part of this year was occupied by the Darbar in making extensive preparations for their projected invasion of Tibet. The following were the causes which led to the quarrel between the Nipalese and the Tibetans. For several years past the Nipalese had had many causes of complaint against the Tibetan authorities at Lhassa. Niwar and Kashmiri merchants, and other subjects of Nipal resident at Lhassa, had in various ways been maltreated, and all their applications for justice or redress had been disregarded. Blood even had been shed in more cases than one, but still the Tibetan authorities had uniformly turned a deaf ear to every remonstrance that was made to them, either by the Nipalese Vakil on the spot, or by letters from the Darbar officially sent to them from Kathmandu.

The Darbar, finding that their remonstrances to the Tibetan Kajis were unattended to, addressed the Chinese Ambah, and requested his interference to obtain for them reparation for the injuries received by their subjects at Lhassa, as well as the punishment of such Tibetans or Chinese as should be proved to have committed offences against the persons or property of subjects of Nipal resident in or passing through Lhassa.

These applications from the Darbar were treated with silent contempt. The Nipalese then sent petitions, containing a full statement of their grievances, to the Ambah, requesting him to transmit them to his imperial master at Pekin, but still the Darbar did not obtain either an answer to their remonstrance, or even any acknowledgment of their letters having been received.

While the feelings of the Nipalese were naturally irritated by these continual slights, they heard of the maltreatment of their embassy on its return from Pekin, and of its detention at Lhassa in consequence of the local authorities having thrown obstacles in the way of its advance by seizing and imprisoning some of its followers, as well as by refusing to supply the Mission with the requisite carriage and provisions.

This appears to have decided the Darbar to give up further remonstrances, and to adopt such decisive measures as would at once revenge their own wounded pride and obtain ample redress for the many insults and injuries inflicted on their subjects.

With this object they determined on seizing all that portion of Tibet which lies to the south of the Kerang and Kuti passes, and which extends from the snowy range to the mountains which are immediately to the north of the valley of Nipal.

This district originally belonged to the Nipalese, but in 1792, when the Chinese army invaded Nipal, the Botya inhabitants of these mountains threw off their allegiance to the Grorkhas and joined the invaders, and these wild regions have ever since been annexed to Tibet, and as such have formed part of the Chinese Empire.*

The present appeared to the Darbar a favourable opportunity for recovering their former territory, and at the same time for revenging themselves on the Tibetans for the numerous insults and injuries which they and their subjects had sustained through a long series of years.

The Darbar was encouraged in this design by knowing the straits to which the Emperor of China was reduced in the contest with his rebellious subjects under Tientch, and they calculated on this rebel- lion for keeping the Chinese army so well employed in the neighbourhood of the capital, that they would not be able to afford any material assistance in repelling attacks on their territory in so distant a quarter as Tibet. Anticipating the success of the rebels under Tientch, and the consequent downfall of the Manchu dynasty, the Darbar determined to take ad- vantage of the anarchy and confusion attending this civil war, not only to throw off the yoke of allegiance to China which had long been galling to their pride, but, by seizing and permanently annexing to Nipal a considerable portion of Tibet, to be beforehand in appropriating their share of the plunder which would follow the probable break-up of the present Celestial Empire.

For this purpose, the army was this year largely increased by raising several new regiments; numbers of new guns and mortars were cast, thousands of new muskets were manufactured, and the whole department of the artillery was brought into a state of efficiency for active service.

* They were given over to the authorities of Lhassa by the Chinese, as a grant for the benefit of Buddhist temples and the support of Buddhist monasteries in Tibet.

(To be continued)

सम्पादकको पृष्ठ

# पुनर्जीवित हुँदै भक्तपुर लायक्

आधा विश्वको भ्रमण गरे बराबर रहेको भक्तपुरको लायक्‌लाई ७२ सालको भूकम्पले ठूलो क्षति पुऱ्याएको थियो, विरूप बनाएको थियो। तर अहिले यसले आफ्नो पूर्व स्वरूप झन्डै पुनः कायम गरिसकेको छ। नृत्य वत्सला मन्दिर, ताहा फल्चा, लायक् प्रवेशद्वार, फसी देगः, केदारनाथ मन्दिरलगायत पुनः निर्माण गर्नुका साथै भण्डारखालको दरबारलाई पुरानै स्वरूप दिइएको छ। न्हयकं झ्यः दरबार, नपाको पुरानो भवनबाहेक लायक्‌ले पुनर्जीवन पाएको छ। अर्को शब्दमा भक्तपुर नपाले भूकम्पको विनाशलाई पुनः निर्माणमा परिणत गर्न सफल भएको छ।

लायक्‌को शान र शोभा बनेको नृत्य वत्सला मन्दिरको पुनः निर्माणपश्चात् हालै उद्‌घाटन सम्पन्न भएको छ। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले एक भव्य समारोहबीच रिबन काटेर पुस १० गते नृत्य वत्सला मन्दिरको उद्‌घाटन गर्नुभयो। सोही समारोहमा उहाँले 'नृत्य वत्सला मन्दिर पुनःनिर्माण २०७८' पुस्तक पनि सार्वजनिक गर्नुभयो।

भक्तपुर नपाले नृत्य वत्सला मन्दिरको पुनःनिर्माण कार्य मौलिक शैलीमा गरेको छ। परम्परागत निर्माण प्रविधिमा प्राविधिकहरूको सल्लाहबमोजिम परिमार्जन पनि गरेको छ। ढुङ्गाको यस मन्दिर हरेक ठूला भूकम्पमा भत्केको इतिहास छ। त्यसको न्यूनीकरणको लागि बाहिरी ढुङ्गाको गारोको भित्रबाट काठका खम्बाहरूलाई काठकै कैंची र दलीन राखी परम्परागत निर्माण प्रविधिलाई विकसित र पुनः निर्माणलाई सबलीकरण गरिएको छ। यस प्रविधिलाई पुरातत्त्व विभागले फसीदेगःको पुनः निर्माणमा पनि प्रयोग गरेको छ। यसरी परम्परागत मौलिक निर्माण प्रविधि परिमार्जित र विकसित हुनु नयाँ उपलब्धि भएको छ।

सम्पदाको पुनः निर्माणसँगै त्यससम्बन्धी विवरण समेटेर पुस्तक प्रकाशित गर्ने परम्परा पनि भक्तपुर नपाले बसालेको छ। भैरवनाथ मन्दिर, ङातापोल्हँ मन्दिरको जीर्णोद्धारमा झैं भक्तपुर नपाले यस मन्दिरको पुनः निर्माणबारे पनि ऐतिहासिक, पुरातात्त्विक, प्राविधिकसँगै नीतिगत, आर्थिक पक्षसमेत समावेश गरेर 'नृत्य वत्सला मन्दिर पुनः निर्माण २०७८' पुस्तक प्रकाशन गरेको छ। यसबाट अध्येता र अनुसन्धाताहरूलगायतलाई नृत्य वत्सलाको मूर्त र अमूर्त दुवै पक्षबाट अवगत गराएको छ। यसका साथै 'सदाचारको टापू' संज्ञा पाएको भक्तपुर नपाले आर्थिक पारदर्शीताको परम्परालाई निरन्तरता दिएको छ। यसबाट ठेकेदारीबाट भन्दा उपभोक्ता समितिबाट हुने निर्माण र पुनःनिर्माणमा जनताको अपनत्व, सबलीकरणको साथै सस्तो भएको तथ्य बुझ्न पाठकहरूलाई सजिलो भएको छ।

विश्व सम्पदा सूचीमा सूचिकृत विश्व प्रसिद्ध भक्तपुरको लायक् क्षेत्रलाई पूर्ण पुनर्जीवित गर्न क्षतिग्रस्त भवनहरूको पुनः निर्माणमा छिट्टै सफलता मिलोस् सम्पदा प्रेमीहरूले यही आशा र अपेक्षा गरेका छन्।

## तस्बीरमा केही गतिविधि




भक्तपुर नगरपालिकाले ७२ औं स्थापना दिवस नेमकिपाका सचिव एवम् सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा समसामयिक विषयमा प्रवचन कार्यक्रमको आयोजना गरी मनायो । (पुस २ गते)




नेमकिपाका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा नेपाल कर्मचारी समाज केन्द्रीय समितिले आयोजना गरेको देशघाती एमसीसी सम्झौताबाट हुने दीर्घकालीन असरबारे कार्यक्रम (मङ्सिर २४ गते)




भक्तपुर नपा प्रमुख सुनिल प्रजापतिले आदर निकेतन भवन बनाउन अँचापोखरी परिसरमा शिलान्यास गर्नुभयो (मङ्सिर २४ गते)




भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीबाट वडा नं.७ हनुमानघाटस्थित खोह दीपमा निर्माण गरिने सुधारिएको शवदाह गृहको शिलान्यास (मङ्सिर २७ गते)

## तस्वीरमा केही गतिविधि







भक्तपुर नपा प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा 'नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०७८'को उद्घाटनअघि विभिन्न ७१ विद्यालयका शिक्षक, विद्यार्थी, खेलकुद संस्थाहरूका पदाधिकारी, विभिन्न बाजा टोलीहरूलगायत खेलप्रेमीहरूको सहभागिता रहेको र्‍याली । (मङ्सिर २० गते)






भक्तपुर नगरपालिकाको आयोजनामा ३० औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा अपाङ्गता भएकाहरूको खेलकुद प्रतियोगिता तथा स्वास्थ्य शिविर । (मङ्सिर १८ गते)

## तस्वीरमा केही गतिविधि



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति १८ औं महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका दिवसमा सम्बोधन गर्नुहुँदै । उक्त अवसरमा भक्तपुर नपाका ३ जना स्वयमसेविकाहरूलाई नगद पुरस्कारसहित सम्मानपत्र प्रदान गरिएको थियो । (मङ्सिर १९ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भनपाद्वारा आयोजित लैङ्गिक हिंसाविरूद्धको १६ दिने अभियानमा प्रवचन कार्यक्रम । (मङ्सिर १९ गते)




भक्तपुर नपा प्रमुख सुनिल प्रजापति वडा नं. १ बाट आयोजित नि:शुल्क दन्त शिविर तथा पाठेघर र स्तन क्यान्सर रोग परीक्षण शिविरमा । (पुस १० गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग राष्ट्रिय योजना आयोगका सदस्य डा. रामकुमार फुयालको भेट । (पुस ९ गते)

## तस्वीरमा केही गतिविधि



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ सरुवा-बढुवा हुनुभएकोमा भादगाउँले टोपी, ढोसल्लाका साथै मौलिक आँखी झ्याल र नपाका प्रकाशनहरू मायाको चिनोस्वरूप दिएर बिदाइ तथा बधाई ज्ञापन । (मङ्सिर २६ गते)



सहरी विकास मन्त्री रामकुमारी झाँक्रीको अध्यक्षतामा बसेको काठमाडौं उपत्यकाका नगर प्रमुखहरूको बैठक । सहभागी नगर प्रमुखहरूबाट काठमाडौं उपत्यका विकास प्राधिकरण खारेज गर्नुपर्ने धारणा राखेका थिए । (पुस १३ गते)



भनपाका प्रमुख सुनिल प्रजापतिलगायत संस्कृति, पर्यटन तथा उड्डयन मन्त्रालयबाट आयोजित नेपालबाट चोरी निकासी भएका ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्वका वस्तुहरू नेपाल फर्काउन सम्बन्धित सरोकारवालाहरूको बैठकमा ।(पुस १४ गते)



जैसीदेवल युथ क्लबद्वारा पुस ३-५ गतेसम्म आयोजित बागमती प्रदेशस्तरीय आमन्त्रित दोस्रो मेयर कप तेक्वान्डो खेल प्रतियोगितामा भक्तपुर नपाबाट भाग लिई द्वितीय र तृतीय स्थान हासिल गरेका खेलाडी, व्यवस्थापक र टीम कोच ।



नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) बाट भक्तपुर नपाको आयोजनामा भएको 'नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०७८' (मङ्सिर २०-२४ गते) को पानसमा दीप प्रज्ज्वलन गरी समुद्घाटन (मङ्सिर २० गते)




नेमकिपाका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नपाद्वारा आयोजित 'नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०७८' को पुरस्कार वितरण तथा समापन कार्यक्रम (मङ्सिर २४ गते)




नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) बाट टौमढीस्थित लक्ष्मीनरसिंह मन्दिरको एक समारोहबीच शिलान्यास (मङ्सिर २७ गते)

